* विशेष – 'कृ'धातु संस्कृतमा ज्यादै प्रचलित धातु हो । यसबाट अनेक व्यवहारहरू सम्पन्न हुन्छन् । तपाईंहरूको प्रारम्भिक चरणको अध्ययन भएकाले सबै प्रकारका धातुहरूको अध्ययन र तिनका अपवादहरूको बोध बोझिलो हुनसक्छ । त्यसकारण विभिन्न प्रकरणमा रहेका बेग्लै प्रकृतिका क्रियापदहरूको प्रयोगका लागि पनि तपाईंहरूले कृधातुकै सहयोग लिनुपर्दछ । यहाँ विभिन्न प्रकरण र त्यहाँ बत्रे रूपको संक्षेपमा उल्लेख गरिन्छ ।

अदादि	शेते =	सुत्छ, यस प्रकारको रूपायन हामीले सिकाएका छैनौं । सिक्न समय लाग्छ । त्यसकारण 'शेते'को अर्थमा तपाईंहरूले 'शयनम् करोति' प्रयोग गर्नुपर्छ ।
जुहोत्यादि	जुहोति =	हवन गर्दछ, यहाँ पनि जुहोतिको सट्टा हवनम् करोति प्रयोग गर्नुपर्दछ ।
स्वादि	चिनोति =	जम्मा गर्दछ, यहाँ चयनम् करोति को प्रयोग गर्नुपर्दछ ।
रुधादि	रुणद्धि =	रोक्दछ, यहाँ अवरोधं करोतिको प्रयोग गर्नुपर्दछ ।
तनादि	तनोति =	विस्तार गर्दछ, यहाँ विस्तारं करोति भन्नुपर्दछ ।
क्र्यादि	क्रीणाति =	किन्दछ, यहाँ क्रयणम् करोति भन्नुपर्दछ ।
	अवरुणद्धि =	रोक्छ, यहाँ अवरोधं करोति भन्नुपर्दछ ।
अदादि	स्नाति =	स्नान गर्दछ, यहाँ स्नानं करोति भन्नुपर्दछ ।
भ्वादि	आरोहति =	चढ्छ, यहाँ आरोहणं करोति भन्नुपर्दछ ।
	लङ्घते =	नाघ्छ, यहाँ लङ्घनं करोति भन्नुपर्दछ ।

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! प्रश्नवाचक वाक्यरचना गर्दा को, के, कुन, कोद्वारा, कसका लागि, कसबाट, कसमा जस्ता अर्थहरूको ठूलो भूमिका रहेको हुन्छ । संस्कृतमा यी सबै कुरा बुझाउने एउटामात्र किम्शब्द रहेको छ । यसका पनि तीनै लिङ्गका तीनथरि रूपायन हुन्छन् । प्रायशः यसको प्रयोग विशेषणका रूपमा गरिन्छ । त्यसकारण यसको बोध ज्यादै आवश्यक भएकाले यहाँ किम्शब्दका तीनै लिङ्गका रूपायन प्रस्तुत गरिन्छ ।

नियम – '२९' शब्दरूपायनसम्बन्धी, सर्वनामवाचक नेपालीमा 'के' भन्ने अर्थ बुझाउने पुंलिङ्ग किम् (कः) शब्द

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	कः	कौ	के
द्वितीया	कम्	कौ	कान्
तृतीया	केन	काभ्याम्	कैः
चतुर्थी	कस्मै	काभ्याम्	केभ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	कस्मात्	काभ्याम्	केभ्यः
षष्ठी	कस्य	कयोः	केषाम्
सप्तमी	कस्मिन्	कयोः	केषु

* शब्दको मूलप्रकृति फरक भए पनि किम् लाई क बनाई प्रयोग गरेपछि यसको रूपायन सर्वशब्दसमान हुन्छ ।

'के' भन्ने अर्थ बुझाउने किम्शब्दको स्त्रीलिङ्ग रूपायन

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	का	के	काः
द्वितीया	काम्	के	काः
तृतीया	कया	काभ्याम्	काभिः
चतुर्थी	कस्यै	काभ्याम्	काभ्यः
पञ्चमी	कस्याः	काभ्याम्	काभ्यः
षष्ठी	कस्याः	कयोः	कासाम्
सप्तमी	कस्याम्	कयोः	कासु

* शब्दको मूलप्रकृति फरक भए पनि किम् लाई का बनाई प्रयोग गरेपछि यसको रूपायन सर्वाशब्दसमान हुन्छ ।

'के' भन्ने अर्थ बुझाउने किम्शब्दको नपुंसकलिङ्ग रूपायन

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	किम्	के	कानि
द्वितीया	किम्	के	कानि
तृतीया	केन	काभ्याम्	कैः
चतुर्थी	कस्मै	काभ्याम्	केभ्यः
पञ्चमी	कस्मात्	काभ्याम्	केभ्यः
षष्ठी	कस्य	कयोः	केषाम्
सप्तमी	कस्मिन्	कयोः	केषु

* नपुंसकलिङ्गी सर्वशब्द र नपुंसकलिङ्गी किम्शब्दको प्रथमाको एकवचन र द्वितीयाको एकवचनमा मात्र प्रकृतिगत भिन्नता छ । अरू सबै रूप समान छन् ।

केही उदाहरणहरू

१. का बालिका अस्माकं विद्यापीठे प्रथमा अभवत् ? –	कुन बालिका हाम्रो विद्यापीठमा प्रथम भइन् ?
२. किं पुस्तकं त्वम् इच्छसि ? –	तिमी कुन किताब चाहन्छौ ?
३. छात्रेषु कः देवसागरः अस्ति ? –	छात्रहरूमा देवसागर कुन हो ?
४. विद्यापीठे कः गानं करोति ? –	विद्यापीठमा को गीत गाउँछ ?
५. का बालिका साधु नृत्यति ? –	कुन बालिका राम्रो नाच्छिन् ?

अभ्यास

क) नेपालीमा अनुवाद गर्नुहोस्

१. अत्र अनेके प्राध्यापकाः उपस्थिता सन्ति तेषु विद्यापीठस्य प्राचार्यः कः अस्ति ?
२. प्राचार्यकक्षायां बहूनि छायाचित्राणि अवलम्बितानि सन्ति तेषु कतमं छात्राचित्रं छविलालपोखरेलस्य अस्ति?
३. सस्वरं श्लोकवाचकः कः अस्ति ?
४. विद्यापीठस्य प्रथमा छात्रा का अस्ति ?
५. ग्रामाद् आगतः छात्रः कस्यां कक्षायां पठति ?

ख) नेपालीमा अनुवाद गर्नुहोस्

१. मेरो दराजमा धेरै किताब छन् तीमध्ये तिमीलाई मन पर्ने कुन किताब हो ?

२. ती तस्वीरहरूमा भन त गौतम बुद्धको तस्वीर कुन हो ?
३. शेषावतार पतञ्जलिले लेखेको आयुर्वेदको अमूल्य ग्रन्थ कुन हो ?
४. मदन भण्डारी नेपालका के थिए ?
५. साथी हो ! यहाँ धेरै गुरुहरू हुनुहुन्छ, उहाँहरूमध्ये प्राचार्य को हुनुहुन्छ ?

* संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! तपाईंहरूले पढेका विषयवस्तुहरू राम्रोसँग बुझ्नुभयो अथवा बुझ्नुभएन भन्ने कुरा परीक्षण गर्न अगाडि संपरीक्षण तालिका प्रस्तुत गरिएको छ । उक्त तालिकाका आधारमा तल दिइएका निर्देशनअनुसार सबै वाक्य बनाउने प्रयास गर्नुहोस् । निर्देशनअनुसार सबै वाक्यहरू शुद्ध बनाउन सक्नुभयो भने आफूले राम्रोसँग बुझेर पढेको संझी ढुक्क हुनुहोस् । कहीं कतै थोरै पनि आफूमा कमी-कमजोरी पाउनुभयो भने पुनः विषयवस्तुको बोध गरी गल्ती सच्याई अगाडि बढ्ने प्रण गर्नुहोस् ।

संपरीक्षण तालिका – २५

		समूह 'क'			स.'ख'				समूह 'ग'		
प्रथमपुरुष		सः	तौ	ते	आगतः	आगतौ	आगताः		अस्ति	स्तः	सन्ति
		कः	कौ	के	बालकः	बालकौ	बालकाः		आसीत्	आस्ताम्	आसन्
		सा	ते	ताः	गता	गते	गताः				
		का	के	काः	नायिका:	नायिके	नायिकाः				
		तत्	ते	तानि	पुस्तकं	पुस्तके	पुस्तकानि				
		किम्	के	कानि	गृहं	गृहे	गृहाणि				
मध्यमपुरुष	अपि	त्वम्	युवाम्	यूयम्	कः	कौ	के	न	असि	स्थः	स्थ
					का	के	काः		आसीः	आस्तम्	आस्त
उत्तमपुरुष		अहम्	आवाम्	वयम्	कः	कौ	के		अस्मि	स्वः	स्मः
					का	के	काः		आसम्	आस्व	आस्म

१. माथिको तालिकामा 'अपि'शब्द प्रश्नवाचक वाक्य बनाउनका लागि हो भने 'न' अव्यय नकारात्मक वाक्य बनाउनका लागि हो भन्ने कुरा पहिलेका तालिकाहरूबाट तपाईंहरू प्रष्ट भइसक्नुभएको छ । यहाँ उक्त शब्दहरू तपाईंहरूलाई नकारात्मक वाक्य र प्रश्नवाचक वाक्य बनाउनका लागि सजिलो होस् भन्ने हेतुले राखिएका हुन् ।
२. प्रथमपुरुषबाट कर्ता समूह 'क' र क्रिया समूह 'ग'को सङ्गति मिलाई समूह 'ख'बाट उपयुक्त शब्द चयन गरी २१ वाक्य बनाउनुहोस् ।
३. मध्यमपुरुषबाट कर्ता समूह 'क' र क्रिया समूह 'ग'को सङ्गति मिलाई समूह 'ख'बाट उपयुक्त शब्द चयन गरी १२ वाक्य बनाउनुहोस् ।
४. उत्तमपुरुषबाट कर्ता समूह 'क' र क्रिया समूह 'ग'को सङ्गति मिलाई समूह 'ख'बाट उपयुक्त शब्द चयन गरी १२ वाक्य बनाउनुहोस् ।
५. तालिकाको प्रयोग गरेर दस प्रश्नवाचक र दस नकारात्मक वाक्य बनाएर आफ्नो अभ्यास बढाउनुहोस् ।

ॐ

चौबीसौं दिन
चतुर्विंशः दिवसः

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! अत्यन्त जागरूक भएर संस्कृत सिक्ने क्रममा तपाईंहरू आज चौबीसौं दिनमा आइसक्नुभएको छ । विभिन्न वर्गका शब्दरूपायनका साथै प्रयोगात्मक विधिसमेतमा तपाईंहरू दक्ष भइसक्नुभएको छ । क्रियाका चार अवस्थाका माध्यमबाट आफ्ना मनमा उठेका भावनाहरू एक-आपसमा व्यक्त गर्ने कला पनि तपाईंहरूमा आइसकेको छ । यो अत्यन्त हर्षको विषय हो । संस्कृतमा निर्धक्कसँग लेख्न सक्ने, बोल्न सक्ने र संस्कृत ग्रन्थहरूको अर्थ सजिलै बुझ्न सक्ने बनाउनु यस पुस्तकको लक्ष्य नै हो । विगतका पाठहरूमा लेखञ्च - लिखति, पठ्छ - पठति, खान्छ - खादतिजस्ता प्रयोगहरू पढ्नुभयो, प्रयोगात्मक कुरा पनि सिकिसक्नुभयो भने अब आजको पाठमा लेखयति- लेखाउँछ, पाठयति - पढाउँछ, खादयति - खुवाउँछ, कारयति - गराउँछ यस्ता प्रेरक क्रियापदलाई के भनिन्छ?, यी कसरी बन्छन् ?, यिनको प्रयोग गर्दा वाक्य कस्ता बन्छन् ? आदि विषयमा राम्रो अध्ययन गरौं।

साधारण क्रिया (अण्यन्तक्रिया)

	धातु	अर्थ	रूप
१.	खाद्	खान्छ	खादति
२.	पठ्	पठ्छ	पठति
३.	कृ	गर्छ	करोति
४.	गम्	जान्छ	गच्छति
५.	लिख्	लेख्छ	लिखति

प्रेरणार्थक क्रिया (ण्यन्त क्रिया)

धातु	अर्थ	रूप
खादि	खुवाउँछ	खादयति
पाठि	पढाउँछ	पाठयति
कारि	गराउँछ	कारयति
गमि	पठाउँछ	गमयति
लेखि	लेखाउँछ	लेखयति

गर्छदेखि गराउँछ, पठ्छदेखि पढाउँछ, लेख्छदेखि लेखाउँछजस्ता क्रियापद बनाउन संस्कृतमा शुद्ध धातुमा 'णिच् इ' जोड्नुपर्छ र व्याकरणको नियमअनुसार धातुमा केही परिवर्तन हुन्छ । जस्तै - पठ् - पठ्छ - पढ्नु अर्थको धातुमा प्रेरणा अर्थ ल्याउन इ जोडियो र पठ्को 'अ'लाई 'आ' बनाइयो । पाठ् + इ = पाठि भयो । यसरी अन्य धातुबाट पनि प्रेरणा अर्थ ल्याउन इ जोडिन्छ र केही मूलधातुमा परिवर्तन गरिन्छ । व्याकरणका नियमहरू नबताएर यहाँ शुद्ध प्रेरणार्थक धातु नै राखिएको छ । सङ्क्षेपमा दसै गणका प्रत्येक धातुलाई प्रेरणार्थक बनाएर तिनका रूपहरू तल दिइएको छ । प्रेरणा अर्थका रूपायन प्रक्रिया सबैको समान हुन्छ ।

१. भू	भवति	भावयति	भावयते	६. तुद्	तुदति	तोदयति	तोदयते
२. अद्	अत्ति	आदयति	आदयते	७. रुध्	रुणद्धि	रोधयति	रोधयते
३. हु	जुहोति	हावयति	हावयते	८. तन्	तनोति	तानयति	तानयते
४. दिव्	दीव्यति	देवयति	देवयते	९. क्री	क्रीणाति	क्राययति	क्रायथते
५. सु	सुनोति	सावयति	सावयते	१०. चुर्	चोरयति	चोरयति	चोरयते

* माथि निर्दिष्ट उदाहरणहरू दसै गणका हुन् । परन्तु यहाँ विद्यार्थीहरूलाई सजिलोको लागि विभिन्न गणका धातुहरूको प्रयोग नगरेर प्रथम अवस्था, लट्लकार, दोस्रो दिन पढिएका धातुहरूको प्रेरणार्थक रूपहरूको मात्र चर्चा गरिएको छ ।

पठ्	पाठयति	पाठयतः	पाठयन्ति	वद्	वदति	वादयति	वादयते
	पाठयसि	पाटयथः	पाठयथ	हस्	हसति	हासयति	हासयते
	पाठयामि	पाठयावः	पाठयामः (परस्मैपद)	स्था	तिष्ठति	स्थापयति	स्थापयते
	पाठयते	पाठयेते	पाठयन्ते	क्रन्द	क्रन्दति	क्रन्दयति	क्रन्दयते
	पाठयसे	पाठयेथे	पाठयध्वे	धाव्	धावति	धावयति	धावयते
	पाठये	पाठयावहे	पाठयामहे (आत्मनेपद)	नृत्	नृत्यति	नर्तयति	नर्तयते
लिख्	लिखति	लेखयति	लेखयते	भू	भवति	भावयति	भावयते
क्रीड्	क्रीडति	क्रीडयति	क्रीडयते	कूर्द	कूर्दति	कूर्दयति	कूर्दयते
पा	पिबति	पाययति	पाययते	चल	चलति	चालयति	चालयते
गम्	गच्छति	गमयति	गमयते	वन्द	वन्दते	वन्दयति	वन्दयते

कर्ता र क्रियाको सङ्गति

१	२	३
सः	तौ	ते
१	२	३
पाठयति	पाठयत	पाठयन्ति

४	५	६
त्वम्	युवाम्	यूयम्
४	५	६
पाठयसि	पाठयथः	पाठयथ

७	८	९
अहम्	आवाम्	वयम्
७	८	९
पाठयामि	पाठयावः	पाठयामः

नियम – ३ 'अ' वाक्यरचनासम्बन्धीको पूरक

* माथि सुबन्त र तिङन्तका नौ–नौ रूप दिइएका छन् । तीमध्ये १ ले अङ्कित कर्तालाई १ सङ्ख्याले अंकित क्रियासँग जोड्नुहोस् । यसैगरी २ लाई २ सँग, ३ लाई ३ सँग, ४ लाई ४ सँग, ५ लाई ५ सँग, ६ लाई ६ सँग, ७ लाई ७ सँग, ८ लाई ८ सँग र ९ लाई ९ सँग जोड्नुपर्छ । जोडिसकेपछि तपाईंहरू सामु ९ वटा स–साना वाक्यहरू तयार हुनेछन् । क्रम बिगारियो (अर्थात् १ सँग २, ३ सँग १ आदि गरियो) भने अर्थको अनर्थ हुन्छ, वाक्य बिग्रन्छ र त्यो अशुद्ध हुन्छ । यसलाई उदाहरणबाट यसरी बुझ्न सकिन्छ –

सः पाठयति –	उसले पढाउँछ ।	यूयम् पाठयथ –	तिमीहरूले पढाउँछौ ।
तौ पाठयत –	तिनी दुईले पढाउँछन् ।	अहम् पाठयामि –	म पढाउँछु ।
ते पाठयन्ति –	तिनीहरूले पढाउँछन् ।	आवाम् पाठयावः –	हामी दुईले पढाउँछौ ।
त्वं पाठयसि –	तिमी पढाउँछौ ।	वयम् पाठयामः –	हामीहरूले पढाउँछौं ।
युवां पाठयथ –	तिमी दुईले पढाउँछौ ।		

पाठि प्रेरणार्थक क्रियामा प्रथम अवस्थाका रूपायन तयार गर्न पाठिको इलाई हटाई क्रमशः अयति, अयतः, अयन्ति, अयसि, अयथः, अथथ, अयामि, अयावः, अयामः जोड्नुपर्यो भने सबै गणका प्रेरणार्थक क्रियाका लट्लकारका रूप तयार हुन्छन् ।

केही उदाहरणहरू

अध्यापकः पाठयति –	अध्यापक पढाउनुहुन्छ ।
गुरुः कौमुदीं पाठयति –	गुरु कौमुदी पढाउनुहुन्छ ।
माता दुग्धं पाययति –	आमा दूध चुसाउनुहुन्छ ।

उपर्युक्त उदाहरणहरूमा पढाउने र दूध चुसाउने व्यक्तिहरूलाई मात्र देखाइएको छ ।

वाक्य स्वरूप-

कर्ता	×	प्रेरणार्थक क्रिया
कर्ता	कर्म	प्रेरणार्थक क्रिया

अध्यापकः पाठयति ।
गुरुः कौमुदीं पाठयति ।

अब कहिलेकाहीं गराउने गर्ने दुवैलाई राखेर वाक्य बनाउनुपर्ने हुन्छ । जस्तै - पढाउने र पढ्ने, गराउने र गर्ने, चुसाउने र चुस्ने, यस्तो अवस्थामा गर्ने व्यक्तिलाई पनि राखेर बनेका वाक्यहरूको स्वरूप यस्तो हुन्छ -

गुरुले विद्यार्थीहरूलाई कौमुदी पढाउनुहुन्छ । - यहाँ पढाउने गुरु र पढिने पुस्तक कौमुदी, प्रेरणार्थ क्रिया - पाठयति राखेर बनेको माथिको वाक्यमा अब विद्यार्थीहरू पढ्ने व्यक्तिहरू पनि राखेर वाक्य बनाउँदा वाक्यको स्वरूप यस्तो हुन्छ - गुरुः छात्रान् कौमुदीं पाठयति । गुरुले विद्यार्थीहरूलाई कौमुदी पढाउनुहुन्छ ।

वाक्य स्वरूप-

कर्ता		कर्म	प्रेरणार्थक क्रिया
कर्ता	प्रयोज्यकर्ता	कर्म	प्रेरणार्थक क्रिया

अध्यापकः छात्रान् पाठयति ।
गुरुः छात्रान् कौमुदीं पाठयति ।

मुख्य जानुपर्ने कुरा गर्ने र गराउने दुवै आएका ठाउँमा गराउने प्रथमामा कर्ता, गर्ने द्वितीया विभक्तिमा रहन्छ भन्ने कुरा माथिका उदाहरणबाट प्रष्ट बुझ्न सक्नुहुन्छ ।

यो नियम निम्नलिखित धातुहरूको प्रयोग भएका अवस्थामा लागू हुन्छ -

१.	गमनार्थक	२.	दर्शनार्थक	३.	श्रवणार्थक	४.	प्रवेशार्थक
५.	आरोहणार्थ	६.	तारणार्थक	७.	ग्रहणार्थक	८.	प्राप्तिबोधक
९.	ज्ञानार्थक	१०.	पठनार्थक	११.	पानार्थक	१२.	भोजनार्थक

उपर्युक्त १२ प्रकारका धातुदेखि भिन्नार्थक धातुको प्रयोग भएमा गर्ने र गराउनेमध्यमा गर्ने व्यक्तिमा तृतीया विभक्ति हुन्छ । जस्तै -

गुरुः सुरेशेन दोषं त्यागयति - गुरुले सुरेशका दोष हटाउँछन् ।

यस वाक्यमा प्रेरणार्थक क्रियाका कर्ता गुरु माथिकै नियमअनुसार प्रथमान्त र दोष त्याग्नेवाला सुरेश तृतीया विभक्तिमा राखिएको छ ।

उदाहरणहरू

सामान्य वाक्य	प्रेरणार्थक वाक्य
क) छात्रः पाठं पठति -	क) गुरुः पाठम् पाठयति -
छात्र पाठ पढ्दछ ।	गुरुले पाठ पढाउनुहुन्छ ।
ख) रामः पुस्तकम् पठति -	ख) जनकः रामम् पाठम् पाठयति -
राम पुस्तक पढ्दछ ।	जनकले रामलाई पाठ पढाउँछ ।
ग) नृपः ब्राह्मणाय धनं यच्छति -	ग) राजगुरूः ब्राह्मणाय धनम् यमयति -
राजाले ब्राह्मणलाई धन प्रदान गर्दछन् ।	राजगुरुले ब्राह्मणलाई धन दिलाउँछन् ।

घ) पाण्डवाः वनम् गच्छन्ति –
पाण्डवहरू वन जान्छन् ।

ङ) बालकः चन्द्रम् पश्यति –
बालकले चन्द्रमालाई हेर्छ ।

च) नृपः गानम् शृणोति –
राजाले गीत सुन्छन् ।

छ) स्नातकः गृहम् प्रविशति –
स्नातक घरमा प्रवेश गर्छ ।

ज) सः वृक्षम् आरोहति –
त्यो वृक्षमा चढ्दछ ।

झ) सः गङ्गाम् तरति –
त्यो गङ्गा तर्छ ।

ञ) निर्धनः वस्त्रम् गृह्णाति –
गरिबले वस्त्र लिन्छ ।

घ) कौरवाः पाण्डवान् वनम् गमयन्ति –
कौरवहरू पाण्डवहरूलाई वन पठाउँछन् ।

ङ) जननी बालकं चन्द्रम् दर्शयति –
आमाले बालकलाई चन्द्रमा देखाउँछिन् ।

च) गायिका नृपम् गानम् श्रावयति –
गायिकाले राजालाई गीत सुनाउँछिन् ।

छ) आचार्यः स्नातकम् गृहम् प्रवेशयति –
आचार्यले स्नातकलाई घरमा प्रवेश गराउँछन्।

ज) कृष्णः तम् वृक्षम् आरोहयति –
कृष्णले त्यसलाई वृक्षमा चढाउँछ ।

झ) नाविकः तम् गङ्गाम् तारयति –
माझीले त्यसलाई गङ्गा तराउँछ ।

ञ) नृपः निर्धनम् वस्त्रम् ग्राहयति –
राजाले गरिबलाई वस्त्र ग्रहण गराउँछन् ।

अभ्यास

क) नेपालीमा अनुवाद गर्नुहोस्

१. गुरुः पाठं पाठयति ।
२. आचार्यः कार्यं कारयति ।
३. अहं दिनेशं धर्मम् उपदेशयामि ।
४. त्वं गौरीशं वृक्षम् आरोहयसि ।
५. अध्यापकाः छात्रैः दोषान् त्याजयन्ति ।

ख) संस्कृतमा अनुवाद गर्नुहोस्

१. तिमी अङ्ग्रेजी पढाउँछौ ।
२. म काम गराउँछु ।
३. किसानहरू खेत जोताउँछन् ।
४. गुरुहरूले विद्यार्थीहरूलाई अमरकोश पढाउनुहुन्छ ।
५. आमाले बच्चालाई दूध खुवाउनुहुन्छ ।

दोस्त्रो अवस्थामा	अपाठयत्	अपाठयताम्	अपाठयन्	..... ।
तेस्त्रो अवस्थामा	पाठयिष्यति	पाठयिष्यतः	पाठयिष्यन्ति	..... ।
चौथो अवस्थामा	पाठयतु	पाठयताम्	पाठयन्तु	..... ।

आदि रूपायनहरू हुन्छन् । प्रथम अवस्थाको अनुसार नै प्रयोगविधि बुझ्नु होला ।

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! कुनै धातु परस्मैपदी हुन्छन, कुनै धातु आत्मनेपदी हुन्छन् । पाणिनिले धातुपाठका धातुहरूलाई आत्मनेपदी र परस्मैपदी गरी दुई भागमा विभाजित गर्नुभएको छ। जसअनुसार अनुदात्तेत् र ङित् धातुहरूलाई आत्मनेपदी वर्गमा राखिएको छ । दुवै थरि धातुहरूका ९-९ प्रकारका रूप हुन्छन् । कुनै धातु भने परस्मैपदी र आत्मनेपदी दुवै वर्गमा पर्छन् । तिनीहरूको पनि परस्मैपदी अनुसार ९ प्रकारका रूप र आत्मनेपदी वर्गअनुसार ९ प्रकारका रूप हुन्छन् । यो कुरा तपाईंहरूले बुझिराख्नुहोला। संस्कृतवाक्य रचना सिकाउने क्रममा क्रियापदका लगि आवश्यक हुने परस्मैपदी वर्गका धातुका चार (लट्लकार प्रथम अवस्था आदि) अवस्थाका ९-९ क्रियापदहरूको रूपायन र प्रयोगविधि विस्तृतरूपमा अध्ययन गराइसकियो। अब आत्मनेपदी वर्गका क्रियापदका चारै अवस्थाका रूपहरू पढौं र प्रयोग गरौं । सः, तौ, ते आदि कर्तृ पद तिनै नै हुन्, क्रिया पदमा पनि पठति, पठतः, पठन्तिका स्थानमा आत्मनेपदी क्रियापद यजते, यजेते, यजन्ते को प्रयोग हुन्छ । आत्मनेपदी वर्गका धातुहरूको रूपायन बुझियो भने संस्कृत भाषाका आवश्यक सम्पूर्ण क्रियापद पढे-पढेजस्तो हुनेछ। आउनुहोस् आत्मनेपदी क्रियापदको जानकारी हासिल गरौं । यसबाट हामी संस्कृत भाषामा सम्भाषण, प्रश्नोत्तर, अनुच्छेद लेखन र निबन्ध लेखन र पठन-पाठन आदिमा कुशल हुनेछौं ।

१. यज् (पूजा गर्नु) धातु (लट्लकार अथवा प्रथम अवस्था - आत्मनेपदी) को रूपायन

पुरुष	एकवचन	द्विवचन	बहुवचन
प्रथमपुरुष	यजते	यजेते	यजन्ते
मध्यमपुरुष	यजसे	यजेथे	यजध्वे
उत्तमपुरुष	यजे	यजावहे	यजामहे

* आउनुहोस्, माथि बताइएको धातुका उक्त ९ रूप कसरी बन्छन्, त्यो बुझौं । बुझ्न केही अप्ठ्यारो छैन । शुद्ध धातु 'यज्' हो, त्यसमा तल लेखिएअनुसारका प्रत्यय जोडिएका छन् -

पहिलो पङ्क्ति (प्रथमपुरुष) मा क्रमशः-		अते	एते	अन्ते
दोस्रो पङ्क्ति(मध्यमपुरुष) मा	" -	असे	एथे	अध्वे
तेस्रो पङ्क्ति (उत्तमपुरुष) मा	" -	ए	आवहे	आमहे

नियम - '२ अ' क्रियारूपायनसम्बन्धी

कुनै पनि आत्मनेपदी धातुका अन्तमा अते, एते, अन्ते, असे, एथे, अध्वे, ए, आवहे, आमहे प्रत्यय जोड्नुभयो भने वर्तमानकालका बोधक क्रियापदका रूपहरू प्रायः तयार हुन्छन् । जस्तै-

यज् + अते = यजते यज् + एते = यजेते यज् + अन्ते = यजन्ते

अते आदि प्रत्यय जोडिदिएपछि वर्तमान काल अर्थात् प्रथम अवस्थाका ९ रूप तयार भए । तपाईंहरूले हेर्नुहोस्, यसमा कुनै त्रुटि त छैन ?

* एउटा आत्मनेपदी धातुको रूपायन जानेर अनेकौं आत्मनेपदी धातुका प्रथम अवस्थाका रूपायन जान्न सक्ने विधि महामुनि पाणिनिको रहेको छ ।

७. वन्द् (वन्दना गर्नु)

वन्दते	वन्देते	वन्दन्ते
वन्दसे	वन्देथे	वन्दध्वे
वन्दे	वन्दावहे	वन्दामहे

८. नी - नय् (लैजानु)

नयते	नयेते	नयन्ते
नयसे	नयेथे	नयध्वे
नये	नयावहे	नयामहे

९. भृ - भर् (पालन-पोषण गर्नु)

भरते	भरेते	भरन्ते
भरसे	भरेथे	भरध्वे
भरे	भरावहे	भरामहे

१०. याच् (माग्नु)

याचते	याचेते	याचन्ते
याचसे	याचेथे	याचध्वे
याचे	याचावहे	याचामहे

११. वृत् (हुनु)

वर्तते	वर्तेते	वर्तन्ते
वर्तसे	वर्तेथे	वर्तध्वे
वर्ते	वर्तावहे	वर्तामहे

१२. लभ् (प्राप्त गर्नु)

लभते	लभेते	लभन्ते
लभसे	लभेथे	लभध्वे
लभे	लभावहे	लभामहे

१३. भाष् (बोल्नु)

भाषते	भाषेते	भाषन्ते
भाषसे	भाषेथे	भाषध्वे
भाषे	भाषावहे	भाषामहे

१४. मोद् (हर्ष मनाउनु, आनन्द मान्नु)

मोदते	मोदेते	मोदन्ते
मोदसे	मोदेथे	मोदध्वे
मोदे	मोदावहे	मोदामहे

१५. वप् (रोप्नु)

वपते	वपेते	वपन्ते
वपसे	वपेथे	वपध्वे
वपे	वपावहे	वपामहे

१६. वह् (बोक्नु, लैजानु)

वहते	वहेते	वहन्ते
वहसे	वहेथे	वहध्वे
वहे	वहावहे	वहामहे

१७. वर्ध् (बढ्नु)

वर्धते	वर्धेते	वर्धन्ते
वर्धसे	वर्धेथे	वर्धेध्वे
वर्धे	वर्धावहे	वर्धामहे

१८. श्रि (आश्रय प्राप्त गर्नु)

श्रयते	श्रयेते	श्रयन्ते
श्रयसे	श्रयेथे	श्रयध्वे
श्रये	श्रयावहे	श्रयामहे

१९. सेव् (सेवा गर्नु)

सेवते	सेवेते	सेवन्ते
सेवसे	सेवेथे	सेवध्वे
सेवे	सेवावहे	सेवामहे

२०. सह् (सहनु)

सहते	सहेते	सहन्ते
सहसे	सहेथे	सहध्वे
सहे	सहावहे	सहामहे

२१. हृ - हर् (हरण गर्नु, हर्नु)

हरते	हरेते	हरन्ते
हरसे	हरेथे	हरध्वे
हरे	हरावहे	हरामहे

२२. पच् (पकाउनु)

पचते	पचेते	पचन्ते
पचसे	पचेथे	पचध्वे
पचे	पचावहे	पचामहे

२३. भज् (सेवा गर्नु, भजन गर्नु)

भजते	भजेते	भजन्ते
भजसे	भजेथे	भजध्वे
भजे	भजावहे	भजामहे

२४. कम्प् (काँप्नु)

कम्पते	कम्पेते	कम्पन्ते
कम्पसे	कम्पेथे	कम्पध्वे
कम्पे	कम्पावहे	कम्पामहे

कर्ता र क्रियाको सङ्गति

१	२	३
सः	तौ	ते
१	२	३
यजते	यजेते	यजन्ते

४	५	६
त्वम्	युवाम्	यूयम्
४	५	६
यजसे	यजेथे	यजध्वे

७	८	९
अहम्	आवाम्	वयम्
७	८	९
यजे	यजावहे	यजामहे

* माथि सुबन्त र तिङन्तका नौ-नौ रूप दिइएका छन् । तीमध्ये १ ले अङ्कित कर्तालाई १ सङ्ख्याले अंकित क्रियासँग जोड्नुहोस् । यसैगरी २ लाई २ सँग, ३ लाई ३ सँग, ४ लाई ४ सँग, ५ लाई ५ सँग, ६ लाई ६ सँग, ७ लाई ७ सँग, ८ लाई ८ सँग र ९ लाई ९ सँग जोड्नुपर्छ । जोडिसकेपछि तपाईंहरू सामु ९ वटा स-साना वाक्यहरू तयार हुनेछन्। क्रम बिगारियो (अर्थात् १ सँग २, ३ सँग १ आदि गरियो) भने अर्थको अनर्थ हुन्छ, वाक्य बिग्रन्छ र त्यो अशुद्ध हुन्छ । यसलाई उदाहरणबाट यसरी बुझ्न सकिन्छ –

सः यजते –	ऊ पूजा गर्छ ।	तौ यजेते –	उनी दुई पूजा गर्छन् ।
ते यजन्ते –	उनीहरू पूजा गर्छन् ।	त्वम् यजसे –	तिमी पूजा गर्छौं ।
युवाम् यजेथे –	तिमी दुई पूजा गर्छौं ।	यूयम् यजध्वे –	तिमीहरू पूजा गर्छौं ।
अहम् यजे –	म पूजा गर्छु ।	आवाम् यजावहे –	हामी दुई पूजा गर्छौं ।
वयम् यजामहे –	हामीहरू पूजा गर्छौं ।		

* उपर्युक्त तालिकाले के बुझाउँछ भने १, २, ३ आदि संख्याले अंकित स, तौ, ते आदि कर्तापद र १, २, ३ सङ्ख्याले अंकित यजते, यजेते, यजन्ते आदि क्रियापदको योग नै सङ्गति हो । प्यारा विद्यार्थीहरू ! यो सङ्गतिलाई राम्ररी बुझ्नुभयो भने तपाईं संस्कृतज्ञ हुनुहुनेछ । ९ क्रियापदका आ-आफ्ना सम्बन्धित व्याकरणसम्मत कर्तापदहरू छन्। १ सङ्ख्याले अंकित कर्तृपदको लागि १ सङ्ख्याले अंकित क्रियापद नै सम्बन्धी हुन्छ, त्यसैगरी अरू सङ्ख्याहरूका सम्बन्धी पदहरू बुझ्नुपर्दछ । यसमा क्रम मिलाइएन भने भयङ्कर त्रुटि हुन्छ । यसतर्फ विद्यार्थीहरू निकै सचेत हुनुपर्दछ । यसरी गरिने कर्तापद र क्रियापदको संयोग नै सङ्गति हो ।

* एकवचन कर्तृपदको एकवचन क्रियापदसँग, द्विवचन कर्तृपदको द्विवचन क्रियापदसँग, बहुवचन कर्तापदको बहुवचन क्रियापदसँग योग नै सङ्गति हो । यसैगरी प्रथमपुरुषको कर्ता भए प्रथमपुरुषको वचन अनुसारको क्रिया, मध्यमपुरुषको कर्ता भए मध्यमपुरुषको वचनअनुसारको क्रिया, उत्तमपुरुषको कर्ता भए उत्तमपुरुषको वचनअनुसारको क्रिया हुनुपर्दछ । बस् ! तपाईंले यत्तिमात्र बुझ्नुभयो भने यो बुझाई तपाईंका लागि शुभ लक्षण हो । बोधार्थ केही उदाहरण –

जगतः पितरौ वन्दे पार्वतीपरमेश्वरौ

* उक्त वाक्यमा प्रयोग गरिएको **वन्दे** क्रियापद उत्तमपुरुष एकवचनको हो, जसको अर्थ प्रणाम गर्दछु हो । 'जगतः' को अर्थ संसारका भन्ने हो 'पितरौ' को अर्थ माता-पिता भन्ने हो र 'पार्वतीपरमेश्वरौ' को अर्थ पार्वती एवं परमेश्वर हो । समष्टिरूपमा वाक्यको अर्थ – 'म संसारका माता-पिता पार्वती र परमेश्वरलाई प्रणाम गर्दछु' भन्ने हुन्छ ।

त्र्यम्बकं यजामहे

* उक्त वाक्यमा 'यजामहे' क्रियापदको प्रयोग भएको छ । यो क्रियापद उत्तमपुरुषको बहुवचनको हो, त्यसकारण यसको अर्थ 'हामीहरूले भगवान् शङ्करको पूजा गर्दछौं' भन्ने हुन्छ । यहाँ यजामहे क्रियाका साथ हुनुपर्ने वयम्

कर्तृपदको प्रयोग भएको छैन । यजामहेलाई प्रयोग गरेको देखेर यहाँ वयम् हुनुपर्छ भन्ने निश्चय गर्ने बानी पनि बसाउनु पर्दछ ।

* १९ वटा आत्मनेपदी धातुका लट्लकारका क्रियापद पढ्नुभएको छ । ती क्रियापदको प्रयोग गरेर वाक्यनिर्माण गर्ने क्रम जारी छ । तपाई उत्साहका साथ सहभागी हुनुहोस् ।

वाक्य प्रयोग

१	अतः परम् अहम् दुःखम् न सहे -	अब म दुःख सहन सक्दिन ।
२	निर्धनाः धनिनः सेवन्ते -	गरिबहरू धनीको सेवा गर्छन् ।
३	अहम् ईश्वरम् भजे -	म ईश्वरलाई भजन गर्दछु ।
४	अहम् करुणाकरं शङ्करं वन्दे -	म करुणामूर्ति शंकरलाई वन्दना गर्दछु ।
५	नगरे कर्मकराः भारं वहन्ते -	शहरमा मजदूरहरू भारी बोक्छन् ।
६	त्वम् पुस्तकम् याचसे -	तिमी किताब माग्छौ ।
७	अपि त्वम् गुरुं सेवसे ? -	के तिमी गुरुको सेवा गर्छौ ।
८	अपि कृषकाः समये धान्यं वपन्ते ? -	के कृषकहरू समयमा रोपाई गर्छन्
९	घनगर्जने नार्यः कम्पन्ते -	आकाश गर्जिंदा नारीहरू काँप्छन् ।
१०	परिश्रमाश्रिताः छात्राः पारितोषिकाणि लभन्ते -	परिश्रम गर्ने विद्यार्थीहरू इनाम पाउँछन् ।

* प्यारा विद्यार्थी भाइबहिनी हो ! माथि रेखाङ्कित क्रियापदहरू आत्मनेपदी धातुका हुन् । तपाईहरूले माथि धातु रूपावली पढ्दा अवश्य पनि पहिचान्नुभएको छ । यहाँ प्रयोगमात्र सिकाउने प्रयास गरिएको छ ।

अभ्यास

क) नेपालीमा अनुवाद गर्नुहोस्

१. हामीहरूले धान रोप्यौं ।
२. छात्रहरू गुरुको सेवा गर्छन् ।
३. तिमीले गुरुको वन्दना गर्यौ ।
४. विद्यार्थीहरू पढ्नका लागि पुस्तक माग्छन् ।
५. कर्मचारीले राष्ट्रको सेवा गर्छन् ।

ख) अनुवाद गर्नुहोस्

१. पुरा युधिष्ठिरः नवदेहल्याम् अश्वमेधयज्ञं यजते स्म ।
२. सदैव विनीताः नार्यः पतिं सेवन्ते ।
३. अपि यूयं आषाढे धान्यं वपध्वे ?
४. वयं प्रातः जगदीश्वरं वन्दामहे ।
५. आयुःकामाय सन्ततयः पितरौ वन्दन्ते ।

* संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू । तपाईंहरूले पढेका विषयवस्तुहरू राम्रोसँग बुझ्नुभयो अथवा बुझ्नुभएन भन्ने कुरा परीक्षण गर्न अगाडि संपरीक्षण तालिका प्रस्तुत गरिएको छ । उक्त तालिकाका आधारमा तल दिइएका निर्देशनअनुसार सबै वाक्य बनाउने प्रयास गर्नुहोस् । निर्देशनअनुसार सबै वाक्यहरू शुद्ध बनाउन सक्नुभयो भने आफूले राम्रोसँग बुझेर पढेको संज्ञी ढुक्क हुनुहोस् । कहीं कतै थोरै पनि आफूमा कमी-कमजोरी पाउनुभयो भने पुनः विषयवस्तुको बोध गरी गल्ती सच्याई अगाडि बढ्ने प्रयत्न गर्नुहोस् ।

संपरीक्षण तालिका – २६

		समूह 'क'			समूह 'ख'		समूह 'ग'		
प्रथमपुरुष	अपि	स.	तौ	ते	पारितोषिकम्	न	लभते	लभेते	लभन्ते
		सा	ते	ताः	ईश्वरम्		भजते	भजेते	भजन्ते
		सीता	सीते	सीताः	धान्यम्		वपते	वपेते	वपन्ते
		सर्वा	सर्वे	सर्वाः					
		हरिः	हरी	हरयः					
		कृषकः	कृषकौ	कृषकाः					
मध्यमपुरुष		त्वम्	युवाम्	यूयम्			लभसे	लभेथे	लभध्वे
							भजसे	भजेथे	भजध्वे
							वपसे	वपेथे	वपध्वे
उत्तमपुरुष		अहम्	आवाम्	वयम्			लभे	लभावहे	लभामहे
							भजे	भजावहे	भजामहे
							वपे	वपावहे	वपामहे

१. माथिको तालिकामा 'न' अव्यय नकारात्मक वाक्य बनाउनका लागि हो भन्ने कुरा पहिलेका तालिकाहरूबाट तपाईंहरू प्रष्ट भइसक्नुभएको छ । यहाँ उक्त शब्द तपाईंहरूलाई नकारात्मक वाक्य बनाउनका लागि सजिलो होस् भन्ने हेतुले राखिएको हो ।

२ प्रथमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख'बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस्।

३. मध्यमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख'बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस्

४. उत्तमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख' बाट उपयुक्त शब्दचयन गरी अनेकौं वाक्य बनाउनुहोस्।

५. तालिकाको प्रयोग गरेर पाँच नकारात्मक वाक्य बनाएर आफ्नो अभ्यास बढाउनुहोस् ।

पच्चीसौं दिन
पञ्चविंशः दिवसः

शेषाय नमः

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! अब हामीहरूले कर्तापद, क्रियापद र वाक्य निर्माणसम्बन्धी थैरै नियमहरू सिकिसकेका छौं । आत्मनेपदसम्बन्धी क्रियाका रूपहरू पनि सिक्दैछौं । हामी २५ औं सिढीमा आरोहण गरिसकेका छौं । बोलचाल, सम्भाषण र प्रश्नोत्तरलाई आवश्यक हुने सीप पनि सिक्दै गइरहेका छौं । सफलता हाम्रो नजिकै छ । आउनुहोस्, यस्तै उत्साह र उमंगका साथ अब एउटा 'तपाईं' भन्ने अर्थ बुझाउने 'भवत्'शब्दका तीनै लिङ्गका रूपहरू पढौं । भवत्शब्दजस्ता हजारौं शब्द हुनसक्छन्, तसर्थ यसलाई राम्ररी बुझ्नु आवश्यक छ । यसमा सम्बोधनको प्रयोग गरिदैन ।

नियम - '३० क' शब्दरूपायनसम्बन्धी, सर्वनामवाचक भवत् (तपाईं) शब्द

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	भवान्	भवन्तौ	भवन्तः
द्वितीया	भवन्तम्	भवन्तौ	भवतः
तृतीया	भवता	भवद्भ्याम्	भवद्भिः
चतुर्थी	भवते	भवद्भ्याम्	भवद्भ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	भवतः	भवद्भ्याम्	भवद्भ्यः
षष्ठी	भवतः	भवतोः	भवताम्
सप्तमी	भवति	भवतो	भवत्सु

भवत्शब्द पुंलिङ्गको वाक्यात्मक प्रयोग

	वाक्य	अर्थ	विभक्ति
१	भवान् कुत्र गच्छति ? -	तपाईं कहाँ जानुहुन्छ ?	प्रथमा
२	अहम् भवन्तम् प्रणमामि -	म तपाईंलाई नमस्कार गर्छु ।	द्वितीया
३	दिनेशः भवता सह वनम् अगच्छत् -	दिनेश तपाईंसँग वन गयो ।	तृतीया
४.	भवते मोदकं रोचते -	तपाईं लड्डु मन पराउनुहुन्छ ।	चतुर्थी
५.	भवतः सकाशात् आगतमिदम् पत्रम् अस्ति -	तपाईंकहाँबाट आएको यो पत्र हो ।	पञ्चमी
६	भवतः ग्रामः कुत्र अस्ति -	तपाईंको गाउँ कहाँ हो ?	षष्ठी
७	भवति वर्तते मम सौभाग्यम् -	तपाईंमा नै मेरो सौभाग्य छ ।	सप्तमी

नियम – '३० ख' शब्दरूपायनसम्बन्धी, शतृप्रत्ययान्त गरिरहेको भन्ने अर्थ बुझाउने पुलिङ्गी कुर्वत्शब्द

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	कुर्वन्	कुर्वन्तौ	कुर्वन्तः
द्वितीया	कुर्वन्तम्	कुर्वन्तौ	कुर्वतः
तृतीया	कुर्वता	कुर्वद्भ्याम्	कुर्वद्भिः
चतुर्थी	कुर्वते	कुर्वद्भ्याम्	कुर्वद्भ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	कुर्वतः	कुर्वद्भ्याम्	कुर्वद्भ्यः
षष्ठी	कुर्वतः	कुर्वतोः	कुर्वताम्
सप्तमी	कुर्वति	कुर्वतोः	कुर्वत्सु

यसैगरी

१	लेखिरहेको भन्दा –	लिखत् –	लिखन्	लिखन्तौ	लिखन्तः .... ।
२	गइरहेको "	गच्छत् –	गच्छन्	गच्छन्तौ	गच्छन्तः ... .
३.	हाँसिरहेको "	हसत् –	हसन्	हसन्तौ	हसन्तः .. .. .
४.	पढिरहेको "	पठत् –	पठन्	पठन्तौ	पठन्तः ..... . ।
५	खेलिरहेको "	क्रीडत् –	क्रीडन्	क्रीडन्तौ	क्रीडन्तः ... . ।
६.	दौडिरहेको "	धावत् –	धावन्	धावन्तौ	धावन्तः .. . . . ।
७.	घुमिरहेको "	भ्रमत् –	भ्रमन्	भ्रमन्तौ	भ्रमन्तः .... ।
८.	रोइरहेको "	रुदत् –	रुदन्	रुदन्तौ	रुदन्तः .. . . .. ।
९.	नाचिरहेको "	नृत्यत् –	नृत्यन्	नृत्यन्तौ	नृत्यन्तः .. .. ।
१०.	पिइरहेको "	पिबत् –	पिबन्	पिबन्तौ	पिबन्तः .... ।

उक्त शतृप्रत्ययान्त शब्दहरूको प्रयोग अंग्रेजीका Present Continuous Tense, Past Continuous tense. Future continuos Tense का वाक्यजस्ता नेपाली वाक्यहरूको रचना गर्न सकिन्छ । जस्तै –

राम पढिरहेको छ –	रामः पठन् अस्ति ।
दिनेश लेखिरहेको छ –	दिनेशः लिखन् अस्ति ।
केटाहरू खेलिरहेका छन् –	बालकाः क्रीडन्तः सन्ति ।
हामीहरू हाँसिरहेका छौं –	वयं हसन्तः स्मः ।
तिनीहरू दौडिरहेका छन् –	ते धावन्तः सन्ति ।

क्रियामात्रै बदलेर Past Continuous Tense का जस्ता वाक्यहरू तयार हुन्छन् । जस्तै –

राम पढिरहेको थियो –	रामः पठन् आसीत् ।
दिनेश लेखिरहेको थियो –	दिनेशः लिखन् आसीत् ।
केटाहरू खेलिरहेका थिए –	बालकाः क्रीडन्तः आसन् ।
हामीहरू हाँसिरहेका थियौं –	वयं हसन्तः आस्मः ।
तिनीहरू दौडिरहेका थिए –	ते धावन्तः आसन् ।

Future continuous Tense जस्तै नेपालीका वाक्यहरू –

राम पढिरहेको हुनेछ –	रामः पठन् भविष्यति ।
दिनेश लेखिरहेको हुनेछ –	दिनेशः लिखन् भविष्यति ।
केटाहरू खेलिरहेका हुनेछन्	बालकाः क्रीडन्तः भविष्यन्ति ।

हामीहरू हाँसिरहेका हुनेछौं — वयं हसन्तः भविष्यामः ।
तिनीहरू दौडिरहेका हुनेछन् - ते धावन्तः भविष्यन्ति ।

माथिका प्रयोगहरू शतृप्रत्ययान्त धातुमा अत् अन्त भएका रूपायन हुन् । वस्ता रूपायनहरू परस्मैपदी धातुका मात्र हुन्छन्, आत्मनेपदी धातुबाट शानच्प्रत्यय गरिने हुँदा एधवाट एधमानः, वन्दबाट वन्दमानः जस्ता रूप हुन्छन् तौं सबैको रूपायन रामशब्दको रूपायनजस्तै हुन्छ । यस किसिमका आत्मनेपदी धातुका रूपहरू निम्नलिखित छन् -

यसैगरी	१	रोपिरहेको भन्ने	वप् -	वपमानः	वपमानौ	वपमानाः
	२	पाइरहेको "	लभ्	लभमानः	लभमानौ	लभमानाः
	३	सहिरहेको "	सह्	सहमानः	सहमानौ	सहमानाः
	४	रमाइरहेको "	मुद्	मोदमानः	मोदमानौ	मोदमानाः

प्रयोगविधि त शतृप्रत्ययान्त शब्दहरूको जस्तै हो । तैपनि थोरै उदाहरणहरू हेरेर प्रयोगात्मक ज्ञानका लागि हुक्क बनौं।

१	ब्राह्मणहरू पूजा गरिरहेका छन् -	ब्राह्मणाः यजमानाः सन्ति
२	कृषकहरू धान रोपिरहेका छन् -	कृषकाः धान्यं वपमानाः सन्ति ।
३	विद्यार्थीहरू पुरस्कार पाइरहेका छन् -	छात्राः पारितोषिकं लभमानाः सन्ति
४.	हामी गरीबहरू दुःख सहिरहेका छौं -	वयं निर्धनाः दुःखं सहमानाः स्मः ।
५.	धनिहरू खुसी भयरहेका छन् -	धनिनः मोदमानाः सन्ति ।

अरू अवस्थाका प्रयोगहरू यसैअनुसार बनाउनुहोला ।

* संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू! भवत्शब्दको प्रथमाको एकवचनको रूप भवानुको अर्थ तपाई हुन्छ। तर यसको प्रयोग केवल पुरुषका निमित्त गरिन्छ । कुनै पनि महिलालाई तपाई भन्नुपर्दा भवती' भन्नुपर्छ । 'भवती'शब्दका रूप दीर्घ ईकारान्त भगवतीशब्दजस्तै हुन् । यसैगरी कुर्वन्ती, लिखन्ती, धावन्ती, भ्रमन्ती आदिका रूपायन पनि हुन्छन्

भवत् (तपाईं) शब्द स्त्रीलिङ्गमा

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	भवती	भवत्यौ	भवत्यः
द्वितीया	भवतीम्	भवत्यौ	भवतीः
तृतीया	भवत्या	भवतीभ्याम्	भवतीभिः
चतुर्थी	भवत्यै	भवतीभ्याम्	भवतीभ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	भवत्याः	भवतीभ्याम्	भवतीभ्यः
षष्ठी	भवत्याः	भवत्योः	भवतीनाम्
सप्तमी	भवत्याम्	भवत्योः	भवतीषु

कुर्वन्ती (गरिरहेकी) शब्द स्त्रीलिङ्गमा

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	कुर्वती	कुर्वत्यौ	कुर्वत्यः
द्वितीया	कुर्वतीम्	कुर्वत्यौ	कुर्वतीः
तृतीया	कुर्वत्या	कुर्वन्तीभ्याम्	कुर्वतीभिः
चतुर्थी	कुर्वत्यै	कुर्वन्तीभ्याम	कुर्वतीभ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	कुर्वत्याः	कुर्वन्तीभ्याम्	कुर्वतीभ्यः
षष्ठी	कुर्वत्याः	कुर्वत्योः	कुर्वतीनाम्
सप्तमी	कुर्वत्याम्	कुर्वत्योः	कुर्वतीषु

यसैगरी	१.	पढिरहेकी भन्दा	पठन्ती	पठन्तौ	पठन्त्यौ	पठन्त्यः
	२.	खेलिरहेकी भन्दा	क्रीडन्ती	क्रीडन्तौ	क्रीडन्त्यौ	क्रीडन्त्यः
	३	लेखिरहेकी भन्दा	लिखन्ती	लिखन्तौ	लिखन्त्यौ	लिखन्त्यः
	४.	हाँसिरहेकी भन्दा	हसन्ती	हसन्तौ	हसन्त्यौ	हसन्त्यः

आत्मनेपदी धातुका रूपायन भने रमाशब्दजस्तै हुन्छन् । जस्तै –

१.	पूजा गरिरहेकी भन्दा	यजमाना	यजमाना	यजमाने	यजमानाः
२.	रोपिरहेकी भन्दा	वपमाना	वपमाना	वपमाने	वपमानाः
३.	सहिरहेकी भन्दा	सहमाना	सहमाना	सहमाने	सहमानाः

संस्कृतजिज्ञासु मित्र एवं विद्यार्थी भाइबहिनीहरू । गर्नेवाला, पढ्नेवाला जस्ता प्रयोग, जसले भविष्यत् अर्थ बनाउँछन् त्यस्ताका लागि –

१	गर्नेवाला भन्दा	करिष्यत्	करिष्यन्	करिष्यन्तौ	करिष्यन्तः
२	पढ्नेवाला भन्दा	पठिष्यत्	पठिष्यन्	पठिष्यन्तौ	पठिष्यन्तः
३	लेख्नेवाला भन्दा	लेखिष्यत्	लेखिष्यन्	लेखिष्यन्तौ	लेखिष्यन्तः

उदाहरणहरू

पढ्नेवाला केटा विद्यालयमा नियमित छ भन्ने अर्थमा परस्मैपदमा पठिष्यन् बालकः नियमितः अस्ति हुन्छ भने आत्मनेपदीबाट वप्स्यमानाः कृषकाः क्षेत्रे सन्ति जस्ता वाक्यहरू बन्दछन् ।

भवती आदि स्त्रीलिङ्ग शब्दको प्रयोगका उदाहरण

१.	भवती कुत्र गच्छति ? –	तपाईं कहाँ जानुहुन्छ ?
२	अहम् भवतीं प्रणमामि –	म तपाईंलाई प्रणाम गर्छु
३	श्यामः भवत्या सह कुत्र गमिष्यति ? –	श्याम तपाईंका साथ कहाँ जानेछन् ?
४.	अहम् भवत्यै धनं यच्छामि –	म तपाईंलाई धन टक्याउँछु ।
५.	भवत्याः इदं पुस्तकं प्राप्तम् अस्ति –	मैले तपाईंबाट यो पुस्तक पाएको छु ।
६	भवत्याः जननी गृहे किं लिखति ? –	तपाईंकी आमाले घरमा बसी के लेख्दै हुनुहुन्छ ?
७	भवत्यां मम विश्वासः नास्ति –	तपाईंमा मेरो विश्वास छैन ।
८	नृत्यन्ती बालिका कुत्र गच्छति ? –	नाचिरहेकी बालिका कहाँ जान्छिन् ?
९.	पिबन्त्यः नार्यः हरितालिकायां नृत्यन्ति –	तीजका दिन पानी पिइरहेका नारीहरू नाच्दछन् ।
१०	क्रीडन्त्यः बालिकाः दशरथरङ्गशालां गमिष्यन्ति –	खेलिरहेका बालिकाहरू दशरथरङ्गशाला जानेछन् ।

अभ्यास

क) नेपालीमा अनुवाद गर्नुहोस्

१. दिनेशः कार्यम् कुर्वन् अस्ति ।	४. निर्मलः निबन्धम् लिखन् अस्ति ।
२. अहम् तव पुस्तकम् पठन् अस्मि ।	५. ते हस्तकन्दूकम् क्रीडन्तः सन्ति ।
३. तौ संस्कृतव्याकरणम् पठन्तौ स्तः ।	

ख) संस्कृतमा अनुवाद गर्नुहोस्

१ केटीहरू खेलिरहेका छन् ।
२. हामीहरू गाइरहेका छौं ।
३. कृषकहरू धान गोपिरहेका छन् ।
४ तिमीहरू पढिरहेका छौ
५ नानीहरू नाचिरहेका छन् ।

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! अहिलेसम्म हामीहरूले के के पढ्यौं त ? विचार गरौं । संवाद शीर्षकअन्तर्गत पढेका र पढाएका विषयभित्र रहेर केही वाक्यहरू प्रस्तुत गरिएको छ । तपाईंहरूको उत्साह र उमग बढोस्। पढेका कुराहरूबाट नै व्यावहारिक बोलचाल गर्न अत्यन्त सजिलो छ भन्ने कुरा बताउनको लागि तल केही संवादशैलीमा वाक्यहरू प्रस्तुत गरिएका छन् ।

संवाद – १

उमेशः विमल ! तव गृहं कुत्र अस्ति ?
दिनेशः मम गृहं काष्ठमण्डपे अस्ति ।
उमेशः त्वम् कुत्र निवससि ?
दिनेशः अहम् जनताविद्यापीठस्य छात्रावासे वसामि ।
उमेशः त्वम् कस्याम् कक्षायाम् अध्ययनरतः असि ?
दिनेशः अहम् शास्त्रिकक्षायाम् अध्ययनरतः अस्मि ।
उमेशः काष्ठमण्डपे एव तव गृहम् अस्ति । तत्र संस्कृतविद्यापीठम् अपि अस्ति । काष्ठमण्डपे त्वम् किम् न अपठः?
दिनेशः मम अनुजः दाङजनपदस्य तुलसीपुरनगरे तिष्ठति । तस्मात् कारणात् अहम् जनताविद्यापीठे पठामि ।

संवाद – २

गङ्गाधरः भूपेश , निर्मला कदा आगमिष्यति ?
भूपेशः यदा सूर्योदयः भविष्यति तदा निर्मला आगमिष्यति ।
गङ्गाधरः निर्मला कदा वनम् गता आसीत् ।
भूपेशः निर्मला, प्रातः विमलया सह वनम् गता आसीत् ।
गङ्गाधरः निर्मलायाः भगिनी कुत्र पठति ?
भूपेशः सा जनताविद्यापीठे पठति ।
गङ्गाधरः निर्मलायाः माता मम जनन्याः भगिनी अस्ति ।
भूपेशः अहो ! निर्मलया सह तव सम्बन्धः अस्ति इति अहम् न अवागच्छम् ।
गङ्गाधरः भूपेश ! जनाः किमर्थं संस्कृतभाषा कठिना अस्ति इति कथयन्ति ?
भूपेशः मूर्खा जनाः ध्यानेन न पठन्ति, तस्मात् कारणात् ते संस्कृतभाषा कठिना अस्ति इति कथयन्ति ।
गङ्गाधरः येषां मातृभाषा नेपाली अथवा हिन्दी भवति, तेषाम् कृते संस्कृतभाषा तु अतीव सरला, सरसा च लगति
भूपेशः त्वम् सत्यम् वदसि, मम अपि एतादृशी एव धारणा वर्तते ।

संवाद - ३

मुकुन्दः तव नाम किम् अस्ति ?

सुरेशः मम नाम सुरेशः अस्ति ।

मुकुन्दः किमर्थं त्वम् चिन्तितः असि ।

सुरेशः मम जननी रुग्णा अस्ति, तस्मात् कारणात् चिन्तितः अस्मि ।

मुकुन्दः यदि माता रुग्णा अस्ति, तदा अहम् तव सहयोगी भवामि । त्वम् चिन्ताम् त्यज । मया सह आगच्छ, आवाम् चिकित्सकस्य गृहम् गच्छाव ।

सुरेशः जननी तु ह्यः एव चिकित्सकस्य समीपे अगच्छत् ।

मुकुन्दः तव जननी लाभान्विता जाता अथवा न जाता ?

सुरेशः ज्वरस्तु वर्धते, न तु नीचैः आगच्छति ।

मुकेशः तर्हि सन्निपातः सञ्जातः किम् ?

मुकुन्दः चिकित्सका एव अवगच्छन्ति ।

सुरेशः चिन्तां त्यज, अहम् उपायम् कथयामि ।

अभ्यास

१. आफूले पढेका शब्दहरू प्रयोग गरी आठ - आठ पंक्तिका दुई वटा संवाद लेख्नुहोस् ।

२ भवतीशब्दका सप्तमी विभक्तिका रूपहरू लेखी तिनमा आधारित साना-साना वाक्य बनाउनुहोस् ।

३. कुर्वन्ती र क्रीडन्तीशब्दका तृतीया विभक्तिका रूप प्रयोग गरी वाक्य निर्माण गर्नुहोस् ।

४. कुर्वन्, लिखन्, भ्रमन्शब्दहरू प्रयोग गरी वाक्य निर्माण गर्नुहोस् ।

५ भवत्शब्दको पुंलिङ्गमा षष्ठी विभक्तिका रूपहरू लेखी वाक्यमा प्रयोग गर्नुहोस् ।

छब्बीसौं दिन
षड्विंशः दिवसः

शेषाय नमः

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! तपाईंहरूले आत्मनेपदी क्रियापदका वर्तमानकाल अर्थात् प्रथम अवस्थाका रूपायनको ज्ञान गरिसक्नुभएको छ । आज छब्बीसौं दिनमा आत्मनेपदी क्रियापद दोस्रो अवस्था लङ्लकारका रूपहरूको संरचना र प्रयोगविधिको अध्ययन गरौं । एउटा धातुको रूपायन पढेर अन्य धातुका रूपायनलाई अनुमानतः जान्न सकिने हुँदा तपाईंहरूले एउटा धातुको मात्र रूप कण्ठस्थ गर्नुभयो भने पनि अरू धातुको रूप बुझ्न पर्याप्त हुनेछ ।

१. यज् (पूजा गर्नु) धातु (लङ्लकार, भूतकाल अथवा द्वितीय अवस्था - आत्मनेपदी) को रूपायन

पुरुष	एकवचन	द्विवचन	बहुवचन
प्रथमपुरुष	अयजत	अयजेताम्	अयजन्त
मध्यमपुरुष	अयजथाः	अयजेथाम्	अयजध्वम्
उत्तमपुरुष	अयजे	अयजावहि	अयजामहि

* अघिनुहोस्, माथि बताइएको धातुका उक्त ९ रूप कसरी बन्छन्, त्यो बुझौं । बुझ्न केही अप्ठ्यारो छैन शुद्ध धातु 'यज्' हो यज्को अगाडि 'अ' थपे र अयज् बनाएपछि तल लेखिएअनुसारका प्रत्यय जोड्दा रूपहरू तयार हुन्छन्-

पहिलो पङ्क्ति (प्रथमपुरुष) मा क्रमशः-	अत	एताम्	अन्त
दोस्रो पङ्क्ति(मध्यमपुरुष) मा " -	अथाः	एथाम्	अध्वम्
तेस्रो पङ्क्ति (उत्तमपुरुष) मा " -	ए	आवहि	आमहि

नियम - 'ह अ' क्रियारूपायनसम्बन्धी

यसरी कुनै पनि आत्मनेपदी धातुका अन्तमा अत, एताम्, अन्त, अथाः, एथाम्, अध्वम्, ए, आवहि, आमहि जोड्नुभयो भने भूतकालका बोधक क्रियापदका रूपहरू प्रायः तयार हुन्छन् । जस्तै-

अ + यज् + अत = अयजत अ + यज् + एताम् = अयजेताम् अ + यज् + अन्त = अयजन्त

अत आदि प्रत्यय जोडिदिएपछि लङ्लकार, भूतकाल अर्थात् द्वितीय अवस्थाका ९ रूप तयार भए । तपाईंहरूले हेर्नुहोस्, यसमा कुनै त्रुटि त छैन ?

* एउटा आत्मनेपदी धातुका द्वितीय अवस्थाका रूपायन जानेर अनेकौं आत्मनेपदी धातुका द्वितीय अवस्थाका रूपायन जान्न सक्ने विधि महामुनि पाणिनिले हामीलाई प्रदान गर्नुभएको छ ।

२. वन्द् (वन्दना गर्नु)

अवन्दत	अवन्देताम्	अवन्दत
अवन्दथाः	अवन्दथाम्	अवन्दध्वम्
अवन्दे	अवन्दावहि	अवन्दामहि

३. नी - नय् (लैजानु)

अनयत	अनयेताम्	अनयन्त
अनयथाः	अनयथाम्	अनयध्वम्
अनये	अनयावहि	अनयामहि

४. भृ - भर् (पालन-पोषण गर्नु)

अभरत	अभरेताम्	अभरन्त
अभरथाः	अभरथाम्	अभरध्वम्
अभरे	अभरावहि	अभरामहि

५. याच् (माग्नु)

अयाचत	अयाचेताम्	अयाचन्त
अयाचथाः	अयाचेथाम्	अयाचध्वम्
अयाचे	अयाचावहि	अयाचामहि

६. वृत् - वर्त (हुनु)

अवर्तत	अवर्तेताम्	अवर्तन्त
अवर्तथाः	अवर्तेथाम्	अवर्तध्वम्
अवर्ते	अवर्तावहि	अवर्तामहि

७. भाष् - (बोल्नु)

अभाषत	अभाषेताम्	अभाषन्त
अभाषथाः	अभाषेथाम्	अभाषध्वम्
अभाषे	अभाषावहि	अभाषामहि

८. मुद् - मोद् (खुशी हुनु)

अमोदत	अमोदेताम्	अमोदन्त
अमोदथाः	अमोदेथाम्	अमोदध्वम्
अमोदे	अमोदावहि	अमोदामहि

९. वप् (रोक्नु)

अवपत	अवपेताम्	अवपन्त
अवपथाः	अवपेथाम्	अवपध्वम्
अवपे	अवपावहि	अवपामहि

१०. वह् (लैजानु)

अवहत	अवहेताम्	अवहन्त
अवहथाः	अवहेथाम्	अवहध्वम्
अवहे	अवहावहि	अवहामहि

११ वर्ध् (बढ्नु)

अवर्धत	अवर्धेताम्	अवर्धन्त
अवर्धथाः	अवर्धेथाम्	अवर्धध्वम्
अवर्धे	अवर्धावहि	अवर्धामहि

१२. श्रि - श्रय् (आश्रय प्राप्त गर्नु)

अश्रयत	अश्रयेताम्	अश्रयन्त
अश्रयथाः	अश्रयेथाम्	अश्रयध्वम्
अश्रये	अश्रयावहि	अश्रयामहि

१३. सेव् (सेवा गर्नु)

असेवत	असेवेताम्	असेवन्त
असेवथाः	असेवेथाम्	असेवध्वम्
असेवे	असेवावहि	असेवामहि

१४. सह् (सहनु)

असहत	असहेताम्	असहन्त
असहथाः	असहेथाम्	असहध्वम्
असहे	असहावहि	असहामहि

१५. हृ (हर्नु)

अहरत	अहरेताम्	अहरन्त
अहरथाः	अहरेथाम्	अहरध्वम्
अहरे	अहरावहि	अहरामहि

१६. कम्प् (काम्नु)

अकम्पत	अकम्पेताम्	अकम्पन्त
अकम्पथाः	अकम्पेथाम्	अकम्पध्वम्
अकम्पे	अकम्पावहि	अकम्पामहि

१७. भज् (भजन गर्नु)

अभजत	अभजेताम्	अभजन्त
अभजथाः	अभजेथाम्	अभजध्वम्
अभजे	अभजावहि	अभजामहि

१८. बाध् (दुःख दिनु)

अबाधत	अबाधेताम्	अबाधन्त
अबाधथाः	अबाधेथाम्	अबाधध्वम्
अबाधे	अबाधावहि	अबाधामहि

१९. पच् (पकाउनु)

अपचत	अपचेताम्	अपचन्त
अपचथाः	अपचेथाम्	अपचध्वम्
अपचे	अपचावहि	अपचामहि

* संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू !अब त मेरा मित्र र विद्यार्थी भाइबहिनीहरूले आत्मनेपदी लङ्लकारका क्रियापद कस्ता हुन्छन् भन्ने कुरा बुझ्नु भयो होला । अब कर्ता र क्रियाको सङ्गतितर्फ लागौं –

कर्ता र क्रियाको सङ्गति

१	२	३	४	५	६	७	८	९
स,	तौ	ते	त्वम्	युवाम्	यूयम्	अहम्	आवाम्	वयम्
१	२	३	४	५	६	७	८	९
अयजत	अयजेताम्	अयजन्त	अयजथा:	अयजेथाम्	अयजध्वम्	अयजे	अयजावहि	अयजामहि

* माथि सुबन्त र तिङन्तका नौ-नौ रूप दिइएका छन् । तीमध्ये १ ले अङ्कित कर्तालाई १ सङ्ख्याले अंकित क्रियासँग जोड्नुहोस् । यसैगरी २ लाई २ सँग, ३ लाई ३ सँग, ४ लाई ४ सँग, ५ लाई ५ सँग ६ लाई ६ सँग, ७ लाई ७ सँग, ८ लाई ८ सँग र ९ लाई ९ सँग जोड्नुपर्छ । जोडिसकेपछि तपाईंहरू सामु ९ वटा स-साना वाक्यहरू तयार हुनेछन् । क्रम बिगारियो (अर्थात् १ सँग २, ३ सँग १ आदि गरियो) भने अर्थको अनर्थ हुन्छ, वाक्य बिग्रन्छ र त्यो अशुद्ध हुन्छ । यसलाई उदाहरणबाट यसरी बुझ्न सकिन्छ –

स: अयजत –	त्यसले पूजा गऱ्यो ।	**तौ अयजताम् –**	तौ दुईले पूजा गरे ।
ते: अयजन्त –	तिनीहरूले पूजा गरे ।	**त्वम् अयजथा: –**	तिमीले पूजा गऱ्यौ ।
युवाम् अयजेथाम् –	तिमी दुईले पूजा गऱ्यौ ।	**यूयम् अयजध्वम् –**	तिमीहरूले पूजा गऱ्यौ ।
अहम् अयजे –	मैले पूजा गरें ।	**आवाम् अयजावहि –**	हामी दुईले पूजा गऱ्यौं ।
वयम् अयजामहि –	हामीहरूले पूजा गऱ्यौं ।		

केही उदाहरणहरू

१.	विमला आजीवनम् पतिम् असेवत –	विमलाले जीवनभर पतिको सेवा गरिन् ।
२	परिचारका: प्राचार्यस्य पुस्तकानि अवहन्त –	परिचरहरूले प्राचार्यका पुस्तकहरू बोके
३	दिनेश: पुस्तकम् अयाचत -	दिनेशले पुस्तक माग्यो ।
४	अहम् क्षेत्रे धान्यम् अवपे –	मैले खेतमा धान रोपें ।
५	नार्य: परदु:खानि न असहन्त –	नारीहरूले अरूका दु:ख सहन सकेनन् ।
६	भक्ता: शिवम् अभजन्त –	भक्तहरूले शिवको भजन गरे ।

अभ्यास

क) **नेपालीमा अनुवाद गर्नुहोस्**

१ अपि यूयं शिवम् अयजध्वम् ?

२. ते कृषका: समये धान्यं न अवपन्त ।

३. वयं शिवरात्रौ गौरीशङ्करम् अजयामहि ।

४ विद्यापीठस्य वार्षिकोत्सवे प्राचार्य: छात्रानुशासनम् अधिकृत्य अभाषत ।

५ सर्वे छात्रा: अध्यापका: च किक्षायाम् अवर्तन्त ।

ख) संस्कृतमा अनुवाद गर्नुहोस्

१. बहिनीले बुबासँग पैसा माग्नि ।
२. कृष्णजन्माष्टमीमा आमाहरूले कृष्णको पूजा गर्नुभयो ।
३. किसानहरूले यस वर्ष समयमा धान रोपे ।
४. दयालु मानिसहरू दुःखीहरूको दुःख सहन सक्दैनन् ।
५. क विद्यार्थीहरूले गुरुको सेवा गरेनन् ?

» संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू । तपाईंहरूले पढेका विषयवस्तुहरू राम्रोसँग बुझ्नुभयो अथवा बुझ्नुभएन भन्ने कुरा परीक्षण गर्न अगाडि संपरीक्षण तालिका प्रस्तुत गरिएको छ । उक्त तालिकाका आधारमा तल दिइएका निर्देशनअनुसार सबै वाक्य बनाउने प्रयास गर्नुहोस् । निर्देशनअनुसार सबै वाक्यहरू शुद्ध बनाउन सक्नुभयो भने आफूले राम्रोसँग बुझेर पढेको संझी ढुक्क हुनुहोस् । कहीँ कतै थोरै पनि आफूमा कमी-कमजोरी पाउनुभयो भने पुनः विषयवस्तुको बोध गरी गल्ती सच्याई अगाडि बढ्ने प्रण गर्नुहोस्

संपरीक्षण तालिका – २७

		समूह 'क'			समूह 'ख'		समूह 'ग'		
प्रथमपु.	अपि	सः	तौ	ते	पारितोषिकम्	न	अलभत	अलभताम्	अलभन्त
		सा	ते	ताः	ईश्वरम्		अभजत	अभजताम्	अभजन्त
		सीता	सीते	सीताः	धान्यम्		अवपत	अवपताम्	अवपन्त
		सर्वा	सर्वे	सर्वाः					
		हरिः	हरी	हरयः					
		कृषकः	कृषकौ	कृषकाः					
मध्यमपु.		त्वम्	युवाम्	यूयम्			अलभथा	अलभेथाम्	अलभध्वम्
							अभजथा	अभजेथाम्	अभजध्वम्
							अवपथा	अवपेथाम्	अवपध्वम्
उत्तमपु.		अहम्	आवाम्	वयम्			अलभे	अलभावहि	अलभामहि
							अभजे	अभजावहि	अभजामहि
							अवपे	अवपावहि	अवपामहि

१ माथिको तालिकामा 'न' अव्यय नकारात्मक वाक्य बनाउनका लागि हो भन्ने कुरा पहिलेका तालिकाहरूबाट तपाईंहरू प्रष्ट भइसक्नुभएको छ । यहाँ उक्त शब्द तपाईंहरूलाई नकारात्मक वाक्य बनाउनका लागि सजिलो होस् भन्ने हेतुले राखिएको हो ।

२. प्रथमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख'बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस्।

३. मध्यमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख'बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस्।

४ उत्तमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख' बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस्।

५ तालिकाको प्रयोग गरेर पाँच नकारात्मक वाक्य बनाएर आफ्नो अभ्यास बढाउनुहोस्

संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! आजसम्म चार अवस्थाका क्रियापदको प्रयोगका सहायतातले हामीहरू आफ्ना भावना प्रष्ट रूपमा व्यक्त गर्ने लेख्न सक्ने भइसकेका छौं । अब आउनुहोस्, लाग्यौं हलन्त शब्दका रूपायन बुझ्नका लागि सहयोगी सिद्ध हुने सुहृत्शब्दको अध्ययन गरौं । यद्यपि तत्, यद्, इदम्, युष्मद्, अस्मद्शब्दहरू पनि हलन्त नै थिए परन्तु तिनीहरू धेरैको रूपायन अजन्त सर्व र सर्वा जस्तैजस्तै छ । भवत्शब्दको पुंलिङ्गी रूपायन हलन्त नै भए पनि स्त्रीलिङ्गी रूपायन भवती अजन्त नै छ । जुन कुरा तपाईहरूले पढिसक्नुभएको छ । अब शुद्ध हलन्तमात्रै पढौं ।

नियम – '३१ क' शब्दरूपायनसम्बन्धी, हलन्त सुहृत् (मित्र) शब्द

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	सुहृत्	सुहृदौ	सुहृदः
द्वितीया	सुहृदम्	सुहृदौ	सुहृदः
तृतीया	सुहृदा	सुहृद्भ्याम्	सुहृद्भिः
चतुर्थी	सुहृदे	सुहृद्भ्याम्	सुहृद्भ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	सुहृदः	सुहृद्भ्याम्	सुहृद्भ्यः
षष्ठी	सुहृदः	सुहृदोः	सुहृदाम्
सप्तमी	सुहृदि	सुहृदोः	सुहृत्सु
सम्बोधन	हे सुहृत् !	हे सुहृदौ !	हे सुहृदः !

संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू , सुहृत्जस्ता हजारौं शब्दहरू छन् ती सबै शब्दहरूका रूपायन सुप्प्रत्ययका स्, औ, अः, अं, औ, अः, आदिलाई शुद्ध शब्दमा मिलाउन गएदिएमात्र रूपायन तयार हुन्छन् जुन कुरा सुहृत्मा पनि तपाईहरूले विचार गर्नुहुनेछ अरू नै –

२.	शास्त्रविद् (शास्त्र जान्नेवाला)	शास्त्रविद्	शास्त्रविदौ	शास्त्रविदः
३	धर्मविद् (धर्म जान्नेवाला)	धर्मविद्	धर्मविदौ	धर्मविदः
४.	मर्मभिद् (मर्म काट्ने शत्रु)	मर्मभिद्	मर्मभिदौ	मर्मभिदः
५.	हृदयच्छिद् (मुटु छेड्नेवाला)	हृदयच्छिद्	हृदयच्छिदौ	हृदयच्छिदः
६.	भूभृत् (राजा)	भूभृत्	भूभृतौ	भूभृतः
७.	अस्त्रविद् (अस्त्र जान्नेवाला)	अस्त्रविद्	अस्त्रविदौ	अस्त्रविदः
८.	तमोनुद् (अन्धकार हरण गर्ने वाला सूर्य-चन्द्र)	तमोनुद्	तमोनुदौ	तमोनुदः
९	कर्मविद् (कर्म जान्नेवाला)	कर्मविद्	कर्मविदौ	कर्मविदः

स्त्रीलिङ्गी

१०.	सरित् (नदी)	सरित्	सरितौ	सरितः
११.	समिध् (दाउरा)	समिध्	समिधौ	समिधः
१२.	विद्युत् (बिजुली)	विद्युत्	विद्युतौ	विद्युतः
१३.	हरित् (दिशा)	हरित्	हरितौ	हरितः
१४.	योषित् (नारी)	योषित्	योषितौ	योषितः

* सरित् आदि शब्द स्त्रीलिङ्गी भए पनि रूपायन प्रक्रिया एउटै छ, प्रयोगविधिमात्रै हामीहरूले अलग तरिकाले बुझ्नुपर्छ । केही उदाहरणहरू

क) १. सर्वे प्राध्यापकाः मम सुहृदः सन्ति ।सबै प्राध्यापकहरू मेरा मित्र हुनुहुन्छ ।
२. सः मम सुहृद् अस्ति – ऊ मेरो मित्र हो ।
३. अयं सुहृत् काष्ठमण्डपं गमिष्यति – मेरा मित्र काठमाडौं जानुहुनेछ ।

ख) १. अस्याः सरितः नाम गण्डकी अस्ति – यो नदीको नाम गण्डकी हो ।
२ इयं सरित् नारायणी अस्ति – यिनी नारायणी नदी हुन् ।
३. पुरा राज्ञ्याः सरितः नाम स्वर्णावती आसीत् – रानिको नाम पहिले स्वर्णावती थियो ।
४. इयं मुकुन्दस्य योषित् अस्ति – यी मुकुन्दकी श्रीमती हुन् ।

* संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू । तपाईहरूले पढेका विषयवस्तुहरू राम्रोसँग बुझ्नुभयो अथवा बुझ्नुभएन भन्ने कुरा परीक्षण गर्न अगाडि संपरीक्षण तालिका प्रस्तुत गरिएको छ । ठक्क तालिकाका आधारमा तल दिइएका निर्देशनअनुसार सबै वाक्य बनाउने प्रयास गर्नुहोस् । निर्देशनअनुसार सबै वाक्यहरू शुद्ध बनाउन सक्नुभयो भने आफूले राम्रोसँग बुझेर पढेको संज्ञी ठुक्क हुनुहोस् । कहाँ कतै थोरै पनि आफूमा कमी-कमजोरी पाउनुभयो भने पुनः विषयवस्तुको बोध गरी गल्ती सच्याई अगाडि बढ्ने प्रण गर्नुहोस् ।

संपरीक्षण तालिका – २८

अपि	अयम्	सुहृद्	मुकुन्दस्य	पुत्रः पुत्री	न	अस्ति
	इयम्	योषित् सरित्	नेपालस्य	पत्नी नदी		आसीत्

माथिको तालिकाको प्रत्येक कोठाबाट उपयुक्त शब्द चयन गरी कम्तिमा पाँच वटा वाक्य बनाउनुहोस् ।

सत्ताइसौं दिन
सप्तविंशः दिवसः

शेषाय नमः

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! हामीहरू पक्का पनि संस्कृत प्रेमी हौं, संस्कृतमा हाम्रो संस्कृति टिकेको छ । अज्ञान, भ्रम, प्रमाद र कुसंगतिका कारण संस्कृतभाषा र संस्कृतनिष्ठ संस्कृतिमाथि दोष देखाउनेहरू थेरै हुनसक्छन् । संस्कृतले विश्वसंस्कृतिको प्रतिनिधित्व गर्छ र यस संस्कृतिमा जाति, धर्म र लिङ्गको भेदभाव पटक्कै गरिएको छैन भन्ने कुरा संस्कृत वाङ्मयको गहन अध्ययन र चिन्तनबाट प्रमाणित हुनेछ । तसर्थ हामी सबैलाई संस्कृतको ज्ञान अपरिहार्य छ । आउनुहोस्, आज तपाईंहरू सत्ताइसौं सोपानमा पाइला राख्दै हुनुहुन्छ । तपाईंहरूले आजसम्म पढेका कुरा ठीक हुनुपर्छ । संसारमा अब तपाईंहरूलाई संस्कृतज्ञ हुनबाट रोक्न सक्ने कोही छैन । तपाईंहरूको ज्ञानलाई अझ सुदृढ बनाउन आत्मनेपदी धातुका लट्लकार अर्थात् तेस्रो अवस्थाका रूपहरूको जानकारी आज गराइनेछ । तपाईंहरूले परस्मैपद लट्लकारमा पठिष्यति, गमिष्यति, लेखिष्यति आदि रूपहरू पढिसक्नुभएको छ । अब यहाँ तपाईंहरूलाई आत्मनेपद - लट्लकारमा हुने रूपहरूको जानकारी गराउने उद्देश्यले लट्लकारका रूप र तिनको वाक्यमा प्रयोग सिकाइनेछ।

१ वन्द् (नमस्कार गर्नु) धातु (लट्लकार, भविष्यत्काल अथवा तृतीय अवस्था - आत्मनेपदी) को रूपायन

पुरुष	एकवचन	द्विवचन	बहुवचन
प्रथमपुरुष	वन्दिष्यते	वन्दिष्येते	वन्दिष्यन्ते
मध्यमपुरुष	वन्दिष्यसे	वन्दिष्येथे	वन्दिष्येध्वे
उत्तमपुरुष	वन्दिष्ये	वन्दिष्यावहे	वन्दिष्यामहे

* आउनुहोस्, माथि बताइएको धातुका उक्त ९ रूप कसरी बन्छन्, त्यो बुझौं । बुझ्न केही अप्ठ्यारो छैन शुद्ध धातु 'वन्द्' को त्यसमा तल लेखिएअनुसारका प्रत्यय जोडिएका छन् -

पहिलो पङ्क्ति (प्रथमपुरुष) मा क्रमशः-		इष्यते	इष्येते	इष्यन्ते
दोस्रो पङ्क्ति(मध्यमपुरुष) मा	" -	इष्यसे	इष्येथे	इष्यध्वे
तेस्रो पङ्क्ति (उत्तमपुरुष) मा	" -	इष्ये	इष्यावहे	इष्यामहे

नियम - '८ आ' क्रियारूपायनसम्बन्धी

यसरी कुनै पनि आत्मनेपदी धातुका अन्तमा इष्यते, इष्येते, इष्यन्ते, इष्यसे, इष्येथे, इष्यध्वे, इष्ये, इष्यावहे र इष्यामहे जोड्नुभयो भने भविष्यत्कालका बोधक क्रियापदका रूपहरू प्रायः तयार हुन्छन् । जस्तै-

वन्द् + इष्यते = वन्दिष्यते वन्द् + इष्येते = वन्दिष्येते वन्द् + इष्यन्ते = वन्दिष्यन्ते

* इष्यते आदि प्रत्यय जोडिदिएपछि लृट्लकार, भविष्यत्काल अर्थात् तृतीय अवस्थाका ९ रूप तयार भए । तपाईंहरूले हेर्नुहोस्, यसमा कुनै त्रुटि त छैन ?

* पा, या जस्ता आकारान्त धातुका अन्तमा भने 'इ' नभएको स्यते, स्येते, स्यन्ते, स्यसे, स्येथे, स्यध्वे स्ये, स्यावहे र स्यामहे जोड्नुपर्दछ । त्यसो गरियो भने भविष्यत्कालका बोधक क्रियापदका रूपहरू प्रायः तयार हुन्छन् ।

* एउटा आत्मनेपदी धातुको रूपायन जानेर अनेकौं आत्मनेपदी तृतीय अवस्थाका रूपायन गर्न सिकाउने विधि महामुनि पाणिनिको रहेको छ ।

* विशेष कुरा व्याकरणका आधिकारिक ग्रन्थहरू अध्ययन गर्दा बुझ्नु हुनेछ । यो पुस्तक त ती ग्रन्थहरूको अध्ययनमा सघाउ पुऱ्याउन लेखिएको हो। संस्कृतको वर्तमान अध्ययन- अध्यापन प्रायः नेपाली भाषाको माध्यमबाट भइरहेको पाइन्छ शास्त्रको ज्ञान भएर पनि प्रयोग गर्न नजान्नु जस्ता कारणबाट यो स्थिति आएको हो । त्यसकारण रामरी बुझ्ने र त्यसलाई प्रयोग गर्ने मानिस कुनै विद्याको अध्ययनमा पनि असफल हुँदैन । विद्यार्थीहरूको विषयबोध बोझिलो नहोस् भनेर व्याकरण शास्त्रका नियम यहाँ थेरै राखिएको छैन, पछि पछाउने हाम्रो लक्ष्य छँदैछ ।

इष्यते आदि प्रत्यय लागेका विभिन्न धातुका रूप

२.	भाष् (बोल्नु)	भाषिष्यते	भाषिष्येते	भाषिष्यन्ते	.... ।
३.	मुद् (प्रसन्न हुनु)	मोदिष्यते	मोदिष्येते	मोदिष्यन्ते	.... ।
४.	यज् (पूजा गर्नु)	यक्षते	यक्षेते	यक्ष्यन्ते	.. .. . . ।
५.	याच् (माग्नु)	याचिष्यते	याचिष्येते	याचिष्यन्ते	.... ।
६.	लभ् (प्राप्त गर्नु)	लप्स्यते	लप्स्येते	लप्स्यन्ते	.. . . ।
७.	वप् (रोप्नु)	वप्स्यते	वप्स्येते	वप्स्यन्ते	..... . ।
८.	वृत् (हुनु)	वर्तिष्यते	वर्तिष्येते	वर्तिष्यन्ते	..... ।
९.	वृध् (बढ्नु)	वर्धिष्यते	वर्धिष्येते	वर्धिष्यन्ते	.... ।
१०.	श्रि (सहारा लिनु)	श्रयिष्यते	श्रयिष्येते	श्रयिष्यन्ते	.. .. ।
११.	सेव् (सेवा गर्नु)	सेविष्यते	सेविष्येते	सेविष्यन्ते	. ... ।
१२.	सह् (सहन गर्नु)	सहिष्यते	सहिष्येते	सहिष्यन्ते	... . ।
१३.	ह (हरण गर्नु)	हरिष्यते	हरिष्येते	हरिष्यन्ते	. . .. ।
१४.	रभ् (सुरु गर्नु)	रप्स्यते	रप्स्येते	रप्स्यन्ते	.... ।
१५.	शङ्क् (शङ्का गर्नु)	शङ्किष्यते	शङ्किष्येते	शङ्किष्यन्ते	. ..... ।
१६.	शिक्ष् (सिकाउनु)	शिक्षिष्यते	शिक्षिष्येते	शिक्षिष्यन्ते	. . . . ।
१७.	शुभ् (सजाउन)	शोभिष्यते	शोभिष्येते	शोभिष्यन्ते	.. .. ।
१८.	स्वाद् (स्वाद लिनु)	स्वादिष्यते	स्वादिष्येते	स्वादिष्यन्ते	... . ।
१९.	भ्रंश् (गिर्नु)	भ्रंशिष्यते	भ्रंशिष्येते	भ्रंशिष्यन्ते	.... ।

* संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू , अब त आत्मनेपदी लट्लकारका क्रियापद कस्ता हुन्छन् भन्ने कुरा बुझ्नु भयो होला । अब कर्ता र क्रियाको सङ्गतितर्फ विचार गरौं ।

कर्ता र क्रियाको सङ्गति

१ सः	२ तौ	३ ते	४ त्वम्	५ युवाम्	६ यूयम्	७ अहम्	८ आवाम्	९ वयम्
१ वन्दिष्यते	२ वन्दिष्येते	३ वन्दिष्यन्ते	४ वन्दिष्यसे	५ वन्दिष्येथे	६ वन्दिष्येध्वे	७ वन्दिष्ये	८ वन्दिष्यावहे	९ वन्दिष्यामहे

* माथि सुबन्त र तिङन्तका नौ-नौ रूप दिइएका छन् । तीमध्ये १ ले अङ्कित कर्तालाई १ सङ्ख्याले अंकित क्रियासँग जोड्नुहोस् । यसैगरी २ लाई २ सँग, ३ लाई ३ सँग, ४ लाई ४ सँग, ५ लाई ५ सँग, ६ लाई ६ सँग, ७ लाई ७ सँग ८ लाई ८ सँग र ९ लाई ९ सँग जोड्नुपर्छ । जोडिसकेपछि तपाईंहरू सामु ९ वटा स-साना वाक्यहरू तयार हुनेछन् । क्रम बिगारियो (अर्थात् १ सँग २, ३ सँग १ आदि गरियो) भने अर्थको अनर्थ हुन्छ, वाक्य बिग्रन्छ र त्यो अशुद्ध हुन्छ । यसलाई उदाहरणबाट यसरी बुझ्न सकिन्छ -

स वन्दिष्यते - त्यसले वन्दना गर्नेछ ।
तौ वन्दिष्येते - ती दुईले बन्दना गर्नेछन् ।
ते वन्दिष्यन्ते - तिनीहरूले वन्दना गर्नेछन् ।
त्वम् वन्दिष्यसे - तिमीले वन्दना गर्नेछौ
युवाम् वन्दिष्येथे - तिमी दुईले वन्दना गर्नेछौ ।
यूयम् वन्दिष्येध्वे - तिमीहरूले वन्दना गर्नेछौ ।
अहम् वन्दिष्ये - मैले वन्दना गर्नेछु ।
आवाम् वन्दिष्यावहे - हामी दुईले वन्दना गर्नेछौं ।
वयम् वन्दिष्यामहे - हामीहरूले वन्दना गर्नेछौं ।

केही उदाहरणहरू

१. गोविन्द: गुरुं वन्दिष्यते - गोविन्दले गुरुलाई नमस्कार गर्नेछ ।
२ गोविन्दा: गुरुं वन्दिष्यन्ते - गोविन्दहरूले गुरुलाई नमस्कार गर्नेछन् ।
३. युवां गुरुं वन्दिष्येथे - तिमी दुईले गुरुलाई नमस्कार गर्नेछौ ।
४. अहं त्वाम् वन्दिष्ये - म तपाईंलाई नमस्ते गर्नेछु ।
५ वयम् युष्मान् वन्दिष्यामहे - हामीहरू तपाईंहरूलाई नमस्कार गर्नेछौं ।
६ त्वं गुरुं वन्दिष्यसे - तिमीले गुरुलाई नमस्कार गर्नेछौ ।
७. आवाम् युवाम् वन्दिष्यावहे - हामी दुईले तिमी दुईलाई नमस्कार गर्नेछौं ।

अभ्यास

क) नेपालीमा अनुवाद गर्नुहोस्

१ गोविन्दः पितरं वन्दिष्यते ।
२. अहम् पुस्तकं याचिष्ये ।
३ यूयम् कष्टम् सहिष्यध्वे ।
४ वयम् भारम् वक्ष्यामहे ।
५. छात्राः पठनम् सस्यते ।
६ बालिकाः कन्यामहाविद्यालये वर्तिष्यन्ते ।
७ छात्राः मिष्टान्नानि स्वादिष्यन्ते ।
८. अविनीतः छात्रः परीक्षायाम् भंशिष्यते ।
९. गुरवः अवश्यं शङ्किष्यन्ते ।
१०. कृषकाः आषाढे धान्यं वप्स्यन्ते ।

ख) आत्मनेपदका क्रियापदको प्रयोग गरेर संस्कृतमा अनुवाद गर्नुहोस्

१ छात्रहरू गुरुलाई नमस्कार गर्नेछन् ।
२ हामीहरू भगवान् शंकरको पूजा गर्नेछौं ।
३ गुरुहरू सँधै शंका गर्नु हुनेछ ।
४ निर्मलाले भारी उठाउनेछिन् ।
५. यशोदाले दुःख सहनेछिन् ।
६. किसानहरूले धान रोप्नेछन् ।
७. अध्यापकहरूले विद्यार्थीहरूलाई शिक्षा दिनुहुनेछ ।
८ चोरहरूले सज्जनको रूपैयाँ हर्नेछन्
९ दीपावलीमा घरहरू सजाइनेछन् ।
१० विद्यार्थीहरूले पुरस्कार पाउनेछन् ।

ग) नेपालीमा अनुवाद गर्नुहोस्

अद्य अस्माकं देशे होलिका-महोत्सवः अस्ति । होलिकोत्सवः राष्ट्रिय-महोत्सवः अस्ति । अतः कार्यालयेषु विद्यालयादिषु सर्वेषां कृते अवकाशः अस्ति । जनाः प्रसन्नाः सन्ति । मित्राणि परस्परं संयुज्य गीतानि गायन्ति । अबीरं लेपयन्ति, मिष्टान्नानि खादन्ति मित्राणि भोजयन्ति च । सर्वत्र प्रसन्नता एव दृश्यते ।

घ) माथिको संस्कृत गद्यको आकार-प्रकारमा तपाईंले पनि - शिवरात्रिः, श्रीकृष्णजन्माष्टमी, नवदुर्गोत्सवः यी शीर्षकमा आधारित रही नेपालीमा साना-साना अनुच्छेद लेख्नुहोस् र संस्कृतमा अनुवाद गर्नुहोस् ।

* संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! तपाईंहरूले पढेका विषयवस्तुहरू राम्रोसँग बुझ्नुभयो अथवा बुझ्नुभएन भन्ने कुरा परीक्षण गर्न अगाडि संपरीक्षण तालिका प्रस्तुत गरिएको छ । उक्त तालिकाका आधारमा दिइएका निर्देशनअनुसार सबै वाक्य बनाउने प्रयास गर्नुहोस् । निर्देशनअनुसार सबै वाक्यहरू शुद्ध बनाउन सक्नुभयो भने आफूले राम्रोसँग बुझेर पढेको संज्ञी दुरुस्त हुनुहोस् । कहीं कतै थोरै पनि आफूमा कमी-कमजोरी पाउनुभयो भने पुनः विषयवस्तुको बोध गरी गल्ती सच्याई अगाडि बढ्ने प्रयत्न गर्नुहोस् ।

संपरीक्षण तालिका - २९

४ वसन्तपुर–कार्यालये उपकुलपतयः स्थास्यन्ति – वसन्तपुर कार्यालयमा उपकुलपतिहरू बस्नेछन् ।	४ वसन्तपुरकार्यालये उपकुलपतिभिः स्थास्यते – वसन्तपुरकार्यालयमा उपकुलपतिद्वारा बसिनेछ ।
५ निर्मलायाः भगिनी सुन्दराणि वस्त्राणि धारयिष्यति – निर्मलाकी बहिनीले राम्रो कपडा लगाउनेछिन् ।	५. निर्मलायाः भगिन्या सुन्दराणि वस्त्राणि धारयिष्यते– निर्मलाकी बहिनीद्वारा राम्रो कपडा लगाइनेछ ।
६ सिंहाः वने वसन्ति – सिंहहरू वनमा बस्छन् ।	६. सिंहैः वने उष्यते – सिंहहरूद्वारा वनमा बसि छ ।

७ मुकुन्दस्य जनकः कान्तिपुरम् गमिष्यति
मुकुन्दको बुबा काठमाडौं जानुहुनेछ ।

८ कार्यालयं परितः जनाः स्थास्यन्ति -
कार्यालयको चारैतिर मानिसहरू बस्नेछन् ।

७. मुकुन्दस्य जनकेन कान्तिपुरम् गम्यते
मुकुन्दको बुबाद्वारा काठमाडौं गइनेछ

८. कार्यालयं परितः जनैः स्थास्यते -
कार्यालयको चारैतिर मानिसहरू बसिनेछ ।

अभ्यास

क) निम्नलिखित वाक्यहरूको संस्कृतमा अनुवाद गरेर वाच्य परिवर्तन गर्नुहोस्

१. तपाईं जनकपुर कहिले जानुहुनेछ ?
२ शङ्कर सरले जनता विद्यापीठमा राजनीतिशास्त्र पढाउनुहुनेछ ।
३. तिमीहरूले भोलि सिद्धान्तकौमुदी पढ्नेछौं ।
४. दिनेशकी बहिनीले घरमा कपडा धुनेछिन् ।
५. तिमीहरूले गएको निबन्ध लेख्नेछौं ।

क) निम्नलिखित वाक्यहरूको नेपालीमा अनुवाद गरेर वाच्य परिवर्तन गर्नुहोस्

१. भगवान् गणेशः युद्धे दानवान् हनिष्यति ।
२. वयं स्वः काष्ठमण्डपं गमिष्यामः ।
३. कृषकाः वर्षासु कार्यं करिष्यन्ति ।
४. छात्राः वार्षिकोत्सवे हस्तकन्दुकं क्रीडिष्यन्ति ।
५. नेतारः अस्मिन् वर्षे संविधानं लेखिष्यन्ति ।

* संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! तपाईंहरूले पढेका विषयवस्तुहरू राम्रोसँग बुझ्नुभयो अथवा बुझ्नुभएन भन्ने कुरा परीक्षण गर्न अगाडि संपरीक्षण तालिका प्रस्तुत गरिएको छ । उक्त तालिकाका आधारमा तल दिइएका निर्देशनअनुसार सबै वाक्य बनाउने प्रयास गर्नुहोस् । निर्देशनअनुसार सबै वाक्यहरू शुद्ध बनाउन सक्नुभयो भने आफूले राम्रोसँग बुझेर पढेको संज्ञा दुक्क हुनुहोस् । कहीं कतै थोरै पनि आफूमा कमी-कमजोरी पाउनुभयो भने पुनः विषयवस्तुको बोध गरी गल्ती सच्याई अगाडि बढ्ने प्रण गर्नुहोस् ।

सपरीक्षण तालिका - ३५ 'क' कर्तृवाच्य

		समूह 'क'			समूह 'ख'		समूह 'ग'		
प्रथमपुरुष	अपि	सः	तौ	ते	अनुवादचन्द्रिका	न	पठिष्यति	पठिष्यतः	पठिष्यन्ति
		सा	ते	ताः	व्याकरणं				
		सीता	सीते	सीताः	निबन्धं				
		रामः	रामौ	रामाः	त्वाम्				
मध्यमपुरुष		त्वम्	युवाम्	यूयम्	माम्		पठिष्यसि	पठिष्यथः	पठिष्यथ
उत्तमपुरुष		अहम्	आवाम्	वयम्			पठिष्यामि	पठिष्यावः	पठिष्यामः

१ माथिको तालिकामा 'न' अव्यय नकारात्मक वाक्य बनाउनका लागि हो भन्ने कुरा पहिलेका तालिकाहरूबाट तपाईंहरू प्रष्ट भइसक्नुभएको छ । यहाँ उक्त शब्द तपाईंहरूलाई नकारात्मक वाक्य बनाउनका लागि सजिलो होस् भन्ने हेतुले राखिएको हो ।

२. प्रथमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख'बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस्।

३. मध्यमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख'बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस्।

४. उत्तमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख' बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस्।

५ तालिकाको प्रयोग गरेर पाँच नकारात्मक वाक्य बनाएर आफ्नो अभ्यास बढाउनुहोस् ।

संपरीक्षण तालिका - ३५ 'ख' कर्मवाच्य

		समूह 'क'			समूह 'ख'		समूह 'ग'		
प्रथमपुरुष	अपि	तेन	ताभ्यां	तैः	अनुवादचन्द्रिका	न	पठिष्यते	पठिष्येते	पठिष्यन्ते
		तया	ताभ्यां	ताभिः	व्याकरणं				
		सीतया	सीताभ्यां	सीताभिः	निबन्धः				
		रामेण	रामाभ्यां	रामैः	त्वम्				
मध्य		त्वया	युवाभ्यां	यूयमभिः	अहम्		पठिष्यसे	पठिष्येथे	पठिष्यध्वे
उत्त		मया	आवाभ्यां	अस्माभिः			पठिष्ये	पठिष्यावहे	पठिष्यामहे

१ माथिको तालिकामा 'न' अव्यय नकारात्मक वाक्य बनाउनका लागि हो भन्ने कुरा पहिलेका तालिकाहरूबाट तपाईंहरू प्रष्ट भइसक्नुभएको छ । यहाँ उक्त शब्द तपाईंहरूलाई नकारात्मक वाक्य बनाउनका लागि सजिलो होस् भन्ने हेतुले राखिएको हो ।

२ प्रथमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख'बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस्।

३ मध्यमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख'बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस्

४ उत्तमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख' बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस्।

५. तालिकाको प्रयोग गरेर पाँच नकारात्मक वाक्य बनाएर आफ्नो अभ्यास बढाउनुहोस् ।

बत्तीसौं दिन
द्वात्रिंशः दिवसः

शेषाय नमः

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! अब हामीहरू सफलताको शिखरमा टेक्न लागिसकेका छौं । तपाईंहरू अब डुक्क भएर अगाडि बढ्नुहोस् । आज बत्तीसौं दिनमा तपाईंहरूलाई आज्ञार्थक लोट्लकार चतुर्थ अवस्थाका भाववाच्य र कर्मवाच्यका क्रियापदहरूको रूपायन ज्ञान गराई वाक्यमा प्रयोग गर्न सिकाइनेछ।

१. पठ् (पठ्नु) धातु (लोट्लकार, आज्ञार्थक, चतुर्थ अवस्था - कर्म तथा भाववाच्य) को रूपायन

पुरुष	एकवचन	द्विवचन	बहुवचन
प्रथमपुरुष	पठ्यताम्	पठ्येताम्	पठ्यन्ताम्
मध्यमपुरुष	पठ्यस्व	पठ्येथाम्	पठ्यध्वम्
उत्तमपुरुष	पठ्यै	पठ्यावहै	पठ्यामहै

* माथि बताइएका धातुका उक्त ९ रूप कसरी बन्छन्, त्यो बुझौं । बुझ्न केही अप्ठ्यारो छैन । शुद्ध धातु 'पठ्' हो, त्यसमा तल लेखिएअनुसारका प्रत्यय जोडिदिएपछि रूप तयार हुन्छन् -

पहिलो पङ्क्ति (प्रथमपुरुष) मा क्रमशः-	यताम्	येताम्	यन्ताम्
दोस्रो पङ्क्ति(मध्यमपुरुष) मा " -	यस्व	येथाम्	यध्वम्
तेस्रो पङ्क्ति (उत्तमपुरुष) मा " -	यै	यावहै	यामहै

नियम - '३८' क्रियारूपायनसम्बन्धी '१० आ'

यसरी कुनै पनि कर्मवाच्य तथा भाववाच्य धातुका अन्तमा इय्यते, इय्येते, इय्यन्ते, इय्यसे, इय्यथे, इय्यध्वे, इय्ये, इय्यावहे र इय्यामहे जोड्नुभयो भने लट्लकार कर्मवाच्य अर्थात् तृतीय अवस्थाका क्रियापदका रूपहरू प्रायः तयार हुन्छन् । जस्तै -

पठ् + यताम् = पठ्यताम् पठ् + येताम् = पठ्येताम् पठ् + यन्ताम् = पठ्यन्ताम्

कर्मवाच्यको रूपायन

२. वन्दताम् (कर्तृवाच्य)

वन्द्यताम्	वन्द्येताम्	वन्द्यन्ताम्
वन्द्यस्व	वन्द्येथाम्	वन्द्यध्वम्
वन्द्यै	वन्द्यावहै	वन्द्यामहै

३. जि - जयतु (कर्तृवाच्य)

जीयताम्	जीयेताम्	जीयन्ताम्
जीयस्व	जीयेथाम्	जीयध्वम्
जीयै	जीयावहै	जीयामहै

४. धृ - (धरतु - कर्तृवाच्य)

ध्रियताम्	ध्रियेताम्	ध्रियन्ताम्
ध्रियस्व	ध्रियेथाम्	ध्रियध्वम्
धरीयै	धरीयावहै	धरीयामहै

५ कृ (गर्नु) (करोतु कर्तृवाच्य)

क्रियताम्	क्रियेताम्	क्रियन्ताम्
क्रियस्व	क्रियेथाम्	क्रियध्वम्
क्रीयै	क्रीयावहै	क्रीयामहै

६. हस् - (हसतु - कर्तृवाच्य)

हस्यताम्	हस्येताम्	हस्यन्ताम्
हस्यस्व	हस्येथाम्	हस्यध्वम्
हस्यै	हस्यावहै	हस्यामहै

७. क्रीड् - (क्रीडतु - कर्तृवाच्य)

क्रीड्यताम्	क्रीड्येताम्	क्रीड्यन्ताम्
क्रीड्यस्व	क्रीड्येथाम्	क्रीड्यध्वम्
क्रीड्यै	क्रीड्यावहै	क्रीड्यामहै

८ खाद् - (खादतु - कर्तृवाच्य)

खाद्यताम्	खाद्येताम्	खाद्यन्ताम्
खाद्यस्व	खाद्येथाम्	खाद्यध्वम्
खाद्यै	खाद्यावहै	खाद्यामहै

९. लिख् - (लिखतु - कर्तृवाच्य)

लिख्यताम्	लिख्येताम्	लिख्यन्ताम्
लिख्यस्व	लिख्येथाम्	लिख्यध्वम्
लिख्यै	लिख्यावहै	लिख्यामहै

१० गम् - (गच्छतु - कर्तृवाच्य)

गम्यताम्	गम्येताम्	गम्यन्ताम्
गम्यस्व	गम्येथाम्	गम्यध्वम्
गम्यै	गम्यावहै	गम्यामहै

११ सेव् - (सेवताम् - कर्तृवाच्य)

सेव्यताम्	सेव्येताम्	सेव्यन्ताम्
सेव्यस्व	सेव्येथाम्	सेव्यध्वम्
सेव्यै	सेव्यावहै	सेव्यामहै

१२. शक्लि - (शङ्कताम् कर्तृवाच्य)

शङ्क्यताम्	शङ्क्येताम्	शङ्क्यन्ताम्
शङ्क्यस्व	शङ्क्येथाम्	शङ्क्यध्वम्
शङ्क्यै	शङ्क्यावहै	शङ्क्यामहै

१३. भू - (भवतु - कर्तृवाच्य)

भूयताम्	भूयेताम्	भूयन्ताम्
भूयस्व	भूयेथाम्	भूयध्वम्
भूयै	भूयावहै	भूयामहै

१४. आगम् - (आगच्छतु - कर्तृवाच्य)

आगम्यताम्	आगम्येताम्	आगम्यन्ताम्
आगम्यस्व	आगम्येथाम्	आगम्यध्वम्
आगम्यै	आगम्यावहै	आगम्यामहै

१५. पा - (पिबतु - कर्तृवाच्य)

पीयताम्	पीयेताम्	पीयन्ताम्
पीयस्व	पीयेथाम्	पीयध्वम्
पीयै	पीयावहै	पीयामहै

१६. रम् (रमाउनु) - (रमताम् - कर्तृवाच्य)

रम्यताम्	रम्येताम्	रम्यन्ताम्
रम्यस्व	रम्येथाम्	रम्यध्वम्
रम्यै	रम्यावहै	रम्यामहै

१७. यज् - (यजतु - कर्तृवाच्य)

इज्यताम्	इज्येताम्	इज्यन्ताम्
इज्यस्व	इज्येथाम्	इज्यध्वम्
इज्यै	इज्यावहै	इज्यामहै

१८ लभ् - (लभताम् - कर्तृवाच्य)

लभ्यताम्	लभ्येताम्	लभ्यन्ताम्
लभ्यस्व	लभ्येथाम्	लभ्यध्वम्
लभ्यै	लभ्यावहै	लभ्यामहै

१९ मुद् (हर्ष) - (मोदताम् - कर्तृवाच्य)

मोद्यताम्	मोद्येताम्	मोद्यन्ताम्
मोद्यस्व	मोद्येथाम्	मोद्यध्वम्
मोद्यै	मोद्यावहै	मोद्यामहै ।

* संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! तपाईहरूले कर्मवाच्य तथा भाववाच्य लोट्लकार, चतुर्थ अवस्थाका क्रियापद कस्ता हुन्छन् भन्ने कुरा बुझ्नु भयो होला । अब कर्म र क्रियाको सङ्गतितर्फ लागौं -

कर्ता र क्रियाको सङ्गति

१	२	३	४	५	६	७	८	९
तेन	तेन	तेन	तेन	तेन	तेन	तेन	तेन	तेन
पाठः	पाठौ	पाठाः	त्वम्	युवाम्	यूयम्	अहम्	आवाम्	वयम्
पठ्यताम्	पठ्येताम्	पठ्यन्ताम्	पठ्यस्व	पठ्येथाम्	पठ्यध्वम्	पठ्यै	पठ्यावहै	पठ्यामहै
१	२	३	४	५	६	७	८	९

* अझै प्रष्टसँग बुझ्ने हो भने तालिकाको सारांश यस्तो छ – १. तेन पाठः पठ्यताम् २ तेन पाठौ पठ्येताम्, ३ तेन पाठाः पठ्यन्ताम् ४ तेन त्वम् पठ्यस्व, ५ तेन युवाम् पठ्येथाम्, ६ तेन यूयम् पठ्यध्वम् ७ तेन अहम् पठ्यै ८. तेन आवाम् पठ्यावहै, ९ तेन वयम् पठ्यामहै यहाँ सम्झाउनको लागि तेन (एक वचन) को मात्र प्रयोग गरिएको छ

माथिका ९ वटै वाक्यको कर्तृवाच्य हेर्नुहोस् – १ सः पाठं पठतु, २. सः पाठौ पठतु ३ सः पाठान् पठतु ४ सः त्वाम् पठतु, ५ सः युवाम् पठतु, ६ सः यूयम् पठतु, ७. सः माम् पठतु, ८. सः आवाम् पठतु ९ सः अस्मान् पठतु ।

कर्तृवाच्य र कर्मवाच्यको तुलनात्मक बोध

कर्तृवाच्य	कर्मवाच्य
१. दिनेशः पठतु ।	१. दिनेशेन पठ्यताम् ।

यस कालका वाच्य परिवर्तन गर्दा वाक्यरचना नियम '३५' अन्तर्गत रहेर क्रियापत्रमात्रै परिवर्तन गर्नुपर्छ

पुनरावृत्ति – वाच्यपरिवर्तन

कर्तृवाच्य	कर्मवाच्य
गोपालः विराटनगरं गच्छतु –	१ गोपालेन विराटनगरं गम्यताम् –
गोपाल विराटनगर जाओस् ।	गोपालद्वारा विराटनगर गइयोस्
शकुन्तला वस्त्राणि धारयतु –	२ शकुन्तलया वस्त्राणि धार्यन्ताम् –
शकुन्तलाले कपडा लगाऊन् ।	शकुन्तलाद्वारा कपडाहरू लगाइयोस् ।
हरिहरः गुरुम् प्रणमतु –	३. हरिहरेण गुरुः प्रणम्यताम् –
हरिहरले गुरुलाई ढोग दियोस् ।	हरिहरद्वारा गुरु ढोगिदिउन् ।
घनश्यामः आचार्यम् वन्दताम् –	४ घनश्यामेन आचार्यः वन्द्यताम् –
घनश्यामले गुरुलाई वन्दना गराम् ।	घनश्यामद्वारा गुरु अभिवन्दित होऊन् ।
छात्राः गृहकार्याणि कुर्वन्तु –	५ छात्रैः गृहकार्याणि क्रियन्ताम् –
छात्रहरूले गृहकार्य गरून् ।	छात्रहरूद्वारा गृहकार्य गरियोस् ।
छात्राः कौमुदीम् पठन्तु	६ छात्रैः कौमुदी पठ्यताम्
छात्रहरू कौमुदी पढुन्	छात्रहरूद्वारा कौमुदी पढियोस् ।

* हामी शिक्षकहरूले सर्वप्रथम नियम बताउने, नियमसँग मिल्दो उदाहरण दिने र उदाहरण दिएपछि प्रयोग सिकाउने काम गरेपछि संस्कृत सबैले बुझ्न सक्छन् ।

* यस पुस्तकमा महामुनि पतञ्जलिको आशयअनुसार आधुनिक शैलीमा विद्यार्थीहरूलाई सजिलैसँग विषयबोध - इन प्रयत्न गरिएको छ । यसको उद्देश्य तपाईंहरूजस्ता भाइबहिनीहरूलाई संस्कृतज्ञ बनाउनु हो मेरो यो सानो किताब पढेपछि पाणिनिको व्याकरण पढ्न थाल्नुभयो भने तपाईंहरूलाई आनन्द लाग्नेछ र पाणिनिको अद्वितीय शैली जानेर तपाईंहरू अचम्म पर्नुहुनेछ ।

अभ्यास

क) निम्नलिखित वाक्यहरूको नेपालीमा अनुवाद गरी संस्कृतमा वाच्य परिवर्तन गर्नुहोस्

१. छात्रा. अध्यापकान् नमन्तु ।
२. नार्यः गृहकार्यं कुर्वन्तु ।
३. छात्राः निबन्धान् लिखन्तु ।
४. कर्मकराः वस्त्राणि प्रक्षालयन्तु ।
५. नृत्यकाः नृत्यं दर्शयन्तु

ख) निम्नलिखित वाक्यहरूको संस्कृतमा अनुवाद गरी वाच्य परिवर्तन गर्नुहोस्

१. होलीमा सबै घर जाऊन् ।
२. के म घर जाउँ ।
३. दश कक्षाका छात्रहरू खेल्न विराटनगर जाऊन् ।
४. तिमीहरू खेल्न मैदानमा जाओ
५. शिक्षित नागरिकहरूले असभ्यलाई सभ्य बनाउन् ।

- संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! तपाईहरूले पढेका विषयवस्तुहरू रामोसँग बुझ्नुभयो अथवा बुझ्नुभएन भन्ने कुरा परीक्षण गर्न अगाडि संपरीक्षण तालिका प्रस्तुत गरिएका छ । उक्त तालिकाका आधारमा तल दिइएका निर्देशनअनुसार सबै वाक्य बनाउने प्रयास गर्नुहोस् । निर्देशनअनुसार सबै वाक्यहरू शुद्ध बनाउन सक्नुभयो भने आफूले रामोसँग बुझेर पढेको सही ठहरिन्छ । कहीं कतै थोरै पनि आफूमा कमी-कमजोरी पाउनुभयो भने पुनः विषयवस्तुको बोध गरी गल्ती सच्याई अगाडि बढ्ने प्रण गर्नुहोस् ।

संपरीक्षण तालिका – ३६ 'क' कर्तृवाच्य

		समूह 'क'			समूह 'ख'		समूह 'ग'		
प्रथमपुरुष	अपि	स.	तौ	ते	अनुवादचन्द्रिका	न	पठतु	पठताम्	पठन्तु
		सा	ते	ताः	व्याकरण				
		सीता	सीते	सीताः	निबन्ध				
		रामः	रामौ	रामाः	त्वाम्				
म पु		त्वम्	युवाम्	यूयम्	माम्		पठ	पठतम्	पठत
उ पु		अहम्	आवाम्	वयम्			पठानि	पठाव	पठाम

१ माथिको तालिकाका 'न' अव्यय नकारात्मक वाक्य बनाउनका लागि हो भन्ने कुरा पहिलेका तालिकाहरूबाट तपाईंसरू प्रष्ट भइसक्नुभएको छ । यहाँ उक्त शब्द तपाईंहरूलाई नकारात्मक वाक्य बनाउनका लागि सजिलो होस् भन्ने हेतुले राखिएको हो ।

२ प्रथमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख'बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस् ।

३ मध्यमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख'बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस् ।

४ उत्तमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख' बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस् ।

५ तालिकाको प्रयोग गरेर पाँच नकारात्मक वाक्य बनाएर आफ्नो अभ्यास बढाउनुहोस् ।

संपरीक्षण तालिका - ३६ 'ख' कर्मवाच्य

		समूह 'क'			समूह 'ख'		समूह 'ग'		
प्रथमपुरुष	अपि	तेन	ताभ्यां	तैः	अनुवादचन्द्रिका	न	पठ्यताम्	पठ्येताम्	पठ्यन्ताम्
		तया	ताभ्यां	ताभिः	व्याकरणं				
		सीतया	सीताभ्यां	सीताभिः	निबन्धः				
		रामेण	रामाभ्यां	रामैः	त्वम्				
मध्यमपुरुष		त्वया	युवाभ्यां	यूयाभिः	अहम्		पठ्यस्व	पठेथाम्	पठध्वम्
उत्तमपुरुष		मया	आवाभ्यां	अस्माभिः			पठ्ये	पठ्यावहै	पठ्यामहै

१. माथिको तालिकामा 'न' अव्यय नकारात्मक वाक्य बनाउनका लागि हो भने कुरा पहिलेका तालिकाहरूबाट तपाईहरू प्रष्ट भइसक्नुभएको छ । यहाँ उक्त शब्द तपाईहरूलाई नकारात्मक वाक्य बनाउनका लागि सजिलो होस् भन्ने हेतुले राखिएको हो ।

२ प्रथमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख'बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस्।

३ मध्यमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख'बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस्।

४ उत्तमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख' बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस्।

५. तालिकाको प्रयोग गरेर पाँच नकारात्मक वाक्य बनाएर आफ्नो अभ्यास बढाउनुहोस् ।

संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! आजसम्म हामीहरूले बढो दत्तचित्त भएर कर्तृवाच्यका वाक्यहरू र कर्मवाच्यका वाक्यहरूको अध्ययन गर्यौं । संस्कृत धेरै बुझियो पनि एउटा कुरा बुझेगछि अर्को कुरा बुझ्न सजिलो हुन्छ, यो सार्वभौम नियम हो । अब संक्षिप्त रूपमा भए पनि प्रेरणार्थक धातुको वाच्यपरिवर्तनसम्बन्धी कुराहरू पढौं । परिश्रम र लगनशीलताबाट सबै थोक प्राप्त गर्न सकिन्छ, आउनुहोस् प्रेरणार्थक धातुहरूको वाच्यपरिवर्तन पनि सिकौं ।

पठ् (पढ्नु) धातु, पाठि (पढाउनु)

पठति	पठतः	पठन्ति	पाठयति	पाठयतः	पाठयन्ति
पठसि	पठथः	पठथ	पाठयसि	पाठयथः	पाठयथ
पठामि	पठावः	पठामः	पाठयामि	पाठयावः	पाठयामः

पठति आदिको प्रयोग गर्ने विधि र पाठयति आदिको प्रयोग गर्ने विधि हामीहरूले जानिसकेका छौं जस्तै - छात्रः पठति छात्र पढ्छ । अध्यापकः छात्रं पाठयति । गुरुले विद्यार्थीलाई पढाउनुहुन्छ ।

पहिलो वाक्यको वाच्यपरिवर्तन गर्ने विधि पढिसक्नुभएको छ । जस्तै छात्रेण पठ्यते ।

वाच्य परिवर्तन गर्न कर्मवाच्य र भाववाच्यका क्रियापदहरू चाहिन्छन् । वाच्य परिवर्तनका लागि प्रेरणार्थक क्रियापद पहुनुभएको छैन । अब पढौं पाठि, कारि धातुका कर्मवाच्यका रूपहरू

पाठ्यते	पाठ्येते	पाठ्यन्ते
पाठ्यसे	पाठ्येथे	पाठ्यध्वे
पाठ्ये	पाठ्यावहे	पाठ्यामहे

नियम - '३९ क' क्रियारूपायनसम्बन्धी (ण्यन्त कर्मवाच्य हेतु)

विशेष - धातुको इलाई हटाएर यते, येते, यन्ते, यसे येथे, येध्वे, ये, यावहे, यामहे थपेपछि प्रेरणार्थक धातुका प्रथम अवस्थाका रूपहरू तयार हुन्छन् । जस्तै -

कारि -	कार्यते	कार्येते	कार्यन्ते
	कार्यसे	कार्येथे	कार्यध्वे
	कार्ये	कार्यावहे	कार्यामहे

वाच्य परिवर्तनको नियम पूर्ववत् नै हो । जस्तै - अध्यापकः पुस्तकं पाठयति । (प्रथमान्तलाई तृतीयान्त कर्मलाई प्रथमा, क्रिया कर्मवाच्यको = अध्यापकेन पुस्तकं पाठ्यते ।

नियम - '३९ ख' क्रियारूपायनसम्बन्धी (ण्यन्त वाक्यरचना र वाच्यपरिवर्तनसम्बन्धी)

कुनैबेला पहुने र पढाउने दुवै देखाइयो भने वाक्यमा दुइटा कर्म आउने कुरा तपाईहरूले प्रशस्त बुझ्नुभएको छ नै यस्तो अवस्थामा कर्मवाच्य बनाउँदा कुन कर्मलाई प्रथमा विभक्तिमा लैजाने यत्ति कुरामात्रै बुझ्नुभयो भने दुइटा कर्म भएका ठाउँमा पनि तपाईहरूले राम्रोसँग वाच्य परिवर्तन गर्न सक्नुहुन्छ । यहाँ 'बुद्धिभक्षार्थयोः शब्दकर्मकाणां निजक्षया' ज्ञानार्थक भक्ष्यार्थक, शब्दकर्मक धातुहरूको ण्यन्त वाच्यपरिवर्तनमा आफ्नो इच्छाले कुनै पनि कर्मलाई प्रथमा गर्न सकिन्छ) भन्ने नियम लागू हुन्छ । जस्तै -

अध्यापकः छात्रं पुस्तकं पाठयति । यहाँ दुइटा कर्म आए- पुस्तकं मुख्य कर्म हो र छात्र गौणकर्म हो । यस्तो अवस्थामा कुनै पनि एउटा कर्मलाई आफ्नो इच्छाअनुसार प्रथमामा लैजानुस् र अरू नियम यथावत् पालन गरी राम्रोसँग वाच्य परिवर्तन गर्नुहोस् । जस्तै उक्त वाक्यलाई वाच्यपरिवर्तन यस किसिमले गर्न सकिन्छ -

अध्यापकेन छात्रः पुस्तकं पाठयेते । अध्यापकेन छात्रं पुस्तकं पाठ्येते ।

वाच्य परिवर्तनका लागि आवश्यक अन्य अवस्थाका रूपायनहरू -

अपाठ्यत	अपाठयताम्	अपाठयन्त	
अपाठयथा	अपाठयथाम्	अपाठयध्वम्	
अपाठ्ये	अपाठ्यावहि	अपाठ्यामहि	. . . . । दोस्रो अवस्था ।
पाठयिष्यते	पाठयिष्येते	पाठयिष्यन्ते	... . . . । तेस्रो अवस्था ।
पाठ्यताम्	पाठ्येताम्	पाठयन्ताम्	.... । चौथो अवस्था ।

ॐ

तेंत्तीसौं दिन
त्रयस्त्रिंशः दिवसः

श्रीगणेशाय नमः

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी दाइबहिनीहरू । अब हामीहरू संस्कृतमा संवाद गर्न सजिलो गराउने विधितर्फ उन्मुख हुँदैछौं। विधिसम्मतरूपमा गुरुको नजिकमा बसेर लघुकौमुदी, सिद्धान्तकौमुदी, अष्टाध्यायी आदि आधिकारिक व्याकरणका ग्रन्थ पढेपछि मात्र संस्कृतमा लेख्न, पढ्न र बोल्न सकिन्छ भन्ने धारणा रहेको पाइन्छ । वास्तवमा आधुनिक शैलीबाट तिनै कुरालाई सरटाहरूमा सजिलैसँग पढाउन सकिन्छ । आधिकारिक ग्रन्थहरू त विशिष्ट अध्ययनका लागि अवश्य उपयोगी हुन्छन् । आजको वातावरणमा संस्कृतको बोलचाल र अध्ययन-अध्यापनमा भन्दा रहेको वास्तविक स्थितिलाई दृष्टिगत गरी प्रारम्भमा नै कठिन ग्रन्थहरू पढाउन खोज्नु रुचि नभएकालाई जबर्जस्ति खानेकुरा कोचाउनुजस्तै हो । यथार्थमा छात्राछात्राहरूमा विषयप्रतिको रुचि जगाउन सर्वप्रथम सरलविधिबाट विषयको बोध गराउनुपर्छ । त्यसपछि मात्र तिनीहरूलाई क्रमशः गम्भीर विषयतर्फ उन्मुख गराउनुपर्छ, यही नै वास्तविकता हो । सरलतापूर्वक विद्यार्थीहरूले संस्कृत सिकुन् भन्ने उद्देश्य राखी यो किताब तयार गरिएको छ । तपाईंहरू यो किताब पढी बुझेर प्रयोग गर्दै गएमा अगाडि बढ्नुभयो र अरूलाई पनि स्यमरी नै अगाडि बढ्ने प्रेरणा दिनुभयो भने सबै संस्कृत सिक्न चाहने जिज्ञासुहरूले संस्कृत भाषाको व्याकरण अति सजिलो रहेछ भन्ने तथ्य आत्मसात् गर्नेछन्।

तपाईंहरूले क्त्वा, ल्यप्, तुमुन् जस्ता कृदन्तका प्रत्ययहरू पढिसक्नुभएको छ । कर्तृवाच्य र भाववाच्यका क्रिया पनि जानिसक्नुभएको छ । अहिलेसम्म १७ प्रकारका शब्दहरूका रूपहरूका साथै धातुहरूका सार अवस्थाका रूपहरू पनि जानिसक्नुभएको छ । नहाँटीकन भन्दा तपाईंहरू अब संस्कृतभाषामा नै बोल्न र लेख्न सक्ने हुनुभएको छ । आउनुहोस्, अब लिङ्ग्न भूतकालिक क्रियाका रूपायनको प्रयोग गरीकन पनि भूतकालका वाक्यरचना गर्न संस्कृतमा ज्यादै प्रचलित 'क्त' विधि रूपायनहरूको अध्ययन गर्दै प्रयोगविधि पनि सिकौं ।

* जिज्ञासु मित्रहरू ! अब नयाँ विषय भूतकालिक कृदन्त सिकौं । यसको समुचित ज्ञानबाट लकारहरूको सट्टा क्रियापदहरूको प्रयोग गर्ने विधि अवगत हुनेछ । विभिन्न विधिबाट वाक्यनिर्माण गर्ने दक्षता पनि हासिले प्राप्त गर्नेछौं। संस्कृत भाषा गम्भीर बुझी अरूलाई बुझाउन सक्ने उद्देश्यमा हामी सफल हुनुछ तसर्थ आउनुहोस् अब क्त प्रत्यय पढौं।

क्तप्रत्यय - विधि र प्रयोग

* क्तप्रत्यय भाव र कर्ममा मात्रै हुन्छ ।

* क्त प्रत्यय लगाएर बनेका शब्दहरूको रामः रामौ, रामाः, रामा, रामे, रामाः, पुष्पम्, पुष्पे, पुष्पाणि कै सौलिमा रूप चलाउन सकिन्छ ।

* क्त-प्रत्ययको प्रसङ्गमा शब्दहरूको निर्माण गर्दा धातुमा कहीं 'इत' जोडिन्छ, कहीं 'त' जोडिन्छ तर 'त' जोडिंदाको स्थितिमा धातुमा सामान्य परिवर्तन पनि हुनसक्छ जस्तै - पठ् धातुबाट 'इत' गरेपछि पठित बन्दछ । त्यस पदको रूप कुन लिङ्गमा बनाउने भन्ने कुरा त्यसको कर्ममा निर्भर गर्दछ । कर्ममा क्त प्रत्यय गर्दा कर्म पुंलिङ्गी भएमा पठितः बन्दछ कर्म स्त्रीलिङ्गी भएमा पठिता बन्दछ र कर्म नपुंसकलिङ्गी भएमा पठितम् बन्दछ । जस्तै -

१ मया वेदः पठितः । (यहाँ वेद कर्म हो र यो पुंलिङ्गी शब्द हो, त्यसकारण पठितः पुंलिङ्गको रूप भयो)।

२. मया गीता पठिता । (यहाँ गीता कर्म हो र यो स्त्रीलिङ्गी शब्द हो, त्यसकारण पठिता स्त्रीलिङ्गको रूप भयो)।
३. मया पुस्तकम् पठितम् । (यहाँ पुस्तकम् कर्म हो र यो नपुंसकलिङ्गी शब्द हो, त्यसकारण पठितम् नपुंसकलिङ्गको रूप भयो) ।

* धातुबाट 'इत'को सट्टा 'त' प्रत्यय भई धातुमा सामान्य परिवर्तन हुन्छ भने कुरा माथि बताइसकिएको छ । जस्तै – गम्' धातुबाट 'त' प्रत्यय हुँदा धातु 'गम्' मा सामान्य परिवर्तन भई 'ग'मात्र शेष रहन्छ, त्यसमा 'त' जोड्दा – 'गत' हुन्छ अब कर्म पुंलिङ्गी भएमा गतः बन्दछ कर्म स्त्रीलिङ्गी भएमा गता बन्दछ र कर्म नपुंसकलिङ्गी भएमा गतम् बन्दछ । जस्तै –

१ मया नेपालगञ्जः गतः । (यहाँ नेपालगञ्ज कर्म हो र पुंलिङ्गी शब्द हो त्यसकारण गतः पुंलिङ्गको रूप भयो)।
२ मया पोखरा गता । (यहाँ पोखरा कर्म हो र स्त्रीलिङ्गी शब्द हो, त्यसकारण गता स्त्रीलिङ्गको रूप भयो) ।
३. मया जनकपुरम् गतम् । (यहाँ जनकपुर कर्म हो र यो नपुंसकलिङ्ग शब्द हो, त्यसकारण गतम् नपुंसकलिङ्गको रूप भयो) ।

* धातुबाट भावमा पनि क्त-प्रत्यय हुन्छ । भावमा गरिएको क्त-प्रत्ययबाट बनेको रूपहरूमा नपुंसकलिङ्ग र प्रथमाको एकवचनको प्रयोग हुन्छ । जस्तै – म सुतें (मया शयितम्), म हाँसें (मया हसितम्), म बसें (मया स्थितम्) । उक्त उदाहरणहरूमा प्रथमाको एकवचन र नपुंसकलिङ्गको प्रयोग भएको छ । यसैगरी अरू प्रयोगहरूको विषयमा पनि बुझेर व्यवहार गर्नुहोला ।

* अकर्मक धातुदेखि भावमा प्रत्यय हुँदा र सकर्मकदेखि पनि कर्मको विवक्षा नगरिएमा क्त प्रत्ययान्त रूप नपुंसकलिङ्गमा हुन्छ ।

नियम – '४०' क्तप्रत्ययान्त शब्दरचना र प्रयोगसम्बन्धी

क्त-प्रत्ययान्त शब्दहरूका उदाहरण

१.	पठ्	पठितः	पठितम्	पठिता
२.	गम्	गतः	गतम्	गता
३.	त्यज्	त्यक्तः	त्यक्तम्	त्यक्ता
४.	खाद्	खादितः	खादितम्	खादिता
५.	कृ	कृतः	कृतम्	कृता
६.	ग्रह्	गृहीतः	गृहीतम्	गृहीता
७.	स्ना	स्नातः	स्नातम्	स्नाता
८.	शीङ्	शयितः	शयितम्	शयिता
९.	वन्द्	वन्दितः	वन्दितम्	वन्दिता
१०.	भू	भूतः	भूतम्	भूता
११.	प्रच्छ्	पृष्टः	पृष्टम्	पृष्टा
१२.	क्रीङ्	क्रीडितः	क्रीडितम्	क्रीडिता
१३.	नी	नीतः	नीतम्	नीता
१४.	नम्	नतः	नतम्	नता
१५.	कम्प्	कम्पितः	कम्पितम्	कम्पिता

१६.	याच्	याचितः	याचितम्	याचिता
१७.	लिख्	लिखितः	लिखितम्	लिखिता
१८.	लभ्	लब्धः	लब्धम्	लब्धा
१९.	रम्	रतः	रतम्	रता

विशेष बोधका लागि क्तप्रत्ययान्त वाक्यहरू

१.	मैले किताब पढें –	मया पुस्तकम् पठितम् ।
२.	नर्मदाले स्नान गरिन् –	नर्मदया स्नातम् ।
३	छात्रहरूले मिठाइ खाए –	छात्रैः मिष्टान्नानि खादितानि ।
४.	शकुन्तलाले कपडा धोइन –	शकुन्तलया वस्त्राणि प्रक्षालितानि ।
५.	दामोदरले निबन्ध लेख्यो –	दामोदरेण निबन्धः लिखितः ।
६.	भगवतीले सेवा गरिन् –	भगवत्या सेवा कृता ।
७	हरिहरले सिद्धान्तकौमुदी पढे –	हरिहरेण सिद्धान्तकौमुदी पठिता ।
८	भानुले सरस्वतीको पूजा गरे –	भानुना सरस्वती पूजिता ।
९.	शशिधरले यज्ञ गरे –	शशिधरेण यज्ञः कृतः ।
१०.	प्राचार्यले छात्रहरूलाई पढाउनुभयो –	प्राचार्येण छात्राः पाठिताः ।

मुख्य जानुपर्ने कुरा

* उक्त वाक्यहरूमा सर्वत्र कर्तामा प्रथमा विभक्तिको प्रयोग गरिएको छ र कर्तामा तृतीया विभक्तिको प्रयोग गरिएको छ । जस्तै –

	कर्ता		कर्म
१.	मया	१.	पुस्तकम् ।
२.	नर्मदया	२.	स्नातम् ।
३.	छात्रैः	३.	मिष्टान्नानि
४.	शकुन्तलया	४.	वस्त्राणि
५.	दामोदरेण	५.	निबन्धः
६.	भगवत्या	६.	सेवा
७.	हरिहरेण	७.	सिद्धान्तकौमुदी
८.	भानुना	८.	सरस्वती
९.	शशिधरेण	९.	यज्ञः
१०.	प्राचार्येण	१०.	छात्राः

* कहीं कहीं अस् धातुका प्रयोगका साथै क्तप्रत्ययान्त शब्दहरूको प्रयोग गरिन्छ । जस्तै –

१. इदम् पुस्तकम् मया पठितम् अस्ति ।
२. शकुन्तलया इदम् कार्यं कृतम् आसीत् ।
३. शकुन्तलया इदम् कार्यम् कृतम् भविष्यति ।
४. मया निबन्धः रचितः अस्ति ।
५. दिनेशेन सिद्धान्तकौमुदी पठिता आसीत् ।

अभ्यास

क) क्तप्रत्ययान्त शब्द लगाएर १० वटा वाक्य निर्माण गर्नुहोस् ।

ख) निम्नलिखित वाक्यहरूको क्तप्रत्ययान्तमा संस्कृतमा अनुवाद गर्नुहोस् ।

१ मैले हरिद्वारमा पढें ।
२. विश्वेश्वर प्रसाद कोइरालाले सुम्निमा लेखे ।
३ विद्युन्मालले शास्त्रार्थ गरिन् ।
४ भगवतीले मधुकैटभलाई मारिन् ।
५. गोविन्दले कपडा धोयो ।
६. मनमोहनले किताब लेखे ।
७. ब्रह्माजीले सृष्टि गरे ।
८. भानुभक्तले वधुशिक्षा लेखें ।
९ सिंहले बाख्रो खायो ।
१०. उपकुलपतिले कर्मचारीहरूलाई पुरस्कृत गरे।

* संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू । तपाईंहरूले पढेका विषयवस्तुहरू राम्रोसँग बुझ्नुभयो अथवा बुझ्नुभएन भन्ने कुरा परीक्षण गर्न अगाडि संपरीक्षण तालिका प्रस्तुत गरिएको छ । उक्त तालिकाका आधारमा तल दिइएका निर्देशनअनुसार सबै वाक्य बनाउने प्रयास गर्नुहोस् । निर्देशनअनुसार सबै वाक्यहरू शुद्ध बनाउन सक्नुभयो भने आफूले राम्रोसँग बुझेर पढेको संझी ढुक्क हुनुहोस् । कहीं कतै थोरै पनि आफूमा कमी-कमजोरी पाउनुभयो भने पुनः विषयवस्तुको बोध गरी गल्ती सच्याई अगाडि बढ्ने प्रण गर्नुहोस् ।

संपरीक्षण तालिका – ३७

	समूह 'क'			समूह 'ख'		समूह 'ग'		
प्रथमपुरुष		तेन	ताभ्यां	तैः	अनुवादचन्द्रिका	पठितः	पठितौ	पठिताः
		तया	ताभ्यां	ताभिः	वेदः	पठितम्	पठिते	पठितानि
		सीतया	सीताभ्यां	सीताभिः	व्याकरणं	पठिता	पठिते	पठिता
		रामेण	रामाभ्यां	रामैः	गीता			
म पु	अपि	त्वया	युवाभ्या	यूयाभिः	धनं	न लब्धः	लब्धौ	लब्धाः
						लब्धम्	लब्धे	लब्धानि
उ पु		मया	आवाभ्या	अस्माभिः	लेखनी	लब्धा	लब्धे	लब्धाः

२ माथिको तालिकामा 'न' अव्यय नकारात्मक वाक्य बनाउनका लागि हो भने कुरा पहिलेका तालिकाहरूबाट तपाईंहरू प्रष्ट भइसक्नुभएको छ । यहाँ उक्त शब्द तपाईंहरूलाई नकारात्मक वाक्य बनाउनका लागि सजिलो होस् भन्ने हेतुले राखिएको हो ।

३ प्रथमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख'बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस्

४ मध्यमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख'बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस्।

५ उत्तमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख' बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस्।

६. तालिकाको प्रयोग गरेर पाँच नकारात्मक वाक्य बनाएर आफ्नो अभ्यास बढाउनुहोस् ।

संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! अत्यन्त उत्साह र उमङ्गका साथ सजिलो तरिकाबाट संस्कृत भाषा सिक्दै जाँदा धेरै कुरा सिक्नुभयो । अब आउनुहोस्, द्विपद अथवा अनेक पदलाई सजिलोको लागि एउटै पद बनाउने नियम समास अर्थात् समस्त शब्दहरूको विषयमा संक्षेपमा बुझौं । यद्यपि समासको ज्ञान भाषा परिष्कार गर्ने विषय हो । समासबाट भाषा कसिलो, मीठो र छोटो पनि हुन्छ। त्यसैले समासको प्रयोग सङ्क्षेपीकरण गर्दा गरिन्छ । समासका अनेक भेद छन् तर, मुख्य रूपमा समासलाई ६ भागमा विभाजन गरिएको छ । सजिलो विधिद्वारा पढाउने उद्देश्यअनुरूप समास बताउँदा पनि तपाईंहरूले प्रयोग गरिरहेका शब्दहरूलाई नै देखाएर समास पहन तपाईंहरूलाई बोझिलो नलागोस् भन्ने कुरालाई अत्यन्त सावधानीसहित पालना गरी समास पढाईँदैछ । आउनुहोस् विषयतर्फ लागौं ।

समास भनेको के हो ?

रामः कृष्णः आदि प्रत्येक शब्दमा विभक्ति लागेका हुन्छन् । त्यस्ता विभक्ति लागेका दुई वा दुईभन्दा धेरै शब्दहरूलाई तत्तत् शब्दमा रहेका विभक्तिलाई हटाई अन्तिम एउटै विभक्तिद्वारा सबैको अर्थ समावेश गरिने सङ्क्षेपीकरणको विधि नै समास हो । जस्तै रामकृष्णौ = राम र कृष्ण । कृष्णगोपालहरिहराः = कृष्ण, गोपाल र हरिहर । लम्बोदरः = लम्बम् उदरं यस्य सः = लामो पेट भएको

कुन शब्दको कस्ता शब्दहरूका साथमा समास हुन्छ भन्ने कुरा राम्रोसँग थाहा पाउनु पर्ने हुन्छ । अर्थबोधमा सहयोगी हुन सक्ने शब्दहरूका बीचमा मात्रै जति धेरै शब्दहरूको पनि समास हुन सक्छ । त्यस्ता सार्थक शब्द निर्माण गर्दा व्याकरणमा विग्रहको व्यवस्था गरिएको छ ।

विग्रह भनेको के हो ?

समास गर्ने र समास भएका शब्दहरूको अर्थबोध गर्न गरिने पदच्छेदलाई विग्रह भनिन्छ । जस्तै - राष्ट्रपतिः - यो पद राष्ट्र र पतिशब्द मिलेर बनेको समस्त शब्द हो। यसको अर्थबोध गर्न विग्रह गर्दा- राष्ट्रस्य पतिः (राष्ट्रको पति) गरिन्छ ।

अब आउनुहोस् तपाईंहरूले दैनिक व्यवहारमा प्रयोग गरिरहेका समस्त शब्द र तिनका विग्रहलाई अर्थसहित पढौं।

नियम - '४१' पूर्वपदार्थप्रधान अव्ययीभावसमास गरी अव्ययशब्द निर्माण गर्ने विधि

एकं एकं प्रति = **प्रत्येकम्** - हरेक । मासं मासं प्रति = **प्रतिमासम्** - हरेक महिना । दिनं दिनं प्रति = **प्रतिदिनम्**- हरेक दिन । क्षणं क्षणं प्रति = **प्रतिक्षणम्** - हरेक क्षण । अर्थम् अनतिक्रम्य इति = **यथार्थम्** - यथार्थ । शक्तिम् अनतिक्रम्य इति = **यथाशक्ति** - शक्तिअनुसार, सम्भवम् अनतिक्रम्य इति = **यथासम्भवम्** - जति सकिन्छ । उपर्युक्त शब्दहरू अव्ययीभाव समासबाट निर्मित भएका हुन् । यिनीहरूमा पहिलो शब्द अव्ययको छ। '**प्रायेण पूर्वपदार्थप्रधानो अव्ययीभावः**' (अव्ययीभाव समासमा पहिलो पदका अर्थको नै प्रधानता हुन्छ) यो अव्ययीभाव समासको लक्षण हो ।

नियम - '४२' व्यधिकरणविधिबाट उत्तरपदार्थप्रधान तत्पुरुषसमास गरी समस्तशब्द निर्माण गर्ने विधि

क) अङ्गस्य अर्धम् = **अर्धाङ्गम्** - आधा अङ्ग । शरीरस्य अर्धम् - **अर्धशरीरम्** आधा शरीर । प्रथमा तत्पुरुष।

ख) शरणम् आगतः = **शरणागतः** - शरणमा आएको । सङ्कटम् आपन्नः - **सङ्कटापन्नः** - सङ्कटमा परेको ।

* दुःखम् आपन्नः - **दुःखापन्नः** - दुःखमा परेको । द्वितीया तत्पुरुष ।

ग) भूकम्पेन पीडितः = **भूकम्पपीडितः** भूकम्पपीडित । द्वन्द्वेन पीडितः – **द्वन्द्वपीडितः** - द्वन्द्वपीडित । रोगेण ग्रस्तः - **रोगग्रस्तः** – रोगले पीडित । तृतीया तत्पुरुष ।

घ) शौचाय आलयः **शौचालयः** – शौचालय । पूजायै सामग्री = **पूजासामग्री** – पूजाको सरजाम । समाजाय सेवा - **समाजसेवा** - समाजसेवा । चतुर्थी तत्पुरुष ।

ङ) मनस्यः च्युतः - **मनाच्युतः** मनाच्युत । पदात् च्युतः = **पदच्युतः** - पदच्युत । पीडायाः मुक्तः = **पीडामुक्तः** – पीडामुक्त । पञ्चमी तत्पुरुष ।

च देशस्य भक्तः – **देशभक्तः** – देशभक्त । धनानां पतिः = **धनपतिः** – धनी । वाचा पतिः = **वाक्पतिः** - विद्वान् । षष्ठी तत्पुरुष ।

छ) वने वासः = **वनवासः** – वनवास । दाने वीरः = **दानवीरः** – परम दानी। कलायां प्रवीणः = **कलाप्रवीणः**– कलाकुशल । सप्तमी तत्पुरुष ।

ज) प्रकृष्टः आचार्यः = **प्राचार्यः** – प्रमुख आचार्य । प्रादि तत्पुरुष ।

झ) कुम्भं करोतीति = **कुम्भकारः** कुम्हाले । धर्मं वेत्तीति = **धर्मवित्** – धर्मज्ञ । शास्त्रं वेत्तीति = **शास्त्रवित्** – विद्वान् । उपपदतत्पुरुष ।

माथि बताइएका ९ किसिमका शब्दहरू तत्पुरुष समासबाट बनेका हुन् 'प्रायेण उत्तरपदार्थप्रधानो तत्पुरुषः' प्राय, गरर तत्पुरुषसमासमा उत्तरपदार्थ प्रधान हुन्छ । यो तत्पुरुष समासको लक्षण हो ।

नियम – '४३' समानाधिकरणविधिबाट कर्मधारयसमास गरी समस्तशब्द निर्माण गर्ने विधि

क) **विशेषणपूर्वपद** - नीलम् च तद् कमलम् = **नीलकमलम्** – नीलो कमल , रक्तम् च तद् चन्दनम् = **रक्तचन्दनम्** - रक्तचन्दन श्वेतम् च तद् चन्दनम् = **श्वेतचन्दनम्** - सेतो चन्दन । पीतम् च तद् अम्बरम्= **पीताम्बरम्** – पहेलो वस्त्र ।

ख **विशेष्यपूर्वपद्** - गौश्चासौ गर्भिणी – **गोगर्भिणी** – ब्याउने गाई । वैयाकरणश्चासौ खसूची – **वैयाकरणखसूची**– खराब वैयाकरण ।

ग) **विशेषणोभयपद** - शीतम् च तद् उष्णम् = **शीतोष्णम्** – चोसो र तातो । कृतं च तद् अकृतम् इति – **कृताकृतम्** – गरेको नगरेको । मूकश्चासौ बधिरः - **मूकबधिरः** – लाटो–बहिरो ।

घ) **उपमानपूर्वपद** - कमलम् इव नयनम् इति = **कमलनयनम्** - कमलजस्ता आँखा । घनः इव श्यामः इति= **घनश्यामः** - बादलजस्तै कालो वर्ण । प्राणम् इव प्रियः इति = **प्राणप्रियः** - प्राणझैं प्यारो । चन्द्रः इव मुखम् इति = **चन्द्रमुखम्** – चन्द्रजस्तो राम्रो मुख ।

ङ) **उपमानोत्तरपद** - नृपश्चन्द्र इव - – उत्तम राजा । नृ सिंहः इव – **नृसिंहः** - सर्वोत्तम व्यक्ति । नरः पुंगव इव – **नरपुङ्गवः** – अत्यन्त श्रेष्ठ व्यक्ति ।

च) **आरोप्योत्तरपद** - मुखम् एव चन्द्रः – **मुखचन्द्रः** – चन्द्रमाको जस्तो मुख विद्या एव धनम् इति - **विद्याधनम्** – विद्या नै धन । चरणम् एव कमलम् इति – **चरणकमलम्** – कमलजस्तो पाउ ।

छ) **भावनापूर्वपद्** - गुणः इति बुद्धिः **गुणबुद्धिः** – राम्रो बुद्धि । मित्रः इति दृष्टिः - **मित्रदृष्टिः** मित्रदृष्टि शत्रुः इति धीः, **शत्रुधीः** – शत्रुता ।

माथिका शब्दहरू कर्मधारय समासबाट बनेका शब्दहरू हुन् । 'स चासौ कर्मधारयः' (त्यस्तो यो) यो कर्मधारय समासको लक्षण हो ।

नियम - '४४' कर्मधारयभेद द्विगुसमास गरी समस्तशब्द निर्माण गर्ने विधि

षण्णाम् यन्त्राणाम् समूहः इति = **षड्यन्त्रम्** - छ यन्त्रको समूह - छलकपट षण्णाम् कोणानां समाहारः इति= **षड्कोणम्** छ कोणको समूह । पञ्चानाम् अमृतानां समाहारः इति = **पञ्चामृतम्** पञ्चामृत । अष्टानां दलानां समाहारः इति – **अष्टदलम्** - अष्टदल । उपर्युक्त शब्दहरू द्विगुसमासबाट बनेका हुन् । **सङ्ख्यापूर्वो द्विगुः** सङ्ख्या शब्दपूर्व रहेको समासलाई द्विगुसमास भनिन्छ । द्विगुसमास तत्पुरुष समासकै एउटा भेद हो ।

नियम - '४५' उभयपदार्थप्रधान द्वन्द्वसमास गरी समस्तशब्द निर्माण गर्ने विधि

अध्ययनम् च अध्यापनम् च = **अध्ययनाध्यापने** - अध्ययन र अध्यापन । पठनम् पाठनम् च = **पठनपाठने** - पठन-पाठन । आहारः च विहारः च = **आहारविहारौ** - आहारविहार । यी शब्दहरू द्वन्द्वसमासका हुन् । **'प्रायेण उभयपदार्थप्रधानो द्वन्द्वः'** (प्राय गरेर द्वन्द्वसमासमा दुवै शब्दको प्रधानता रहन्छ) यो द्वन्द्वसमासको लक्षण हो ।

नियम - '४६' अन्य पदार्थप्रधान बहुव्रीहिसमास गरी समस्तशब्द निर्माण गर्ने विधि

१. क) आरूढः वानरः यं सः इति - **आरूढवानरः** (वृक्षः) - बाँदर चढेको रूख । प्राप्तम् उदकं यं सः इति - **प्राप्तोदकः** (ग्रामः) - पानी पुगेको गाउँ ।

ख) दत्तम् चित्तम् येन सः इति = **दत्तचित्तः** - एकाग्र चित्त भएको । जितानि इन्द्रियाणि येन सः इति= **जितेन्द्रियः** - इन्द्रियविजयी ।

ग) उपहृतः पशुः यस्मै सः इति = **उपहृतपशुः** (रुद्रः) - पशु समर्पित गरिएका शङ्कर । दत्तम् अनुदानं यस्मै सः इति - **दत्तानुदानः** (विद्यालयः) - अनुदान पाएको स्कुल ।

घ) बलात् निर्गतः इति = **निर्बलः** - अशक्त । बलात् निर्गता इति = **निर्बला** - अशक्त महिला । धनात् निर्गतः इति = **निर्धनः** - गरिब ।

ङ) लम्बम् उदरम् यस्य सः इति – **लम्बोदरः** - गणेश, लामो पेट भएको पुरुष । दीर्घे नयने यस्याः सा इति = **दीर्घनयना** दुल-दुला आँखा भएकी । लम्बौ कर्णौ यस्य सः इति - **लम्बकर्णः** - लामो कान भएको ।

च) वीराः पुरुषाः यस्मिन् सः इति = **वीरपुरुषः** (ग्रामः) - वीरहरू बस्ने गाउँ ।

२. क) चक्रम् पाणौ यस्य सः इति = **चक्रपाणिः** - विष्णु ।

ख) मृगस्य नयने इव नयने यस्याः सा इति = **मृगनयनी** - मृगको जस्तो आँखा भएकी ।

ग) अविद्यमानः पुत्रः यस्य सः = **अपुत्रः** - पुत्र नभएको आरोपेण सहितः - **सारोपः** - आरोपसहित। दण्डैः दण्डैः प्रहृत्य इदं युद्धं प्रवृत्तम् = **दण्डादण्डि** - लट्ठी नै लट्ठी प्रयोग गरिएको युद्ध ।

घ) दशानाम् समीपे ये सन्ति इति = **उपदशाः** - दशको नजिक भएको - नौ अथवा एघार ।

ङ) द्वौ वा त्रयो वा = **द्वित्राः** - दुई अथवा तीन ।

ॐ

चौँतीसौँ दिन
चतुस्त्रिंशः दिवसः

ॐगणेशाय नमः

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू !क्तप्रत्यय पढ्नुभयो । क्तप्रत्ययपछि क्तवतुप्रत्यय पढौँ । क्तवतु प्रत्यय भाव र कर्ममा नभई विशुद्ध कर्ताको अर्थमा हुन्छ अर्थात् क्तवतुप्रत्यय लागेका शब्दहरूको कर्ता प्रथमान्त हुन्छ, कर्म द्वितीयान्त हुन्छ, क्रिया कर्तृवाच्य सरह कर्ताको वचनअनुसार नै हुन्छ। क्तवतुप्रत्ययान्त शब्दहरूमध्ये एउटाको रूप जानियो भने लगभग सबैको जान्न सकिन्छ । केही अपवाद त जहाँ पनि हुन्छन् । आउनुहोस्, आज चौँतीसौँ दिन क्तवतु प्रत्यय पढौँ ।

नियम - '४७' क्तवतुप्रत्ययान्त शब्दरचना र प्रयोग

क्तवतुप्रत्यय – विधि र प्रयोग

* यो भूतकालिक कृदन्त प्रत्यय हो ।
* यसका प्रकृति र प्रत्ययको स्वरूप यसरी बुझ्न सकिन्छ - पठ् + क्तवतु । क्तवतु प्रत्ययको 'तवत्' मात्र बाँकी रहन्छ। कुनै धातुबाट क्तवतु प्रत्यय गर्दा क्तवतुका साथ 'इ' पनि आउने गर्छ । जस्तै - पठ् + इ - तवत् = पठितवत् । कुनै धातुबाट क्तवतुप्रत्यय गर्दा क्तवतुका साथ 'इ' आउँदैन । जस्तै – कृ + क्तवतु, कृ + तवत् = कृतवत् । यसको रूपायन तपाईहरूले पहिले पढ्नुभएको 'भवत्' समान हुन्छ । जस्तै –

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	भवान्	भवन्तौ	भवन्तः
	पठितवान्	पठितवन्तौ	पठितवन्तः

यो सुवन्त हो र यसका अरू शब्दसरह आठै विभक्तिमा २÷६ वटा रूप हुन्छन् । यसको रूपायन जान्न तपाईहरूले भवत्शब्दको रूपायन राम्रोसँग सम्झनुहोस् ।

* अब स्त्रीलिङ्गको जानकारी गरौँ । पुंलिङ्गमा पठितवत् भएजस्तै स्त्रीलिङ्गमा पठितवती हुन्छ । यसको रूपायन भगवती अथवा सरस्वतीशब्दसमान हुन्छ । भगवतीशब्दको रूपायन तपाईहरूले पढिसक्नुभएको छ
* अब नपुंसक लिङ्ग पनि विचार गरौँ

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	पठितवत्	पठितवती	पठितवन्ति
प्रथमा	कृतवत्	कृतवती	कृतवन्ति
द्वितीया	पठितवत्	पठितवती	पठितवन्ति
द्वितीया	कृतवत्	कृतवती	कृतवन्ति

* अरू विभक्तिका रूप पुलिङ्गसमान हुन्छन् ।

अब क्तवतु प्रत्ययान्त उदाहरणहरू हेरौं । रूप चलाउन त तपाईंहरू आफै सक्षम भइसक्नुभएको छ ।

	लिङ्ग - विभक्ति	एकवचन	द्विवचन	बहुवचन
१.	पुंलिङ्ग - प्रथमा	गतवान्	गतवन्तौ	गतवन्तः
२.	पुंलिङ्ग - प्रथमा	व्यक्तवान्	व्यक्तवन्तौ	व्यक्तवन्तः
३.	पुंलिङ्ग - प्रथमा	गृहीतवान्	गृहीतवन्तौ	गृहीतवन्तः
४	पुंलिङ्ग - प्रथमा	भूतवान्	भूतवन्तौ	भूतवन्तः
५	पुंलिङ्ग - प्रथमा	स्थितवान्	स्थितवन्तौ	स्थितवन्तः
६	पुंलिङ्ग - प्रथमा	हसितवान्	हसितवन्तौ	हसितवन्तः
७	स्त्रीलिङ्ग - प्रथमा	खादितवती	खादितवत्यौ	खादितवत्यः
८	स्त्रीलिङ्ग - प्रथमा	घातवती	घातवत्यौ	घातवत्यः
९.	स्त्रीलिङ्ग - प्रथमा	भिन्नवती	भिन्नवत्यौ	भिन्नवत्यः
१०	स्त्रीलिङ्ग - प्रथमा	कृतवती	कृतवत्यौ	कृतवत्यः
११	स्त्रीलिङ्ग - प्रथमा	क्रीडितवती	क्रीडितवत्यौ	क्रीडितवत्यः
१२	स्त्रीलिङ्ग - प्रथमा	लिखितवती	लिखितवत्यौ	लिखितवत्यः
१३.	नपुंसकलिङ्ग - प्रथमा	गतवत्	गतवती	गतवन्ति
१४	नपुंसकलिङ्ग प्रथमा	कृतवत्	कृतवती	कृतवन्ति
१५	नपुंसकलिङ्ग प्रथमा	खादितवत्	खादितवती	खादितवन्ति
१६	नपुंसकलिङ्ग प्रथमा	पीतवत्	पीतवती	पीतवन्ति
१७.	नपुंसकलिङ्ग - प्रथमा	घातवत्	घातवती	घातवन्ति
१८	नपुंसकलिङ्ग - प्रथमा	शयितवत्	शयितवती	शयितवन्ति
१९	नपुंसकलिङ्ग - प्रथमा	चरितवत्	चरितवती	चरितवन्ति

* माथि क्तवतु प्रत्ययान्त १९ प्रकारका शब्दहरूको रूपायनको नमूना प्रस्तुत गरियो । जुन शब्दलाई पुंलिङ्ग समूहमा राखिएको छ तिनका स्त्रीलिङ्ग र नपुंसकलिङ्गका रूपहरू माथि बताएको तालिका हेरेर तपाईं आफै बनाउन सक्नुहुनेछ । जुन शब्दलाई स्त्रीलिङ्ग समूहमा राखिएको छ तिनका पुंलिङ्ग र नपुंसकलिङ्गका रूपहरू तालिकाअनुसार बनाउने अभ्यास तपाईंले गर्नुपर्नेछ । यसैगरी जुन शब्दलाई नपुंसकलिङ्ग समूहमा राखिएको छ, तिनका पुंलिङ्ग र स्त्रीलिङ्गका रूपहरू तालिका अनुसार बनाउनुहोस् र प्रयोग गर्नुहोस् ।

विशेष बोधका लागि क्तप्रत्ययान्त वाक्यहरू

	पुंलिङ्ग समूह		स्त्रीलिङ्ग समूह
१	सुरेशः भोजनं कृतवान् - सुरेशले भात खायो ।	१	सीता भोजनम् कृतवती - सीताले भात खाइन् ।
२	रामः लघुकौमुदीं पठितवान् - रामले लघुकौमुदी पढ्यो ।	२.	सीता लघुकौमुदीं पठितवती - सीताले लघुकौमुदी पढिन् ।

३. विष्णुप्रसादः अयोध्यां गतवान् -
विष्णुप्रसाद अयोध्या गए ।

४. गङ्गाप्रसादः अयोध्यायाः जनकपुरम् आगतवान्
गङ्गाप्रसाद अयोध्याबाट जनकपुर आए ।

५ धर्मेन्द्रः मुम्बईं नगरात् कर्णपुरम् आगतवान् -
धर्मेन्द्र मुम्बईदेखि कानपुर गयो ।

६ विमलः ओषधम् खादितवान् -
विमलले औषधि खायो ।

७ अध्यापकाः पाठान् अध्यापितवन्तः -
अध्यापकहरूले पाठ पढाए ।

८ सैनिकाः स्नानं कृतवन्तः -
सैनिकहरूले नुहाए ।

९. वयं भोजनं कृतवन्तः -
हामीहरूले भात खायौं ।

१०. जीर्णवस्त्रं पतितवत् -
पुरानो कपडा खस्यो ।

२. विष्णुमती अयोध्यां गतवती -
विष्णुमती अयोध्या गइन् ।

४. गङ्गा अयोध्यायाः जनकपुरम् आगतवती -
गङ्गा अयोध्याबाट जनकपुर आइन् ।

५. धर्मा मुम्बईं नगरात् कर्णपुरम् आगतवती -
धर्मा मुम्बईदेखि कानपुर आइन् ।

६ विमला ओषधम् खादितवती -
विमलाले औषधि खाइन्

७ अध्यापिकाः पाठान् अध्यापितवत्यः -
अध्यापिकाहरूले पाठ पढाए ।

८. नार्यः स्नानं कृतवत्यः -
नारीहरूले नुहाए ।

९. वयं भोजनं कृतवत्यः -
हामीहरूले भात खायौं ।

१०. पुस्तकं नष्टवत् -
किताब नष्ट भयो ।

* माथिका दुवै समूहमा क्तवतु प्रत्ययान्त शब्दहरूको प्रयोग गरी वाक्यनिर्माण गरिएको छ । पुंलिङ्गमा **कृतवान्, पठितवान्**जस्ता शब्दको प्रयोग र स्त्रीलिङ्गमा **कृतवती, पठितवती**जस्ता शब्दको प्रयोग भएको छ । यसबाट तपाईंहरूले क्तवतु प्रत्ययको लिङ्गअनुसारको प्रयोगविधि अवश्य पनि बुझ्नुभयो । यसैगरी तपाईंहरूले पनि दुवै समूहका क्तवतुप्रत्ययान्त शब्दहरू बनाई वाक्यमा प्रयोग गरी गुरुलाई देखाउनुहोला ।

* संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! अवश्य पनि क्तवतु प्रत्ययान्त शब्दको प्रयोग गर्ने क्षमता तपाईंहरूमा आएको होला । प्रायः भूतकालका वाक्यहरू बनाउँदा लकारका रूपहरूको प्रयोग सामान्यतया कठिन हुन्छ । तसर्थ तपाईंहरूजस्ता सिकारु छात्रछात्राहरूका लागि क्तवतु प्रत्यय लागेका शब्द प्रयोग गरी वाक्य निर्माण गर्ने काम सरल हुन्छ ।

अभ्यास

क) **क्तवतु प्रत्ययको प्रयोग गरेर निम्नाङ्कित वाक्यहरूको नेपालीमा अनुवाद गर्नुहोस्**

१. विमला काष्ठमण्डपं गतवती ।
२. अहं भोजनं कृतवान् ।
३. ते गृहात् आगतवन्तः ।
४. हिमालयः परीक्षाम् उत्तीर्णवान् ।
५. दुष्यन्तः शकुन्तलायाः प्रकोष्ठं गतवान् ।

ख) **क्तवतु प्रत्ययको प्रयोग गरेर निम्नाङ्कित वाक्यहरूको संस्कृतमा अनुवाद गर्नुहोस्**

१ राजेशले चिठी लेख्यो ।
२ हामीहरू विराटनगर गयौं ।
३ केटीहरू काठमाण्डौंदेखि बीरगञ्ज गए ।
४. विद्यासागर बनारसदेखि घर्हेर आए ।
५. संस्कृत भाषालाई विद्वान्हरूले सरल बनाए ।

* संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! तपाईंहरूले पढेका विषयवस्तुहरू राम्रोसँग बुझ्नुभयो अथवा बुझ्नुभएन भन्ने कुरा परीक्षण गर्न अगाडि संपरीक्षण तालिका प्रस्तुत गरिएको छ । उक्त तालिकाका आधारमा तल दिइएका निर्देशनअनुसार सबै वाक्य बनाउने प्रयास गर्नुहोस् । निर्देशनअनुसार सबै वाक्यहरू शुद्ध बनाउन सक्नुभयो भने आफूले राम्रोसँग बुझेर पढेको संज्ञी ढुक्क हुनुहोस् । कहाँ कतै थोरै पनि आफूमा कमी-कमजोरी पाउनुभयो भने पुनः विषयवस्तुको बोध गरी गल्ती सच्याई अगाडि बढ्ने प्रण गर्नुहोस् ।

संपरीक्षण तालिका - ३८

		समूह 'क'			समूह 'ख'		समूह 'ग'		
प्रथमपुरुष		सः	तौ	ते	अनुवादचन्द्रिका		गतवान्	गतवन्तौ	गतवन्तः
		सा	ते	ताः	व्याकरणं		गतवती	गतवत्यौ	गतवत्यः
		सीता	सीते	सीताः	निबन्धं		कृतवान्	कृतवन्तौ	कृतवन्तः
		रामः	रामौ	रामाः	स्थाम्		कृतवती	कृतवत्यौ	कृतवत्यः
मध्यमपुरुष	अपि	त्वम्	युवाम्	यूयम्	माम्	न	नतवान्	नतवन्तौ	नतवन्तः
उत्तमपुरुष		अहम्	आवाम्	वयम्			नतवती	नतवत्यौ	नतवत्यः

१. माथिको तालिकामा 'न' अव्यय नकारात्मक वाक्य बनाउनका लागि हो भन्ने कुरा पहिलेका तालिकाहरूबाट तपाईंहरू प्रष्ट भइसक्नुभएको छ । यहाँ उक्त शब्द तपाईंहरूलाई नकारात्मक वाक्य बनाउनका लागि सजिलो होस् भन्ने हेतुले राखिएको हो ।

२. प्रथमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख'बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस्।

३. मध्यमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख'बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस्।

४ उत्तमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख' बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस्।

५ तालिकाको प्रयोग गरेर पाँच नकारात्मक वाक्य बनाएर आफ्नो अभ्यास बढाउनुहोस् ।

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! तपाईंहरूले क्तवतुप्रत्यय पढ्नुभयो र त्यसको प्रयोगविधि पनि जान्नुभयो । प्रत्यय फरक भएता पनि रूपायन समान भएका शब्दहरूलाई यसै प्रसङ्गमा जोड्दै सिकाउँदा तपाईंहरूको मस्तिष्कमा संस्कृतका शब्दहरूको कोष बढ्न जाने र वाक्यप्रयोग गर्न पनि सजिलो हुने हुँदा हामी मतुप् र वतुप् प्रत्ययान्त शब्दहरूको रूपायन दिँदैछौं । यी दुवै प्रत्यय तद्धित प्रकरणका हुन् र यिनबाट निष्पन्न हुने शब्द प्रायः विशेषणका लागि प्रयोग गरिन्छन् । आउनुहोस् क्रमशः मतुप् र वतुप् प्रत्ययान्त शब्दहरूको रूपायन सिकौं ।

मतुप् - वतुप् प्रत्ययको विधि र प्रयोग

* कुनै पनि व्यक्ति वा वस्तुको विशेषता बताउने सन्दर्भमा विशेषणका रूपमा अकारान्त र आकारान्त सुबन्त शब्दबाट 'वतुप्' प्रत्यय हुन्छ । यसबाट बन्ने शब्दहरू विशेषणका रूपमा हुन्छन् तर क्तवतु प्रत्यय लगाएर बन्ने शब्दझैं क्रियामा प्रयोग गरिँदैनन् । यसैगरी उक्त अर्थमा ह्रस्व इकारान्त, ह्रस्व उकारान्त, दीर्घ ईकारान्त, दीर्घ

ऊकारान्त सुबन्त शब्दबाट 'मतुप्' प्रत्यय हुन्छ । जस्तै -

				निष्पन्नरूप		
शब्द प्रकृति	शब्द	प्रत्यय	प्रकृति-प्रत्यय संयोग	पु लिङ्ग	स्त्रीलिङ्ग	नपुंसकलि.
अकारान्त	भग	वतुप्	भग + वत्	भगवान्	भगवती	भगवत्
अकारान्त	भाग्य	वतुप्	भाग्य + वत्	भाग्यवान्	भाग्यवती	भाग्यवत्
आकारान्त	तारा	वतुप	तारा + वत्	तारावान्	तारावती	तारावत्
आकारान्त	कला	वतुप्	कला + वत्	कलावान्	कलावती	कलावत्
इकारान्त	बुद्धि	मतुप्	बुद्धि + मत्	बुद्धिमान्	बुद्धिमती	बुद्धिमत्
इकारान्त	गति	मतुप्	गति + मत्	गतिमान्	गतिमती	गतिमत्
ईकारान्त	धी	मतुप्	धी + मत्	धीमान्	धीमती	धीमत्
ईकारान्त	श्री	मतुप्	श्री + मत्	श्रीमान्	श्रीमती	श्रीमत्
उकारान्त	इन्दु	मतुप	इन्दु + मत्	इन्दुमान्	इन्दुमती	इन्दुमत्
उकारान्त	विभु	मतुप	विभु + मत्	विभुमान्	विभुमती	विभुमत्
ऊकारान्त	चमू	मतुप्	चमू + मत्	चमूमान्	चमूमती	चमूमत्
ऊकारान्त	वधू	मतुप	वधू + मत्	वधूमान्	वधूमती	वधूमत्

वतुप् प्रत्ययान्त भाग्यवत्शब्दको पुंलिङ्ग रूपायन

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	भाग्यवान्	भाग्यवन्तौ	भाग्यवन्तः
द्वितीया	भाग्यवन्तम्	भाग्यवन्तौ	भाग्यवतः
तृतीया	भाग्यवता	भाग्यवद्भ्याम्	भाग्यवद्भिः
चतुर्थी	भाग्यवते	भाग्यवद्भ्याम्	भाग्यवद्भ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	भाग्यवतः	भाग्यवद्भ्याम्	भाग्यवद्भ्यः
षष्ठी	भाग्यवतः	भाग्यवतोः	भाग्यवताम्
सप्तमी	भाग्यवति	भाग्यवतोः	भाग्यवत्सु
सम्बोधन	हे भाग्यवन्	हे भाग्यवन्तौ	हे भाग्यवन्तः

वतुप् प्रत्ययान्त भाग्यवत्शब्दको स्त्रीलिङ्ग रूपायन

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	भाग्यवती	भाग्यवत्यौ	भाग्यवत्यः
द्वितीया	भाग्यवतीम्	भाग्यवत्यौ	भाग्यवतीः
तृतीया	भाग्यवत्या	भाग्यवतीभ्याम्	भाग्यवतीभिः
चतुर्थी	भाग्यवत्यै	भाग्यवतीभ्याम्	भाग्यवतीभ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	भाग्यवत्याः	भाग्यवतीभ्याम्	भाग्यवतीभ्यः
षष्ठी	भाग्यवत्याः	भाग्यवत्योः	भाग्यवतीनाम्
सप्तमी	भाग्यवत्याम्	भाग्यवत्योः	भाग्यवतीषु
सम्बोधन	हे भाग्यवति	हे भाग्यवत्यौ	हे भाग्यवत्यः

वतुप् प्रत्ययान्त भाग्यवत्शब्दको नपुंसकलिङ्ग रूपायन

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	भाग्यवत्	भाग्यवती	भाग्यवन्ति
द्वितीया	भाग्यवत्	भाग्यवती	भाग्यवन्ति
तृतीया	भाग्यवता	भाग्यवद्भ्याम्	भाग्यवद्भिः
चतुर्थी	भाग्यवते	भाग्यवद्भ्याम्	भाग्यवद्भ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	भाग्यवतः	भाग्यवद्भ्याम्	भाग्यवद्भ्यः
षष्ठी	भाग्यवतः	भाग्यवतोः	भाग्यवताम्
सप्तमी	भाग्यवति	भाग्यवतोः	भाग्यवत्सु
सम्बोधन	हे भाग्यवत्	हे भाग्यवती	हे भाग्यवन्ति

विशेष बोधका लागि मतुप्-वतुप् प्रत्ययान्त शब्दबाट बनेका वाक्यहरूको प्रयोग

	मतुप् प्रत्यय		वतुप् प्रत्यय
१	रामः बुद्धिमान् अस्ति ।	१.	राधा कलावती अस्ति
२	सीता बुद्धिमती अस्ति ।	२	श्यामः धनवान् वर्तते ।
३.	कलत्रम् बुद्धिमत् वर्तते ।	३.	गगनम् तारावत् अस्ति ।

अभ्यास

क) मतुप् - वतुप् प्रत्ययको प्रयोग गरेर निम्नाङ्कित वाक्यहरूको संस्कृतमा अनुवाद गर्नुहोस्

१ सुरेश बुद्धिमान् केटो हो ?
२. ठमाशङ्कर धनवान् व्यापारी हुन्
३ गौरीशङ्कर ज्ञानवान् छात्र हो ।
४. दमयन्ती रूपवती नारी हुन्
५. शैलजा भाग्यवान् केटी हो ।

ख) नेपालीमा अनुवाद गर्नुहोस्

१. धनवान् वणिक् विराटनगरस्य अस्ति ।
२. धनवतीं कन्यां सर्वे इच्छन्ति ।
३ कलौ दुष्टाः शीलवतीं ज्ञानवतीं च कन्यां निन्दन्ति ।
४. साम्प्रतं ज्ञानवतां शिक्षकाणां अभावः अस्ति।
५. सर्वे छात्राः बुद्धिमन्तः भवन्तु ।

* संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू । तपाईहरूले मतुप् - वतुप् प्रत्यय पढ्नुभयो र त्यसको प्रयोग विधि पनि जान्नुभयो । यी दुवै प्रत्यय तद्धित प्रकरणका हुन् र यिनबाट निष्पन्न हुने शब्द प्रायः विशेषणका लागि प्रयोग गरिन्छन् । यसैगरी तद्धित प्रकरणको इन् प्रत्ययबाट बनेका शब्दहरू भाषामा अत्यन्त प्रचलित छन् । आउनुहोस् इन् प्रत्ययान्त शब्दहरूको रूपायन सिकौं ।

इन्प्रत्ययको विधि र प्रयोग

कुनै पनि व्यक्ति वा वस्तुको विशेषता बताउने सन्दर्भमा विशेषणका रूपमा अकारान्त शब्दबाट 'इन्' प्रत्यय हुन्छ । यसबाट बन्ने शब्दहरू विशेषणका रूपमा हुन्छन् । जस्तै – 'सुख'शब्दबाट 'इन्' प्रत्यय गरेपछि – सुख + इन् हुन्छ र सुखी बन्दछ, त्यस्तै 'धन'शब्दबाट 'इन्' प्रत्यय गरेपछि धनी बन्दछ । यस्तै विधिबाट अरू शब्द पनि बन्दछन् । व्याकरणको नियमबाट प्रथमा विभक्तिको एकवचनमा मात्र दीर्घ 'ई' हुन आउँछ, अन्यत्र ह्रस्व 'इ' नै रहन्छ ।

इन् प्रत्ययान्त सुखिन्शब्दको पुंलिङ्ग रूपायन

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	सुखी	सुखिनौ	सुखिनः
द्वितीया	सुखिनम्	सुखिनौ	सुखिनः
तृतीया	सुखिना	सुखिभ्याम्	सुखिभिः
चतुर्थी	सुखिने	सुखिभ्याम्	सुखिभ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	सुखिनः	सुखिभ्याम्	सुखिभ्यः
षष्ठी	सुखिनः	सुखिनोः	सुखिनाम्
सप्तमी	सुखिनि	सुखिनोः	सुखिषु
सम्बोधन	हे सुखिन्	हे सुखिनौ	हे सुखिनः

* इन् प्रत्ययान्त सुखिन्शब्दको स्त्रीलिङ्ग रूपायन भगवतीशब्दसमान सुखिनी हुन्छ ।
* इन् प्रत्ययान्त सुखिन्शब्दको नपुसकलिङ्गको रूपायन वारिशब्दसमान सुखि हुन्छ ।

विशेष बोधका लागि इन् प्रत्ययान्त शब्दबाट बनेका वाक्यहरूको प्रयोग

१. रामः सुखी अस्ति ।
२. सीता सुखिनी अस्ति ।
३. सुरेशः विद्यार्थी आसीत् ।
४. रीता विद्यार्थिनी आसीत् ।
५. उमेशः धनी अस्ति ।
६. यशोदा धनिनी अस्ति ।
७. जगत् सुखि अस्ति ।

अभ्यास

क) **निम्नलिखित दुई श्लोकको नेपालीमा अनुवाद गर्नुहोस्**

१. **सर्वे भवन्तु सुखिनः, सर्वे सन्तु निरामया. ।**
सर्वे भद्राणि पश्यन्तु, मा कश्चिद् दुःखभाग् भवेत् ।।
(नोट - संस्कृतमा 'मा'को अर्थ निषेध हुन्छ अथवा यसलाई 'न' को ठाउँमा प्रयोग गरिन्छ)

२. **धनिनः धनमिच्छन्ति, मानमिच्छन्ति मानिनः ।**
स्वार्थमिच्छन्ति संसारे स्वार्थिनः पामराः नराः ।।
(नोट - 'धनम्' को 'म्' इच्छन्तिको 'इ'मा जोडिँदा – 'धनमिच्छन्ति' भएको छ । यो कुरा गुरुसँग बुझेर पद छुट्याउने अभ्यास गर्नुहोस् । 'पामर'शब्दको अर्थ 'नीच' हुन्छ ।)

ख) **इन् प्रत्ययको प्रयोग गरेर निम्नाङ्कित वाक्यहरूको संस्कृतमा अनुवाद गर्नुहोस्**

१. धनीहरू प्रतिकूल अवस्थामा पनि रम्रा देखिन्छन् ।
२. आत्मज्ञानीहरू सदैव प्रसन्न हुन्छन् ।
३. घमण्डीहरूले सदैव अर्काको निन्दा गर्छन् ।
४. विद्याव्यसनीहरूले राम्रा किताब किन्छन् ।
५. कामीहरू जहिले पनि खिन्न नै रहन्छन् ।
६.

पैंतीसौं दिन
पञ्चत्रिंशः दिवसः

शेषाय नमः

सस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! आउनुहोस् आज पैंतीसौं दिन हो । हामी धेरै कुरा बुझेर सस्कृत भाषाको प्रयोग गर्न, बोल्न र लेख्न सक्ने भइसकेका छौं । व्याकरणमा भाषाप्रयोगको सरलताका लागि अनेक विधि छन्, तीमध्ये ज्यादै प्रचलित हो 'कृत्यविधि' । यो व्याकरणशास्त्रको कृत्यप्रकरणअन्तर्गत रहेको छ । यस प्रकरणको सम्पूर्ण ज्ञान सिद्धान्तकौमुदी पढेपछिमात्र हुनेछ । वाक्य-रचना गर्दा यसको अधिकतम प्रयोग हुने र बोलचालमा पनि यो अति आवश्यक मानिने हुँदा संक्षेपमा तपाईहरूलाई कृत्यप्रकरणका दुई रूप बुझाउने प्रयास गरिँदैछ । विद्यार्थी भाइबहिनी हो ! सस्कृतका गुरुहरूले पठितव्यम्, कर्तव्यम्, गन्तव्यम्, पठनीयम्, गमनीयम्, हसनीयम्, क्षेतव्यम्, क्षयनीयम्, कथनीयम्, वक्तव्यम्, वचनीयम् आदि तव्य र अनीय प्रत्यय लागेका शब्दहरूको प्रयोग गरेको तपाईहरूले सुन्नुभएको छ र पढ्नुभएको छ । उक्त दुवै प्रत्यय कर्तव्य अर्थमा आउँछन् । जस्तै - पठितव्यम् भन्दा पढ्नुपर्दछ, हसितव्यम् भन्दा हाँस्नुपर्दछ, यसैगरी अरू धातुको पनि अर्थ बुझ्नुपर्दछ । कतिपय धातुबाट उक्त प्रत्यय गर्दा धातुको अन्तमा 'इ' थपिन आउँछ । त्यस्ता 'इ' थपिने धातुहरूलाई 'सेट्' धातु भनिन्छ । कतिपय धातुहरूबाट प्रत्यय गर्दा 'इ' लाग्दैन, ती धातुहरूलाई 'अनिट्' भनिन्छ । 'सेट्' र 'अनिट्' धातुहरूको अन्तरलाई तपाईहरूले पछि-पछि आफै बुझ्दै जानुहुनेछ। अब तपाईहरूलाई भगवान् शेषको अशेष कृपाबाट उक्त प्रत्ययअनुसारका शब्दको निर्माण र वाक्यको प्रयोग गर्ने र प्रयोगविधि बताउन चाहन्छु, ध्यान दिनुहोस् ।

नियम - '४८' तव्यत्प्रत्ययान्त शब्दरचना र प्रयोगविधि

तव्यप्रत्ययका तीनै लिङ्गका रूपहरू

	धातु	प्रत्यय	प्रकृति-प्रत्यय संयोग	निष्पन्नरूप पुं.लिङ्ग	नपुसकलि.	स्त्रीलिङ्ग
१.	पठ्	तव्य	पठ् + इ + तव्य	पठितव्यः	पठितव्यम्	पठितव्या
२	लिख्	तव्य	लिख् + इ + तव्य	लेखितव्यः	लेखितव्यम्	लेखितव्या
३	हस्	तव्य	हस् + इ + तव्य	हसितव्यः	हसितव्यम्	हसितव्या
४.	भ्रम्	तव्य	भ्रम् + इ + तव्य	भ्रमितव्यः	भ्रमितव्यम्	भ्रमितव्या
५.	गद्	तव्य	गद् + इ + तव्य	गदितव्यः	गदितव्यम्	गदितव्या
६	भू	तव्य	भू + इ + तव्य	भवितव्यः	भवितव्यम्	भवितव्या
७.	भक्ष्	तव्य	भक्ष् + इ + तव्य	भक्षितव्यः	भक्षितव्यम्	भक्षितव्या
८.	कथ्	तव्य	कथ् + इ + तव्य	कथितव्यः	कथितव्यम्	कथितव्या
९	खाद्	तव्य	खाद् + इ + तव्य	खादितव्यः	खादितव्यम्	खादितव्या
१०	क्रीड्	तव्य	क्रीड् + इ + तव्य	क्रीडितव्यः	क्रीडितव्यम्	क्रीडितव्या

११	भाष्	तव्य	भाष् + इ + तव्य	भाषितव्यः	भाषितव्यम्	भाषितव्या
१२	याच्	तव्य	याच् + इ + तव्य	याचितव्यः	याचितव्यम्	याचितव्या
१३	शिक्ष्	तव्य	शिक्ष् + इ + तव्य	शिक्षितव्यः	शिक्षितव्यम्	शिक्षितव्या
१४.	गम्	तव्य	गम् + तव्य	गन्तव्यः	गन्तव्यम्	गन्तव्या
१५.	कृ	तव्य	कृ + तव्य	कर्तव्यः	कर्तव्यम्	कर्तव्या
१६	नी	तव्य	नी + तव्य	नेतव्यः	नेतव्यम्	नेतव्या
१७	पच्	तव्य	पच् + तव्य	पक्तव्यः	पक्तव्यम्	पक्तव्या
१८	दा	तव्य	दा + तव्य	दातव्यः	दातव्यम्	दातव्या
१९.	भिद्	तव्य	भिद् + तव्य	भेत्तव्यः	भेत्तव्यम्	भेत्तव्या

» संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू । तव्यत्प्रत्यय नेपालीमा विशेष गरेर 'पर्छ' भन्ने अर्थमा गरिन्छ । यो जुनसुकै धातुदेखि पनि हुन्छ ।

» तव्य प्रत्यय पनि अकर्मक धातुदेखि भावमा र सकर्मक धातुदेखि कर्ममा हुन्छ । जस्तै उदाहरण हेरौं –

१.	त्वया कौमुदी पठितव्या –	तिमीले कौमुदी पढ्नुपर्छ ।
२.	मया प्रातः स्नानं कर्तव्यम् –	मैले बिहान नुहाउनुपर्छ ।
३.	इन्दुमत्या गृहम् गन्तव्यम् –	इन्दुमतीले घर जानु पर्छ ।
४.	छात्रैः निबन्धः लेखितव्यः –	विद्यार्थीहरूले निबन्ध लेख्नुपर्छ ।
५.	गुरुवरैः पाठाः पाठयितव्याः –	गुरुहरूले पाठ पढाउनुपर्छ ।
६	मया सदा हसितव्यम् –	मैले सदैव हाँस्नुपर्छ ।
७	कुमारैः सायं क्रीडितव्यम् –	बालकहरूले साँझ खेल्नुपर्छ ।
८	धन्वन्तरि स्तोतव्यः –	धन्वतरीको स्तुति गरिनुपर्छ ।
९.	सन्तानाय (सन्ततये) नारी सेवितव्या –	सन्तानको लागि स्त्री सेवन गर्नुपर्छ ।
१०.	मया फलानि चेतव्यानि –	मैले फल टिप्नु पर्छ ।

» कर्म र भावमा तव्यप्रत्यय गरिन्छ । यसमा क्तप्रत्ययको नियमानुसार नै कर्तामा तृतीया र कर्ममा प्रथमाको प्रयोग हुन्छ । जुन कुरा माथिका उदाहरणहरूले स्पष्ट पारिसकेका छन् ।

अभ्यास

क) संस्कृतमा अनुवाद गर्नुहोस्

१.	विद्यार्थीहरूले बिहानै उठ्नुपर्छ ।
२.	तपाईंहरूले हरिद्वार जानुपर्छ ।
३.	शकुन्तलाले गीत गाउनुपर्छ ।
४.	मैले पढ्नुपर्छ ।
५.	हामीहरूले जनकपुर जानुपर्छ ।
६.	कृषकहरूले खेती गर्नुपर्छ ।
७.	अध्यापकहरूले विद्यार्थी पठाउनुपर्छ ।
८.	धोबीले सँधै कपडा धुनुपर्छ ।
९	दुष्टहरूले दण्ड पाउनुपर्छ ।
१०	गुरुहरूले रामायण पढाउनुपर्छ ।

ख) नेपालीमा अनुवाद गर्नुहोस्

१.	त्वया अलकानगरी गन्तव्या ।
२	भवता मम निमन्त्रणा स्वीकर्तव्या ।
३.	छात्रैः कान्तिपुरपत्रं पठितव्यम् ।
४.	कृषकैः परिश्रमः करणीयः ।
५.	अस्माभिः कर्तव्यं पालनीयम् ।
६.	युष्माभिः भोजनं कर्तव्यम् ।
७.	छात्रैः प्रातः एव जागरितव्यम् ।
८.	कर्मचारिभिः कार्यालयस्य कार्यं समापनीयम् ।
९.	अध्यापकैः समये पाठयितव्यम् ।
१०.	कान्तिपुरपत्रे अयं समाचारः प्रकाशितव्यः ।

नियम - '४९' अनीयप्रत्ययान्त शब्दरचना र प्रयोगविधि

अनीय प्रत्ययका तीनै लिङ्गका रूपहरू

धातु	प्रत्यय	प्रकृति-प्रत्यय संयोग	निष्पन्नरूप		
			पुं लिङ्ग	नपुंसकलि.	स्त्रीलिङ्ग
१. पठ्	अनीय	पठ् + अनीय	पठनीयः	पठनीयम्	पठनीया
२. लिख्	अनीय	लिख् + अनीय	लेखनीयः	लेखनीयम्	लेखनीया
३. गम्	अनीय	गम् + अनीय	गमनीयः	गमनीयम्	गमनीया
४. हस्	अनीय	हस् + अनीय	हसनीयः	हसनीयम्	हसनीया
५. गाद्	अनीय	गाद् + अनीय	गदनीयः	गदनीयम्	गदनीया
६ नी	अनीय	नी + अनीय	नयनीयः	नयनीयम्	नयनीया
७. भू	अनीय	भू + अनीय	भवनीयः	भवनीयम्	भवनीया
८. पच्	अनीय	पच् + अनीय	पचनीयः	पचनीयम्	पचनीया
९. दा	अनीय	दा + अनीय	दानीयः	दानीयम्	दानीया
१०. कथ्	अनीय	कथ् + अनीय	कथनीयः	कथनीयम्	कथनीया
११. खाद्	अनीय	खाद् + अनीय	खादनीयः	खादनीयम्	खादनीया
१२. क्रीड्	अनीय	क्रीड् + अनीय	क्रीडनीयः	क्रीडनीयम्	क्रीडनीया
१३. भिद्	अनीय	भिद् + अनीय	भेदनीयः	भेदनीयम्	भेदनीया
१४. याच्	अनीय	याच् + अनीय	याचनीयः	याचनीयम्	याचनीया
१५. भ्रम्	अनीय	भ्रम् + अनीय	भ्रमणीयः	भ्रमणीयम्	भ्रमणीया
१६ कृ	अनीय	कृ + अनीय	करणीयः	करणीयम्	करणीया
१७. भक्ष्	अनीय	भक्ष् + अनीय	भक्षणीयः	भक्षणीयम्	भक्षणीया
१८ भाष्	अनीय	भाष् + अनीय	भाषणीयः	भाषणीयम्	भाषणीया
१९ शिक्ष्	अनीय	शिक्ष् + अनीय	शिक्षणीयः	शिक्षणीयम्	शिक्षणीया

* १५ देखि १९ सङ्ख्यासम्मका धातुहरूबाट अनीय प्रत्यय गर्दा अनीयको 'न'लाई 'ण' गराएको देखिन्छ । 'र' 'ष' आदिको प्रयोग भएका शब्दहरूमा रहेको 'न'कार 'ण'कारमा परिवर्तित हुने कुरा तपाईंहरूले पछि बुझ्दै जानुहुनेछ ।

अनीयप्रत्ययबाट निष्पन्न भएका शब्दहरूको प्रयोग गरी निर्माण गरिएका वाक्यहरू

१.	त्वया संस्कृतम् पठनीयम् -	तिमीले संस्कृत पढ्नुपर्छ ।
२	भवता अवकाशे गृहम् गमनीयम् -	तपाईंले छुट्टीमा घर जानुपर्छ ।
३	सरस्वती वन्दनीया -	हामीहरूले सरस्वतीको वन्दना गर्नुपर्दछ ।
४	मया कौमुदी पठनीया -	मैले कोमुदी पढ्नुपर्छ ।
५	महेशेन निबन्धः लेखनीय -	महेशले निबन्ध लेख्नुपर्छ ।
६.	छात्रेण भगवत्याः पूजा करणीया -	छात्रले भगवतीको पूजा गर्नुपर्दछ ।
७	शकुन्तलया दुष्यन्तः स्मरणीयः -	शकुन्तलाले दुष्यन्तलाई सझनुपर्दछ ।

* कर्म र भावमा तव्यपत्यय गरिन्छ । यसमा कृप्रत्ययको नियमानुसार नै कर्तामा तृतीया र कर्ममा प्रथमाको प्रयोग हुन्छ । जुन कुरा माथिका उदाहरणहरूले स्पष्ट पारिसकेका छन् ।

अभ्यास

क) संस्कृतमा अनुवाद गर्नुहोस्

१ हामीहरूले गुरुलाई ढोग्नु पर्छ ।
२. मरिताले संस्कृत पढ्नुपर्छ ।
३. विद्यार्थीहरूले विज्ञान खेल्नुपर्छ ।
४ गृहस्थीहरूले ध्यान गर्नुपर्छ ।
५. अध्यापकहरूले समयमा पढाउनुपर्छ
६ तिमीले विवाह गर्नुपर्छ ।
७. गुरु वन्दनीय हुनुहुन्छ ।
८. ब्रह्मचारीहरूले विद्या पढ्नुपर्छ ।
९. वैष्णवहरूले विष्णुको पूजा गर्नुपर्छ ।
१०. कर्मचारीहरूले राम्रो व्यवस्था गर्नुपर्छ ।

ख) नेपालीमा अनुवाद गर्नुहोस्

१. अस्माभिः गुरवः वन्दनीयाः ।
२ त्वया शाकुन्तलं पठनीयम् ।
३ अस्माभिः मान्याः वन्दनीयाः ।
४ कृषकैः धान्यं वपनीयम् ।
५ सेवकैः सेवा विधानीया ।
६ मया अनुशासनं पालनीयम् ।
७ आचार्यैः छात्राः पाठनीयाः ।
८. युष्माभिः कथाः श्रवणीयाः ।
९. राजनीतिज्ञैः राजनीतिः करणीया ।
१०. साहित्याचार्यैः पद्यं रचनीयम् ।

ग संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू । तपाईंहरूले पढेका विषयवस्तुहरू राम्रोसँग बुझ्नुभयो अथवा बुझ्नुभएन भन्ने कुरा परीक्षण गर्न अगाडि संपरीक्षण तालिका प्रस्तुत गरिएको छ । उक्त तालिकाका आधारमा तल दिइएका निर्देशनअनुसार सबै वाक्य बनाउने प्रयास गर्नुहोस् । निर्देशनअनुसार सबै वाक्यहरू शुद्ध बनाउन सक्नुभयो भने आफूले राम्रोसँग बुझेर पढेको संज्ञी ठुक्क हुनुहोस् । कहीं कतै थोरै पनि आफूमा कमी–कमजोरी पाउनुभयो भने पुनः विषयवस्तुको बोध गरी गल्ती सच्याई अगाडि बढ्ने प्रण गर्नुहोस् ।

संपरीक्षण तालिका – ३९

		समूह 'क'			समूह 'ख'		समूह 'ग'		
प्रथमपुरुष		तेन	ताभ्यां	तैः	अनुवादचन्द्रिका		कर्तव्यम्	कर्तव्ये	कर्तव्यानि
		तया	ताभ्यां	ताभिः	वेदः		करणीयम्	करणीये	करणीयानि
		सीतया	सीताभ्यां	सीताभिः	व्याकरणं		कर्तव्यः	कर्तव्यौ	कर्तव्याः
		रामेण	रामाभ्यां	रामैः	गीता		लेखितव्यः	लेखितव्यौ	लेखितव्याः
		कया	काभ्यां	काभिः	धनम्		लेखनीयम्	लेखनीये	लेखनीयानि
		केन	काभ्यां	कैः	कार्यम्		लेखनीयः	लेखनीयौ	लेखनीयाः
मध्यम	अपि	त्वया	युवाभ्यां	युष्माभिः	लेखनी	न	पठनीयः	पठनीयौ	पठनीयाः
उत्तम		मया	आवाभ्यां	अस्माभिः	रामायणम् पुस्तकम्		पठितव्या पठनीयम्	पठितव्ये पठिनये	पठितव्याः पठिनीयानि

घ माथिको तालिकामा 'न' अव्यय नकारात्मक वाक्य बनाउनका लागि हो भने कुरा पहिलेका तालिकाहरूबाट तपाईंहरू प्रष्ट भइसक्नुभएको छ । यहाँ उक्त शब्द तपाईंहरूलाई नकारात्मक वाक्य बनाउनका लागि सजिलो होस्

भन्ने हेतुले राखिएको हो ।

२ प्रथमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख'बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस्।

३ मध्यमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख'बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस्।

४. उत्तमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख' बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस्।

५ तालिकाको प्रयोग गरेर पाँच नकारात्मक वाक्य बनाएर आफ्नो अभ्यास बढाउनुहोस् ।

संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइ बैनीहरू हामीहरू संस्कृत बोल्न सक्ने, लेख्न सक्ने, सम्भाषण गर्न सक्ने भई सकेका भएपनि संस्कृत भाषामा प्रयोग गरिने स अन्तमा हुने सान्तशब्दहरूको विषयमा पनि राम्रो जानकारी राख्न रूपायन बुझ्ने तर्फ लागौं । सान्तशब्दहरूको अध्ययनबाट तपाईहरूलाई संस्कृतका काव्य, नाटक, नीतिशास्त्र आदि पढ्न, बुझ्न सजिलो हुनेछ । अतः तयारीको साथ सान्त शब्दहरूको आवश्यक अध्ययन गरौं ।

नियम – '५० क' शब्दरूपायनसम्बन्धी, सुमनस् (राम्रो मन भएको) शब्द

सुमनस्शब्दको पुंलिङ्ग रूपायन

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	सुमनाः	सुमनसौ	सुमनसः
द्वितीया	सुमनसम्	सुमनसौ	सुमनसः
तृतीया	सुमनसा	सुमनोभ्याम्	सुमनोभिः
चतुर्थी	सुमनसे	सुमनोभ्याम्	सुमनोभ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	सुमनसः	सुमनोभ्याम्	सुमनोभ्यः
षष्ठी	सुमनसः	सुमनसोः	सुमनसाम्
सप्तमी	सुमनसि	सुमनसोः	सुमनःसु
सम्बोधन	हे सुमनः	हे सुमनसौ	हे सुमनसः

थप्सैगरी १ महौजस् (महान् तेजस्वी) – महौजाः महौजसौ महौजसः ..... ।

२. चन्द्रमस् (चन्द्रमा) – चन्द्रमाः चन्द्रमसौ चन्द्रमसः ..... ।

३ महायशस् (महान् यशस्वी) – महायशाः महायशसौ महायशसः ..... ।

४. वेधस् (ब्रह्माजी) – वेधाः वेधसौ वेधसः ..... ।

५. महातेजस् (महान् तेजस्वी) – महातेजाः महातेजसौ महातेजसः ..... ।

६ वनौकस् (वनवासी) – वनौकाः वनौकसौ वनौकसः ..... ।

७. विशालवक्षस् (ठूलो छाती भएको) – विशालवक्षाः विशालवक्षसौ विशालवक्षसः ..... ।

८ दुर्वासस् (ऋषिविशेष) – दुर्वासाः दुर्वाससौ दुर्वाससः ..... ।

९. अरण्यौकस् (जङ्गली) – अरण्यौकाः अरण्यौकसौ अरण्यौकसः ..... ।

१०. प्रचेतस् (प्रचेता) – प्रचेताः प्रचेतसौ प्रचेतसः ..... ।

प्रयोग – १. वेधाः ब्रह्मलोके निवसति ।

२. अरण्यौकसः काननेषु तिष्ठन्ति ।

३. महातेजाः नायकः देशे देशे पूज्यते ।

मास्, विद्वस्, पुंस्शब्दहरू कौमुदीबाट पढ्ने छौं, यिनी शब्दहरूका ठाँउमा क्रमशः मासः , प्राज्ञः, पुरुषःशब्दबाट प्रारम्भमा काम चलाउने छौं ।

* संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! सान्तशब्दहरूमानै 'इयसुन्' प्रत्ययान्त शब्दहरू भाषामा अत्यधिक प्रचलनमा छन् । तिनीहरूको रूपायन र प्रयोगतर्फ पनि ध्यान दिनु आवश्यक छ ।

नियम – '५० ख' शब्दरूपायनसम्बन्धी, गरीयस् (तुलना, त्योभन्दा ठुलो भन्ने अर्थ) शब्द

गरीयस्शब्दको पुंलिङ्ग रूपायन

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	गरीयान्	गरीयांसौ	गरीयांसः
द्वितीया	गरीयांसम्	गरीयांसौ	गरीयसः
तृतीया	गरीयसा	गरीयोभ्याम्	गरीयोभिः
चतुर्थी	गरीयसे	गरीयोभ्याम्	गरीयोभ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	गरीयसः	गरीयोभ्याम्	गरीयोभ्यः
षष्ठी	गरीयसः	गरीयसोः	गरीयसाम्
सप्तमी	गरीयसि	गरीयसोः	गरीयःसु
सम्बोधन	हे गरीयन् !	हे गरीयांसौ !	हे गरीयांसः !

यसरी नै- २ लघीयस् (त्योभन्दा सानो) - लघीयान् लघीयांसौ लघीयांसः .. ...
३ द्रढीयस् (त्योभन्दा बलियो) - द्रढीयान् द्रढीयांसौ द्रढीयांसः . .
४. प्रथीयस् (त्योभन्दा मोटो) - प्रथीयान् प्रथीयांसौ प्रथीयांसः ..... .
५ द्राघीयस् (त्योभन्दा लामो) - द्राघीयान् द्राघीयांसौ द्राघीयांसः .. .. .
६ श्रेयस् (त्योभन्दा राम्रो) - श्रेयान् श्रेयांसौ श्रेयासः .... .

यसरी अनेकौं इयसुन् प्रत्ययान्त शब्दका रूपायनहरू बुझ्न सकिन्छ । यिनी शब्दहरू विशेषणका रूपमा प्रयोग हुन्छन् माथि पढेका रूपायनहरू सबै पुलिङ्गी हुन् । गरीयस् आदि शब्दहरू स्त्रीलिङ्गी शब्दका विशेषण भएमा यिनी शब्दहरूको रूपायन् गरीयसी, द्राघीयसी, लघीयसी, श्रेयसी भई यिनीहरूको रूपायन भगवतीशब्दका जस्तै हुन्छन् ।

प्रयोग- जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी (आमा र जन्मभूमि स्वर्गभन्दा ठूला हुन्)

नियम – '५० ग' शब्दरूपायनसम्बन्धी, अप्सरस् (अप्सरा) शब्द (नित्य बहुवचनान्त स्त्रीलिङ्गी)

स्त्रीलिङ्गी सान्त अप्सरस्शब्दमा ङीप् हुँदैन यसका रूपायनहरू पुलिङ्गी सुमनस्शब्दजस्तै बहुवचनमा मात्र हुन्छन्। जस्तै - स्वर्गे इन्द्रस्य प्रियाः अप्सरसः सन्ति (स्वर्गमा इन्द्रका प्यारी अप्सराहरू छन् ।)

आशिस् (आशीर्वाद) शब्दको पुंलिङ्ग रूपायन

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	आशीः	आशिषौ	आशिषः
द्वितीया	आशिषम्	आशिषौ	आशिषः
तृतीया	आशिषा	आशीर्भ्याम्	आशीर्भिः
चतुर्थी	आशिषे	आशीर्भ्याम्	आशीर्भ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	आशिषः	आशीर्भ्याम्	आशीर्भ्यः
षष्ठी	आशिषः	आशिषोः	आशिषाम्
सप्तमी	आशिषि	आशिषोः	आशीःषु
सम्बोधन	हे आशीः !	हे आशिषौ !	हे आशिषः !

नियम - '५० घ' शब्दरूपायनसम्बन्धी, मनस् (मन) शब्द नपुंसकलिङ्ग

मनस् (मन) शब्दको रूपायन

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	मनः	मनसी	मनांसि
द्वितीया	मनः	मनसी	मनांसि
तृतीया	मनसा	मनोभ्याम्	मनोभिः
चतुर्थी	मनसे	मनोभ्याम्	मनोभ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	मनसः	मनोभ्याम्	मनोभ्यः
षष्ठी	मनसः	मनसोः	मनसाम्
सप्तमी	मनसि	मनसोः	मनःसु
सम्बोधन	हे मनः !	हे मनसी !	हे मनांसि !

यसैगरी

२	पयस् (दूध) -	पयः	पयसी	पयांसि
३	नभस् (आकाश) -	नभः	नभसी	नभांसि
४.	अम्भस् (पानी) -	अम्भः	अम्भसी	अम्भांसि
५	आगस् (पाप) -	आगः	आगसी	आगांसि
६.	उरस् (छाती) -	उरः	उरसी	उरांसि
७.	रजस् (धुलो) -	रजः	रजसी	रजांसि
८.	वयस् (उमेर) -	वयः	वयसी	वयांसि
९	वक्षस् (छाती) -	वक्षः	वक्षसी	वक्षांसि
१०	अयस् (फलाम) -	अयः	अयसी	अयांसि
११.	तमस् (अन्धकार) -	तमः	तमसी	तमांसि
१२.	वचस् (बोली) -	वचः	वचसी	वचांसि
१३.	यशस् (यश) -	यशः	यशसी	यशांसि
१४.	तपस् (तपस्या) -	तपः	तपसी	तपांसि
१५.	शिरस् (टाउको) -	शिरः	शिरसी	शिरांसि

* संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी माइबहिनीहरू ! मनस्शब्द जस्तै रूपायन भएका उपर्युक्त शब्दहरूको काव्य, नाटक, नीति सङ्ग्रहहरूका श्लोकहरूमा पर्याप्त प्रयोग भएका हुन्छन् । अतः एसोसँग यिनीहरूको रूपायन र प्रयोग बुझौं ।

नियम - '५० ङ' शब्दरूपायनसम्बन्धी, चक्षुस् (आँखा) शब्द नपुंसकलिङ्ग

चक्षुस् (आँखा) शब्दको रूपायन

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	चक्षुः	चक्षुषी	चक्षूंषि
द्वितीया	चक्षुः	चक्षुषी	चक्षूंषि
तृतीया	चक्षुषा	चक्षुर्भ्याम्	चक्षुर्भिः
चतुर्थी	चक्षुषे	चक्षुर्भ्याम्	चक्षुर्भ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	चक्षुषः	चक्षुर्भ्याम्	चक्षुर्भ्यः
षष्ठी	चक्षुषः	चक्षुषोः	चक्षुसाम्
सप्तमी	चक्षुषि	चक्षुषोः	चक्षुःषु
सम्बोधन	हे चक्षुः !	हे चक्षुषी !	हे चक्षूंषि !

यसैंगरी २. वपुस् (शरीर) – वपुः वपुषी वपूंषि .. . ... ।
३. आयुस् (उमेर) – आयुः आयुषी आयूंषि .... . . ।
४. यजुस् (यजुर्वेद) – यजुः यजुषी यजूंषि ... . . ।
५ धनुस् (धनु) धनुः धनुषी धनूंषि .... ।

* संस्कृतजिज्ञासु मित्रहरू तथा प्यारा विद्यार्थी भाइबहिनीहरू। माथि बताइएका इयसुन् प्रत्ययान्त शब्दहरू नपुंसकलिङ्गी कुनै शब्दको विशेषण भएका अवस्थामा त्यस्ता शब्दका रूपायन मनस्शब्दजस्तै हुन्छन् –

मनः मनसी मनांसि . ... । श्रेयः श्रेयसी श्रेयांसि .. .. .. ।

केही सान्तशब्दका प्रयोगहरू –

१. कोऽर्थः पुत्रेण जातेन यो नविद्वान् न धार्मिकः ।
काणेन चक्षुषा किंवा- चक्षुःपीडैव केवलम् ।।
२. पय:पान भुजङ्गानां केवलं विषवर्धनम् ।
३. नास्ति विद्यासमं चक्षु, नास्ति सत्यसमं तपः ।
नास्ति रागसमं दुखं नास्ति त्यागसमं सुखम् ।।

माथिका श्लोक र श्लोकांशहरूको अर्थ गर्नुहोस् ।

छत्तीसौं दिन
षट्त्रिंशः दिवसः

श्लोकाय नमः

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! बोलचाल गर्दा, लेख्दा, भाषण गर्दा हामीले कर्मलाई अथवा कुनै वस्तु, स्थान आदिलाई राम्रो-नराम्रो, गुनी-बैगुनी, रातो-कालो आदि ■नुपर्छ । त्यस्ता कुराहरूलाई विशेषण भनिन्छ। ती-ती विशेषणहरूको वाक्यहरूमा थेरै प्रयोग गरिन्छ । विशेषण भनेको कुनै पनि वस्तु, व्यक्ति वा स्थानका विभिन्न किसिमका विशेषता बताउने शब्द हो । अंग्रेजीमा विशेषणलाई Adjective र क्रियाविशेषणलाई Advarb भनिन्छ । विद्वान्हरूले विशेषणको समुचित प्रयोगविधि सिकाउने क्रममा विभिन्न प्रकारका विशेषणको चर्चा गरेका छन् । परन्तु यस पुस्तकमा ती सबै कुरा प्रस्तुत गर्न नसकिए पनि केही आवश्यक विशेषणहरूको ज्ञान गराउने जमर्को गरिएको छ ।

नियम - '५१ क' निश्चित सङ्ख्यावाचक विशेषण र प्रयोग

आजसम्म बोलचाल गर्दा अति आवश्यक मानिने संख्यावाचक शब्दहरूको प्रयोग सिकाइएको छैन । किनभने संख्यावाचक शब्दको कतै कतै विशेषणकै रूपमा पनि प्रयोग हुने भएकाले विशेषणकै प्रसङ्गमा तीं शब्दहरूको चर्चा गर्नु उपयुक्त देखिएको छ । नेपालीमा गणना गर्दा १, २, ३, ४ शब्दहरू पढेझैं संस्कृतमा गणना गर्दा एकः, द्वौ त्रयः, चत्वारः पञ्च आदि गणनावाचक शब्द पढौं र यिनको रूपायन र प्रयोगविधिमा दक्ष बनौं ।

एकशब्दका तीनै लिङ्गका रूपायन

विभक्ति	शब्द	पुलिङ्ग	नपुंसकलिङ्ग	स्त्रीलिङ्ग
प्रथमा	एक	एकः	एकम्	एका
द्वितीया	एक	एकम्	एकम्	एकाम्
तृतीया	एक	एकेन	एकेन	एकया
चतुर्थी	एक	एकस्मै	एकस्मै	एकस्यै
पञ्चमी	एक	एकस्मात्	एकस्मात्	एकस्याः
षष्ठी	एक	एकस्य	एकस्य	एकस्याः
सप्तमी	एक	एकस्मिन्	एकस्मिन्	एकस्याम्

* एकशब्दले '१ सङ्ख्या'लाई मात्र बुझाउने भएको हुँदा यसको प्रयोग एकवचनमा मात्रै हुन्छ । यसका रूपहरू तीनै लिङ्गमा हुन्छन् एकशब्दको रूपायन पुलिङ्गमा सर्वजस्तै, स्त्रीलिङ्गमा सर्वा जस्तै र नपुंसकलिङ्गमा सर्वम् जस्तै हुन्छ । यून कुरा तपाईहरूले रूपायनको तालिकाबाटै बुझ्नु हुनेछ ।

द्विशब्दका तीनै लिङ्गका रूपायन

विभक्ति	शब्द	पुंलिङ्ग	नपुंसकलिङ्ग	स्त्रीलिङ्ग
प्रथमा	द्वि	द्वौ	द्वे	द्वे
द्वितीया	द्वि	द्वौ	द्वे	द्वे
तृतीया	द्वि	द्वाभ्याम्	द्वाभ्याम्	द्वाभ्याम्
चतुर्थी	द्वि	द्वाभ्याम्	द्वाभ्याम्	द्वाभ्याम्
पञ्चमी	द्वि	द्वाभ्याम्	द्वाभ्याम्	द्वाभ्याम्
षष्ठी	द्वि	द्वयोः	द्वयोः	द्वयोः
सप्तमी	द्वि	द्वयोः	द्वयोः	द्वयोः

* द्विशब्दले '२' सङ्ख्याबोधाई मात्र बुझाउने भएको हुँदा यसको प्रयोग द्विवचनमा मात्रै हुन्छ । पुंलिङ्गमा र नपुंसकलिङ्गमा द्विलाई द्व बनाएर सर्वशब्दसमान रूप तयार गरिन्छ भने स्त्रीलिङ्गमा द्विलाई द्वा बनाएर सर्वाशब्दकै समान रूप तयार गरिन्छन् ।

त्रिशब्दका तीनै लिङ्गका रूपायन

विभक्ति	शब्द	पुंलिङ्ग	नपुंसकलिङ्ग	स्त्रीलिङ्ग
प्रथमा	त्रि	त्रयः	त्रीणि	तिस्रः
द्वितीया	त्रि	त्रीन्	त्रीणि	तिस्रः
तृतीया	त्रि	त्रिभिः	त्रिभिः	तिसृभिः
चतुर्थी	त्रि	त्रिभ्यः	त्रिभ्यः	तिसृभ्यः
पञ्चमी	त्रि	त्रिभ्यः	त्रिभ्यः	तिसृभ्यः
षष्ठी	त्रि	त्रयाणाम्	त्रयाणाम्	तिसृणाम्
सप्तमी	त्रि	त्रिषु	त्रिषु	तिसृषु

* त्रिशब्दले '३' सङ्ख्याबोधाई मात्र बुझाउने भएको हुँदा यसको प्रयोग बहुवचनमा मात्रै हुन्छ । पुंलिङ्गी त्रिशब्दको षष्ठीको बहुवचनमा त्रयाणाम् रूप हुन्छ भने अरू सबै रूप हरिशब्दका रूपसमान हुन्छन् । त्रिशब्दको नपुंसकलिङ्गमा प्रथमा र द्वितीया विभक्तिको बहुवचनमा त्रीणि, त्रीणि रूप हुन्छन्, अरू रूप भने पुंलिङ्गकै समान हुन्छन् । त्रिशब्दको स्त्रीलिङ्गमा भने त्रिलाई तिसृ बनाएर प्रथमा र द्वितीयाको बहुवचनमा तिस्रः, तिस्रः बन्दछन् भने बाँकी विभक्तिका रूप मातृशब्दकै रूपसमान हुन्छन् ।

चतुरशब्दका तीनै लिङ्गका रूपायन

विभक्ति	शब्द	पुंलिङ्ग	नपुंसकलिङ्ग	स्त्रीलिङ्ग
प्रथमा	चतुर्	चत्वारः	चत्वारि	चतस्रः
द्वितीया	चतुर्	चतुरः	चत्वारि	चतस्रः
तृतीया	चतुर्	चतुर्भिः	चतुर्भिः	चतसृभिः
चतुर्थी	चतुर्	चतुर्भ्यः	चतुर्भ्यः	चतसृभ्यः
पञ्चमी	चतुर्	चतुर्भ्यः	चतुर्भ्यः	चतसृभ्यः
षष्ठी	चतुर्	चतुर्णाम्	चतुर्णाम्	चतसृणाम्
सप्तमी	चतुर्	चतुर्षु	चतुर्षु	चतसृषु

* संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! चतुरशब्दका प्रत्येक विभक्तिका रूपहरूको बारेमा तपाईंहरूलाई खोलेर भिन्दाभिन्दै नियम बताउने हो भने तपाईंहरू अल्मलिन सक्नुहुन्छ । त्यसकारण माथि तालिकामा जसरी रूपायन प्रस्तुत गरिएको छ, त्यसरी नै कण्ठस्थ गरी प्रयोग गर्न लाग्नुभयो भने प्रयोग गर्दागर्दै तपाईं आफैं पोख्त हुनुहुनेछ । नपुंसकलिङ्गमा प्रथमा र द्वितीयामा चत्वारि, चत्वारि रूप हुन्छन्, अरू रूप पुंलिङ्गका जस्तै हुन्छन् यसरी बुझेर प्रयो गर्नुहोला । स्त्रीलिङ्गमा चतुरशब्दलाई चतस् बनाएर प्रथमा र द्वितीयाको बहुवचनमा चतस्रः, चतस्रः हुन्छन् भन्ने कुरा बुझ्नुहोस् र अरू विभक्तिका रूप मातृशब्दकै आधारमा तयार गरी प्रयोग गर्नुहोस् ।

* संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! यसरी नै सबसम्म पुग्नुपर्ने हो कि भनेर लक्षालिनुहोस् । अब तपाईंहरू सङ्ख्यावाचक शब्दको समस्याबाट मुक्त हुनुभयो । अब एकदेखि चारसम्मका संख्यावाचक शब्दहरूका रूपायनको प्रयोगबाट अनेका केही वाक्यहरू उदाहरणार्थ प्रस्तुत गरिन्छन् ।

	पुंलिङ्ग	स्त्रीलिङ्ग	नपुंसकलिङ्ग
एक	एकः बालकः क्रीडति –	एका बालिका नृत्यति –	एकम् पुस्तकम् अस्ति –
	एउटा केटा खेल्छ ।	एउटी बालिका नाच्छिन् ।	एउटा किताब हो ।
	एकम् बालकम् पश्य –	एकां बालिकाम् पश्य –	एकम् पुस्तकम् नय –
	एउटा बालकलाई हेर ।	एउटी बालिकालाई हेर ।	एउटा पुस्तक लैजाऊ ।
द्वि	द्वौ बालकौ अक्रीडताम् –	द्वे बालिके अनृत्यताम् –	रामः द्वे पुस्तके अनयत् –
	दुई बालक खेले	दुई केटीहरू नाचे ।	रामले दुई वटा किताब लग्यो ।
	सः द्वौ पाठौ अपठत् –	सः द्वे बालिके अपश्यत् –	सः द्वे पुस्तके अपठत् –
	उसले दुई वटा पाठ पढ्यो	उसले दुई वटी केटीलाई हेऱ्यो ।	उसले दुई वटा किताब पढ्यो ।
त्रि	त्रय- बालकाः पठिष्यन्ति –	तिस्रः कन्याः गमिष्यन्ति –	त्रीणि पुस्तकानि सन्ति –
	तीन वटा केटाहरू पढ्नेछन् ।	तीन वटी केटीहरू जानेछन् ।	तीन वटा किताबहरू हुन् ।
	त्रीन बालकान् पाठयिष्यामि –	तिस्रः कन्याः पाठयिष्यामि –	त्वम् त्रीणि पुस्तकानि पठिष्यसि –
	तीन वटा केटाहरूलाई पढाउनेछु।	तीन वटी केटीहरूलाई पढाउनेछु।	तिमी तीनवटा किताब पढ्नेछौ
चतुर्	चत्वारः बालकाः क्रीडन्तु –	चतस्रः कन्याः नृत्यन्तु –	चत्वारि फलानि आनयन्तु –
	चारवटा केटाहरू खेलुन् ।	चारवटी केटीहरू नाचुन् ।	चारवटा फल ल्याउनुहोस् ।
	चतुरः बालकान् पाठयतु –	चतस्रः कन्याः पाठयतु –	सः चत्वारि फलानि खादतु –
	चारवटा केटाहरूलाई पढाउनुहोस्।	चारवटी केटीहरूलाई पढाउनुहोस् ।	उसले चारवटा फल खाओस् ।

* संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! तपाईंहरूले पढेका विषयवस्तुहरू राम्रोसँग बुझ्नुभयो अथवा बुझ्नुभएन भन्ने कुरा परीक्षण गर्न अगाडि संपरीक्षण तालिका प्रस्तुत गरिएको छ । उक्त तालिकाका आधारमा तल दिइएका निर्देशनअनुसार सबै वाक्य बनाउने प्रयास गर्नुहोस् । निर्देशनअनुसार सबै वाक्यहरू शुद्ध बनाउन सक्नुभयो भने आफूले राम्रोसँग बुझेर पढेको साक्षी ठुक्क हुनुहोस् । कहीं कतै थोरै पनि आफूमा कमी-कमजोरी पाउनुभयो भने पुनः विषयवस्तुको बोध गरी गल्ती सच्याई अगाडि बढ्ने प्रण गर्नुहोस् ।

संपरीक्षण तालिका - ४०

	समूह 'क'	समूह 'ख'	समूह 'ग'		समूह 'घ'		
	मुकुन्दस्य	एक:	पुत्र:				
	रामस्य	एकम्	पुत्रौ				
	तस्य	एका	पुत्रा:				
	तस्या:	द्वौ	पुत्री				
	भगवत्या:	द्वे	पुत्र्यौ		अस्ति	स्त:	सन्ति
अपि	तव	द्वे	पुत्र्य:	न	आसीत्	आस्ताम्	आसन्
	मम	त्रय:	पुस्तकं		भविष्यति	भविष्यत:	भविष्यन्ति
	नन्दिन्या:	तिस्र:	पुस्तके		अस्तु	स्ताम्	सन्तु
	मातु:	त्रीणि:	पुस्तकानि				
	पितु:	चत्वार:	बालिका				
	देवदत्तस्य	चतस्र:	बालिके				
	भगिन्या:	चत्वारि	बालिका:				

१. माथिको तालिकामा 'अपि' र 'न' अव्यय प्रश्नवाचक एवं नकारात्मक वाक्य बनाठनका लागि हो भन्ने कुरा पहिलेका तालिकाहरूबाट तपाईंहरू प्रष्ट भइसक्नुभएको छ । यहाँ उक्त शब्द तपाईंहरूलाई नकारात्मक वाक्य बनाठनका लागि सजिलो होस् भन्ने हेतुले राखिएको हो ।

२ 'ख'-'ग' समूहको मिल्दो सङ्गतिमा 'घ'बाट उपयुक्त क्रिया चयन गरी 'क'समूहबाट कुनै एक शब्द प्रयोग गरेर अनेकौं वाक्य बनाउनुहोस् ।

५. तालिकाको प्रयोग गरेर दश नकारात्मक र दश प्रश्नवाचक वाक्य बनाएर आफ्नो अभ्यास बढाउनुहोस् ।

* विद्यार्थी भाइबहिनी हो ! यसैगरी तृतीया आदि विभक्तिहरूको पनि प्रयोग गर्ने बुझ्ने गर्दै जानुहोला । आउनुहोस् अब पञ्चन् शब्द पढौं । यो शब्द पढेपछि ६ सङ्ख्यालाई बताउने षट्शब्दलाई छोडेर उन्नाइस सङ्ख्यालाई बताउने नवदशसम्मका रूपायन बुझ्न सकिन्छ । चार सङ्ख्यालाई बताउने शब्दसम्म तीनै लिङ्गका रूपहरू पहुनुपर्ने हुन्छ, परन्तु पञ्चन्शब्ददेखि अष्टादशसम्मका शब्दहरू बहुवचनमा मात्र प्रयुक्त हुन्छन् र तीनै लिङ्गमा समान रूप हुन्छन् ।

तीनै लिङ्गका रूपायन

शब्द	प्रथमा	द्वितीया	तृतीया	चतुर्थी	पञ्चमी	षष्ठी	सप्तमी
पञ्चन्-५	पञ्च	पञ्च	पञ्चभि:	पञ्चभ्य:	पञ्चभ्य:	पञ्चानाम्	पञ्चसु
षष्-६	षट्	षट्	षड्भि:	षड्भ्य:	षड्भ्य:	षण्णाम्	षट्सु

* षष्शब्द बहुवचनान्त भए पनि यसका रूप पञ्चन्शब्दभन्दा भिन्न हुने हुनाले जस्ताको तस्तै पढ्नु होला । सप्तन्देखि नवदशन् सम्मका रूप त पञ्चन्शब्दका जस्तै हुन् । जुन कुरा तलको तालिकाबाट स्पष्ट हुनेछ ।

सप्तन्-७	सप्त	सप्त	सप्तभि:	सप्तभ्य:	सप्तभ्य:	सप्तानाम्	सप्तसु
अष्टन् ८	अष्ट	अष्ट	अष्टभि:	अष्टभ्य:	अष्टभ्य:	अष्टानाम्	अष्टसु
नवन्-९	नव	नव	नवभि:	नवभ्य:	नवभ्य:	नवानाम्	नवसु

दशन्-१०	दश	दश	दशभिः	दशभ्यः	दशभ्यः	दशानाम्	दशसु
एक+दशन्-११	एकादश	एकादश	एकादशभिः	एकादशभ्यः	एकादशभ्यः	एकादशानाम्	एकादशसु
द्वि+दशन्-१२	द्वादश	द्वादश	द्वादशभिः	द्वादशभ्यः	द्वादशभ्यः	द्वादशानाम्	द्वादशसु
त्रि+दशन् १३	त्रयादश	त्रयोदश	त्रयोदशभिः	त्रयोदशभ्यः	त्रयोदशभ्यः	त्रयोदशानाम्	त्रयोदशसु
चतुर्+दशन्-१४	चतुर्दश	चतुर्दश	चतुर्दशभिः	चतुर्दशभ्यः	चतुर्दशभ्यः	चतुर्दशानाम्	चतुर्दशसु
पञ्चन्+दशन्-१५	पञ्चदश	पञ्चदश	पञ्चदशभिः	पञ्चदशभ्यः	पञ्चदशभ्यः	पञ्चदशानाम्	पञ्चदशसु
षष् + दशन्-१६	षोडश	षोडश	षोडशभिः	षोडशभ्यः	षोडशभ्यः	षोडशानाम्	षोडशसु
सप्तन्+दशन्-१७	सप्तदश	सप्तदश	सप्तदशभिः	सप्तदशभ्यः	सप्तदशभ्यः	सप्तदशानाम्	सप्तदशसु
अष्टन्+दशन्-१८	अष्टादश	अष्टादश	अष्टादशभिः	अष्टादशभ्यः	अष्टादशभ्यः	अष्टादशानाम्	अष्टादशसु
नवन्+दशन्-१९	नवदश	नवदश	नवदशभिः	नवदशभ्यः	नवदशभ्यः	नवदशानाम्	नवदशसु

* *माथि प्रयुक्त पञ्चन् आदि शब्दहरूको संक्षिप्त वाक्यगत प्रयोग –*

पञ्च बालकाः पठन्ति । पञ्च बालिकाः पठन्ति । पञ्च पुस्तकानि सन्ति

अष्टादश बालकाः आगच्छन् । अष्टादश बालिकाः आगमिष्यन्ति । जना अष्टादश पुराणानि पठन्ति ।

* संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! तपाईंहरूले पढेका विषयवस्तुहरू राम्रोसँग बुझ्नुभयो अथवा बुझ्नुभएन भन्ने कुरा परीक्षण गर्न अगाडि संपरीक्षण तालिका प्रस्तुत गरिएको छ । उक्त तालिकाका आधारमा तल दिइएका निर्देशनअनुसार सबै वाक्य बनाउने प्रयास गर्नुहोस् । निर्देशनअनुसार सबै वाक्यहरू शुद्ध बनाउन सक्नुभयो भने आफूले राम्रोसँग बुझेर पढेको संझी दुक्क हुनुहोस् । कहाँ कतै थारै पनि आफूमा कमी-कमजोरी पाउनुभयो भने पुनः विषयवस्तुको बोध गरी गल्ती सच्याई अगाडि बढ्ने प्रण गर्नुहोस् ।

संपरीक्षण तालिका – ४१

	समूह 'क'	समूह 'ख'	समूह 'ग'		समूह 'घ'
		पञ्च	बालकाः		
		षट्	बालिकाः		
		सप्त	पुस्तकानि		
	मुकुन्दस्य गृहे	अष्टौ	अश्वाः		
	नन्दन्याः वाटिकायां	नव	करिण्यः		सन्ति
अपि	सुरेशस्य क्षेत्रे	एकादश	कृषकाः	न	आसन्
	दिनेशस्य कार्यालये	द्वादश	भवनानि		भविष्यन्ति
	भगवत्याः गृहे	त्रयोदश	पुष्पवृक्षाः		सन्तु
	मातुः समीपे	चतुर्दश	पुष्पाणि		भवन्तु
	पितुः पार्श्वे	पञ्चदश	उपवनानि		
		षोडश	धेनवः		
		सप्तदश	मानवाः		
		अष्टादश	छात्राः		
		नवदश	अजाः		

१ माथिको तालिकामा 'अपि' र 'न' अव्यय प्रश्नवाचक र नकारात्मक वाक्य बनाउनका लागि हो भन्ने कुरा पहिलेका तालिकाहरूबाट तपाईंहरू प्रष्ट भइसक्नुभएको छ । यहाँ उक्त शब्द तपाईंहरूलाई नकारात्मक वाक्य बनाउनका लागि सजिलो होस् भन्ने हेतुले राखिएको हो ।

२ प्रथमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख' र 'ग'बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस्

३ मध्यमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख' र 'ग'बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस्।

४. उत्तमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख' र 'ग'बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस्।

५ तालिकाको प्रयोग गरेर दश नकारात्मक र दश प्रश्नवाचक वाक्य बनाएर आफ्नो अभ्यास बढाउनुहोस्

* उक्त तीनै उदाहरणहरूमा यच्छन् र अष्टन् शब्दको प्रयोग तीनै लिङ्गमा समानरूपमा प्रयोग गरिएको कुरा रेखाङ्कित सङ्गतिबाट बुझ्न सकिन्छ ।

* बीस (२०) लाई संस्कृतमा विंशतिः भनिन्छ । यो शब्द एकवचनान्त स्त्रीलिङ्गी हो । यसका रूपहरू 'मति'शब्दका जस्तै हुन्छन् । तीस (३०) लाई त्रिंशत् भनिन्छ, यो पनि एकवचनान्त स्त्रीलिङ्गी शब्द हो । यसका रूपायन सरित्शब्दसमान हुन्छन् । चालीस (४०) लाई चत्वारिंशत्, पचास (५०) लाई पञ्चाशत् भनिन्छ, यी शब्द पनि त्रिंशद्शब्दजस्तै हुन् । साठी (६०) लाई षष्टिः, सत्तरी (७०) लाई सप्ततिः, अस्सी (८०) लाई अशीतिः र नब्बे (९०) लाई नवतिः भनिन्छ । यी शब्दहरू एकवचनान्त मतिशब्दजस्तै हुन् । सय (१००) लाई शतम् भनिन्छ, यो शब्द नपुंसकलिङ्गी हो र यसको रूप पुस्तकशब्दका रूपायन जस्तै हुन्छन् ।

\- नेपालीमा पहिलो, पहिलीजस्ता शब्दहरू वाक्यमा प्रयुक्त हुन्छन् । जस्तै निर्मल परीक्षामा प्रथम अथवा पहिलो भयो निर्मला परीक्षामा प्रथम अथवा पहिली भईन् आदि । यस्तो अर्थ बुझ्नाउन संस्कृतमा संख्यावाचक शब्दहरूदेखि पूरणार्थक प्रत्यय गरिन्छ । एकदेखि सयसम्मका अङ्कहरूमा पूरणार्थक प्रत्यय गरी निष्पन्न भएका तीनै लिङ्गका रूपहरू तल हेर्नुहोला ।

सङ्ख्या	पुंलिङ्ग	नपुंसकलिङ्ग	स्त्रीलिङ्ग
एक	एकः	प्रथमः	प्रथमम्	प्रथमा
द्वि	द्वौ	द्वितीयः	द्वितीयम्	द्वितीया
त्रि	त्रयः	तृतीयः	तृतीयम्	तृतीया
चतुर्	चत्वारः	चतुर्थः	चतुर्थम्	चतुर्थी
पञ्चन्	पञ्च	पञ्चमः	पञ्चमम्	पञ्चमी
षष्	षट्	षष्ठः	षष्ठम्	षष्ठी
सप्तन्	सप्त	सप्तमः	सप्तमम्	सप्तमी
अष्टन्	अष्ट	अष्टमः	अष्टमम्	अष्टमी
नवन्	नव	नवमः	नवमम्	नवमी
दशन्	दश	दशमः	दशमम्	दशमी
एकादशन्	एकादश	एकादशः	एकादशम्	एकादशी

द्विदशन्	द्वादश	द्वादशः	द्वादशम्	द्वादशी
त्रिदशन्	त्रयोदश	त्रयोदशः	त्रयोदशम्	त्रयोदशी
चतुर्दशन्	चतुर्दश	चतुर्दशः	चतुर्दशम्	चतुर्दशी
पञ्चदशन्	पञ्चदश	पञ्चदशः	पञ्चदशम्	पञ्चदशी
षोडशन्	षोडश	षोडशः	षोडशम्	षोडशी
सप्तदशन्	सप्तदश	सप्तदशः	सप्तदशम्	सप्तदशी
नवदशन्	नवदश	नवदशः	नवदशम्	नवदशी
(एक+ऊनविंशति)	एकोनविंश:	एकोनविंशः	एकोनविंशम्	एकोनविंशी
		(एकोनविंशतितमः)	(एकोनविंशतितमम्)	(एकोनविंशतितमी)
एक+विंशति	एकविंशतिः	एकविंशः	एकविंशम्	एकविंशी
द्वि+विंशति	द्वाविंशतिः	द्वाविंशतितमः	द्वाविंशतितम्	द्वाविंशतितमी
त्रि+विंशति	त्रयोविंशतिः	त्रयोविंशतितमः	त्रयोविंशतितम्	त्रयोविंशतितमी

* यसैगरी चतुर्विंशतिः, पञ्चविंशतिः, षड्विंशतिः, सप्तविंशतिः, अष्टविंशतिः र नवविंशतिः सम्मका शब्दहरूमा रूपायन पूरणार्थक प्रत्ययका पनि बुझ्नुहोला ।

	संख्या	पुंलिङ्ग	नपुंसकलिङ्ग	स्त्रीलिङ्ग
एक+ऊनत्रिंशत्	एकोनत्रिंशत्	एकोनत्रिंशत्तमः	एकोनत्रिंशत्तमम्	एकोनत्रिंशत्तमी

यसैगरी त्रिंशत् (३०) एकत्रिंशत् (३१), द्वात्रिंशत् (३२), त्रयस्त्रिंशत् (३३) चतुस्त्रिंशत् (३४), पञ्चत्रिंशत् (३५), षट्त्रिंशत् (३६) सप्तत्रिंशत् (३७), अष्टत्रिंशत् (३८), नवत्रिंशत् (एकोनचत्वारिंशत्) (३९), चत्वारिंशत् (४०), एकचत्वारिंशत् (४१), द्वाचत्वारिंशत् (४२), त्रिचत्वारिंशत् (४३), चतुश्चत्वारिंशत् (४४) पञ्चचत्वारिंशत् (४५), षट्चत्वारिंशत् (४६), सप्तचत्वारिंशत् (४७), अष्टचत्वारिंशत् (४८), नवचत्वारिंशत् (एकोनचत्वारिंशत्) (४९), पञ्चाशत् (५०), एकपञ्चाशत् (५१), द्वापञ्चाशत् (५२) त्रय.पञ्चाशत् (५३), चतुःपञ्चाशत् (५४), पञ्चपञ्चाशत् (५५), षट्पञ्चाशत् (५६), सप्तपञ्चाशत् (५७), अष्टपञ्चाशत् (५८) र नवपञ्चाशत् (५९) शब्दहरूमा पनि माथिकै विधिबाट पूरणार्थ प्रत्यय लगाई सबै लिङ्गका रूपायन बुझ्नुहोला ।

	संख्या	पुंलिङ्ग	नपुंसकलिङ्ग	स्त्रीलिङ्ग
एक+ऊनषष्टि	एकोनषष्टिः	एकोनषष्टितमः	एकोनषष्टितमम्	एकोनषष्टितमी

* यसैगरी षष्टिः (६०), एकषष्टिः (६१), द्वाषष्टिः (६२), त्रयःषष्टिः (६३), चतुःषष्टिः (६४), पञ्चषष्टिः (६५), षट्षष्टिः (६६), सप्तषष्टिः (६७), अष्टषष्टिः (६८), नवषष्टिः (एकोनषष्टिः) (६९), सप्ततिः (७०), एकसप्ततिः (७१), द्वासप्ततिः (७२), त्रयःसप्ततिः (७३), चतुःसप्ततिः (७४), पञ्चसप्ततिः (७५), षट्सप्ततिः (७६), सप्तसप्ततिः (७७), अष्टसप्ततिः (७८), नवसप्ततिः (एकोनाशीतिः) (७९), अशीतिः (८०), एकाशीतिः (८१), द्व्यशीतिः (८२), त्र्यशीतिः (८३), चतुरशीतिः (८४), पञ्चाशीतिः (८५), षडशीतिः (८६), सप्ताशीतिः (८७), अष्टाशीतिः (८८), नवाशीतिः (एकोननवतिः) (८९), नवतिः (९०) एकनवतिः (९१), द्विनवतिः (९२), त्रयोनवतिः (९३), चतुर्नवतिः (९४), पञ्चनवतिः (९५), षण्णवतिः (९६), सप्तनवतिः (९७), अष्टनवतिः (९८) र नवनवतिः (९९) आदि शब्दहरूको पनि एकोनषष्टितमः, एकोनषष्टितमम्, एकोनषष्टितमी जस्ता सबै रूपायन बुझेर प्रयोग गर्ने अभ्यास गर्नुहोला ।

	सङ्ख्या	पुंलिङ्ग	नपुंसकलिङ्ग	स्त्रीलिङ्ग
शत	शतम्	शततमः	शततमम्	शततमी
द्वि+शत	द्विशतम्	द्विशततमः	द्विशततमम्	द्विशततमी
त्रि+शत	त्रिशतम्	त्रिशततमः	त्रिशततमम्	त्रिशततमी
चतुरशत्	चतुरशतम्	चतुरशततमः	चतुरशततमम्	चतुरशततमी
पञ्चशत	पञ्चशतम्	पञ्चशततमः	पञ्चशततमम्	पञ्चशततमी
षड्शत	षट्शतम्	षट्शततमः	षट्शततमम्	षट्शततमी
सप्तशत	सप्तशतम्	सप्तशततमः	सप्तशततमम्	सप्तशततमी
अष्टशत	अष्टशतम्	अष्टशततमः	अष्टशततमम्	अष्टशततमी
नवशत	नवशतम्	नवशततमः	नवशततमम्	नवशततमी
सहस्र	सहस्रम्	सहस्रतमः	सहस्रतमम्	सहस्रतमी

* यसैगरी अयुतम् (१०,०००) (नपुं.), लक्षम् (१,००००० (नपुं.), प्रयुतम् (१०,००००० (नपुं.), कोटिः (१,०००००००) (स्त्री.), अर्बुदः (१०,०००००००) (नपुं.), अब्जम् (१,०००००००००) (नपुं.), खर्बः/खर्बम् (१०,०००००००००) (पुं., नपुं.), निखर्बः (१,०००००००००००) (पुं., नपुं.), महापद्मम् (१०,०००००००००००) (नपुं.), नीलः/शङ्कुः (१,०००००००००००००) (पुं.) आदि अङ्कका रूपायनहरू अयुतम् - अयुततमः, अयुततमम्, अयुततमी, लक्षतमः, लक्षतमम्, लक्षतमी आदि बुझ्नुहोला ।

उक्त सङ्ख्यावाचक शब्दहरूको प्रयोग कसरी गर्ने भन्ने समस्याको समाधानका लागि तल केही प्रयोगहरू प्रस्तुत गरिदैछ । तिनलाई हेरेर सङ्ख्या शब्दको प्रयोगविधि बुझौं । विद्यार्थी भाइबहिनी हो ! जबसम्म प्रयोग गरिदैन त्यो ज्ञान प्राप्त गर्नु र नगर्नुमा कुनै अन्तर छैन ।

वाक्यात्मक उदाहरण

१.	अस्याम् कक्षायाम् पञ्चत्रिंशत् छात्राः सन्ति	यस कक्षामा ३५ विद्यार्थी छन् ।
२.	षष्टिः छात्राः विद्यालये, अनुपस्थिताः सन्ति -	साठी विद्यार्थीहरू विद्यालयमा अनुपस्थित छन् ।
३.	पञ्चाशत् पुस्तकानि मम पार्श्वे सन्ति	पचास पुस्तकहरू मसँग छन् ।
४	पञ्चपञ्चाशत् नार्यः वाराणसीम् अगच्छन् -	पचपन्न महिलाहरू बनारस गए ।
५.	अस्याः पुस्तिकायाः मूल्यम् नवतिरूप्यकाणि अस्ति -	यो पुस्तिकाको मूल्य ९० रूपैयाँ हो ।
६.	दिनेशस्य गृहस्य मूल्यम् लक्ष्यमस्ति -	दिनेशको घरको मूल्य एक लाख हो ।
७.	केचन क्रेतुम् - इच्छन्ति तर्हि मम क्षेत्रस्य मूल्यम् - षष्टि सहस्रम् अस्ति -	कसैले किन्न खोजेमा मेरो खेतको मूल्य साठी हजार हो ।
८	शतम् - विहाय भोक्तव्यम् -	सय काम छोडे खानुपर्छ ।
	सहस्रम् स्नानम् आचरेत् -	हजार काम छोडेर नुहाउनुपर्छ ।
	लक्ष्यम् विहाय शयितव्यम् -	एक लाख काम छोडेर सुत्नुपर्छ ।
	कोटिम् त्यक्त्वा हरिम् भजेत् -	एक करोड काम छोडेर भगवान्को स्मरण गर्नुपर्छ ।
९	सहस्रपञ्चकम् गृहीत्वा दिनेशः गोरक्षपुरम् अगच्छत् -	पाँच हजार लिएर दिनेश गोरखपुर गयो
१०.	पञ्च-पुस्तकानि कृत्वा त्वम् विद्यालयम् गच्छ -	पाँचवटा किताब किनेर तिमी विद्यालय जाऊ ।

* माथिका उदाहरण राम्रोसँग बुझेर अगाडि बढ्नु होला, नबुझेका कुराहरू आ-आफ्ना गुरुहरूसँग संकोच नमानीकन सोध्नु होला ।

* संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! १००, १०००, ६२, ९० आदि भन्दा त कुनै समस्या छैन परन्तु जब १३५, ४२६०, २०४५, १९६० भनुपर्छ त्यतिबेला विद्यार्थीहरूलाई ती सङ्ख्याहरूको संस्कृत रूपान्तरण गर्न अप्ठ्यारो लाग्न सक्छ । अब अप्ठ्यारो नलाग्ने तरिका सिकौं ।

* संस्कृतमा सयदेखि माथिका सङ्ख्यालाई बताउनुपर्दा अङ्कहरूको गणना बायाँतर्फबाट गरिन्छ । भनिएको छ – अङ्कानां वामतो गतिः अर्थात् अङ्कहरूको गणना बायाँतर्फबाट गर्दै जानुपर्छ । अस्तै पात्रो हेर्नुभयो भने त्यसमा त्यो वर्ष बताउनका लागि 'रामरसनभोलोचन २०६३'मित विक्रमाब्दशरदः जस्ता वाक्यहरू प्रयोग गरिन्छ । माथि हामीले अङ्कहरूको गणना बायाँतर्फबाट गर्नुपर्छ भनिसक्यौं अब हेर्नुहोस् पञ्चाङ्गको वाक्य बायाँतर्फ लोचन छ यसको तात्पर्य हुन्छ २, त्यसपछि नभ आउँछ, नभ को तात्पर्य हुन्छ ०, त्यसपछि रस आउँछ, त्यसको तात्पर्य हुन्छ ६ र त्यसपछि राम आउँछ, त्यसको तात्पर्य ३ हो । अब तपाईंहरूले बायाँतर्फबाट गणना गर्नुहोस् क्रमशः २ ० ६ ३ भयो । यसको तात्पर्य हो २०६३ । यसैगरी एक सय पैंतीस भनुपर्दा पैंतीसको अर्थमा पञ्चत्रिंशत् लेख्ने त्यसपछि उत्तरशब्दको प्रयोग गर्ने, त्यसपछि १०० को अर्थ एकशतम् भनेपछि यी शब्दहरूलाई जोड्दा पञ्चत्रिंशदुत्तरम् एकशतम् भयो । यहाँ यस वाक्यमा पैंतीसलाई पहिले भनियो भने एक सयलाई पछिबाट । संस्कृतमा पैंतीसपछि एक सय भनिने हुँदा पञ्चत्रिंशदुत्तरम् एकशतम् भयो । यसै रीतिबाट तलका प्रयोगहरूको तात्पर्य बुझ्नु होला ।

१. ४२६० – षष्ट्युत्तरद्विशतोत्तरचतुःसहस्रम् ।
२. २०४५ – पञ्चचत्वारिंशदुत्तरद्विसहस्रम्
३. १९६० – षष्ट्युत्तरनवशतोत्तरसहस्रम् ।

अभ्यास

क) संस्कृतमा अनुवाद गर्नुहोस्

१. मेरो कोठामा ३५ पुस्तकहरू छन् ।
२. गोपालको घरमा चारवटी केटी छन्
३. मोहनसँग २० वटा आँप छन् ।
४. दशरथका ३ वटी रानी थिए ।
५. ४३ विद्यार्थीहरू वाराणसी गए ।
६. १५ वटा अध्यापकहरू आएका छन्
७ १९ वटी केटीहरू प्रथम भए ।
८ ६१ कृषकहरू लाभान्वित हुनेछन् ।
९. सरस्वतीका ३ छोरा छन् ।
१०. मसँग ७५० रुपियाँ छ ।
११ यो घडीको मूल्य १३५० हो ।
१२. मोहन, मेरो छोरा २०४६ भदौ ५ गते जन्मेको छ।
१३. सोहनसँग १९६० रुपियाँ थियो ।
१४. मोहनको बुबासँग ३५० पुस्तक छन् ।
१५ सरलाको आमासँग २०६ रुपियाँ बाँकी छ ।
१६. हरिहरको घरमा ३५ बाख्रा छन्
१७. १०६० मा किनेको यो किताब हो ।
१८. विद्यापीठमा ४००५ विद्यार्थीहरू छन् ।
१९ जनता विद्यापीठमा कर्मचारीहरूको संख्या ३६५ छ

ख) नेपालीमा अनुवाद गर्नुहोस् ।

१. मम पार्श्वे फलानाम् विंशती स्तः,
२. पञ्चाशत् सङ्कलिता त्रिंशत् अशीतिः भवति ।
३. मम पार्श्वे पञ्चसहस्राणि रूप्यकाणि सन्ति ।
४ दिनेशकस्य पार्श्वे पञ्चाशत् अधिकं शतम् अस्ति ।
५. त्रयस्त्रिंशत् अधिकं पञ्चशतोत्तरं षोडशसहस्राणि लक्ष्यञ्चास्ति । (१,१६,५३३)

* संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! तपाईंहरूले पढेका विषयवस्तुहरू राम्रोसँग बुझ्नुभयो अथवा बुझ्नुभएन भन्ने कुरा परीक्षण गर्न अगाडि संपरीक्षण तालिका प्रस्तुत गरिएको छ उक्त तालिकाका आधारमा तल दिइएका निर्देशनअनुसार सबै वाक्य बनाउने प्रयास गर्नुहोस् । निर्देशनअनुसार सबै वाक्यहरू शुद्ध बनाउन सक्नुभयो भने आफूले राम्रोसँग बुझेर पढेको सञ्ची हुक्क हुनुहोस् । कहीं कतै थोरै पनि आफूमा कमी कमजोरी पाउनुभयो भने पुनः विषयवस्तुको बोध गरी गल्ती सच्याई अगाडि बढ्ने प्रण गर्नुहोस् ।

संपरीक्षण तालिका – ४२

	समूह 'क'	समूह 'ख'	समूह 'ग'		समूह 'घ'
		विंशतिः त्रिंशत् चत्वारिंशत् पञ्चाशत्	छात्राः बालिकाः		
	तस्मिन् विद्यालये तस्यां बालिकायां तस्य पुस्तकालये तस्याः गृहे तव वाचनालये	षष्टिः सप्ततिः अशीतिः नवतिः	द्वाराणि पुरुषाः पुस्तकानि पुष्पाणि		सन्ति आसन् भविष्यन्ति सन्तु
अपि	मम विश्वविद्यालये	शतम् सहस्रम् लक्षम्	रूप्यकाणि	न	भवन्तु
	विंशतितमः विंशतितमा विंशतितमम् शततमः शततमा शततमम्	बालिका बालकः पुस्तकम्	मम पुत्रः मम पुत्री गोविन्दस्य		अस्ति आसीत्

१. माथिको तालिकामा 'अपि' र 'न' अव्यय प्रश्नवाचक र नकारात्मक वाक्य बनाउनका लागि हो भन्ने कुरा पहिलेका तालिकाहरूबाट तपाईंहरू प्रष्ट भइसक्नुभएको छ । यहाँ उक्त शब्द तपाईंहरूलाई नकारात्मक वाक्य बनाउनका लागि सजिलो होस् भन्ने हेतुले राखिएको हो ।

२ समूह 'ख' र समूह 'ग' मा सङ्गति मिलाई समूह 'घ'बाट क्रियापद प्रयोग गरी समूह 'क'बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस्।

३ तालिकाको प्रयोग गरेर दस नकारात्मक र दस प्रश्नवाचक वाक्य बनाएर आफ्नो अभ्यास बढाउनुहोस्

सैंतीसौं दिन
सप्तत्रिंशः दिवसः

शेषाय नमः

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! अब तपाईंहरू संस्कृतमा धाराप्रवाह बोल्न, लेख्न सक्ने भइसक्नुभएको छ । आजनुहोस् आज सैंतीसौं दिनमा विशेष्य र विशेषणको अध्ययन गर्ने क्रममा संक्षेपमा सङ्ख्यावाचक विशेषणअन्तर्गतका आवृत्तिवाचक विशेषणहरूका साथै अन्य विशेषणहरूको प्रयोगात्मक जानकारी हासिल गरौं ।

नियम - '५१ ख' आवृत्तिवाचक विशेषण र प्रयोगविधि

कहिलेकाहीं वाक्यनिर्माण गर्दा हामीहरू दुई गुना, तीन गुना शब्दहरूको प्रयोग गर्छौं, अमुक, अमुकभन्दा दुई गुना राम्रो छ, तीन गुना राम्रो छ आदि शब्दहरूको प्रयोग गर्दछ । त्यस्ता शब्दलाई आवृत्तिवाचक विशेषण भनिन्छ ।

केही आवृत्तिवाचक विशेषणहरू

पुंलिङ्ग	स्त्रीलिङ्ग	नपुंसकलिङ्ग	
द्विगुणः	द्विगुणा	द्विगुणम्	दुई गुना
त्रिगुणः	त्रिगुणा	त्रिगुणम्	तीन गुना
सहस्रगुणः	सहस्रगुणा	सहस्रगुणम्	हजार गुना
कोटिगुणः	कोटिगुणा	कोटिगुणम्	करोडगुना

केही आवृत्तिवाचक विशेषणहरूको वाक्यमा प्रयोग

१. मोहनप्रसादः व्यापारे द्विगुणं धनम् अलभत - मोहन प्रसादले व्यापारमा दुईगुना धन कमायो ।

२. नेपालसंस्कृतविश्वविद्यालयकेन्द्रीय-कार्यालयस्य उत्तुङ्गता वर्तमान परीक्षा- नियन्त्रण कार्यालयात्- त्रिगुणा अस्ति - नेपाल संस्कृत विश्वविद्यालय केन्द्रीय कार्यालयको उचाई परीक्षा नियन्त्रण कार्यालयको भन्दा तीन गुना छ ।

३. विश्वविद्यालयविद्यापीठात् - जनताविद्यापीठे त्रिंशद्गुणाधिका छात्राः पठन्ति -
विश्वविद्यालय विद्यापीठभन्दा जनताविद्यापीठमा तीस गुना धेरै विद्यार्थीहरू पढ्छन् ।

* सम्वृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! यदि पहिल्यै पढाएका कुरा राम्रोसँग बुझेर आउनु भएको छ भने माथिका तीन उदाहरणमा केही नयाँ कुरा छैन, मात्र दुई गुना, तीन गुना आदि शब्द प्रयोग गर्दा वाक्य रचनामा द्विगुणः, द्विगुणम्, द्विगुणा कस्तो कस्तो अवस्थामा प्रयोग गर्ने भन्ने विषय नै मुख्य कुरा हो ।

अभ्यास

क) तल लेखिएका शुद्ध वाक्यमा (√) र अशुद्ध वाक्यमा (×) चिह्न लगाउनुहोस्

१. वस्त्रस्य दीर्घता त्रिगुणः अस्ति ।
२ मोहनः द्विगुणः सुन्दरः अस्ति ।
३. भूटानः नेपालात् त्रिगुणः लघुः अस्ति ।
४ मरतः श्यामात् शतगुणः चञ्चलः अस्ति ।
५. माधवी निर्मल्याः सहस्रगुणा सुन्दरी अस्ति ।
६ श्यामा द्विगुणम् चञ्चला विद्यते ।
७. भारतः नेपालात् चत्वारिंशत् गुणः विशालः अस्ति
८ अहं त्वत् द्विगुणं सुन्दरः अस्मि ।
९. भगवती द्विगुणं मेधाविनी अस्ति ।
१०. मुकुन्दस्य पार्श्वे द्विगुणा धनम् अस्ति

ख) संस्कृतमा अनुवाद गर्नुहोस्

१. सीता निर्मलाभन्दा तीन गुना राम्री छ ।
२. मोहन सोहनभन्दा तीन गुना चलाक छ ।
३ भक्तपुरभन्दा काठमाडौं तीन गुना ठूलो छ ।
४. नेपालका नेताहरूभन्दा ग्रामीण जनता सय गुना इमान्दार छन् ।
५ केटाहरू भन्दा केटीहरू तीन गुना चलाख छन् ।
६. तिम्रो घरभन्दा हाम्रो घर तीन गुना अग्लो छ ।
७. विद्यानन्दले व्यापारमा पाँच गुना धन कमाया ।
८. नेपालभन्दा चीन सय गुना ठूलो छ

* संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! तपाईहरूले पढेका विषयवस्तुहरू राम्रोसँग बुझ्नुभयो अथवा बुझ्नुभएन भन्ने कुरा परीक्षण गर्न अगाडि संपरीक्षण तालिका प्रस्तुत गरिएको छ । उक्त तालिकाका आधारमा तल दिइएका निर्देशनअनुसार सबै वाक्य बनाउने प्रयास गर्नुहोस् । निर्देशनअनुसार सबै वाक्यहरू शुद्ध बनाउन सक्नुभयो भने आफूले रामोसँग बुझेर पढेको कुरा पक्का हुनुहोस् । कहीं कतै थोरै पनि आफूमा कमी-कमजोरी पाउनुभयो भने पुनः विषयवस्तुको बोध गरी गल्ती सच्याई अगाडि बढ्ने प्रण गर्नुहोस् ।

संपरीक्षण तालिका - ४३

	समूह 'क'	समूह 'ख'	समूह 'ग'			स. 'घ'
अपि	तव गृहात् मम गृहे दिनेशस्य हृदयात् सुरेशस्य हृदये पितुः हृदयात् मातु हृदये	द्विगुणः द्विगुणा द्विगुणम्		धनम् दयालुता ममता	न	अस्ति
किम्	दिनेशात् सुरेशः अर्धाङ्गिन्याः माता पैत्रिकधनात् पारिश्रमिकधनम्	द्विगुणं द्विगुणा द्विगुणाः अनन्तगुणः गुणा गुणम्		दयालु करुणामूर्तिः आनन्ददायकम्		आसीत्

१ माथिको तालिकामा 'अपि' र 'न' अव्यय प्रश्नवाचक र नकारात्मक वाक्य बनाउनका लागि हो भन्ने कुरा पहिलेका तालिकाहरूबाट तपाईहरू प्रष्ट भइसक्नुभएको छ । यहाँ उक्त शब्द तपाईहरूलाई नकारात्मक वाक्य बनाउनका लागि सजिलो होस् भन्ने हेतुले राखिएको हो ।

२. समूह 'ख' र समूह 'ग' मा सङ्गति मिलाई समूह 'घ'बाट क्रियापद प्रयोग गरी समूह 'क'बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस्।

३. तालिकाका प्रयोग गरेर दश नकारात्मक र दश प्रश्नवाचक वाक्य बनाएर आफ्नो अभ्यास बढाउनुहोस् ।

नियम - '५१ ग' समुदायबोधक विशेषण र प्रयोगविधि

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू । बोलचाल गर्दा जहाँ जहाँ, दुवै, चारै, एघारै, बीसै, तीसै चालीसै, पचासै, हजारैजस्ता समुदायवाचक शब्दहरू रहेका हुन्छन् । तिनीहरूको संस्कृतमा अनुवाद गर्दा सङ्ख्यावाचक शब्दको अगाडि अपिशब्द जोड्नुपर्दछ । उदाहरण –

१. द्वौ अपि छात्रौ संस्कृतम् पठिष्यत: – दुवै विद्यार्थीहरूले संस्कृत पढ्ने छन् ।
२. चत्वारिंशत् अपि छात्रा: प्रथम श्रेण्याम् समुत्तीर्णा: अभवन् – चालीसका चालीस अथवा चालिसै विद्यार्थीहरू प्रथम श्रेणीमा उत्तीर्ण भए ।
३. अपि सर्वे अपि कृषका: क्षेत्रम् अगच्छन् ? – के कृषकहरू सबै खेतमा गए ?
४. अस्याम् कक्षायाम् पञ्चाशत् अपि यात्रिण: स्थातुं शक्नुवन्ति – यस कक्षा कोठामा पचासै यात्रीहरू बस्न सक्छन् ।

अभ्यास

क) संस्कृतमा अनुवाद गर्नुहोस्

१. पचासै विद्यार्थीहरू प्रथम श्रेणीमा पास भए ।
२ ४० सै फलहरू कुहेका छन् (गलितानि) ।
३ ३५ वटै गा वि स हरू रोगग्रस्त छन् ।
४ ६० वटै कर्मचारीहरूलाई सरुवा गर्नुपर्छ (स्थानान्तरण) ।
५ भोलि आइतबार हो, सबै विद्यार्थीहरू विद्यालय आउनेछन् ।
६. ७५ वटै जिल्लाहरूमा आन्दोलन भएको थियो ।
७. पाँचै विश्वविद्यालयमा उपकुलपतिका पद रिक्त छन् ।
८. दुवै विद्यार्थीहरू खेल्न जानेछन् ।
९. सबै कृषकहरू लाभान्वित हुनेछन्
१०. दुवै नेताहरू आ–आफ्नो पार्टीमा व्यस्त छन् ।

ख) नेपालीमा अनुवाद गर्नुहोस्

१. सर्वे अपि पदाधिकारिण: काष्ठमण्डपे तिष्ठन्ति ।
२ किम् त्वया शतानि अपि रूप्यकाणि व्ययितानि ?
३. पञ्चाशद् अपि चौरा: अगच्छन्, प्रहरिण: शयिता: ।
४. जनयुद्धे पञ्चाशद् अपि सैनिका: हता: ।
५ सिंहदरबारात् (प्रासादात्) सर्वे अपि सभासद: अगच्छन् ।

नियम - '५१ घ' विभागबोधक विशेषण र प्रयोगविधि

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू । 'हरेक' र 'सबै' शब्दहरूको संस्कृतमा अनुवाद गर्दा सर्व अथवा सकल आदि शब्दहरूको प्रयोग गरिन्छ । प्रतिबालकशब्दको अर्थ सबै बालक भए हुँ अरू पनि प्रतिशब्द लागेका शब्दले सबै भन्ने अर्थ बुझाउँछन् । उदाहरण –

अ) अस्माकं विश्वविद्यालये सर्वे प्राध्यापका दक्षा: सन्ति –
हाम्रो विश्वविद्यालयमा हरेक प्राध्यापकहरू दक्ष छन् ।
आ) अस्य उपवनस्य सर्वाणि आम्राणि मिष्टानि सन्ति – यस बगैंचाका सबै आमहरू मीठा छन् ।
इ) सर्वेभ्य: छात्रेभ्य: पारितोषाधिकम् प्रयच्छ – सबै विद्यार्थीहरूलाई इनाम देऊ ।
ई) प्रतिशिक्षकं पञ्चरूप्यकाणि प्रयच्छ ।

उ) प्रतिदिनम् पठनार्थम् विद्यालयम् अगच्छत् ।
ऊ) प्रतियाचकं दशरूप्यकाणि प्रायच्छत् ।
ऋ) प्रतिदिनं पठनार्थं विद्यालयम् अगच्छत् ।

अभ्यास

■) संस्कृतमा अनुवाद गर्नुहोस्

१. हाम्रो घरका सबै सदस्यहरू निरोगी छन् ।
२. सबै विद्यार्थीहरूलाई इनाम दिनुहोस् ।
३. प्रत्येक विद्यार्थीलाई इनाम दिनुहोस् ।
४. यस विद्यालयका सबै विद्यार्थीहरू परिश्रमी छन् ।
५. संस्कृत पढेका प्रत्येक विद्यार्थीहरू भाषामा दक्ष हुन्छन् ।
६. यस विद्यालयमा हरेकले आफ्नो काम आफै गर्नुपर्छ ।
७. यस बगैंचाका सबै आँपहरू मीठा छन् ।
८. हरेक सदस्यलाई बोलाउनुहोस् ।
९. प्रतिदिन व्यायाम गर्न व्यायामशाला जाऊ ।

ख) नेपालीमा अनुवाद गर्नुहोस्

१ विकासस्य चिन्तनम् अस्माकं सर्वेषां दायित्वम् अस्ति ।
२ अस्याः नगरपालिकायाः सर्वे अपि कर्मचारिणः कर्तव्यपरायणाः सन्ति ।
३ कुशलः प्रशिक्षकः प्रतिच्छात्रम् उत्तरपुस्तिकाम् अवलोकयति ।
४. सर्वे छात्राः निबन्धं लिखन्तु ।
५. प्रतिदिनं पठनार्थं विद्यापीठं गच्छन्तु ।

नियम - '५१ ङ' अनिश्चित सङ्ख्यावचक विशेषण र प्रयोगविधि

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! केही विद्यार्थीहरू घर गए, केही विद्यालय गए, कतिपय उत्तीर्ण भए, कतिपय अनुत्तीर्ण भएजस्ता वाक्य हामी बोलचालमा प्रयोग गर्दछौं । त्यसकारण अनिश्चित सङ्ख्या बुझाउने विशेषणहरूको प्रयोगविधि सिकौं । यस्ता विशेषणको प्रयोग गर्दा संस्कृतमा एक, केही, कुनै, अन्य, परस्पर, अन्योन्य सबै, समस्त, अपर, सम्पूर्ण, धेरै, कतिपय आदि अर्थ बुझाउने शब्दहरूको उपयोग गरिन्छ । उदाहरण –

१. एकशब्दको प्रयोग

एकः उत्तीर्णः अपर अनुत्तीर्णः – कुनै उत्तीर्ण भयो, कुनै अनुत्तीर्ण भयो ।
एकः हसति अन्यः क्रन्दति – कुनै हाँस्छ, कुनै रुन्छ ।

२. कतिपयशब्दको प्रयोग

कतिपये छात्राः उत्तीर्णाः कतिपये अनुत्तीर्णाः – केही उत्तीर्ण भए, केही अनुत्तीर्ण भए ।
कतिपयानि पुष्पाणि विकसितानि सन्ति, कतिपयानि अविकसितानि – केही फूलहरू फुलेका छन् केही फुलको छैनन् ।

३. बहुशब्दको प्रयोग

बहवः छात्राः संस्कृतम् पठन्ति – धेरैजसो विद्यार्थीहरू संस्कृत पढ्छन् ।

४. परस्परशब्दको प्रयोग

मूर्खाः परस्परम् कलहम् कुर्वन्ति – मूर्खहरू आपसमा कलह गर्छन् । इत्यादि ।

अभ्यास

क) संस्कृतमा अनुवाद गर्नुहोस्

१ केही विद्यार्थीहरू गोरखपुर गए केही कानपुर गए ।
२. केही समाचारपत्रमा समाचार छापियो ।
३. भेताहरू आपसमा विवाद गर्छन् ।
४. कतिपय मानिसहरू हाम्रो देशमा अशिक्षित छन् ।
५. केही विद्यार्थीहरूले परीक्षा उत्तीर्ण गरे
६. केही विद्यार्थीहरू खेल्छन्, केही पढ्छन् ।
७. धेरै किसानहरूले खेत रोपे ।

ख) नेपालीमा अनुवाद गर्नुहोस्

१. सर्वेभ्यः छात्रेभ्यः पुस्तकानि प्रयच्छ ।
२. एकस्मिन् मन्दिरे एका विधवा आसीत् ।
३. कानिचिद् पुष्पाणि सुगन्धितानि सन्ति, कतिपयानि सुगन्धरहितानि ।
४. प्रतिदिनम् अध्ययनार्थं विद्यालयं गच्छ ।
५. प्रतिबालकं भोजनं प्रयच्छ ।

नियम - '५१ च' परिमाणवाचक विशेषण र प्रयोगविधि

तौल, नापो, मूल्य र समयको परिमाण बताउने शब्दहरूलाई परिमाणवाचक विशेषण भनिन्छ । जस्तै -

क) तौलबोधक

रत्तिका	-	गुजा (रत्ती)	मापकः	-	माशा (मासा)
तोलकः	-	तोला (तोला)	षट्टङ्कः	-	छटाक
पादः	-	पाउ			

नापोबोधक

अङ्गुलम्	-	अंगुल	वितस्तिः	-	बिता
पादः	-	फुट	हस्तः	-	हात

मूल्यबोधक

वराटकः	-	कौडी	पणः	-	पैसा
रूप्यकम्	-	रूपैयाँ	निष्कः	-	स्वर्णमुद्रा

समयबोधक

पलम्	-	पला	क्षणः	-	छिन
विकला	-	सेकेण्ड	कला	-	मिनेट
घण्टा (होरा)	-	घण्टा	प्रहरः	-	पहर
अहोरात्रः	-	एक दिन	सप्ताहः	-	एक हप्ता
पक्षः	-	पन्ध्र दिन	मासः	-	महिना
वत्सरः	-	वर्ष			

* भाषाको विकास सँगसँगै साथि बताइएका विभिन्न किसिमका शब्दहरूको प्रयोगमा परिवर्तन आएको छ । अंग्रेजी भाषाको व्यापक प्रभावका कारण त्यसका शब्दहरू पनि जनजीवनमा मिसेका छन् । तसर्थ वाक्य बनाउँदा मिल, कि.मि. इञ्च फुट, आदि शब्दहरूलाई जस्ताको तस्तै राख्न थालिएको छ । तपाईंहरूले वाक्यनिर्माण गर्दा पनि यस तथ्यलाई ध्यानमा राख्नु होला ।

अभ्यास

क) नेपालीमा अनुवाद गर्नुहोस्

१. तोलकपरिमितं सुवर्णम् आनय ।
२. चतुर्हस्तपरिमितम् इदं वस्त्रं दीनाय प्रयच्छ ।
३. चतसृणां स्वर्णमुद्राणां मूल्यं पञ्चाशत्सहस्रम् अस्ति ।
४. अहं विकलायाम् एव कक्षां गमिष्यामि ।
५. वत्सरं यावत् संस्कृतं पठ ।

ख) संस्कृतमा अनुवाद गर्नुहोस्

१. तीन किलो चामल स्याक ।
२. एक मिटर कपडाको चोलो पुग्छ ।
३. एक गाछ अंगुर किनेर भाइलाई देऊ ।
४. तिमी एकसेकेण्डमा घर जाऊ ।
५. वर्षभरि बसेर मिहिनेत गर ।

नियम - '५१ छ' सर्वनामविशेषण र प्रयोगविधि

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! सर्वनाम शब्दहरू पनि संस्कृतमा विशेषणका रूपमा प्रयोग गरिन्छन् । सर्वनामअन्तर्गत तत्, सर्व, एतत्, आदि शब्दहरू पर्दछन् भन्ने कुरा तपाईंहरूले विभिन्न रूपायनहरूबाट बुझिसक्नुभएको छ । तिनै सर्वनाम शब्दहरूलाई विशेषणका रूपमा प्रयोग गरिन्छ । उदाहरण –

१. अयम् बालकः अस्ति ।
२. इयम् बालिका अस्ति ।
३. इदम् वनम् अस्ति ।
४. ते जनाः सन्ति ।

* सर्वनाम शब्दमा प्रत्यय लगाई बनाइएका विशेषणहरू - तिनै सर्वनाम शब्दहरूबाट सम्बन्ध बुझाउने प्रत्यय लगाउँदा तयार हुने शब्दहरू पनि विशेषणका रूपमा प्रयोग गरिन्छन् । जस्तै - मदीयः = मेरो, तदीयः = त्यसको, स्वदीयः = तिम्रो, तावकः = तिम्रो, मामकः = मेरो, कीदृशः = कस्तो, यादृशः = जस्तो, तादृशः = त्यस्तो, मादृशः = मजस्तो, त्वादृशः = तिमीजस्तो । यहाँ यसै कुरालाई विस्तारमा बुझौं । उदाहरण –

अस्मत्शब्दबाट		मदीयः	मदीया	मदीयम्
		अस्मदीयः	अस्मदीया	अस्मदीयम्
युष्मत्	"	त्वदीयः	त्वदीया	त्वदीयम्
		युष्मदीयः	युष्मदीया	युष्मदीयम्
तत्	"	तादृशः	तादृशी	तादृशम्
		तदीयः	तदीया	तदीयम्
यत्	"	यादृशः	यादृशी	यादृशम्
		यदीयः	यदीया	यदीयम्
भवत्	"	भवादृशः	भवादृशी	भवादृशम्
		भवदीयः	भवदीया	भवदीयम्
किम्	"	कीदृशः	कीदृशी	कीदृशम्
एतत्	"	एतादृशः	एतादृशी	एतादृशम्

प्रयोगात्मक वाक्यहरू -

१. कः त्वदीयं पुस्तकम् नयति ? -
कसले तिम्रो पुस्तक लैजान्छ ?

२ मदीयः अग्रजः अमेरिकायाम् अस्ति -
मेरा दाइ अमेरिकामा बस्छ ।

३. त्वदीयः अनुज काष्ठमण्डपे कस्मिन् महाविद्यालये पठति ?
तिम्रो भाइ काठमाडौंमा कुन क्याम्पसमा पढ्छ ?

४. त्वदीया अग्रजा कदा उत्तरमध्यमायाम् उत्तीर्णा ?-
तिम्री दिदी उत्तरमध्यमामा कहिले उत्तीर्ण भइन् ।

५. मादृशः ज्ञानी कः वर्तते ? -
मजस्तो ज्ञानी को छ ?

अभ्यास

क) नेपालीमा अनुवाद गर्नुहोस्

१. मदीयः मध्यमः अग्रजः काष्ठमण्डपे अस्ति
२. त्वादृशाः सज्जना अत्र न लभन्ते ।
३. भवदीयः अग्रजः अत्रैव रमते ।
४. मदीया अनुजा अतीवसुन्दरी अस्ति
५. मादृशाः दुखिनः संसारे बहव सन्ति ।

ख) संस्कृतमा अनुवाद गर्नुहोस्

१. तपाईको बहिनी कहाँ हुनुहुन्छ ?
२ तिमीहरूजस्ता दुष्ट यहाँ छैनन् ।
३. तिमीजस्तो मूर्ख यहाँ कोही छैन ।
४. तपाईको छोरा घर गयो ?
५. प्रह्लादजस्तो भगवद्भक्त को छ ?

ॐ

अठ्तीसौं दिन
अष्टत्रिंशः दिवसः

शेषाय नमः

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! ३७ औं दिन हामीले आवृत्तिवाचक, समुदायवाचक, परिणामवाचक, अनिश्चितसङ्ख्या वाचक र सर्वनाम विशेषणहरूको प्रयोगविधि बुझ्यौं । अब हामी गुणवाचक विशेषण शब्दहरूको प्रयोग बारेमा चर्चा गर्नेछौं । वाक्यलाई राम्रो बनाउने हो भने विशेषणको समुचित प्रयोग गर्नुपर्छ । कुन शब्द कसरी प्रयोग गर्ने, कहाँ राख्दा के अर्थ निस्कन्छ, कहाँ प्रशंसा अर्थ बुझाउने शब्द र कहाँ निन्दा अर्थ बुझाउने शब्दको प्रयोग गर्नुपर्छ भन्ने कुरा राम्ररी बुझी विशेषणहरूको प्रयोग गरियो भने वाक्य सुन्दर र प्रभावकारी बन्दछ । यस तथ्यलाई ध्यानमा राखी विद्यार्थी भाइबहिनीहरूले गुणवाचक विशेषणको स्वरूप जानेर राम्ररी प्रयोग गर्न अभ्यास गर्नुपर्छ । आज अठ्तीसौं दिन गुणवाचक विशेषणका साथै अरू विशेषणहरूको पनि प्रयोगविधिबारे तपाईहरूलाई जानकारी गराइनेछ ।

नियम - '५१ ज' गुणवाचक विशेषण र प्रयोगविधि

विशेषणहरूले विशेष्यका रूप र गुण चिनाउँछन् । विशेष्यका गुण र रूप चिनाउने शब्दहरूलाई गुणवाचक विशेषण भनिन्छ । जस्तै - नीलो कमल (नीलम् कमलम्) यस वाक्यमा नीलो अथवा नीलम् विशेषण शब्द हुन्, कमल अर्थात् कमलम् यी विशेष्य शब्द हुन् । नीलो भन्ने विशेषण पदले कमललाई अरू कमलभन्दा भिन्दै प्रकारको देखाउने काम गर्दछ । त्यसकारण यो नीलो पद गुणवाचक विशेषण हो उदाहरण –

१. **श्वेतः हिमालयः शोभते** – सेतो हिमालय सुहाएको छ ।

२ **श्वेतम् वस्त्रम् आनय** – सेतो कपडा ल्याऊ

३. **श्वेताम् धेनुम् पश्य** – सेती गाईलाई हेर ।

उक्त उदाहरणहरूमा विशेष्यको लिङ्ग-वचनअनुसार प्रयोग गरिएका श्वेतः, श्वेतम् र श्वेताम् विशेषण शब्दहरूले क्रमशः हिमालय, वस्त्र र धेनुको सेतो रङ्ग अर्थात् रूपलाई बताउँछन् । त्यसकारण यी विशेषण शब्द हुन् –

आउनुहोस् केही गुणवाचक विशेषणहरू हेरौं

	शब्द	पुं.	स्त्री.	नपुंसक
१.	श्वेत – (सेतो)	श्वेतः	श्वेता	श्वेतम्
२.	कृष्ण (कालो)	कृष्णः	कृष्णा	कृष्णम्
३.	रक्त (रातो)	रक्तः	रक्ता	रक्तम्
४.	पीत (पहेलो)	पीतः	पीता	पीतम्
५.	हरित (हरियो)	हरितः	हरिता	हरितम्

६	मधुर (मीठो)	मधुरः	मधुरा	मधुरम्
७	शीतल (चिसो)	शीतलः	शीतला	शीतलम्
८.	उष्ण (तातो)	उष्णः	उष्णा	उष्णम्
९.	लघु (सानो)	लघुः	लघ्वी	लघु
१०.	शोभन (राम्रो)	शोभनः	शोभना	शोभनम्
११.	विशाल (ठूलो)	विशालः	विशाला	विशालम्
१२.	मनोहर (सुन्दर)	मनोहरः	मनोहरा	मनोहरम्
१३.	साधु (राम्रो शील स्वभावको)	साधुः	साध्वी	साधु
१४.	स्थूल (मोटो)	स्थूलः	स्थूला	स्थूलम्
१५.	अम्ल (अमिलो)	अम्लः	अम्ला	अम्लम्
१६.	कटु (पीरो)	कटुः	कटवी	कटु

अभ्यास

क) संस्कृतमा अनुवाद गर्नुहोस्

१. काठमाडौं उपत्यका विशाल छ ।
२. पहेंलो फूल लगाएको केटीलाई हेर ।
३. रातो टीका लगाएका सैनिकहरू गए ।
४. पहेंलो लुगा लगाएर भिक्षा माग ।
५. सेतो साडी लगाएका महिलाहरू राजयोग विश्वविद्यालयका छात्रा हुन् ।

ख) नेपालीमा अनुवाद गर्नुहोस्

१. मनोहरम् उपवनं विलोक्य स्त्रियः प्रसन्नाः जाताः ।
२. स्थूलं शरीरं स्वास्थ्यकरं न भवति ।
३. शोभनाः बालिकाः होलिकोत्सवे अनृत्यन् ।
४. इदम् आम्रफलम् अम्लम् अस्ति ।
५. इयं द्राक्षा मधुरा विद्यते ।

* संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! तपाईहरूले पढेका विषयवस्तुहरू राम्रोसँग बुझ्नुभयो अथवा बुझ्नुभएन भन्ने कुरा परीक्षण गर्न अगाडि संपरीक्षण तालिका प्रस्तुत गरिएको छ । उक्त तालिकाका आधारमा तल दिइएका निर्देशनअनुसार सबै वाक्य बनाउने प्रयास गर्नुहोस् । निर्देशनअनुसार सबै वाक्यहरू शुद्ध बनाउन सक्नुभयो भने आफूले राम्रोसँग बुझेर पढेको सही हुनुहोस् । कहीं कतै थोरै पनि आफूमा कमी-कमजोरी पाउनुभयो भने पुनः विषयवस्तुको बोध गरी गल्ती सच्याई अगाडि बढ्ने प्रण गर्नुहोस् ।

सपरीक्षण तालिका - ४४

समूह 'क'	समूह 'ख'			समूह 'ग'	समूह 'घ'
वस्त्रालयात्	पीतः	पीता	पीतम्	वस्त्रम्	आनय
मातुः कृते	रक्तम्	रक्ता	रक्तम्	शाटिकाम्	नयामि
उत्तरस्यां दिशि	श्वेतः	श्वेता	श्वेतम्	हिमालयः	अस्ति
मम पार्श्वे	मधुरः	मधुरा	मधुरम्	मिष्टान्नम्	अस्ति
तव भगिनी	रक्ता	रक्ते	रक्ताः	शाटिकायाम्	शोभते

१ माथिको तालिकाका आधारमा समूह 'ख'बाट मिल्दो शब्द चयन गरी शुद्ध वाक्य बनाउनुहोस् ।

नियम - '५१ झ' तुलनात्मक विशेषण र प्रयोगविधि

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! हामीहरूले गुणवाचक विशेषण पढ्यौं, अब तुलनात्मक विशेषणको प्रयोगविधि बुझौं । जुन शब्दद्वारा दुई र दुईभन्दा बढी पदार्थहरूको परस्पर तुलना गर्दा एउटालाई अरूभन्दा राम्रो अथवा नराम्रो, गुणी अथवा गुणहीन देखाइन्छ, त्यस्तो शब्दलाई तुलनात्मक विशेषण भनिन्छ संस्कृतमा यस्ता विशेषणहरू तर र ईयसुन् प्रत्यय लगाई बनाइएका हुन्छन् । इयसुन् प्रत्ययका रूपहरू यहाँ दिइएको छैन । तपाईंहरूले अध्ययन गर्दै जाँदा पछि त्यस्ता प्रयोगहरूको बोध गर्नुहुनेछ । तरप्रत्यय लगाई तुलनात्मक विशेषण शब्दहरूको प्रयोग गर्दा जोसँग तुलना गरिन्छ त्यसमा पञ्चमी विभक्तिको प्रयोग गर्नुपर्छ । जस्तै रामभन्दा कृष्ण कालो छ । यस वाक्यमा रामसँग कृष्णको तुलना गरिएको छ । तसर्थ संस्कृतमा अनुवाद गर्दा रामशब्दमा पञ्चमी विभक्ति भई रामात् हुने भयो । उदाहरण -

१. **रामः कृष्णात् पटुतरः** - राम कृष्णभन्दा चलाख छ । यहाँ कृष्णसँग तुलना गरिएकोले कृष्णमा पञ्चमी विभक्ति भयो ।
२ **श्यामः मुकुन्दात् मनोहरतरः अस्ति** - श्याम मुकुन्दभन्दा राम्रो छ । यहाँ मुकुन्दसँग तुलना गरिएकोले पञ्चमी विभक्तिको रूप मुकुन्दात् भयो ।
३. **श्यामा शकुन्तलायाः मनोहरतरा अस्ति** - श्यामा शकुन्तलाभन्दा राम्री छ । यहाँ शकुन्तलासँग श्यामाको तुलना गरिएको हुँदा शकुन्तलामा पञ्चमी भयो ।
४. **दिनेशस्य गृहम् उमेशस्य गृहात् मनोहरतरम् अस्ति** - दिनेशको घर उमेशको घरभन्दा राम्रो छ । यहाँ उमेशको घरसँग दिनेशको घरको तुलना गरिएकोले उमेशको घरमा पञ्चमी विभक्ति भयो ।

* संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! माथिको उदाहरण १ मा प्रयुक्त पटुतरःशब्दले कृष्णको भन्दा रामका गुणको उत्कर्ष देखाएको छ । उदाहरण २. मनोहरतरःशब्दले मुकुन्दको भन्दा श्यामको सौन्दर्यको उत्कर्ष देखाएको छ उदाहरण ३. मा मनोहतराशब्दले शकुन्तलाको भन्दा श्यामाको अधिक सौन्दर्य देखाएको छ । यसैगरी उदाहरण ४ मा मनोहरतरम्शब्दले उमेशको घरभन्दा दिनेशका घरको अधिक सौन्दर्य देखाएको छ । यसैगरी तपाईंहरूले पनि तरप्रत्यय लगाएर वाक्यनिर्माण गर्न सक्नुहुन्छ । यस विषयमा अधिक जानकारीका लागि आफ्ना गुरुहरूसँग तपाईंहरूले सोध्नुपर्छ ।

तलको तालिकामा मूलशब्दमा तर र तम प्रत्यय लागेका शब्दहरूको संकलन गरिएको छ । मूलशब्द र तरप्रत्यय लागेका शब्द तुलनात्मक विशेषणको सन्दर्भमा उपयोगी हुन्छन् । यस तालिकामा तमप्रत्यय लागेका शब्दहरू पनि दिएका छन् । तिनको उपयोग अतिशयबोधक विशेषणमा गरिनेछ ।

तुलनात्मक विशेषणहरू

	शब्द	पुंलिङ्गी	विशेषण		शब्द	पुंलिङ्गी	विशेषण
१	श्वेत:	श्वेततर:	श्वेततम:	६.	मधुर:	मधुरतर:	मधुरतम:
२	कृष्ण:	कृष्णतर:	कृष्णतम:	७.	शीतल:	शीतलतर:	शीतलतम:
३.	मृदु:	मृदुतर	मृदुतम:	८	उष्ण:	उष्णतर:	उष्णतम:
४.	रक्त:	रक्ततर:	रक्ततम:	९.	अम्ल:	अम्लतर:	अम्लतम:
५.	हरित:	हरिततर:	हरिततम:	१०.	कटु:	कटुतर:	कटुतम:

	शब्द	स्त्रीलिङ्ग	विशेषण		शब्द	स्त्रीलिङ्ग	विशेषण
१	श्वेता	श्वेततरा	श्वेततमा	६	मधुरा	मधुरतरा	मधुरतमा
२	कृष्णा	कृष्णतरा	कृष्णतमा	७.	शीतला	शीतलतरा	शीतलतमा
३.	मृदु:	मृदुतरा	मृदुतमा	८	उष्णा	उष्णतरा	उष्णतमा
४.	रक्ता	रक्ततरा	रक्ततमा	९.	अम्ला	अम्लतरा	अम्लतमा
५	हरिता	हरिततरा	हरिततमा	१०.	कटवी	कटुतरा	कटुतमा

	शब्द	नपुंसकलिङ्ग	विशेषण		शब्द	नपुंसकलिङ्ग	विशेषण
१.	श्वेतम्	श्वेततरम्	श्वेततमम्	६	मधुरम्	मधुरतरम्	मधुरतमम्
२	कृष्णम्	कृष्णतरम्	कृष्णतमम्	७.	शीतलम्	शीतलतरम्	शीतलतमम्
३.	मृदु	मृदुतरम्	मृदुतमम्	८.	उष्णम्	उष्णतरम्	उष्णतमम्
४.	रक्तम्	रक्ततरम्	रक्ततमम्	९	अम्लम्	अम्लतरम्	अम्लतमम्
५	हरितम्	हरिततरम्	हरिततमम्	१०.	कटु	कटुतरम्	कटुतमम्

निम्नलिखित उदाहरणहरू हेरौं, पढौं चिन्तन गरौं अनि झुक्क भएर प्रयोग गरौं ।

१. विशुद्धानन्दः कृष्णानन्दात् पटुतरः अस्ति – विशुद्धानन्द कृष्णानन्दभन्दा चलाख छ ।
२. मानवाः देवेभ्यः निकृष्टतराः भवन्ति – मानिसहरू देवताभन्दा निकृष्ट छन् ।
३. आचार्यः पितुः महत्तरः अस्ति – बाबुभन्दा गुरु महान् हुनुहुन्छ ।

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! दुई व्यक्ति वा वस्तुको तुलना गर्दा उत्कर्ष र अपकर्ष बोध भएमा मात्र 'तरप्' प्रत्ययसँग सम्बन्धित शब्दको प्रयोग हुन्छ । तुलना नभएको ठाउँमा त 'विशुद्धानन्दः पटुः अस्ति' जस्ता गुणवाचक विशेषणको मात्र प्रयोग हुन्छ ।

अभ्यास

क) संस्कृतमा अनुवाद गर्नुहोस् ।

१ श्यामभन्दा महेश राम्रो छ ।
२ योगेशभन्दा जनकपुर ठूलो छ ।
३. शैलजाभन्दा नर्मदा चञ्चल छे ।
४ सीताभन्दा गीता राम्री थिइन् ।
५ महेन्द्रभन्दा सुरेन्द्र विद्वान् छ ।

ख) नेपालीमा अनुवाद गर्नुहोस्

१ महेशः गोपालात् सुन्दरतरः अस्ति ।

२ सिद्धार्थनगरात् वीरगञ्जनगरं विशालतरम् अस्ति ।

३ नेपालसंस्कृतविश्वविद्यालयः त्रिभुवनविश्वविद्यालयात् लघुतरः अस्ति ।

४ काष्ठमण्डपं विराटनगरात् विशालतरं अस्ति ।

५ भार्गवी गङ्गायाः सुन्दरतरा अस्ति ।

» संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! तपाईहरूले पढेका विषयवस्तुहरू राम्रोसँग बुझ्नुभयो अथवा बुझ्नुभएन भन्ने कुरा परीक्षण गर्न अगाडि संपरीक्षण तालिका प्रस्तुत गरिएको छ । उक्त तालिकाका आधारमा तल दिइएका निर्देशनअनुसार सबै वाक्य बनाउने प्रयास गर्नुहोस् । निर्देशनअनुसार सबै वाक्यहरू शुद्ध बनाउन सक्नुभयो भने आफूले राम्रोसँग बुझेर पढेको सञ्ची हुक्क हुनुहोस् । कहीँ कतै थोरै पनि आफूमा कमी-कमजोरी पाउनुभयो भने पुनः विषयवस्तु बोध गरी गल्ती सच्याई अगाडि बढ्ने प्रण गर्नुहोस् ।

संपरीक्षण तालिका – ४५

	समूह 'क'	समूह 'ख'				समूह 'ग'
अपि	वरात् कन्या	सुन्दरतरः	सुन्दरतरा	सुन्दरतरम्	न	अस्ति
	श्यामायाः नन्दिनी	चतुरतरः	चतुरतरा	चतुरतरम्		
	भारतात् नेपालः	लघुतरः	लघुतरा	लघुतरम्		आसीत्
	अस्माद् फलाद् इदं फलम्	अम्लतरः	अम्लतरा	अम्लतरम्		भविष्यति
	वैयाकरणात् नैयायिकः	पटुतरः	पटुतरा	पटुतरम्		

१ माथिको तालिकामा 'अपि' र 'न' अव्यय नकारात्मक र प्रश्नवाचक वाक्य बनाउनका लागि हुन् भन्ने कुरा पहिलेको तालिकाहरूबाट तपाईहरू स्पष्ट भइसकनुभएको छ । यहाँ ती शब्दहरू उक्त किसिमका वाक्य बनाउन तपाईहरूलाई सजिलोका लागि राखिएका हुन् ।

२ समूह 'क' र 'ग'मा सङ्गति मिलाई समूह 'ख'बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस् ।

नियम - '५१ अ' अतिशयबोधक विशेषण र प्रयोगविधि

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! जुन वाक्यमा दुईभन्दा अधिक पदार्थहरूको तुलना गरी एउटालाई अरूभन्दा न्यून अथवा अधिक, राम्रो अथवा नराम्रो, हीन अथवा उच्च बताउने विशेषण शब्दको प्रयोग गरिन्छ, त्यस प्रयोग गरिएका विशेषण शब्दलाई अतिशयबोधक विशेषण भनिन्छ । अतिशयबोधक विशेषणहरू गुणवाचक शब्दहरूमा तम र इष्ठन् प्रत्ययहरू लगाएर बनाइन्छन् । यस पाठमा तपाईहरूको सरलताका लागि तमप्रत्यय लागेका शब्दहरूको मात्र प्रयोग गरिएको छ । इष्ठन् प्रत्ययको प्रयोग तपाईहरूले पछि पढ्नुहुनेछ तमप्प्रत्यय लागेका विशेषण शब्दहरूको प्रयोग गर्दा जुन व्यक्ति वा वस्तुसँग तुलना गरिन्छ ती व्यक्ति र वस्तुवाचक शब्दहरूमा षष्ठी अथवा सप्तमी विभक्तिको प्रयोग हुन्छ । अतिशयबोधक विशेषणहरू तुलनात्मक विशेषणशब्दहरूको अध्ययन गर्दा बताइएका तमः अन्त्यमा भएका शब्दहरू हुन् ।

वाक्यात्मक प्रयोग

१. **गौरीशङ्करपर्वत: सर्वेषां पर्वतानाम् उन्नततम: अस्ति** – गौरीशङ्कर पर्वत सबै पर्वतहरूभन्दा अग्लो छ । यहाँ तुलना गरिने पर्वत र त्यसको विशेषण सर्वमा षष्ठीको प्रयोग गरिएको छ ।

यहाँ प्रयुक्त तमप्रत्यय लागेको अतिशयबोधक विशेषण उन्नततमले गौरीशङ्करको उत्कर्षता बताउँछ।

२. **दिनेश: सर्वेषाम् बालकानाम् निकृष्टतम:** - दिनेश सबै बालकहरूमा अत्यन्त निच छ ।

यहाँ प्रयोग गरिएको निकृष्टतमशब्दले दिनेशको सबैभन्दा हीनता बताउँछ ।

३ **लक्ष्मीप्रसाददेवकोटा नैपालकेषु कविषु महत्तम: अस्ति** – लक्ष्मीप्रसाद देवकोटा नेपालका कविहरूमा ठूला कवि हुन् ।

४. **पोषण: सर्वेषु भ्रातृषु लघुतम: अस्ति** - पोषण सबै भाइहरूमा कान्छो हो ।

५ **त्रिभुवनविश्वविद्यालय: नैपालकानां सर्वेषां विश्वविद्यालयानां प्राचीनतम: अस्ति** - नेपालका विश्वविद्यालयहरूमा त्रिभुवन विश्वविद्यालय सबभन्दा पुरानो हो ।

अभ्यास

क) संस्कृतमा अनुवाद गर्नुहोस्

१. केटीहरूमा शकुन्तला सबभन्दा राम्री केटी हो ।
२. काठमाडौं नेपालका शहरहरूमा सबभन्दा ठूलो शहर हो ।
३. विद्यार्थीहरूमा पूर्णप्रसाद सबैभन्दा चतुर विद्यार्थी हो ।
४. कक्षाकी सबैभन्दा राम्री छात्रा निर्मला हो ।
५. फलहरूमा सबैभन्दा मीठो फल अंगुर हो ।

ख) नेपालीमा अनुवाद गर्नुहोस्

१ हिमालयपर्वत: सर्वेषु पर्वतेषु उन्नततम: अस्ति ।
२. छात्राणां छात्रेषु वा हिमालय: सर्वोत्तम: अस्ति ।
३. एमालेदलस्य नायकानां मदनभण्डारी प्रियतम: आसीत् ।
४. वर्तमानसमये नेपालस्य दलेषु माओवादीदलं विशालतमम् अस्ति ।
५. ऋषीणां नारद: प्रथमतम: अस्ति ।

* संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! तपाईंहरूले पढेका विषयवस्तुहरू राम्रोसँग बुझ्नुभयो अथवा बुझ्नुभएन भन्ने कुरा परीक्षण गर्न अगाडि संपरीक्षण तालिका प्रस्तुत गरिएको छ उक्त तालिकाका आधारमा तल दिइएका निर्देशनअनुसार सबै वाक्य बनाउने प्रयास गर्नुहोस् । निर्देशनअनुसार सबै वाक्यहरू शुद्ध बनाउन सक्नुभयो भने आफूले राम्रोसँग बुझेर पढेको सञ्ची ढुक्क हुनुहोस् । कहीं कतै थोरै पनि आफूमा कमी-कमजोरी पाउनुभयो भने पुन: विषयवस्तुको बोध गरी गल्ती सच्याई अगाडि बढ्ने प्रण गर्नुहोस् ।

संपरीक्षण तालिका - ४६

	समूह 'क'	समूह 'ख'	समूह 'ग'				समूह 'घ'
	पर्वतेषु पर्वतानां	हिमालय:	उन्नततम:	उन्नततमा	उन्नततमम्		
	छात्रेषु छात्राणा	पतञ्जलि:	पटुतम:	पटुतमा:	पटुतमम्		
अपि	बालिकासु बालिकानां	श्यामा	सुन्दरतम:	सुन्दरतमा	सुन्दरतमम्	न	अस्ति
	अध्यापकेषु अध्यापकानां	श्याममुन्दर:	कुशलतम:	कुशलतमा	कुशलतमम्		आसीत्
	फलेषु फलानां	आम्रफलम्	सर्वोत्तम:	सर्वोत्तमा	सर्वोत्तमम्		

१ माथिको तालिकाबाट समूह 'ग'बाट मिल्दो शब्द चयन गरी शुद्ध वाक्य बनाउनुहोस् ।

२. प्रश्नवाचक र नकारात्मक वाक्य बनाउने नियमका आधारमा यस किसिमका वाक्य बनाउने अभ्यास गर्नुहोस् ।

नियम -'५१ ट' क्रियाविशेषण र प्रयोगविधि

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! नामवाचक शब्दका गुण-दोष बताउने विशेषण भएझैं क्रियाको पनि विशेषता बताउने विशेषणहरू हुन्छन् । ती विशेषणहरू अव्ययशब्दबाट लिइन्छन् । क्रियाविशेषणहरू प्राय: नपुंसकलिङ्गी एकवचनान्त हुन्छन् । केही क्रियाविशेषणहरू यसप्रकार छन्-

अकस्मात् = अचानक, **अग्रत:** = अगाडि/सामुन्ने, **अग्रे** = पहिले, **अचिरम् / अचिरात्/अचिरेण** = छिटै **अजस्रम्** = निरन्तर, **अत:** = यसकारण, **अतीव** = धेरै, **अत्र** = यहाँ, **अथ** = यसपछि, **अथ किम्** = हो त, के भयो ? **अपरम्** = अरू, **अभीक्ष्णम्** = निरन्तर, **असाम्प्रतम्** = अनुचित, **एव** = नै, **झटिति** = शीघ्र **तस्मात्** = यसकारण इत्यादि । क्रियाविशेषणहरूको प्रयोग तेह्रौं दिनको पाठमा अव्ययशब्दहरूको अध्ययन गर्ने क्रममा पनि तपाईंहरूले परिसक्नुभएको छ । उदाहरण –

१ **अकस्मात् वीरेन्द्र: गृहम् अगच्छत्** - अचानक वीरेन्द्र घर गयो ।

२. **अचिरं पठनार्थं विद्यालयं गच्छ** - छिटो पढ्नका लागि विद्यालय जाऊ ।

३. **गोपाल: अजस्रं परिश्रमं करोति** - गोपालले निरन्तर परिश्रम गर्छ ।

अभ्यास

क) संस्कृतमा अनुवाद गर्नुहोस्

१. निर्मला अकस्मात् बिरामी भई ।

२. तिम्रो बुबा आउनुभएको छ, तिमी छिटो कोठामा जाऊ ।

३ मन्दाकिनी तिम्रो घरमा पूजा छ छिटो बजार गएर पूजासामग्री लिएर आऊ ।

४. तिमी छिटो जाऊ र निबन्ध लेख ।

५. दिनेश छिटो लुगा लगाएर विद्यालय जाऊ ।

ख) नेपालीमा अनुवाद गर्नुहोस्

१ दिनेश: अचिरं स्नानं ध्यानञ्च कृत्वा पठनार्थं आगच्छ ।

२ अग्रज: क: जानाति कालस्य कुटिलां गतिम्, हेमन्तस्य पुत्र अकस्मात् दिवङ्गत: ।

३ विमला पठने अतीव चतुरा अस्ति ।

४ यावद् अहं गृहात् न आगमिष्यामि, त्वं अत्रैव तिष्ठ ।

५. यथा इच्छसि तथा कुरु ।

विभिन्न कारकमा विशेषणको प्रयोग

क्रियासँग जुन विभक्तिको प्रत्यक्ष सम्बन्ध हुन्छ त्यसलाई नै कारक 'निम्छ . 'साक्षात् क्रियाजनकत्व कारकत्वम्' यो कारकको लक्षण हो । प्रथमा, द्वितीया, तृतीया चतुर्थी, पञ्चमी, सप्तमी विभक्ति क्रियासँग प्रत्यक्ष सम्बन्ध हुन्छ परन्तु षष्ठीको नहुने भएकाले कतिपय विद्वान्हरूले षष्ठी विभक्तिलाई कारकअन्तर्गत राख्नेका पाइन्छ ।

विभिन्न विभक्तिअन्तर्गत रहेका विशेष्य विशेषणहरूको विद्यार्थी भाइबहिनीहरू लाई विशेष ज्ञान होस् भन्ने उद्देश्यले केही उदाहरणहरू दिइएको छ । उदाहरणमा प्रयुक्त रेखाङ्कित पदहरू विशेषण बोधक हुन् ।

क) कर्तासँग सम्बन्धित विशेषणहरू

१ गौतमबुद्धः लुम्बिन्याम् अजायत – गौतमबुद्ध लुम्बिनीमा जन्मिएका थिए ।
भगवान् गौतमबुद्धः लुम्बिन्याम् अजायत – भगवान् गौतमबुद्ध लुम्बिनीमा जन्मिएका थिए ।

ख) कर्मसँग सम्बन्धित विशेषणहरू

१ जनाः दुर्गाम् पूजयन्ति – मानिसहरू दुर्गाको पूजा गर्छन् ।
जनाः मधुकैटभमर्दिनीम् दुर्गाम् पूजयन्ति – मानिसहरू मधुकैटभमर्दिनी दुर्गाको पूजा गर्छन् ।

२ छात्राः रामप्रसादम् प्रणमन्ति – छात्राहरूले रामप्रसादलाई नमस्कार गर्छन् ।
छात्राः कक्षाध्यापकम् गुरुम् रामप्रसादम् प्रणमन्ति – छात्राहरू कक्षाध्यापक रामप्रसादलाई नमस्कार गर्छन् ।

ग) करणसँग सम्बन्धित विशेषणहरू

१ रामः बाणेन मारीचम् हतवान् – रामले बाणले मारीचलाई मारे ।
रामः तीक्ष्णेन बाणेन मारीचम् हतवान् – रामले तीखो बाणले मारीचलाई मारे ।

२. विमला लेखन्या लिखति – विमला कलमले लेख्छिन् ।
विमला सुन्दर्या लेखन्या लिखति – विमला राम्रो कलमले लेख्छिन् ।

३. परशुरामेण परशुना क्षत्रियाः हताः – परशुरामले बञ्चरोले क्षत्रियहरूलाई मारे ।
परशुरामेण तीक्ष्णेन परशुना क्षत्रियाः हताः – परशुरामले धारिलो बञ्चरोले क्षत्रियहरूलाई मारे ।

घ) सम्प्रदानसँग सम्बन्धित विशेषण

१. राजा श्यामदेवाय पुस्तकम् ददाति – राजाले श्यामदेवलाई पुस्तक दिन्छन् ।
राजा पण्डिताय श्यामदेवाय पुस्तकम् ददाति – राजाले पण्डित श्यामदेव लाई पुस्तक दिन्छन् ।

२ पतञ्जलये नमः – पतञ्जलिलाई नमस्कार छ ।
योगप्रवर्तकाय शेषावतराय पतञ्जलये नमः – योगप्रवर्तक शेषावतार पतञ्जलिलाई नमस्कार छ ।

ङ) अपादानसँग सम्बन्धित विशेषण

१ गृहात् त्रयः बालकाः तुलसीपुरम् गच्छन्ति – घरदेखि तीन जना बालक हरू तुलसीपुर गए ।
अस्मात् गृहात् त्रयः बालकाः तुलसीपुरम् गच्छन्ति – यो घरबाट तीन जना बालकहरू तुलसीपुर गए ।

२. रामदेवात् मया योगः शिक्षितः – रामदेवबाट मैले योग सिकें ।
योगनिष्णातात् रामदेवात् मया योगः शिक्षितः – योगनिष्णात रामदेवबाट मैले योग सिकें ।

च) सम्बन्धमा विशेषण

१ इदम् गृहम् विद्याधरस्य अस्ति – यो घर विद्याधरको हो ।
इदम् गृहम् विद्यावारिधिविभूषितस्य विद्याधरस्य अस्ति – यो घर डाक्टर विद्याधरको हो ।

छ) अधिकरणमा विशेषण

१. वाटिकायाम् उपित्वा कवयः काव्यानि रचयन्ति – बगैंचामा बसेर कविहरूले काव्य रचना गर्छन् ।
रमोहरायां वाटिकायाम् उपित्वा कवयः काव्यानि रचयन्ति –
रम्रो बगैंचामा बसेर कविहरूले काव्य रचना गर्छन् ।

ज) सम्बोधनमा विशेषण

१ हे छात्राः ! संस्कृतम् पठत – विद्यार्थीहरू ! संस्कृत पढ ।
हे परिश्रमशीलाः छात्राः ! संस्कृतम् पठत – मेहनती विद्यार्थीहरू ! संस्कृत पढ ।

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू , यी उदाहरणहरू नमूनाका रूपमा प्रस्तुत गरिएका छन् । तपाईहरूले माथि बताएको विधिबाट जुन विभक्तिको जुन वचनको र जुन लिङ्गको विशेष्य पद छ तदनुसार विशेषण पद राखी वाक्यनिर्माण गर्ने अभ्यास गर्नुभयो भने तपाईहरू संस्कृत लेखनमा सफल हुनुहुनेछ ।

ऊनचालीसौं दिन
ऊनचत्वारिंशः दिवसः

शेषाय नमः

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! आज हामीहरू संस्कृतभाषाको अध्ययनका सिलसिलामा विभिन्न किसिमका वाक्यरचनाको अभ्यास गर्दै ३९ दिनसम्म आइपुगेका छौं । संस्कृतमा बोल्न, लेख्न, पर्यायवाची शब्दको प्रयोग गरेर जस्तै- राजन्शब्दका ठाँउमा नृप वा भूपालशब्दको प्रयोग गरेर काम चलाउन सकिन्छ । परन्तु संस्कृतका काव्य, महाकाव्य, नाटक पुराण आदि पढ्न र बुझ्न त नकार अन्तमा हुने नान्तशब्दहरूको संक्षिप्त ज्ञान अति आवश्यक हुन्छ । अतः यसै आवश्यकताको परिपूर्तिको लागि ४९ औं वर्गको 'आत्मन्' शब्दको रूपायन बताउँदै विभिन्न नान्तशब्दको जानकारी गराउन आजको पाठयोजना बनाइएको छ । आउनुहोस- अब नान्तशब्दहरूको अध्ययन गरी- प्रयोगात्मक विषयमा दक्ष बनौं र संस्कृतवाङ्मय पढ्ने र बुझ्ने सुयोग्य अधिकारी बनौं ।

नियम - '५२ क' शब्दरूपायनसम्बन्धी, आत्मन् (आफू) शब्द

आत्मन्शब्द पुंलिङ्गको रूपायन

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	आत्मा	आत्मानौ	आत्मानः
द्वितीया	आत्मानम्	आत्मनौ	आत्मनः
तृतीया	आत्मना	आत्मनौ	आत्मभिः
चतुर्थी	आत्मने	आत्मभ्याम्	आत्मभ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	आत्मनः	आत्मभ्याम्	आत्मभ्यः
षष्ठी	आत्मनः	आत्मनोः	आत्मनाम्
सप्तमी	आत्मनि	आत्मनोः	आत्मसु
सम्बोधन	हे आत्मन्	हे आत्मानौ !	हे आत्मानः !

यसैगरी १ अध्वन् (बाटो) - अध्वा अध्वानौ अध्वानः .....

२ ब्रह्मन् (ब्रह्माजी)- ब्रह्मा ब्रह्माणौ ब्रह्माणः .....

३ सुशर्मन् (एउटा योद्धा)- सुशर्मा सुशर्माणौ सुशर्मणः .....

४. कृतवर्मन् (एउटा योद्धा) - कृतवर्मा कृतवर्माणौ कृतवर्मणः .....

५. अश्मन् (ढुंगा)- अश्मा अश्मानौ अश्मानः .....

नान्तशब्दहरूमा राजन्का ठाउँमा नृप युवन्का ठाउँमा तरुण, श्वन्का ठाउँमा कुक्कुर, मघवन्का ठाउँमा इन्द्र, पूषन्का ठाउँमा सूर्य, अर्वन्का ठाउँमा अश्व आदि पर्यायवाची शब्द प्रयोग गरेर काम चलाउँ र ती शब्दहरूको रूपायन पनि बुझौंला । इमनिच्प्रत्ययान्त महिमन् आदि शब्दहरूका रूपायन पनि आत्मन्शब्दसँग लगभग समान छन् । जस्तै-

नियम - '५२ ख' शब्दरूपायनसम्बन्धी, महिमन् (महिमा) शब्द

महिमन्शब्द पुंलिङ्गको रूपायन

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	महिमा	महिमानौ	महिमानः
द्वितीया	महिमानम्	महिमानौ	महिम्नः
तृतीया	महिम्ना	महिमभ्याम्	महिमभिः
चतुर्थी	महिम्ने	महिमभ्याम्	महिमभ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	महिम्नः	महिमभ्याम्	महिमभ्यः
षष्ठी	महिम्नः	महिम्नोः	महिम्नाम्
सप्तमी	महिम्नि	महिम्नोः	महिमसु
सम्बोधन	हे महिमन्!	हे महिमानौ!	हे महिमानः!

निष्कर्ष- आत्मन्शब्द र महिमन्शब्दका रूपायनमा द्वितीयाको बहुवचन, तृतीया, चतुर्थी पञ्चमीका एकवचनमा र षष्ठीका सबै वचनमा तथा सप्तमीका एकवचन र द्विवचनमा मात्रै संरचनागत मिश्रता छ । यो कुरा राम्रोसँग बुझ्नु होला ।

[illegible] नै - १. मूर्धन् (टाउको) - मूर्धा मूर्धानौ मूर्धानः ।

२. गरिमन् (ठूलोपन) - गरिमा गरिमाणौ गरिमाणः ....

३ अणिमन् (सूक्ष्मपन) - अणिमा अणिमानौ अणिमानः .....।

४. लघिमन् (सानोपन) - लघिमा लघिमानौ अघिमानः .

५ शुक्लिमन् (सेतोपन) - शुक्लिमा शुक्लिमानौ शुक्लिमानः ...।

६. कालिमन् (कालोपन) - कालिमा कालिमानौ कालिमानः ...।

७. अश्वत्थामन् (एउटा योद्धा) - अश्वत्थामा अश्वत्थामानौ अश्वत्थामानः ...।

८. द्रढिमन् (बलियोपन) - द्रढिमा द्रढिमानौ द्रढिमानः ...

९. सीमन् (साँध) - सीमा सीमानौ सीमानः .

सीमन्शब्द स्त्रीलिङ्गी हो । रूपायन महिमन्शब्दको जस्तै भएपनि प्रयोगमा भने ध्यान दिनुपर्छ- अयम् महिमा हुन्छ भने सीमन्शब्दको प्रयोगमा इयम् सीमा हुन्छ ।

नियम - '५२ ग' शब्दरूपायनसम्बन्धी, इन्प्रत्ययान्त सुखिन्-दुखिन् आदि शब्द

सुखिन्शब्द पुंलिङ्गको रूपायन

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	सुखी	सुखिनौ	सुखिनः
द्वितीया	सुखिनम्	सुखिनौ	सुखिनः
तृतीया	सुखिना	सुखिभ्याम्	सुखिभिः
चतुर्थी	सुखिने	सुखिभ्याम्	सुखिभ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	सुखिनः	सुखिभ्याम्	सुखिभ्यः
षष्ठी	सुखिनः	सुखिनोः	सुखिनाम्
सप्तमी	सुखिनि	सुखिनोः	सुखिषु
सम्बोधन	हे सुखिन्!	हे सुखिनौ!	हे सुखिनः

यसैगरी- करिन् - करी (हात्ती), गुणिन् - गुणी (गुणी), मन्त्रिन् - मन्त्री (मन्त्री) पक्षिन् - पक्षी

(चरो) **शशिन्** - शशी (चन्द्रमा), **धनिन्** - धनी (धनी), **वाजिन्** - वाजी (घोडा) **तपस्विन्** - तपस्वी (तपस्वी), **बलिन्**- बली (बलियो), **एकाकिन्** - एकाकी (एक्लो), **सत्यवादिन्** सत्यवादी (सत्यवादी) **माओवादिन्** - माओवादी (माओवादी) आदि नकारान्त शब्दका रूपायन बुझ्नुहोला ।

उपर्युक्त - करिन्, सुखिन्, दुखिन् आदि शब्दहरूका स्त्रीलिङ्गी रूपहरू करिणी, दुखिनी, सुखिनी आदि अन्तमा ई थपिएका हुन्छन् । यिनीहरूको रूपायन भगवतीशब्दका रूपायन झैं हुन्छन् । पथिन् - शब्दलाई - मार्ग आदि पर्यायवाची शब्दबाट काम चलाउन सकिन्छ ।

नियम - '५२ घ' शब्दरूपायनसम्बन्धी, नान्त नामन् (नाम) शब्द

नामन्शब्द नपुंसकलिङ्गको रूपायन

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	नाम	नामनी(नाम्नी)	नामानि
द्वितीया	नाम-	नामनी(नाम्नी)	नामानि
तृतीया	नाम्ना	नामभ्याम्	नामभिः
चतुर्थी	नाम्ने	नामभ्याम्	नामभ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	नाम्नः	नामभ्याम्	नामभ्यः
षष्ठी	नाम्नः	नाम्नोः	नाम्नाम्
सप्तमी	नाम्नि	नाम्नोः	नामसु
सम्बोधन	हे नाम!	हे नामनी!	हे नामानि!

यसैगरी १ व्योमन् (आकाश) - व्योम व्योमनी व्योमानि

२. धामन् (घर र चमक) - धाम धामनी धामानि

३ सामन् (साम्वेदको मन्त्र) साम सामनी सामानि

४ दामन् (डोरी) - दाम दामनी दामानि

५. प्रेमन् (माया) - प्रेम प्रेमणी प्रेमाणि

६ पर्वन् (औंसी र पूर्णिमा) - पर्व पर्वणी पर्वाणि

७. वर्मन् (कवच) - वर्म वर्मणी वर्माणि

८. वर्त्मन् (बाटो) - वर्त्म वर्त्मणी वर्त्माणि

९. जन्मन् (जन्म) - जन्म जन्मनी जन्मानि

१०. चर्मन् (छाला) - चर्म चर्मणी चर्माणि

११. शर्मन् (सुख) - शर्म शर्मणी शर्माणि

न अन्तमा हुने नपुंसक लिङ्गी अहन्शब्दका रूपायनहरू पछि बुझ्नेछौं । हाम्रो आवश्यकता भने पर्यायवाची 'दिन' शब्दबाट पूरा गर्न सकिन्छ ।

नियम – '५२ ङ' शब्दरूपायनसम्बन्धी, भाविन् (हुनेवाला) शब्द

भाविन्शब्द नपुंसकलिङ्गको रूपायन

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	भावि	भाविनी	भावीनि
द्वितीया	भावि	भाविनी	भावीनी
तृतीया	भाविना	भाविभ्याम्	भाविभिः
चतुर्थी	भाविने	भाविभ्याम्	भाविभिः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	भाविनः	भाविभ्याम्	भाविभ्यः
षष्ठी	भाविनः	भाविनोः	भाविनाम्
सप्तमी	भाविनि	भाविनोः	भाविषु
सम्बोधन	हे भावि!	हे भाविनौ!	हे भावीनि!

संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! तपाईहरूलाई संस्कृतमा बोल्न, लेख्न, पढ्न सजिलो बनाउन आवश्यक शब्दहरूलाई १९ वर्गमा विभाजन गरी अध्ययन गराइयो । बोल्न र लेख्नको लागि त १९ वटै वर्गका सबै शब्दको आवश्यकता नपरेपनि संस्कृतमा लेखिएका सबै किसिमका ग्रन्थहरूको थोरै सहयोग लिएर तपाईहरूलाई पुराण, इतिहास, गद्य, पद्य, काव्य, महाकाव्य आदि पनि पढ्न र अर्थ बुझ्न सक्ने बनाउने उद्देश्यले १९ वर्गका शब्दहरूको रूपायन १९ शब्दका माध्यमले बताइएको छ । यो रूपायनविधि र प्रयोगविधिलाई राम्रोसँग बुझ्नुभयो भने शतप्रतिशत तपाईहरू सफल हुन सक्नुहुनेछ । यो मुनिहरूको भनाई हो । बिस्तारै-बिस्तारै एक-एक किसिमका शब्दहरूको रूपायनको चिन्तन गर्दै **शनैः पन्थाः, शनैः कन्थाः शनैः पर्वतलङ्घनम् । शनैः विद्या शनैः वित्तं पञ्चैतानि शनैः शनैः ।।** को आधारमा आजसम्म सिकेका कुराहरूलाई पुनः पुनः दोहोऱ्याउँदै प्राप्त ज्ञानलाई अझै दृढ बनाउनुहोस् ।

प्रयोग-

१) **उद्धरेदात्मनात्मानम् नात्मानमवसादयेत् ।**
आत्मैव ह्यात्मनो बन्धुरात्मैव रिपुरात्मनः ।।

२) **आत्मनः प्रतिकूलानि परेषान्न समाचरेत् ।**

३) **सर्वभूतस्थमात्मानं सर्वभूतानि चात्मनि ।**
ईक्षते योगयुक्तात्मा सर्वत्र समदर्शनः ।।

४) **महिम्नः पारं ते परमविदुषो यद्यसदृशी ।**

५) **सुखार्थिनः कुतो विद्या, विद्यार्थिनः कुतः सुखम् ।**

६) **रामनाम जपतां कुतो भयं सर्वतापशमनैकभेषजम् ।**
पश्य तात मम गात्रसन्निधौ पावकोऽपि सलिलायतेऽधुना ।।

संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! श्लोकहरूको अर्थ गर्नुहोस् भन्दा तपाईहरूलाई कताकता अप्ठ्यारो लागेको होला । अर्थ गर्ने बानी नपरेको र प्रायः संस्कृतका श्लोकहरूको हिन्दी तथा नेपाली टीका हेरेर अर्थ गर्ने बानीले आफै अर्थ लगाउने प्रवृत्ति नभएकाले अप्ठ्यारो लाग्न सक्छ । यस किसिमका विभिन्न समस्या तपाईहरूलाई हटाउन् भन्ने उद्देश्यले अब यहाँ पढेका विषयवस्तुकै आधारमा **अर्थबोध विधिशिक्षण** प्रस्तुत गरिएको छ । आउनुहोस् आज संस्कृतभाषा पढ्दा अर्थ बुझ्न चाहिने अतिमहत्त्वपूर्ण विषयको अध्ययन गरौं ।

नियम – '५३' अर्थबोधविधि

संस्कृतमा लेखिएका वाक्य, गद्य, पद्य, अनुच्छेद आदिको अर्थ कसरी लगाउने यस प्रश्नको उत्तर पाउन तलका निर्देशन वाक्यहरू पढ्नुहोस् ।

१ सर्वप्रथम वाक्य, गद्य, पद्य वा अनुच्छेदलाई राम्रोसँग दोहोऱ्याइ-तेहऱ्याई पढ्नुहोस् ।

२ सन्धि-नियमको आधारमा छुट्याउन मिल्ने आवश्यक पदहरूको पदच्छेद गर्नुहोस् ।

३. क्रियापद र कर्तापद छुट्याउनुहोस् र क्रियापदको अर्थ पनि चिन्तन गर्नुहोस् ।

४ अब बाँकी पदहरू कुन विभक्ति र कुन-कुन वचनमा छन् – विचार गर्दै तिनीहरूको अर्थ सोच्नुहोस्

५ एउटै विभक्ति एउटै वचन, एउटै लिङ्ग भएका पदहरू आएमा तिनीहरूलाई एकै ठाउँमा राखेर विशेष्य र विशेषण छुट्याउनुहोस् ।

उपर्युक्त ५ कुराको ज्ञान – वाक्य पद्दापद्दै हुन सक्छ, कुनै पदको अर्थ नलागेमा आफूभन्दा जान्ने साथी वा गुरुलाई सोध्नुहोस् । कोही नभएको अवस्थामा शब्दकोश हेर्नुहोस् । यो विधि विशेष गरेर गद्यांशको अर्थ गर्न उपयुक्त हुन्छ । जस्तै–

अस्ति गोदावरीतिरे विशालः शाल्मलीतरुः । तत्र नाना दिग्देशादागत्य रात्रौ पक्षिणो निवसन्ति ।।

अर्थबोधः क) आवृत्ति सहित पढियो

ख) पदच्छेदः

अ) दिग्देशादागत्य = दिग्देशात् +आगत्य

आ) पक्षिणो निवसन्ति = पक्षिणः निवसन्ति, पदच्छेद गरियो ।

ग) क्रियापद र कर्तापद निर्धारण

पहिलो वाक्यमा अस्ति (हो) क्रियापद हो, शाल्मलीतरुः (सिमलको रूख) कर्ता हो ।

दोस्रो वाक्यमा निवसन्ति (बस्छन्) बहुवचनक्रिया पक्षिणः (चराहरू) बहुवचनकर्ता ।

घ) बाँकी पदका विभक्ति र अर्थ –

अ) गोदावरीतीरे (गोदावरी नदीको किनारमा) सप्तमी विभक्तिको एकवचन

आ) नाना (अनेक) अव्यय पद । दिग्देशात् (दिशा र देशहरूबाट) पञ्चमी एकवचन । आगत्य (आएर) पूर्वकालिक क्रिया ल्यप् । रात्रौ (रातिमा) सप्तमी एकवचन । तत्र (त्यहाँ) अव्यय ।

ङ, विशेष्यविशेषण पहिलो वाक्यमा शाल्मलीतरुः (सीमलको रूख) प्रथमाको एकवचन विशेष्य हो विशालः (ठूलो) प्रथमाको एकवचन सीमलनामक रूखको विशेषण हो ।

माथि लेखिएअनुसार क्रम मिलाएर अर्थबोध गर्दा । जस्तै –

गोदावरीतिरे विशालः शाल्मलीतरुः अस्ति । तत्र नाना दिग्देशादागत्य रात्रौ पक्षिणो निवसन्ति ।।

गोदावरी नदीको तिरमा ठूलो सीमलको रूख छ । त्यहाँ विभिन्न दिशाहरूबाट आएर रात्रिमा पक्षीहरू बस्दछन् ।

नियम – '५४' अर्थबोधविधि

संस्कृतभाषामा लेखिएका पद्य अथवा श्लोकहरूको अर्थ गर्दा निम्नलिखित निर्देशनलाई पालन गर्नुपर्छ –

१. श्लोकलाई राम्रोसँग पढ्ने ।

२ सन्धिविच्छेद गर्ने र कर्ता, कर्म, क्रिया छुट्याउने ।

३ कर्ताका विशेषण, कर्मका विशेषण र क्रियाका विशेषण भएमा के-के हुन् निधो गर्ने ।

४. कर्ता कर्म र क्रियादेखि अतिरिक्त पद जस्तै - सम्प्रदान, अधिकरण, अपादान आदि आएमा वाक्यरचनाको नियमअनुसार कहाँ राख्दा उपर्युक्त हुन्छ निश्चित गर्ने ।

५ अब अन्वय गर्ने अर्थात् कुन पदपछि कुन पद उपयुक्त हुन्छ मिलाउने ।

पद्य- **उद्योगिनं पुरुषसिंहमुपैति लक्ष्मी-,**
दैवेन देयमिति का पुरुषा: वदन्ति ।
दैवं निहत्य कुरु पौरुषमात्मशक्त्या,
यत्ने कृते यदि न सिद्धति कोऽत्र दोष: ।।

अर्थबोध: क) आवृति सहित पढियो

ख) पुरुषसिंहम् (परिश्रमी व्यक्ति), देयम् इति (दिन्छ भन्ने), पौरुषम् (पुरुषार्थ), आत्मशक्त्या (आफ्नो शक्तिअनुसार), क: (के) अत्र (यहाँ), सन्धिविच्छेद गरियो ।

ग) कर्ता कर्म छुट्टाउँदा पहिलो लाइनमा- **लक्ष्मी: कर्ता उपैति** (जान्छिन्) क्रिया । दोस्रो लाइनमा- **का पुरुषा:** (खराब मानिसहरू) कर्ता, **वदन्ति** (भन्छन्) क्रिया । तेस्रो लाइनमा - **त्वम्** (तिमी) आक्षेपलब्ध कर्ता, **कुरु** (गर) क्रिया । चौथो लाइनमा- **दोष** कर्ता, **सिद्धयति** (सम्पन्न गर्छ) क्रिया।

घ) उद्योगिनम् - पुरुषसिंहम् विशेष्य विशेषण द्वितीया एकवचन । दैवेन (दैवले) - तृतीया एकवचन, दैवम् (दैवलाई) द्वितीया एकवचन । निहत्य (छोडेर) - अव्यय पूर्वकालिक क्रिया । आत्मशक्त्या (आफ्नो शक्तिअनुसार) तृतीया एकवचन । यदि (यदि) अव्यय । यत्ने कृते (परिश्रम गरेपछि यति) सप्तमी एकवचन । अत्र (यहाँ) अव्यय, न (निषेध) अव्यय क्रियाविशेषण । क: (के) प्रथमा एकवचन दोषको विशेषण । माथि लेखिएअनुसार क्रम मिलाएर अर्थबोध गर्ने ।
लक्ष्मी उद्योगिनं पुरुषसिंहम् उपैति, का पुरुषा: दैवेन देयम् इति वदन्ति ।
(त्वम्) दैवं निहत्य आत्मशक्त्या पौरुषं कुरु, यत्ने कृते यदि (कार्यं) न सिद्धति अत्र को दोष: (इति अन्वेषय) ।

लक्ष्मी परिश्रमी व्यक्तिका घरमा स्वयं जान्छिन्, कायर पुरुषहरूले मात्रै भाग्यबाट पाइन्छ भन्ने कुरा गर्छन् । तपाईंले भाग्यलाई पन्छ्याएर सक्दो पुरुषार्थ गर्नुहोस्, पुरुषार्थ गरिसकेपछि काम बनेन भने के दोष छ खोज्नुहोस् ।

नियम - '५५' अर्थबोधविधि (कर्मवाच्य र भाववाच्यका लागि)

१. श्लोक अथवा गद्य पढ्ने ।

२ तृतीयान्तलाई कर्ता संज्ञने कर्मवाच्य भएकोले प्रथमान्तलाई कर्म भान्ने ।

३. तृतीयान्त, तृतीयान्तका विशेषण; प्रथमान्त, प्रथमान्तका विशेषण त्यसपछि क्रिया राख्ने ।

वटुभि: पठ्यते वेद: पशुभि: पीयते जलम् ।

यहाँ कर्ता, कर्म मिलाउँदा यस्तो हुन्छ- **वटुभि: वेद: पठ्यते । पशुभि: जलम् पीयते** अर्थ बालकहरूबाट वेद पढिन्छ र पशुहरूद्वारा पानी पिइन्छ ।

निम्न लिखित पद्यहरूको नेपालीमा अर्थ गर्नुहोस् –

१. विद्या ददाति विनयं विनयाद् याति पात्रताम् ।
पात्रत्वाद् धनमाप्नोति धनाद् धर्मं ततः सुखम् ।।

२. पुस्तकस्था च या विद्या परहस्ते च यद्धनम् ।
कार्यकाले समुत्पन्ने न सा विद्या न तद्धनम् ।।

३. त्यज दुर्जनसंसर्गं भज साधुसमागमम् ।
कुरु पुण्यमहोरात्रं स्मर नित्यमनित्यताम् ।।

४. काकः कृष्णः पिकः कृष्णः को भेदः पिककाकयोः ।
वसन्तकाले सम्प्राप्ते काकः काकः पिकः पिकः ।।

५. छायामन्यस्य कुर्वन्ति स्वयं तिष्ठन्ति चातपे ।
फलन्ति च परार्थेषु नात्महेतोर्महद्रुमाः ।।

६. उपकारिषु यः साधुः साधुत्वे तस्य को गुणः ।
अपकारिषु यः साधुः स साधुः सद्भिरुच्यते ।।

७. विकृतिं नैव गच्छन्ति सङ्गदोषेण साधवः ।
आवेष्टितं महासर्पैः चन्दनं न विषायते ।।

८. महानुभावसंसर्गः कस्य नोन्नतिकारकः ।
रथ्याम्बु जाह्नवीसङ्गात् त्रिदशैरपि वन्द्यते ।।

९. दुर्जनेन समं सख्यं द्वेषं वापि न कारयेत्
उष्णो दहति चाङ्गारः शीतः कृष्णायते करम् ।।

१०. आचार्यात् पादमादत्ते पादं शिष्यः स्वमेधया ।
पादं सब्रह्मचारिभ्यः पादं कालक्रमेण च ।।

ॐ

चालीसौं दिन
चत्वारिंशः दिवसः

शेषाय नमः

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! समय निकै परिवर्तन भइसकेको छ । हामीहरूले अध्ययन गर्ने समयमा गुरुहरूले अहिले पढ, पछि काम लाग्नेछ भन्ने कुरा सुनेर पनि पढ्ने गरिन्थ्यो । लघुसिद्धान्तकौमुदी सुबन्त पढ्दा एक वर्ष लाग्थ्यो । क्रियापद पढेकै हुँदैनथ्यो तर पनि धैर्य र साहस न्यतिबेला हामी सबैमा थियो । कौमुदी र अमरकोश कण्ठ गरेपछि मात्रै अन्य कुरा पढाउन सुरु गरिन्थ्यो । तबसम्म सुगा रटाइमा पनि हामीहरू प्रसन्न थियौं । विद्यार्थी र अभिभावक दुवैमा धैर्यधारण गर्ने आत्मबल थियो । एक-दुई वर्षपछि फल प्राप्ति हुने भए पनि चुक्क भएर गुरुले बनाएका कुराहरू सुन्थ्यौं र पढ्थ्यौं परन्तु तुरुन्तै फल चाहिने अहिलेको समयमा संस्कृत सिक्ने उत्साह र उपयुक्त उत्पादन गर्न ४६ दिनको अध्ययनपछि छात्रछात्रा एवं जिज्ञासुहरू संस्कृतमा लेखिएका रामायण र महाभारत पनि टीकाविना पढ्न र बुझ्न सक्नेछन् भन्ने कुरा म दोहोऱ्याउँदै आइरहेको छु । आज छोटो समयमा धेरै कुरा जान्नुपर्ने सबैको बाध्यता पनि हो । पुनिहरूकै सत्प्रेरणाबाट यो पुस्तक तयार गरिएको हो । साक्षात् प्रेरणा शब्दले सपाईंहरूलाई यस नपरोस् हाम्रो महान् संस्कृतिको विशेषता नै यही हो। हामी मरेको मान्दैनौं, दिवङ्गत भन्छौं । दिवङ्गतशब्दमा हाम्रो परलोकवादी संस्कृति परिलक्षित भएको छ। तसर्थ साक्षात् प्रेरणाबाट भन्ने शब्द प्रयोग भएको छ । भाउनुहोस्, विगत ३९ दिनसम्म सिकेका कुराहरूको आधारमा दुर्गासप्तशतीअन्तर्गतको सप्तश्लोकी, वाल्मीकिरामायणको प्रथम सर्ग र श्रीमद्भगवद्गीताका निम्न श्लोकहरूको अर्थ गरेर अन्य सबै श्लोकको अर्थ गर्ने आफ्नो दक्षता आफैं प्रमाणित गरौं ।

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! कर्ता, कर्म, क्रिया मिलाएर अर्थ गर्न सकिन्छ भन्ने कुरा भनाईहरूलाई ज्ञान भएकै छ । यस पुस्तकमा बताइएका अर्थबोधविधि नियम ५३, ५४ र ५५ को आधारमा सर्वप्रथम शक्तिसञ्चयका लागि महाकाली, महालक्ष्मी, महासरस्वतीसँग सम्बन्धित पद्यहरूको अर्थ चिन्तन गरौं –

ज्ञानिनामपि चेतांसि देवी भगवती हि सा ।
बलादाकृष्य मोहाय महामाया प्रयच्छति ।।१।।

ॐ कारस्य उच्चारणानन्तरम् – महामाया सा भगवती देवी हि – बलात् (हठात्) ज्ञानिनाम् अपि चेतांसि आकृष्य मोहाय प्रयच्छति । १।।

दुर्गे स्मृता हरसि भीतिमशेषजन्तोः,
स्वस्थैः स्मृता मतिमतीव शुभां ददासि ।
दारिद्र्यदुःखभयहारिणी का त्वदन्या
सर्वोपकारकरणाय सदार्द्रचित्ता ।।२।।

दुर्गतिहारिणि ! दुर्गे ! मातः । स्मरणमात्रेण अपि, अहो ! अशेषजन्तोः भीतिं हरसि । स्वस्थैः (जनैः) स्मृता

(त्वम्) अतीव शुभां मतिं ददासि । हे, दारिद्र्यदुःखभयहारिणी (दारिद्र्यञ्च दुःखञ्च भयञ्च दारिद्र्यदुःखभयानि, द्वन्द्वसमासः, दारिद्र्यदुःखभयानां हारिणी, षष्ठीतत्पुरुषसमास) सर्वोपकारकरणाय, कोमलहृदया, त्वदन्या का अस्ति । अपि तु संसारे अन्या कापि नास्ति ।।२।।

सर्वमङ्गलमङ्गल्ये शिवे सर्वार्थसाधिके ।
शरण्ये त्र्यम्बके गौरि नारायणि नमोऽस्तु ते ।।३।।

सर्वमङ्गलकारिणि , सर्वार्थसाधिनि !, शरणागतवत्सले !, त्रिनेत्रधारिणि !, गौरि नारायणि । तुभ्यं मम नमः अस्तु । ३ ।

शरणागतदीनार्तपरित्राणपरायणे ।
सर्वस्यार्तिहरे देवि नारायणि नमोऽस्तु ते ।।४।।

शरणागतदीनार्तपरित्राणपरायणे – शरणे आगता – शरणागताः, दीनाश्च आर्ताश्च – दीनार्ताः शरणागताश्च दीनार्ताश्च इति – शरणागतदीनार्ताः, शरणागतदीनार्तानाम् परित्राणम् – शरणागतदीनार्तपरित्राणम्, तस्मिन् परायणा, तत्सम्बुद्धौ, सर्वस्य कष्टहारिणि ! तुभ्यं मम नमः अस्तु ।।४।।

सर्वस्वरूपे सर्वेशे सर्वशक्तिसमन्विते ।
भयेभ्यस्त्राहि नो देवि दुर्गे देवि नमोऽस्तु ते ।।५।।

हे सर्वस्वरूपे ! सर्वेशे ! सर्वशक्तियुते ! देवि ! भयेभ्य अस्मान् रक्ष, हे दुर्गे देवि ! तुभ्यं मम नमः अस्तु ।।५।।

रोगानशेषानपहंसि तुष्टा
रुष्टा तु कामान् सकलानभीष्टान् ।
त्वामाश्रितानां न विपन्नराणां
त्वामाश्रिता ह्याश्रयतां प्रयान्ति ।।६।।

हे देवि ! त्वं तुष्टा प्रसन्ना च सती अशेषान् रोगान् नाशयसि, रुष्टा सती सकलान् अभीष्टान् कामान् नाशयसि । त्वाम् आश्रितानां नराणाम् विपद् नास्ति । त्वाम् आश्रिताः एव सर्वे प्राणिनः आश्रयतां प्रयान्ति ।।६ ।

सर्वाबाधाप्रशमनं त्रैलोक्यस्याखिलेश्वरि ।
एवमेव त्वया कार्यमस्मद्वैरिविनाशनम् ।।७।।

हे अखिलस्वामिनि , त्रैलोक्यस्य सर्वासां बाधानां प्रशमनं त्वया विहितम् । अनेन एव प्रकारेण त्वया अस्मद्वैरिविनाशनम् – अस्माकं वैरिणां विनाशनम् इति = अस्मद्वैरिविनाशनम् – अस्माकं शत्रूणां नाशः, त्वया कर्तव्यम् इति अर्थः ।।७।।

अब नआत्तिईकन निम्नलिखित वाल्मीकिरामायण प्रथमसर्गबाट दिइएका श्लोकहरूको अर्थ गर्नुहोस् । उक्त सर्गमा रामायणको बुँदाटिपोट गरिएको छ । भात पाक्यो अथवा पाकेन भन्ने कुरा आत्रका लागि एउटा सिता थिचिन्छ । तपाईंहरूले पनि एउटा श्लोकको अर्थ गर्न जानुभयो भने सबै श्लोकको अर्थ गर्न सक्नुहुन्छ । सक्षेपमा तपाईंहरूमा संस्कृतका श्लोकहरूको अर्थबोध गर्ने दक्षता अभिवृद्धि गराउन र संस्कृत अर्थबोध प्रक्रियाको अभ्यास गराउनको लागि वाल्मीकिरामायणको प्रथम सर्गका विभिन्न ठाउँबाट श्लोकहरू टिपिएका छन् । कुनै श्लोक कठिनजस्तो देखिएको अवस्थामा तलको संस्कृत अर्थको सहयोग लिन सक्नुहुनेछ।

बालकाण्डे प्रथमः सर्गः

ॐ तप-स्वाध्यायनिरतं तपस्वी वाग्विदां वरम् ।
नारदं परिपप्रच्छ वाल्मीकिर्मुनिपुङ्गवम् ।।१।।

तपस्वी मुनिः वाल्मीकिः तपस्यायां स्वाध्याये च संलग्नं प्राज्ञं ऋषिश्रेष्ठं नारदं प्रतिप्रश्नम् अकरोत् ।।१।

बुद्धिमान् नीतिमान् वाग्मी श्रीमाञ्छत्रुनिबर्हणः ।
विपुलांसो महाबाहुः कम्बुग्रीवो महाहनुः ।।९।।

संसारे बुद्धिमान्, विद्वान्, ऐश्वर्यसम्पन्नः, शत्रुसंहारकः, विपुलांसः, दीर्घबाहुसम्पन्नः, शङ्खकण्ठः, विशालेन हनुना युतः पुरुषः कः अस्ति इति ।।९।।

विष्णुना सदृशो वीर्ये सोमवत्प्रियदर्शनः ।
कालाग्निसदृशः क्रोधे क्षमया पृथिवीसमः ।।१८।।

मुनिः नारदः उत्तरम् अददात् – मर्यादापुरुषोत्तमः श्रीरामः पराक्रमे विष्णुसदृशः अस्ति, चन्द्रमा इव प्रियदर्शनः अस्ति क्रोधे कालाग्निसदृशः अस्ति, क्षमायां पृथिवीसदृशः च अस्ति ।।१८।।

जनकस्य कुले जाता देवमायेव निर्मिता ।
सर्वलक्षणसम्पन्ना नारीणामुत्तमा वधूः ।।२७।।

जनकगृहे समुत्पन्ना, देवमाया इव निर्मिता, सर्वलक्षणसम्पन्ना, नारीषु उत्तमा सीता तस्य रामचन्द्रस्य धर्मपत्नी अस्ति ।।२७।

त्वमेव राजा धर्मज्ञ इति रामं वचोऽब्रवीत् ।।३६।।

भरतः श्रीरामं प्रति कथयति – हे मर्यादापुरुषोत्तम ! भ्रातः ! त्वमेव धर्मज्ञः, नृपः असि ।।३६।।

प्रतिज्ञातश्च रामेण वधः संयति रक्षसाम् ।
ऋषीणामग्निकल्पानां दण्डकारण्यवासिनाम् ।।४५।।

नारदः वाल्मीकिं प्रति कथयति – तपोवनवासिनाम् अग्निसदृशानाम् ऋषीणां समक्षे रामः राक्षसां समूहान् अहं हनिष्यामीति प्रतिज्ञाम् अकरोत् ।।४५।।

राघवः शोकसन्तप्तो विललापाकुलेन्द्रियः ।।५४।।

सीताहरणशोकेन आकुलेन्द्रियः रामः विललापः ।।५४।।

बालिनश्च बलं तत्र कथयामास वानरः ।
सुग्रीवः शङ्कितश्चासीन्नित्यं वीर्येण राघवे ।।६३।।

रामस्य पराक्रमे सदैव शङ्कितः वानरः सुग्रीवः रामं प्रति बालिनः पराक्रमम् अकथयत् ।।६३

ततो गृध्रस्य वचनात् सम्पातेर्हनुमान् बली ।
शतयोजनविस्तीर्णं पुप्लुवे लवणार्णवम् ।।७२।।

सम्पातिनामकस्य गृध्रस्य वचनं श्रुत्वा प्रबुद्धः बलवान् हनुमान् शतयोजनविस्तीर्णं सागरम् अलङ्घयत् ।।७२।।

तेन गत्वा पुरीं लङ्कां हत्वा रावणमाहवे ।
रामः सीतामनुप्राप्य परां व्रीडामुपागमत् ।।८१।।

सेतुमाध्यमेन रामः लङ्कां गत्वा युद्धे रावणं हत्वा सीतां प्राप्य अतीव लज्जितः जातः ।।८१।।

प्रहृष्टमुदितो लोकस्तुष्टः पुष्टः सुधार्मिकः ।
निरामयो ह्यरोगश्च दुर्भिक्षभयवर्जितः ।।९०।।

रामस्य शासने सर्वे जनाः हृष्टाः, प्रमुदिताः, तुष्टाः, पुष्टाः, धर्मशीलाः, रोगरहिताः, दुर्भिक्षभयवर्जिताः च आसन् ।९०।

पठन् द्विजो वागृषभत्वमीयात्,
स्यात् क्षत्रियो भूमिपतित्वमियात् ।
वणिज्जनः पण्यफलत्वमीया-
ज्जनश्च शूद्रोऽपि महत्त्वमीयात् ।।१००।।

इदं रामायणं द्विजः पठति चेत् स विद्वत्तां प्राप्नोतु, क्षत्रियः पठति चेत् स विजयं प्राप्नोतु, वैश्यः पठति चेत् स व्यापारे धनं प्राप्नोतु, अन्तिमवर्णः अपि पठति चेत् स महत्त्वं प्राप्नोतु इति ।।१००।।

श्रीमद्भगवद्गीता

श्रीमद्भगवद्गीताको राम्रो अध्ययन गर्नुभएको खण्डमा तपाईंहरूले गीतादर्शनको तात्पर्य सजिलै बुझ्न र बुझाउन सक्नुहुन्छ भन्ने यथार्थ सत्यलाई स्पष्ट गर्न श्रीमद्भगवद्गीताका सबै अध्यायका नवौं श्लोकहरूलाई यहाँ उद्धृत गरिएको छ । अर्थबोधको प्रक्रियामा तपाईंहरूले उक्त गीताका श्लोकहरूको अभ्यास गर्नुभयो भने तपाईंहरूमा एउटा अर्थबोध गर्ने सामर्थ्य जागृत हुनेछ र यसै गरी अन्य महत्त्वपूर्ण ग्रन्थहरूका पद्यहरूको पनि अर्थ लगाउन सकिन्छ भन्ने आत्मविश्वास पनि उत्पन्न हुनेछ । प्रसङ्ग नमिलेर अर्थबोध गर्न कठिनता अनुभूति हुने स्थलहरूमा पद्यहरूक तल उल्लेख गरिएका संस्कृतमय टिप्पणी हेरी अर्थबोध गर्ने प्रयासलाई दृढ बनाउनुहोस् ।

अन्ये च बहवः शूरा मदर्थे त्यक्तजीविताः ।
नानाशस्त्रप्रहरणाः सर्वे युद्धविशारदाः ।। (गी. १/९)

दुर्योधनः द्रोणाचार्यं प्रति कथयति – गुरो ! अस्मिन् सङ्ग्रामे भवदतिरिक्ता युद्धकौशलपूर्णाः नानाशस्त्रसञ्चालने कुशलाः मम कृते त्यक्तजीविताः अन्ये अपि महाशूराः सन्ति ।

एवमुक्त्वा ऋषिकेशं गुडाकेशः परंतपः ।
न योत्स्य इति गोविन्दमुक्त्वा तूष्णीं बभूव ह ।। (गी. २/९)

ऋषिकेशं गोविन्दं कृष्णम् एवं कथयित्वा जितेन्द्रियः शत्रुसन्तापकारी अर्जुनः युद्धं नैव करिष्ये इति कथयन् मौना अभवत् ।

यज्ञार्थात्कर्मणोऽन्यत्र लोकोऽयं कर्मबन्धनः ।
तदर्थं कर्म कौन्तेय मुक्तसङ्गः समाचरः ।। (गी. ३/९)

श्रीकृष्णः अर्जुनं प्रति कथयति – हे अर्जुन ! अयं संसारः कर्ममयः अस्ति । कर्म विना के अपि स्थातुं नैव शक्नुवन्ति । अतः फले आसक्तिं परित्यज्य त्वं कर्मणि संलग्नो भव ।

जन्म कर्म च मे दिव्यमेवं यो वेत्ति तत्त्वतः ।
त्यक्त्वा देहं पुनर्जन्म नैति मामेति सोऽर्जुनः ।। (गी ४/९)

हे अर्जुन ! मम दिव्यानि जन्मानि कर्माणि च यः योगी पूर्णरूपेण जानाति स देहं परित्यज्य पुनर्जन्म न प्राप्नोति अपि तु मामेव प्राप्नोति ।

प्रलपन् विसृजन् गृह्णन्नुन्मिषन् निमिषन्नपि ।
इन्द्रियाणीन्द्रियार्थेषु वर्तन्त इति धारयन् ।। (गी.५/९)

यः मनुष्यः अस्मिन् संसारे प्रलापे, विसर्जने, उन्मेषे, निमेषे च इन्द्रियाणि इन्द्रियार्थेषु संलग्नानि सन्ति इति चिन्तनं करोति तादृशः योगी पापफलभाग् न भवति ।

सुहन्मित्रार्युदासीनमध्यस्थद्वेष्यबन्धुषु ।
साधुष्वपि च पापेषु समबुद्धिर्विशिष्यते ।। (गी. ६/९)

स्वमित्रेषु, शत्रुषु, बन्धुषु, सज्जनेषु असज्जनेषु च एते स्वकर्मणा आबद्धाः सन्ति इति विचार्य यस्य बुद्धिः स्थिरा भवति स योगी स्थितप्रज्ञः उच्यते ।

पुण्यो गन्धः पृथिव्यां च तेजश्चास्मि विभावसौ ।
जीवनं सर्वभूतेषु तपश्चास्मि तपस्विषु ।। (गी. ७/९)

श्रीकृष्णः अर्जुनं प्रति कथयति – हे अर्जुन ! अहं पृथिव्यां सुगन्धः अस्मि, सूर्यचन्द्रयोः प्रकाशः अस्मि, सर्वप्राणिषु जीवनम् अस्मि, तपस्विषु च अहं तपः अस्मि इति त्वं जानीहि ।

कविं पुराणमनुशासितारमणोरणीयांसमनुस्मरेद् यः ।
सर्वस्य धातारमचिन्त्यरूपमादित्यवर्णं तमसः परस्तात् ।। (गी. ८/९)

यः जनः प्राज्ञम्, अनुशासकम्, अणुमयम्, सर्वस्य रक्षकम्, अचिन्तनीयरूपम्, तमसः पारे विराजमानं परमात्मानं चिन्तयेत् स तं परमात्मानं प्राप्नोति ।

न च मां तानि कर्माणि निबध्नन्ति धनञ्जय ।
उदासीनवदासीनमसक्तं तेषु कर्मसु ।। (गी. ९/९)

हे पार्थ ! यानि संसारिककर्माणि सन्ति तानि कर्माणि मां रोद्धुं नैव शक्नुवन्ति । तेषु कर्मसु अहम् उदासीनपुरुष इव असंलग्नः अस्मि ।

मच्चित्ता मद्गतप्राणा बोधयन्तः परस्परम् ।
कथयन्तश्च मां नित्यं तुष्यन्ति च रमन्ति च ।। (गी. १०/९)

मयि अर्पितहृदयाः, मयि सन्निहितप्राणाः, योगिनः परस्परं मम चर्चां कुर्वन्तः तुष्टाः तृप्ताः च भवन्ति

एवमुक्त्वा ततो राजन् ! महायोगेश्वरो हरिः ।
दर्शयामास पार्थाय परमं रूपमैश्वरम् ।। (गी. ११/९)

सञ्जयः कथयति – धृतराष्ट्र ! महायोगिश्वरः श्रीकृष्णः अर्जुनम् एवं कथयन् तस्मै स्वकीयं विराट्स्वरूपम् दर्शयामास।

अथ चित्तं समाधातुं न शक्नोषि मयि स्थिरम् ।
अभ्यासयोगेन ततो मामिच्छाप्तुं धनञ्जय ।। (गी. १२/९)

हे पार्थ ! यदि त्वं एवं कृते अपि स्वकीयं चित्तं मयि योजयितुं नैव शक्नोषि चेत् तर्हि पुनः योगाभ्यासं कृत्वा मां प्राप्तुं शक्नोषि

असक्तिरनभिष्वङ्गः पुत्रदारगृहादिषु ।
नित्यं च समचित्तत्वमिष्टानिष्टोपपत्तिषु ।। (गी. १३/९)

सांसारिकप्रपञ्चे अनासक्तिः, पुत्रकलत्रादिषु मोहहीनता, इष्टप्राप्तौ अनिष्टप्राप्तौ च नित्यं समचित्तता च योगिनां श्रेष्ठ गुणाः उच्यन्ते

सत्त्वं सुखे सञ्जयति रजः कर्मणि भारत ।
ज्ञानमावृत्य तु तमः प्रमादे सञ्जयत्युत ।। (गी. १४/९)

हे कौन्तेय ! सत्त्वगुणः जनेषु सुखम् उत्पादयति, रजोगुणश्च जनान् कर्मणि योजयति, तमोगुणश्च जनानां ज्ञानम आवृत्य प्रमादालस्यादिषु प्रेरयति इति इमाः गुणानां क्रियाः सन्ति ।

श्रोत्रं चक्षुः स्पर्शनं च रसनं घ्राणमेव च ।
अधिष्ठाय मनश्चायं विषयानुपसेवते ।। (गी. १५/९)

जीवः, कर्णौ, चक्षुषी, त्वक्, जिह्वा, नासिका च एतानि इन्द्रियाणि मनश्च आधारीकृत्य विषयान् सेवते ।

एतां दृष्टिमवष्टभ्य नष्टात्मानोऽल्पबुद्धयः ।
प्रभवन्त्युग्रकर्माणः क्षयाय जगतोऽहिताः ।। (भा गी. १६/९)

आत्मदृष्टिं अवरुध्य आत्मज्ञानरहिता अल्पबुद्धियुक्ताः संसारस्य वैरिणः नराः संसारस्य विनाशाय उग्रकर्मकर्तारः जायन्ते ।

कट्वम्ललवणात्युष्णतीक्ष्णरूक्षविदाहिनः ।
आहारा राजसस्येष्टा दुःखशोकामयप्रदाः ।। (गी. १७/९)

हे अर्जुन ! तिक्तम्, अम्लम्, लवणम्, अत्युष्णम्, रूक्षगुणसम्पन्नम् दाहकं च भोजनं रजोगुणयुक्ताय जनाय रोचते

कार्यमित्येव यत्कर्म नियतं क्रियतेऽर्जुन ।
सङ्गं त्यक्त्वा फलं चैव स त्यागः सात्त्विको मतः ।। (गी. १८/९)

श्रीकृष्णः अर्जुनम् उपदिशति - हे अर्जुन ! यदा केवलं कर्तव्यम् इति भावनया सङ्गं फलाशां च त्यक्त्वा कर्म क्रियते तदा वास्तविकः त्यागः अथवा संन्यासः भवति ।

ॐ

एकचालीसौं दिन
एकचत्वारिंशः दिवसः

शेषाय नमः

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी दाइबहिनीहरू ! बितेका चालीस दिनसम्म नेपाली भाषाको माध्यमबाट हामीहरूले वाक्यरचनाविधि पढ्यौं, हामी सबै संस्कृतभाषामा वाक्यरचना गर्न, लेख्न र प्रश्नोत्तर गर्न पनि दक्ष भएका छौं । यो अत्यन्त हर्षको विषय हो । प्यारा दाइबहिनी हो ! यसपछि म तपाईंहरूलाई संस्कृतभाषाको माध्यमले सिकाउन चाहन्छु । तपाईंहरू सबै छात्र एवं छात्राहरू संस्कृतमा पढ्न सक्नुहुन्छ मलाई मेरो विश्वास छ । वाक्य के हो? वाक्यको परिभाषा के हो ? वाक्य कति प्रकारका हुन्छन् ? इत्यादि विषय जान्नका लागि अब तपाईंहरू अगाडि बढ्नुहोस् ।

१. वाक्यपरिचयः

वाक्यस्य परिभाषा - क) आकाङ्क्षायोग्यतासत्तियुक्तः पदचयः वाक्यम्, ख) पदसमूहः वाक्यम्, ग) एकतिङ् वाक्यम् ।

उपर्युक्तपरिभाषाणां आशयः अस्ति आकाङ्क्षादियुक्तः सार्थकः क्रियान्वयी पदसमूहः वाक्यं भवति । उदाहरणम्- क) अहं शेषं नमामि । ख) वयं शिवं प्रणमामः । ग) छात्राः संस्कृतं पठन्ति उपर्युक्ताः पदचयाः वाक्यानि भवन्ति इति भवन्ताः भवत्यः च अवगच्छन्ति एव ।

अवाक्यत्वम्

क) अनलेन स्नानं करोति । ख) जलेन गृहं ज्वालयति । ग) आयुना भोजनं पाचयति ।

उपर्युक्ताः पदचयाः वाक्यानि न भवन्ति, योग्यताया अभावात् । यतो हि कोऽपि जनः अनलेन - अग्निना स्नानं न करोति । तथैव कोऽपि जनः जलेन गृहं न ज्वालयति । पुनश्च कोऽपि जनः वायुना भोजनं न पाचयति । उक्तपदचयेषु प्रदर्शितानां कार्याणां असम्भवत्वात् वाक्येषु योग्यता न भवति ।

निष्कर्षः - यस्यां पदसङ्गतौ आकाङ्क्षायाः, योग्यतायाः, आसत्तेश्च उपस्थितिः भवति सा पदसङ्गतिः एव वाक्यम् उच्यते।

२. वाक्यप्रकाराः

वाक्यानि संरचनाया आधारेण त्रिविधानि भवन्ति –

क) सरलवाक्यम् ख) मिश्रवाक्यम् ग) संयुक्तवाक्यम्

क) सरलवाक्यम्

एकेन उद्देश्यपदेन एकेन च विधेयपदेन युक्तं स्वतन्त्रम् अर्थसम्पन्नं वाक्यं सरलवाक्यं भवति । अत्र उद्देश्यपदस्य विधेयपदस्य च अपि अर्थः ज्ञेयः – प्रथमान्तं पदं उद्देश्यं भवति . क्रियापदं विधेयं कथ्यते 'रामः गच्छति' इति वाक्ये रामः प्रथमान्तपदं अस्ति, अत एव इदं पदम् उद्देश्यपदं भवति, गच्छति इति पदं क्रियापदं अस्ति । इदञ्च विधेयपदं उच्यते ।

सरलवाक्यानि

उद्देश्यभाग:	विधेयभाग:
दिनेश:	पठति
उमेश:	नृत्यति
पवन:	अहसत्
गोपाल:	गमिष्यति

* यदा कदा वाक्येषु उद्देश्यस्य विस्तार: भवति । यथा –

उद्देश्यभाग:	विधेयभाग:
मोहनस्य पुत्र: दिनेश:	पठति ।
आचार्यस्य अनुज: उमेश:	नृत्यति ।
निर्मलाया: अग्रज: पवन:	अहसत् ।
गोपिन्या: पति: गोपाल:	गमिष्यति ।

* यदा कदा वाक्येषु विधेयस्य विस्तार: भवति । यथा –

उद्देश्यभाग:	विधेयभाग:
दिनेश:	संस्कृतं पठति ।
राम:	विद्यालयं गच्छति ।
श्याम:	निबन्धं अलिखत् ।
गोपाल:	विराटनगरं गमिष्यति ।

* सरलवाक्येषु एका समापिका क्रिया भवति । कतिपयवाक्येषु अधिका: असमापिका: क्रिया: अपि भवितुं शक्नुवन्ति। गच्छति, पठति इत्यादिपदानि समापिका: क्रिया: भवन्ति । गच्छति, पठति इति क्रियापदै: सह गत्वा, गन्तुं, गमनम्, इत्यादिपदानि असमापिकाया: क्रियाया: बोधकानि भवन्ति ।

कर्ता	समापिका: क्रिया:
राम:	गच्छति ।
सीता	नृत्यति ।
गीता	पठति ।

* उपर्युक्तवाक्येषु स्थितानि गच्छति, नृत्यति, पठति इति क्रियापदानि समापिका: क्रिया: उच्यन्ते ।

कर्ता	असमापिका: क्रिया:	समापिका: क्रिया:
दिनेश:	विद्यापीठं गत्वा	संस्कृतं पठतु ।
गङ्गे !	स्नात्वा	भोजनं पच ।

* उपर्युक्तयोर्वाक्ययो: गत्वा, स्नात्वा इमे पदे असमापकक्रिये स्त: ।

ख) मिश्रवाक्यम्

यत्र एकं मुख्यवाक्यं अनेकानि सापेक्षसंयोजकै: (य:, स:, यत्र, तत्र, यदा, तदा) युक्तानि उपवाक्यानि

भवन्ति । तानि मिश्रवाक्यानि उच्यन्ते ।

उदाहरणानि

१. यः न पठति सः एव ज्ञाता भवति ।
२ यदा वर्षाः भवन्ति तदा कृषकाः क्षेत्रेषु रमन्ते ।
३. यत्र त्वम् इच्छसि तत्र गच्छ ।
४ यदा अहम् कथयामि तदा त्वम् आगच्छ ।
५. यथा आगच्छसि तथा गच्छ ।

» उपर्युक्तानि रेखाङ्कितानि सर्वाणि वाक्यानि उपवाक्यानि सन्ति, एतानि सापेक्षसंयोजकैः मुख्यवाक्येन सह युक्तानि सन्ति । अतः इमानि वाक्यानि मिश्रवाक्यानि ।

» उपर्युक्तानि मिश्रवाक्यानि सदैव समानानि नैव भवन्ति । कदाचित् तत्र प्रयुक्तानि उपवाक्यानि नाम्नः विशेषणस्य क्रियाविशेषणस्य वा महत्त्वम् ख्यापयन्ति । तर्हि तानि मिश्रवाक्यानि पुनः त्रीणि भवन्ति । यथा -

नामवाक्यम् - पृथ्वी वर्तुला इति सत्यम् अस्ति ।
विशेषणवाक्यम् - यः अलसः अस्ति स कदापि उत्तीर्णः न भवति ।
क्रियाविशेषणवाक्यम् - उमायाः भगिनी तथैव गीतं गायति यथा अरुणा लामा अगायत् ।

ग) संयुक्तवाक्यम्

यदा अनेकानि स्वतन्त्रोपवाक्यानि 'च, अपि, किन्तु, परन्तु, अथवा' इत्यादिभिः निरपेक्षसंयोजकैः युक्तानि - भवन्ति, तानि वाक्यानि संयुक्तवाक्यानि भवन्ति ।

मुख्यम्-उपवाक्यम्	निरपेक्ष संयोजकः	मुख्यम्-उपवाक्यम्
तव भ्राता ज्ञानी अस्ति	परन्तु	त्वं मूर्खः असि ।
रामः कृष्णवर्णः अस्ति	परन्तु	प्रसन्नवदनः अस्ति, अतः सर्वे स्निह्यन्ति ।

» संयुक्तवाक्यस्य परिचायकाः निरपेक्षसंयोजकाः एव । संयुक्तवाक्यानि अपि चतुर्विधानि भवन्ति । यथा -

अ) क्रमबोधकसंयुक्तवाक्यम् -

क्रमबोधकानि उपवाक्यानि संयुक्तवाक्यानि उच्यन्ते ।

१. सन्दीपः ध्यानेन पठति ततः लिखति ।
२ अहम् अपि यदा गृहम् अगच्छम् तदा वर्षा जाता ।

आ) वैकल्पिक-संयुक्त-वाक्यम्

वैकल्पिकार्थपदयुक्तानि वाक्यानि वैकल्पिकसंयुक्तवाक्यानि उच्यन्ते ।

१. त्वम् आगच्छ, अथवा भ्रातरं पाठय ।
२. अपि याहि, अपि तिष्ठ ।
३. त्वं विराटनगरं गच्छ अथवा दिनेशः पोखरा गाच्छतु ।
४. अस्मिन् वर्षे धृतिः प्रथमा भविष्यति अथवा आस्तिकः प्रथमः भवति ।

इ) **विपरीतार्थकसंयुक्तवाक्यानि**

विपरीतार्थकबोधकः वाक्यानि विपरीतार्थकसंयुक्तवाक्यानि उच्यन्ते ।

१. अहम् आरात्रम् अपठं परन्तु नैव उत्तीर्णः अभवम् ।

२. प्रमीतः साधुः दृश्यते परन्तु चतुरः अस्ति ।

३ नैपालकाः निर्धनाः सन्ति परन्तु स्वाभिमानिनः सन्ति ।

ई) **कारणबोधकसंयुक्तवाक्यानि –**

केषु अपि कार्यकारणभावयुक्तेषु वाक्येषु सत्सु तानि वाक्यानि कारणबोधकसंयुक्तवाक्यानि उच्यन्ते

१. गोपालः अद्य विद्यालयं न आगच्छत् यतः सः रुग्णः अस्ति ।

२. अहं ग्रामं गत्वा पाठयामि, यतः ग्रामे अधिके अशिक्षिताः सन्ति ।

३ सुभाषः प्रथमश्रेण्याम् उत्तीर्णः अभवत् तस्मात् कारणात् सर्वे तम् वर्धापनम् अयच्छन् ।

१. वाक्यपरिचय

वाक्यको परिभाषा – क) आकाङ्क्षा, योग्यता र आसक्तिले युक्त पदसमूहलाई वाक्य भनिन्छ ख) पदसमूहलाई वाक्य भनिन्छ, ग) एउटा तिङन्त क्रियापद रहेको पदसमूहलाई वाक्य भनिन्छ .

उपर्युक्त परिभाषाहरूको सारसंक्षेप यसरी व्यक्त गर्न सकिन्छ – आकाङ्क्षा, योग्यता र आसक्तिले युक्त, सार्थक, कुनै क्रियापदसँग समन्वित हुने पदसमूहलाई वाक्य भनिन्छ । जस्तै –

क) मैले शेषलाई प्रणाम गर्छु । ख) हामी सबैले शिवलाई प्रणाम गर्छौं

ग) छात्रहरू संस्कृत पढ्छन् ।

उपर्युक्त पदसन्दर्भ क्रियान्वयी र सार्थक भएकाले वाक्य हुन् भन्ने कुरा भाइबहिनीहरूले बुझ्नुपर्ने भएको छ।

अवाक्यत्व

क) आगोले नुहाउँछ । ख) पानीद्वारा घरमा डढाउँछ । ग) हावाद्वारा भोजन पकाउँछ

माथिका पदसमूह वाक्य हुनसक्दैनन् किनकि वाक्यमा हुने योग्यता त्यहाँ रहेको छैन । किनकि कुनै पनि मानिसले आगोले नुहाउँदैन, पानीले घर डढाउन सक्दैन र हावाद्वारा भोजन बनाउन पनि सक्दैन माथिका वाक्यहरूमा देखाइएका कार्यहरू असम्भव भएकाले वाक्यमा योग्यता छैन ।

निष्कर्ष – जुन पदसङ्गतिमा आकाङ्क्षा, योग्यता र आसक्ति तिनौटै कुरा हुन्छन्, त्यो नै वाक्य कहलाउँछ ।

२. वाक्यको भेद

संरचनाको आधारमा वाक्य तीन प्रकारका हुन्छन् –

क) सरल वाक्य ख) मिश्र वाक्य ग) संयुक्त वाक्य

क) सरलवाक्य

एउटा उद्देश्य पद र एउटा विधेय पदले युक्त स्वतन्त्र, सार्थक वाक्यलाई सरल वाक्य भनिन्छ यहाँ उद्देश्य भन्नाले प्रथमान्त पदलाई बुझ्नुपर्दछ र विधेय भन्नाले क्रियापदलाई बुझ्नुपर्दछ 'रामः गच्छति' यो वाक्यमा रामः प्रथमान्त पद हो भने गच्छति क्रियापद हो । तसर्थ प्रथमान्त पद भएकाले राम उद्देश्य हो भने क्रियापद भएकाले गच्छति विधेय हो ।

सरल वाक्यहरू

उद्देश्यभाग:	विधेयभाग:
दिनेशः	पठति
उमेशः	नृत्यति
पवनः	अहसत्
गोपालः	गमिष्यति

* यदाकदा वाक्यहरूमा उद्देश्य विस्तार गरिएको हुन्छ । जस्तै -

उद्देश्यभाग	विधेयभाग
मोहनको छोरा दिनेशले	पढ्छ ।
आचार्यको भाइ उमेश	नाच्दछ ।
निर्मलाको दाजु पवन	हाँसेको थियो ।
गोपिनीको पति गोपाल	जानेछ ।

* यदाकदा वाक्यमा विधेयभागको पनि विस्तार गरिन्छ । जस्तै –

उद्देश्यभाग	विधेयभाग
दिनेश	संस्कृत पढ्छ ।
राम	विद्यालय जान्छ ।
श्यामले	निबन्ध लेखेको थियो ।
गोपाल	विराटनगर जानेछ ।

* सरल वाक्यहरूमा एउटा समापिका क्रिया रहन्छ । कतिपय वाक्यहरूमा धेरै असमापक क्रिया पनि रहन सक्छन् । जान्छ, पढ्छ इत्यादि पदहरू समापक क्रिया हुन् । जान्छ, पढ्छ आदि पदका साथ रहने गएर, जान, जानु इत्यादि पद असमापक क्रियाका बोधक हुन् ।

कर्ता	समापिका क्रिया
राम	जान्छ ।
सीता	नाच्छे ।
गीताले	पढ्छे ।

* माथिका वाक्यहरूमा रहेका गच्छति, नृत्यति, पठति यी क्रियापद समापक क्रिया हुन् ।

कर्ता	असमापिका क्रिया	समापिका क्रिया
दिनेश	विद्यापीठ गएर	संस्कृत पढोस् ।
हे गङ्गा !	तिमीले स्नान गरेर	भोजन तयार गर ।

* उक्त वाक्यहरूमा रहेका गत्वा र स्नात्वा असमापक क्रिया हुन् ।

ख) मिश्रवाक्य

जहाँ एउटा मुख्य वाक्य र जुन, त्यो, जहाँ, त्यहाँ, जहिले, तहिले, आदि सापेक्ष संयोजकका रहेका

वाक्यहरू हुन्छन् ती वाक्य मिश्रवाक्य कहलाउँछन् । उदाहरण –

१ जसले पढ्दैन त्यो नै ज्ञानी हुन्छ ।

२. जुन वेला वर्षा हुन्छ त्यसबेला किसानहरू खेतमा रमाउँछन् ।

३. तिमी जहाँ जान चाहन्छौ त्यहीं जाऊ ।

४. जुन वेला म मन्दछु त्यसवेला तिमी आऊ ।

५. जसरी आएका छौ, त्यसरी जाऊ ।

माथि रेखाङ्कित गरिएका सबै वाक्य उपवाक्य हुन् । ती सबै सापेक्षसंयोजकका साथ मुख्य वाक्यले युक्त छन् । तसर्थ तिनलाई मिश्रवाक्य भनिन्छ ।

माथिका सबै मिश्रवाक्यहरू समान हुँदैनन् । कुनै वाक्यमा प्रयोग गरिएका उपवाक्यले नाम, विशेषण र क्रियापदको महत्त्व बताउँछन् । त्यसकारण ती मिश्रवाक्य फेरि तीन प्रकारका हुन्छन् – नामवाक्य, विशेषणवाक्य र क्रियाविशेषणवाक्य। जस्तै –

नामवाक्य – पृथ्वी गोलो छ भन्ने कुरो साँचो हो ।

विशेषणवाक्य – जुन विद्यार्थी आलसी छ, त्यो कहिले पनि उत्तीर्ण हुन सक्दैन ।

क्रियाविशेषणवाक्य – उमाकी बहिनीले त्यसरी नै गीत गाउँछिन् जसरी अरुणा लामाले गाएकी थिइन् ।

ग) संयुक्तवाक्य

जहाँ अनेक स्वतन्त्र उपवाक्यहरू 'पनि, किन्तु, परन्तु, अथवा' आदि निरपेक्ष संयोजकले जोडिएका हुन्छन् । त्यस्ता वाक्यलाई संयुक्त वाक्य भनिन्छ ।

मुख्य-उपवाक्य	निरपेक्ष संयोजक	मुख्य-उपवाक्य
तिम्रो भाइ ज्ञानी छ	परन्तु	तिमी मूर्ख छौ ।
राम कालो छ	तर	हँसमुख छ, त्यसकारण सबैले त्यसलाई मन पराउँछन्

संयुक्त वाक्यका परिचायकहरू निरपेक्ष संयोजकहरू नै हुन् । संयुक्त वाक्य पनि चार किसिमका हुन्छन् । जस्तै–

अ) क्रमबोधकसंयुक्तवाक्य –

क्रमलाई बुझाउने उपवाक्यहरूलाई संयुक्तवाक्य भनिन्छ ।

१. सन्दीप ध्यानले पढ्छ अनि लेख्छ ।

२. म पनि घर पुगें पानी पनि पऱ्यो ।

आ) वैकल्पिक-संयुक्त-वाक्य

विकल्प बुझाउने पदले युक्त वाक्यहरू भएमा त्यसलाई वैकल्पिक संयुक्त वाक्य भनिन्छ ।

१. तिमी आऊ अथवा भाइलाई पठाऊ ।

२. चाहे जाऊ, चाहे बस ।

३. तिमी विराटनगर जाऊ अथवा दिनेश पोखरा जाओस् ।

४. यो वर्ष धृति प्रथम हुन्छे अथवा आस्तिक प्रथम हुन्छ ।

इ) **विपरीतार्थकसंयुक्तवाक्यहरू**

परस्पर विपरीत अर्थ बुझाउने वाक्यहरू रहेमा त्यसलाई विपरीतार्थक संयुक्तवाक्य भनिन्छ ।

१. म धनभरि पढ्छु परन्तु उत्तीर्ण हुन्न
२. प्रमीत सोझो छ किन्तु चतुर छ ।
३. नेपालीहरू गरिब भए पनि स्वाभिमानी छन् ।

ई) **कारणबोधकसंयुक्तवाक्यहरू**

कुनै कार्यको कारण बुझाउने वाक्यहरू रहेमा त्यस संयुक्त वाक्यलाई कारणबोधक संयुक्तवाक्य भनिन्छ ।

१. गोपाल आज विद्यालय आएन किनकि ऊ बिरामी छ ।
२. म गाउँमा गएर पढाउँछु किनकि गाउँमा धेरै अशिक्षितहरू छन् ।
३. सुभाष प्रथम श्रेणीमा उत्तीर्ण भयो, त्यसैले सबैले उसलाई बधाई दिए ।

अभ्यास

१ का वाक्यस्य परिभाषा ?
(वाक्यको परिभाषा के हो ?)

२ पदसमूहमात्रं वाक्यं कथं न भवति ?
(पदसमूहमात्र वाक्य किन हुँदैन ?)

३ कतिविधानि वाक्यानि भवन्ति, कानि च तानि ?
(वाक्य कति किसिमका हुन्छन् र तिनका नाम के के हुन् ?)

४ संयुक्तवाक्यानि कति प्रकारकाणि भवन्ति ?
(संयुक्त वाक्य कति प्रकारका हुन्छन् ?)

५ के सन्ति सापेक्षसंयोजकाः तेषां उपयोगः केषु वाक्येषु भवन्ति ।
(सापेक्ष संयोजक के के हुन् र तिनीहरूको उपयोग कुन किसिमका वाक्यमा हुन्छ ।)

६ के सन्ति निरपेक्षसंयोजकाः तेषां प्रयोगः कुत्र भवति ?
(निरपेक्ष संयोजक के हुन् ? र तिनीहरूको प्रयोग कहाँ हुन्छ ?)

वयालीसौं दिन
द्वाचत्वारिंशः दिवसः

लेखनलाई परिमार्जित गराउने कला लेखनकला हो भने बोल्दा शब्द र वाक्यलाई परिमार्जित गराउने सम्भाषणकला हो । दुवैको समान महत्त्व छ । सर्वप्रथम हामी लेखनकलाको विषयमा विचार गरौं। रामो विषय छानेर रुचिकर विषय चयन गरी यस विषयमा के-के लेख्ने भन्ने कुरा चिन्तन गरेर उपयुक्त शब्द राखी सन्तुलित वाक्यनिर्माण गर्दा लेखनकलाको शुभारम्भ हुन्छ । वाक्यनिर्माण त्यसै हुने होइन । यसका लागि विषय र विषयसम्बन्धी तथ्यहरू आवश्यक हुन्छन् । ती तथ्यलाई सर्वप्रथम बुँदाका रूपमा टिपोट गर्नुपर्दछ । शब्द र वाक्य बाहिरी कलेवर हुन् भने विषयगत बुँदाहरू भित्री तत्त्व हुन् अथवा सारतत्त्व हुन्। शब्दज्ञान र वाक्यनिर्माण गर्न आवश्यक व्याकरणको ज्ञान र विषयका बुँदाहरू यति भएपछि हामी वाक्यनिर्माण, अनुच्छेद रचना र निबन्धरचनामा पनि समर्थ हुन्छौं । यी कुरालाई तपाईंहरूले मनन गर्नुपर्छ । शब्द र वाक्यका विषयमा हामीले धेरै चर्चा गरिसक्यौं । तपाईंहरूले धेरै नियम बुझिसक्नुभयो । अब बुँदा टिपोटतर्फ लागौं । बुँदा टिपोटलाई संस्कृतमा बिन्दुसङ्कलन भनिन्छ । बुँदा टिपोट दुई तरिकाबाट हुन्छ - आफूले चिन्तन गरेका विचारको क्रमिक रूपमा १, २, ३ यस रूपमा सङ्कलन गर्नु पहिलो तरिका हो भने कुनै ग्रन्थका विषयहरूको सारतत्त्वलाई क्रमशः टिपोट गर्नु दोस्रो तरिका हो ।

तपाईंहरूले सम्भाषण सिक्न सर्वप्रथम शब्द र वाक्यको ज्ञान गर्नैपर्छ । जानेका कुरा र वाक्यलाई प्रयोग गरी आफ्ना मनमा बुँदाटिपोटको आवश्यकता हुन्छ । यसै के बोल्ने हो भन्ने कुरा विचार गरेर बुँदाटिपोट गरी सम्भाषण गर्दा बोलिने वाक्य संक्षिप्त र सारपूर्ण बन्दछन् । विचारै नगरीकन बोल्न खोज्दा विचार शब्द र वाक्यमा सामञ्जस्य हुन आउँदैन तसर्थ बुँदाटिपोट गरी सन्तुलित वाक्यको प्रयोगद्वारा गरिने सम्भाषण आदिले कलाको रूप लिन्छ र मानिसहरूलाई आफूले भन्न चाहेको कुरा राम्ररी बुझाउनमात्र होइन अपितु प्रभावित गर्न पनि सकिन्छ ।

१. बिन्दुसङ्कलनम्

क) बिन्दुसङ्कलनप्रक्रियायाः परिचयः

प्राचीनसमयादेव गद्यलेखने, परिभाषणे, शिक्षणे, बिन्दुसङ्कलनस्य परम्परा वर्तते । साम्प्रतमस्माकं नेतारः बिन्दुसङ्कलनं विधाय भाषणप्रशिक्षणादिं कुर्वन्ति । बिन्दुसङ्कलनमाश्रित्य विहितं सम्भाषणं शिक्षणञ्च सारगर्भितं समसामयिकं च भवति । बिन्दुसङ्कलनाभावे अनेकेषां विषयाणां शिक्षणं प्रशिक्षणञ्च अपूर्णमपि भवति यथा प्रशिक्षकाणां प्रशिक्षणस्य कृते बिन्दुसङ्कलनस्य यावत् महत्त्वमस्ति तथैव छात्राणां प्रारम्भिकशिक्षणलेखनाभ्यासाय बिन्दुसङ्कलनं तावदेव महत्त्वमस्ति । बिन्दुसङ्कलनं विधाय छात्राः निबन्धादिलेखने सौकर्यमनुभवन्ति । तेषाञ्च लेखरचनानिबन्धादयः रम्याश्च भवन्ति । अतो लेखादिरचनाभ्यासाय निर्धारितविषयस्य लेखनप्रशिक्षणक्रमे चिन्तने समुत्पन्नाना विचाराणा सङ्क्षेपेण लेखनमथवा स्वाधीतेषु ग्रन्थादिषु प्रस्तुताना विषयाणां सारसङ्ग्रहणं बिन्दुसङ्कलनमस्ति।

ख) बिन्दुसङ्कलनपरिभाषा

अनुच्छेदलेखने, निबन्धादिलेखने च अभ्यासरतानां विद्यार्थिनां कृते लेखरचनाभ्यासाय तथा प्रशिक्षकाणां

कृते काव्येभ्यः, महाकाव्येभ्यः, समसामयिकविषयेभ्यश्च सारमादाय प्रशिक्षकाणां प्रशिक्षणाय प्रवचनाय च मुख्यांशसङ्कलनं बिन्दुसङ्कलनमिति बोद्धव्यम् ।

ग) बिन्दुसङ्कलने मननीया विषयाः

१. प्रस्तुतांशस्य विषयस्य च पुनः पुनरध्ययनम् ।
२. अनुच्छेदस्य विषयस्य च मुख्यांशे रेखाङ्कनम् ।
३ रेखाङ्कितेषु प्रमुखांशानां सङ्कलनम् ।
४. बिन्दुसङ्कलने असमापिकानां क्रियाणां प्रयोगः ।
५. बिन्दूनां अपरिष्कृतं प्रथमलेखनम् ।
६. अपरिष्कृतस्य प्रथमलेखनस्य पुनः परिमार्जनम् ।
७ परिमार्जने सति शीर्षक-चयनम् ।

संस्कृतवाङ्मये बिन्दुसङ्कलनस्य परम्परा प्राचीनकालादेव आसीत् । बिन्दुसङ्कलनम् - गद्येषु पद्येषु च भवति भवन्तः अवलोकयितुं शक्नुवन्ति यत् श्रीमद्भागवतस्य द्वादशस्कन्धस्य निरूपणाध्याये समग्रस्य भागवतस्य विषयाः बिन्दुरूपेण सङ्कलिताः सन्ति । तथैव वाल्मीकिरामायणस्य बालकाण्डस्य प्रथमसर्गे सम्पूर्णरामायणस्य, महाभारतस्य आदिपर्वणः प्रथमे अध्याये च महाभारतस्य सम्पूर्णकथा बिन्दुरूपेण सङ्कलिता अस्ति ।

* केनापि कविना रामायणस्य मुख्यविषयाणां बिन्दुसङ्कलनं कृत्वा पद्यमेकं निर्मितम् । तस्मिन् पद्ये समग्रा एव रामायणीया घटना प्रतिबिम्बिता वर्तते -

आदौ रामतपोवनादिगमनम्, हत्वा मृगं काञ्चनम्,
वैदेहीहरणम् जटायुमरणम्, सुग्रीवसम्भाषणम्,
बालीनिर्दलनम् समुद्रतरणम् लङ्कापुरीदाहनम्,
पश्चाद् रावणकुम्भकर्णहननम् एतद्धि रामायणम्

क) बुँदाटिपोटको परिचय

संस्कृतमा प्राचीनकालदेखि नै गद्यलेखन, सम्भाषण, शिक्षणमा बुँदाटिपोटको परम्परा रहेको छ आज-भोलि हाम्रा नेताहरू बुँदाटिपोट गरेर भाषण र प्रशिक्षण आदि गर्दछन् । बुँदाटिपोटका आधारमा गरिएको भाषण, सम्भाषण र शिक्षण सारगर्भित र समसामयिक विषयपूर्ण बन्दछ । बुँदाटिपोट नगरीकन गरिएको प्रशिक्षण, शिक्षण र सम्भाषणमा केही कुरा अपूर्ण पनि हुनसक्छन् । छात्रहरूलाई प्रारम्भिक लेख रचना अभ्यास गर्नका लागि पनि बुँदाटिपोटको आवश्यकता पर्दछ । बुँदाटिपोट गरेर छात्रहरूलाई निबन्धादि लेख्न सजिलो हुन्छ र ती लेखहरू राम्रा बन्दछन् . अतः लेख, निबन्ध, रचना आदि अभ्यासको लागि निर्धारित विषयको लेखन-प्रशिक्षण क्रममा चिन्तन र उत्पन्न विचारहरूलाई लेख्नु र पढेका ग्रन्थहरूमा प्रस्तुत विषयको सारसङ्कलन गर्नु नै बिन्दु सङ्कलन हो ।

ख) बिन्दुसङ्कलनको परिभाषा

अनुच्छेद, निबन्ध आदि लेखनमा अभ्यास गर्ने विद्यार्थीहरूको लागि, लेख-रचनाभ्यासको लागि र काव्य-महाकाव्य र समसामयिक विषयको सार खिचेर प्रशिक्षण, प्रवचन आदि दिन चाहने प्रशिक्षकहरूका लागि साधारण पुऱ्याउने मुख्यांश सङ्कलन नै बिन्दुसङ्कलन हो ।

ग) बुँदाटिपोटका लागि आवश्यक तत्त्वहरू

१. प्रस्तुत अंशको र विषयको पटक पटक अध्ययन गर्नु ।
२ अनुच्छेद वा विषयको मुख्यांशमा रेखाङ्कन गर्नु ।
३. रेखाङ्कित गरिएका मुख्य अंशको गणना गर्नुपर्छ ।
४. बुँदाटिपोटमा असमाप्तिका क्रियाको प्रयोग गर्नु ।
५. बुँदाटिपोटको पहिले खेस्रो लेखन गर्नु ।
६. खेस्रो लेखनलाई पुनः परिमार्जन गर्नु ।
७. परिमार्जन गरिसकेपछि शीर्षकचयन गर्नु ।

संस्कृतवाङ्मयमा बुँदाटिपोटको परम्परा अतीव प्राचीनकालदेखि आएको छ । बुँदाटिपोट गद्य र पद्य दुवैमा हुन्छ । तपाईंहरूले पनि देख्न सक्नुहुन्छ श्रीमद्भागवतको द्वादशस्कन्धको निरूपणाध्यायमा सम्पूर्ण भागवतको कथा बुँदाटिपोटको रूपमा सङ्कलित गरिएको छ । त्यसरी नै वाल्मीकिरामायणको प्रथमकाण्डको प्रथम सर्गमा सम्पूर्ण रामायणको र महाभारतको आदिपर्वको प्रथम अध्यायमा सम्पूर्ण महाभारतको कथाको बिन्दुरूपमा सङ्कलन भएको छ । कुनै कविले रामायणका मुख्यविषयको बुँदाटिपोट गरेर एउटा पद्य निर्माण गरेका छन् त्यस पद्यमा सम्पूर्ण रामायणको कथा प्रतिबिम्बित भएको छ - 'रामचन्द्रको वनगमन, स्वर्णिम मृगको मारण, सीताजीको हरण जटायुको मरण, सुग्रीवसँगको सम्भाषण, बालीको हनन, समुद्र लङ्घन, लङ्कापुरीको दहन गरिसकेपछि रावण र कुम्भकर्णको हनन' यही नै रामायण हो ।

आउनुहोस्, बुँदाटिपोटको आधारमा संवादशैलीमा प्रस्तुत गरिएका महाभारतका केही संवादका अंशहरू हेरौं

महाभारतस्य कथा -

छात्रः - आदरणीय पूज्यगुरुवर ! यथा मया बिन्दुरूपेण रामायणस्य कथाः श्रुता, तथैव महाभारतस्य कथाः श्रोतुमिच्छामि -
आदरणीय पूज्यगुरु ! जसरी मैले रामायणको कथा बुँदागत रूपमा सुनें , त्यसरी नै महाभारतको कथा सुन्न चाहन्छु ।

गुरुः - हस्तिनापुरे (वर्तमाननवदेहल्याः समीपे) धृतराष्ट्रः पाण्डुश्च द्वौ भ्रातरौ आस्ताम् -
हस्तिनापुरमा धृतराष्ट्र र पाण्डु दुई दाजुभाइ थिए ।

छात्रः - कः अग्रजः ? कश्च अनुजः आसीत् :? -
को दाइ र को भाइ थियो ?

गुरुः - जेष्ठः धृतराष्ट्रः, कनिष्ठः पाण्डुः आस्ताम् । द्वौ एव राजकुमारौ । जेष्ठः धृतराष्ट्रः अनुजाय पाण्डवे अर्धराज्यम् अयच्छत् -
जेठा धृतराष्ट्र र कान्छो पाण्डु थिए, दुवै राजकुमार थिए । जेठा धृतराष्ट्रले भाइ पाण्डवलाई आधा राज्य दिएका थिए ।

छात्रः - आम्, ततः - अँ, अनि, त्यसपछि ।

गुरुः - धृतराष्ट्रस्य दुर्योधनादयः शतपुत्राः अभवन् । पाण्डोश्च धर्मराजः, भीमसेनः, अर्जुनः, नकुलः, सहदेव इति पञ्च तनयाः अभवन् । द्रौपदी पाण्डवानां धर्मपत्नी आसीत् । एकदा द्यूतक्रीडायां दुर्योधनः पाण्डवानां राज्यं अपाहरत् ।

धृतराष्ट्रका दुर्योधनादि सय छोरा थिए । पाण्डुका धर्मराज, भीमसेन, अर्जुन, नकुल र सहदेव पाँचवटा छोरा भए । द्रौपदी पाण्डवहरूकी धर्मपत्नी थिइन् । एकदिन जुवा खेल्दा दुर्योधनले पाण्डवहरूको राज्य जिते ।

छात्रः – ततः पाण्डवाः किम् कुर्वन् ? –
त्यसपछि पाण्डवहरूले के गरे ?

गुरुः – राज्यभ्रष्टाः पाण्डवाः द्रौपद्या सह वनम् अगच्छन् । वने च पाण्डवाः बहूनि कष्टानि अन्वभवन् । द्वादशवर्षपर्यन्तं ते वने अवसन् । त्रयोदशवर्षे अज्ञातवासं विराटनगरे अकुर्वन् । चतुर्दशवर्षे दुर्योधनवचनानुसारं वनवासं अज्ञातवासं च समाप्य पाण्डवाः द्यूतक्रीडाया माध्यमेन अपहृतं राज्यं अस्मभ्यं प्रत्यर्पयेति दुर्योधनम् अपृच्छन् –
राज्य हारेका पाण्डवहरू द्रौपदीका साथमा वन गए। वनमा पाण्डवहरूले कष्ट सहे । १२ वर्षसम्म वनमा बसे तेह्रौं वर्ष अज्ञातवासका लागि विराटनगरमा बसे । चौधौं वर्ष दुर्योधनको वचनअनुसार वनवास र अज्ञातवास सकेर पाण्डवहरूले जुवाद्वारा अपहरण गरिएको राज्य हामीहरूलाई फर्काऊ भनेर दुर्योधनलाई भने ।

छात्रः – वचनानुसारं भगवता उक्तम्, कीदृशं वचनमिति ? –
वचनअनुसार भनेर तपाईंले भन्नुभयो । के भनाइ थियो ?

गुरुः – द्यूते पराजितान् पाण्डवान् प्रति पुरा दुर्योधनः अकथयत्– मयापहृतं राज्यं द्वादशवर्षपर्यन्तस्य वनवासस्य एकवर्षात्मकस्य अज्ञातवासानन्तरं तुभ्यं प्रयच्छामीति दुर्योधनेन प्रतिवचनं कृतम् आसीत् –
जुवामा हारेका पाण्डवहरूलाई दुर्योधनले भनेका थिए – मैले जितेको राज्य बाह्र वर्षको वनवास र एकवर्षको अज्ञातवासपछि तिमीहरूलाई फर्काउनेछु भन्ने दुर्योधनले प्रतिज्ञा गरेका थिए ।

छात्रः किं दुर्योधनः प्रतिवचने पराङ्मुखः आसीत् ? –
के दुर्योधन प्रतिज्ञाविमुख भए ।

गुरुः – आम्, लोभी दुर्योधनः राज्यं दातुं नैच्छत् । ततः कौरवपाण्डवानां मध्ये कुरुक्षेत्रे महत् युद्धम् अभवत्, भगवान् श्रीकृष्णः पाण्डवपक्षे आसीत् । स अर्जुनस्य सारथिः अभवत । भीष्मद्रोणादयः दुर्योधनपक्षीया सर्वे महाभारतयुद्धे अर्जुनेन हताः । दुर्योधनदुश्शासनहृदयश्च भीमेन मारिताः, ततः युधिष्ठिरस्य राज्याभिषेकः सञ्जातः । इदमेव महाभारतस्य कथानकम् । बालकः ! महाभारतम् अस्माकम् अमूल्यं ग्रन्थरत्नम् अस्ति । यत्र भारते तत्र संसारे इत्यपि उक्तिः विद्यते संस्कृतं पठित्वा त्वं महाभारतं पठ । महाभारतात् सर्वं सांसारिकतथ्यं ज्ञातुं शक्नोषि –
हो लोभी दुर्योधनले राज्य दिन चाहेनन्, त्यसपछि कौरव र पाण्डवहरूको बीचमा कुरुक्षेत्रमा ठूलो युद्ध भयो । भगवान् श्रीकृष्ण पाण्डव पक्षमा भए। उनी अर्जुनका रथसारथि बने । भीष्म-द्रोणादि दुर्योधन पक्षका सबै योद्धाहरू महाभारतको युद्धमा अर्जुनद्वारा मारिए । दुर्योधन र दुःशासन भीमद्वारा मारिए । त्यसपछि युधिष्ठिरको राज्याभिषेक भयो। यही नै महाभारतको कथानक हो । बाबु ! महाभारत हामी मानिसहरूका लागि अमूल्य ग्रन्थ हो। जुन कुरा महाभारतमा छैन त्यो कुरा संसारमा छैन भन्ने उक्ति पनि छ । संस्कृत पढेर तिमीले महाभारत पढ तिमीले महाभारतबाट सम्पूर्ण संसारका कुरा बुझ्न सक्नेछौ ।

२. अनुच्छेदः

संस्कृतजिज्ञासु मित्र तथा प्यारा विद्यार्थी भाइबहिनीहरू ! हामीहरू संस्कृत बोल्न, लेख्न, प्रश्नोत्तर गर्न र संभाषण गर्न सक्ने भएका छौं । प्रबल इच्छाशक्ति नै उन्नतिको कारक हो । तपाईहरूको मनमा संस्कृतमा स-साना गद्य-पद्य लेख्न पाए कस्तो हुँदो हो जस्तो चाहना भएको होला । केही अप्ठ्यारो छैन । तपाईहरूले नेपाली भाषाका काव्य, नाटक, गद्य, निबन्ध आदि पढ्नुभएकै छ । त्यहाँ साना र ठूला विशेषणले सजिएका वाक्यहरू नै हुन्छन् । वाक्यरचना गर्ने अभ्यासमा त तपाईहरू निपुण भइसक्नुभएको छ । अब तपाईहरूले आफूले चाहेको विषय र शीर्षकमा पहिले आफ्नै अभ्यासको क्रममा तयार गरेका वाक्यहरूजस्ता नयाँ वाक्य तयार गरी १० देखि १८ सङ्ख्यासम्मका वाक्यहरूद्वारा तयार गरिने गद्यात्मक अनुच्छेद अर्थात् लघुगद्यांश लेख्ने अभ्यास गर्नुहोस् ।

क) अनुच्छेदस्य परिचयः

संस्कृतजिज्ञासवः छात्राः भ्रातरः, भगिन्यः , यदा वयं श्लोकं गद्यांशं वा पठामः, तत्र तत्र वाक्यानि एव भवन्ति । ततः अपि अग्रे, महाकवेः बाणस्य कथाप्रबन्धरूपां कादम्बरीं अवलोकयामः, महाकवेः कालिदासस्य महाकाव्यानि पठामः, तत्रापि श्लोकेषु गद्यखण्डेषु च वाक्यानि एव सन्ति । न केवलं काव्य-महाकाव्येषु अपितु महाप्रबन्धेषु, ऋग्वेदपर्यन्तेषु ग्रन्थेषु, विविधेषु शास्त्रीयेषु लौकिकेषु च ग्रन्थेषु च वाक्यानि एव विद्यन्ते सर्वम् एव वाङ्मयं वाक्यैरेव निर्मीयते । अत एव प्रशिक्षणक्रमे सर्वे भवन्तः वाक्यरचनायां दक्षाः भवन्तु इति मदीया इच्छा आसीत्, सा पूर्णा जाता । वाक्यरचनायां यदि कुशलता आयाति तर्हि संस्कृतपठनपाठनं सर्वं सुकरं प्रतीयते। ततः परम् अनुच्छेदरचनायाः चर्चा उपयुक्ता भवति । भवतां सर्वेषां मनःसु अनुच्छेदलेखनस्य महती इच्छापि समुत्थिता भवेत् । सा स्वाभाविकी। आगच्छन्तु, वाक्यरचनानन्तरं गद्यांशलेखने अनुच्छेदलेखने च अभ्यासं कुर्मः।

कस्यापि विषयस्य वर्णने वाक्यात् दीर्घतरः गद्यांशखण्डः अनुच्छेदः कथ्यते । आङ्ग्लभाषायां अनुच्छेदस्य अर्थः – प्यागग्राफ अस्ति । वस्तुतः अनुच्छेदो नाम कस्यापि विषयस्य शृङ्खलाबद्धवर्णनमस्ति । यत्र क्रमबद्धेषु वाक्येषु क्रमबद्धाः भावाः आयान्ति ।

ख) अनुच्छेदस्य परिभाषा

अनुच्छिनत्तीति अनुच्छेदः । निश्चिते विषये शीर्षकं निश्चित्य, निर्धारितशैल्याम् – न्यूनतया दशपङ्क्त्यात्मकस्य अधिकतया अष्टादशपङ्क्त्यात्मकस्य गद्यखण्डस्य लेखनम् अनुच्छेदः इत्युच्यते ।

ग) अनुच्छेदभेदाः (अनुच्छेदका भेद)



ग) अनुच्छेदलेखने मननीया: विषया:

१. प्रथमं विषय-चयनम्
२. द्वितीयं निश्चितविषयस्य गभीराध्ययनम्
३ गभीराध्ययने सति सम्बद्धविषयस्य विचारबिन्दुसङ्कलनम्
४ सङ्कलितबिन्दूनाम् आद्यन्तमध्यभागनिर्धारणम् ।
५ ततः अनुच्छेदस्य शीर्षकानुसारेण शैल्याः चयनम् ।
६ ततः सुस्पष्टं सारपूर्णं लेखनम् ।
७ अनुच्छेदस्य आद्यन्तभागान् विभज्य आदौ तिसृषु चतसृषु वा पङ्क्तिषु शीर्षकसम्बन्धे चर्चा विधेया मध्यभागे अष्टसु दशसु वा पङ्क्तिषु विषयस्य विश्लेषणात्मिका व्याख्या विधेया । अन्ते तिसृषु चतसृषु वा पङ्क्तिषु उपसंहारात्मकानि वाक्यानि प्रयुज्य अनुच्छेदस्य समापनं कर्तव्यम् ।

क) अनुच्छेद-परिचय

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! जब हामी कुनै श्लोक अथवा गद्यांश पढ्छौं त्यहाँ वाक्यहरू नै हुन्छन् । हामी महाकवि बाणको कथाप्रबन्धरूपी कादम्बरी हेर्छौं र महाकवि कालिदासका काव्यहरू पढ्छौं, तीसबैका श्लोक र गद्यहरूमा वाक्यहरू नै हुन्छन् । न केवल महाकाव्य र महाप्रबन्धहरूमा अपितु ऋग्वेदसम्मका शास्त्रीय एवं लौकिक ग्रन्थहरूमा पनि वाक्यहरू नै हुन्छन् । सम्पूर्ण वाङ्मय वाक्यहरूबाट नै बनेको छ । अत एव प्रशिक्षणका क्रममा तपाईंहरूलाई वाक्यरचना गर्ने कार्यमा दक्ष गराउनु मेरो अभिलाषा थियो जुन पूर्ण पनि भइसक्यो । वाक्यरचनामा कुशलता आइसकेपछि मात्र संस्कृतको पठन-पाठन सरल हुन्छ । त्यसपछि अनुच्छेदको चर्चा गर्नु उपयुक्त हुन्छ । त्यसैले अब तपाईंहरूको मनमा अनुच्छेद लेख्ने इच्छा पनि जागेको हुनसक्छ, जुन स्वाभाविक पनि हो अतः आउनुहोस्, अब गद्यांश वा अनुच्छेद लेख्ने अभ्यास गरौं । कुनै पनि विषयको वर्णन गर्दा वाक्यभन्दा अलि ठूलो एकाइलाई अनुच्छेद भनिन्छ । अंग्रेजीमा अनुच्छेदको अर्थ प्याराग्राफ लेखन हो । वास्तवमा अनुच्छेद कुनै विषयको शृङ्खलाबद्ध वर्णन हो । जहाँ क्रमबद्ध वाक्यहरूमा क्रमबद्ध भावनाहरू व्यक्त भएका हुन्छन् ।

ख) अनुच्छेद-परिभाषा

निश्चित विषयमा शीर्षक चयन गरी निर्धारित शैलीमा १० पंक्तिदेखि १८ पंक्तिसम्मको गद्य लेखन नै अनुच्छेद हो ।

ग) अनुच्छेद लेखनमा ध्यान पुऱ्याउनुपर्ने कुरा

१. विषय चयन गर्नु ।
२. शीर्षक चयन गरिसकेपछि त्यस विषयमा राम्रो अध्ययन गर्नु ।
३ राम्रो अध्ययनपछि शीर्षकमित सम्बन्धित विषयको बुँदा टिपोट गर्नु ।
४. बुँदाहरूलाई आदि, अन्त्य, मध्य भागमा व्यवस्थित गर्नु ।
५. त्यसपछि अनुच्छेदको शीर्षक अनुसार शैलीको चयन गर्नु ।
६. त्यसपछि राम्रो तरिकाले लेख्नु ।
७. अनुच्छेदको आदि, अन्त्य र मध्यभागलाई विभाजन गरेर आदिमा तीन अथवा चार लाइनमा शीर्षकसम्बन्धी चर्चा गर्नु, मध्यभागमा आठ अथवा दश लाइनमा विषयमित सम्बन्धित विश्लेषणात्मक व्याख्या गर्नु र अनुच्छेदको अन्त्यमा तीन वा चार लाइनमा उपसंहारात्मक वाक्यहरू लेखेर अनुच्छेदको समापन गर्नुपर्दछ।

अनुच्छेद - एक
वर्तमानराजनीतिः

बिन्दुसङ्कलनम्

१. गणतन्त्रस्य घोषणा
२. जनानाम् आकाङ्क्षाः
३. सर्वकारनिर्माणस्य अवस्था ।
४. राष्ट्रपतिनिर्वाचने असहमतिः ।
५. राजनीतिकतरलता ।

अस्माकं देशस्य वर्तमानराजनीतिः अस्तव्यस्ता विद्यते । देशस्य सर्वाङ्गीणविकासाय राजनीतेः महती भूमिका भवति पुरा - राणाशासने, पञ्चायतीव्यवस्थायाञ्च देशस्य राजनीतिः व्यवस्थिता नासीत् । २०६४ तमस्य संविधानसभायाः निर्वाचनानन्तरं देशे गणतन्त्रस्य घोषणा जाता । जनानां महत्यः आकाङ्क्षाः सन्ति । निर्वाचने कस्यापि दलस्य सर्वकाररचनायाः आवश्यकं बहुमतं नास्ति । माओवादीदलं सर्वेभ्यः दलेभ्यः विशालतमम् अस्ति । परन्तु तत् दलम् अपि अन्येषां दलानां सहयोगग्रहणे असमर्थं प्रतीयते । कदा तत् दलम् एमालेदलेन सह सङ्कटनं कर्तुम् इच्छति कदा तराईवादिदलेन सह च सम्बन्धं स्थापयति। तस्य दलस्य अस्थिरां गतिविधिम् अवलोक्य प्रायः सर्वे नागरिकाः चिन्तिताः सन्ति । गणतान्त्रिकनेपालस्य राष्ट्रपतिचयने अपि दलेषु असहमतिः । विश्वासघाताश्च आयाताः सर्वत्र आन्दोलनानि दृश्यन्ते, कदा छात्राणाम्, कदा व्यवसायिणाम्, कदा तराईवासिनाम्, कदा पर्वतास्थानाम् आन्दोलनानि सन्ति । वयम् आशास्महे अस्माकं नेतारः अवश्यमेव वर्तमानां अस्थिरां राजनीतिकतरलतां समाप्य नवनेपालस्य नवीनसंविधाननिर्माणं शीघ्रम् एव सफलाः भविष्यन्तीति।

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! आजको एक्काइसौं शताब्दी निबन्धमय नै भएको कुरा सर्वविदितै छ । वर्तमान समयमा विभिन्न सङ्घ-संस्थासँग आबद्ध बुद्धिजीवीहरू, राजनीतिज्ञहरू, पत्रकारहरू, शिक्षकहरू र प्राध्यापकहरूले आफ्ना भाव निबन्धको माध्यमबाट व्यक्त गर्छन् । संसारमा जति समाचारपत्रहरू निस्कन्छन्, ती सबैमा एक-दुई निबन्ध अवश्य नै हुन्छन् । आजभोलि त समयको सीमितताले उपन्यास, महाकाव्य, महाभारत आदि ठूला-ठूला ग्रन्थको पनि विवेचनात्मक लेख-निबन्धबाटै सबैले ग्रन्थको मर्म बुझ्न चाहन्छन् । अतः यो युग निबन्धको हो । अब आउनुहोस्, निबन्ध के हो ? यो कति किसिमको हुन्छ ? कसरी लेख्नुपर्छ ? आदि विषयको संक्षेपमा अध्ययन गरौं ।

२. निबन्धलेखनम्

क) निबन्धलेखन-परिचयः

संस्कृतजिज्ञासवः ! सखायः ! भ्रातरः ! भगिन्यः च ! इयं एकविंशतितमा शताब्दी पूर्णरूपेण निबन्धमयी विद्यते इदं सर्वविदितं तथ्यमस्ति । अधुना विभिन्नेषु संस्थानेषु आबद्धाः बुद्धिजीविनः राजनीतिककार्यकर्तारः पत्रकाराः शिक्षकाः प्राध्यापकाश्च निबन्धस्यैव माध्यमेन स्वकीयान् विचारान् सर्वत्र प्रसारयन्ति । अतः अस्माभिः निबन्धलेखनस्य विधिः ज्ञातव्यः । आधुनिके युगे निबन्धस्य अत्यधिकं महत्त्वं वर्तते । यस्य कस्य अपि विश्वविद्यालयस्य

पाठ्यक्रमे कस्यापि महाकाव्यस्य केचन सर्गाः, कस्यापि प्रबन्धस्य केचन भागाः निर्धारिताः भवन्ति । व्याकरणे महाभाष्यमपि नवाह्निकमात्रं पाठ्यते । कस्य अपि प्रबन्धस्य, काव्यस्य, महाकाव्यस्य च अपि पूर्णस्वरूपज्ञानाय शिक्षितानां गुरूणां शिष्याणाञ्च पार्श्वे समयः नास्ति । अतः एव सूक्ष्माक्षरान् निबन्धान् पठित्वा जनाः सर्वं तथ्यं ज्ञातुम् इच्छन्ति । अत एव निबन्धलेखनम् अधुना अनिवार्यं जातम् अस्ति । अयं समयः संसारस्य शैक्षिकजगति निबन्धकालः इति विश्रुतः वर्तते । विंशतितमशताब्द्या अयं समयः निबन्धस्य समयः इति कथने न का अपि आपत्तिः भवेत् ।

विश्वस्मिन् विश्वे कति भाषाः सन्ति, कति च समाचारपत्राणि निःसरन्ति, तेषु समाचारपत्रेषु द्वित्राः निबन्धाः अवश्यमेव भवन्ति । अतः वयम् निबन्धस्य महत्त्वम् अनुमातुं शक्नुमः । सर्वे छात्राः निबन्धलेखने दक्षाः भवन्तु इति विचार्य निबन्धशिक्षणम् आरभ्यते ।

ख) निबन्धपरिभाषा

निः निशेषेण बन्धनं निबन्धः । कस्यापि परिकल्पितस्य निर्धारितस्य वा विषयस्य गभीराध्ययनाय गद्यात्मकशैल्यां साङ्गोपाङ्गं क्रमबद्धं समीक्षणात्मकं विश्लेषणात्मकं भावात्मकं च लेखनं निबन्धः इति उच्यते ।

ग) निबन्धभेदौ

क) **आत्मपरकनिबन्धः** - आत्मपरकनिबन्धेषु प्रायः लेखकाः भावप्रधानाः भवन्ति । प्रायः ते स्वानुभूतस्य विषयस्य विवरणम् उपस्थापयन्ति ।

ख) **वस्तुपरकनिबन्धः** - वस्तुपरकनिबन्धेषु लेखकाः वस्तुविश्लेषणविधौ समस्यायाः समुपस्थापनं विधाय तस्याः समाधानकार्ये केन्द्रिताः भवन्ति ।

घ) निबन्धस्वरूपसंरचना

अ) शीर्षकम्

आ) आदिभागे - शीर्षकगतविषयपरिचयः, तस्य व्युत्पत्तिः, भूमिकास्थापनम्, विषयप्रवेशः च भवन्ति । एतत् सर्वं एकस्मिन्नेव अनुच्छेदे लिख्यते ।

इ) मध्यभागे - विषयस्य विवरणम्, तर्काः, उदाहरणानि, तुलनाः, प्रमाणानि, सकारात्मकपक्षाः, नकारात्मकपक्षाः च स्थाप्यन्ते । समस्यायाः उल्लेखेन सह समाधानोपायाश्च भवन्ति । अयं भागः त्रिषु चतुर्षु अथवा ततः अपि अधिकेषु अनुच्छेदेषु लिख्यते ।

ई) अन्त्यभागे - कथोपकथनस्य सारः, विषये स्वकीया धारणा, उपसंहारः च अत्र स्थाप्यन्ते अयं भागः प्रायः एकस्मिन्नेव अनुच्छेदे लिख्यते ।

ङ) निबन्धलेखने मननीयाः बिन्दवः

अ) शीर्षकस्य चयनम्

आ) विषयसम्बद्धानां बिन्दूनां सङ्कलनम् ।

इ) सङ्कलितबिन्दूनां स्थाननिर्धारणम् ।

ई) भाषिकी शुद्धता, विश्लेषणदक्षता च ।

उ) निबन्धमध्यभागे स्थापितानि उदाहरणानि सान्दर्भिकाणि सन्ति न वा इति परीक्षणम् ।

ऊ) लेखने समागतानाम् अनुपयुक्तकथनानां दूरीकरणं सर्वेषां अनुच्छेदानां परिमार्जनञ्च ।

* उपरि निर्दिष्टानि निबन्धसंरचनासूत्राणि प्रयुज्य नीचैः केचन स्वल्पाकाराः निबन्धाः उपस्थापिताः सन्ति । एतेषाम्

अध्ययनेन निबन्धस्वरूपं ज्ञात्वा भवद्भिः स्वयम् अपि एतादृशानां निबन्धानां रचनायाम् अभ्यासः कर्तव्यः

क) शीर्षकम् – नेपाल-संस्कृत-विश्वविद्यालयः

ख) बुँदाटिपोट – विश्वविद्यालयस्य स्थापना, केन्द्रीयकार्यालयस्य स्थानम्,

ग) पदाधिकारिणः

घ) विश्वविद्यालयान्तर्गता कार्यालयाः

ङ) सम्बन्धनप्राप्तानि विद्यापीठानि ।

क) निबन्ध-परिचय

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! यो एक्काइसौं शताब्दी पूर्णरूपमा निबन्धमय नै भएको छ । यो सबैले बुझेको तथ्य हो । आजभोलि विभिन्न संघसंस्थामा आबद्ध बुद्धिजीवीहरू, राजनीतिज्ञहरू, शिक्षक र प्राध्यापकहरू निबन्धकै माध्यमबाट आफ्ना भावनाहरू सर्वत्र व्यक्त गर्दछन् । अतः हामीहरूले निबन्ध लेख्ने विधि जान्नुपर्दछ । आधुनिक समयमा निबन्धको धेरै महत्त्व छ । जुनसुकै विश्वविद्यालयको पाठ्यक्रममा कुनै पनि महाकाव्यका केही सर्ग कुनै प्रबन्धका केही भाग निर्धारित हुन्छन् । व्याकरणमा महाभाष्य पनि नवाह्निकमात्र पढाइन्छ कुनै पनि प्रबन्धको, काव्यको, महाकाव्यको पूर्ण रूपको बोधका लागि शिक्षित गुरुहरू र विद्यार्थीहरूसँग समय छैन त्यसैले स-साना निबन्धहरू पढेर मानिसहरू सम्पूर्ण कुरा बुझ्न चाहन्छन् । आजभोलि निबन्ध लेख्नु अनिवार्य भएको छ । यो समय शैक्षिक जगत्को निबन्धकाल हो । बीसौं शताब्दीदेखि अहिलेसम्मको समय निबन्धको समय हो भनेमा कुनै आपत्ति हुने छैन । संसारमा कति भाषा छन्, कति समाचारपत्रहरू निस्कन्छन् । तिनी समाचारपत्रहरूमा दुई-तीनवटा निबन्धहरू अवश्य नै हुन्छन् । यसबाट हामीहरू निबन्धको महत्त्व बुझ्न सक्छौं । अतः सबै विद्यार्थीहरू निबन्ध लेख्नमा दक्ष होऊन् भन्ने विचार गरी निबन्ध शिक्षण आरम्भ गरिएको छ ।

ख) निबन्धपरिभाषा

कुनै विषयलाई रामोसँग बाँध्नु नै निबन्ध हो । कुनै पनि कल्पना गरिएको अथवा निर्धारित विषयको गहिरो अध्ययन र व्याख्यानको लागि गद्यात्मक शैलीमा साङ्गोपाङ्ग क्रमबद्ध समीक्षात्मक, विश्लेषणात्मक र भावनात्मक लेख नै निबन्ध हो । निबन्धको लेखनलाई निबन्धलेखन भनिन्छ ।

ग) निबन्धका भेद

क) आत्मपरकनिबन्ध – आत्मपरकनिबन्धहरूमा प्रायः लेखकको भावना प्रधान हुन्छ यस्ता निबन्धहरूमा लेखकहरूले आफूले अनुभव गरेका विषयहरूको विवरण उपस्थापित गर्दछन् ।

ख) वस्तुपरकनिबन्ध – वस्तुपरकनिबन्धहरूमा लेखकहरू वस्तुविश्लेषण गरेर समस्याको समाधानमा केन्द्रित हुन्छन् ।

घ) निबन्धको स्वरूप-संरचना

अ) शीर्षक

आ) आदिभाग – शीर्षकगत विषयको परिचय, विषयको व्युत्पत्ति, भूमिका स्थापन र विषयप्रवेश आदि भागमा रहेका हुन्छन् र उक्त सबै कुरा एउटै अनुच्छेदमा लेख्ने प्रचलन रहेको छ

इ) मध्यभाग – विषयको विवरण, तर्क-वितर्कात्मक विश्लेषण, उदाहरण, विषयगत तुलना, विषयलाई

प्रमाणित गर्ने प्रमाण, विषयका सकारात्मक पक्ष र नकारात्मक पक्ष मध्यभागमा प्रस्तुत गरिन्छन् समस्याको उल्लेखका साथै समाधानका उपायहरू पनि दिइएको हुन्छ । यो भाग तीन – चार अथवा तीभन्दा अधिक अनुच्छेदहरूमा लेखिएको हुन्छ ।

ई) **अन्त्यभाग** – निबन्धको अन्त्यमा भूमिका र मध्यभागमा वर्णन र विश्लेषण गरिएका विषयहरूको सङ्क्षिप्त सार प्रस्तुत गर्दै लेखकीय अवधारणा पनि स्थापित गरिएको हुन्छ । प्रायः यो भाग एउटै अनुच्छेदमा लेखिएको हुन्छ ।

ङ) निबन्धलेखनका लागि मननीय कुराहरू

अ) शीर्षक चयन

आ) शीर्षकसँग सम्बद्ध बुँदाटिपोट ।

इ) सङ्कलित बुँदाहरूको स्थान निर्धारण ।

ई) भाषिक शुद्धता र विश्लेषण दक्षता ।

उ) निबन्धमा राखेका उदाहरणहरूको सान्दर्भिकताको परीक्षण ।

ऊ) लेखनमा आएका अनुपयुक्त कथनको निवारण र अनुच्छेदहरूको परिमार्जन ।

उपर्युक्त बुँदाहरूलाई समावेश गरी लेखिएको निबन्ध राम्रो हुन्छ ।

माथि बताइएका निबन्धलेखन सूत्रहरूमा प्रथम र द्वितीय सूत्र प्रयोग गरेर तयार गरिएको एउटा निबन्ध तल दिइएकोछ ।

१. **शीर्षक** – नेपाल संस्कृत विश्वविद्यालय

२. **बुँदाटिपोट** – विश्वविद्यालयको स्थापना, केन्द्रीय कार्यालय भएको ठाउँ

३. पदाधिकारीहरू

४. विश्वविद्यालय अन्तर्गतका कार्यालयहरू

५. सम्बन्धनप्राप्त विद्यापीठहरू

निबन्ध उदाहरण

नेपाल-संस्कृत-विश्वविद्यालयः

नेपाल-संस्कृत-विश्वविद्यालयः संस्कृतवाङ्मयस्य ज्ञानविज्ञानयोः समन्वयात्मकाय अध्ययनाय २०४३ तमे वैक्रमाब्दे स्थापितः अस्ति । अस्य केन्द्रीयकार्यालयः मध्यपश्चिमाञ्चलस्य दाङ्ग-जनपदे अस्ति । सहायककार्यालयश्च काष्ठमण्डपस्य वसन्तपुरे वर्तते । अस्य केन्द्रीयकार्यालये त्रयः विभागाः सन्ति । तेषु – उपकुलपतेः प्रमुखकार्यालयः, शिक्षाध्यक्षस्य कार्यालयः, कुलसचिवस्य कार्यालयश्च सन्ति । विश्वविद्यालयस्य उपकुलपतिः प्रमुखः पदाधिकारी भवति. स एव प्रशासनप्रमुखोऽपि अस्ति, अस्यैव नेतृत्वे सर्वे प्राध्यापकाः कर्मचारिणश्च संस्कृतस्योन्नतये संलग्नाः भवन्ति ।

उपकुलपतेः सहयोगाय केन्द्रीयप्रशासकीयभवने शिक्षाध्यक्षस्य कार्यालयः, कुलसचिवस्य कार्यालयश्च स्तः । विश्वविद्यालयस्य सभया पारितानां नीतिनिर्देशनियमानां कार्यरूपेण परिपालनाय इमौ शिक्षाध्यक्षस्य कुलसचिवस्य च कार्यालयौ तत्परौ भवतः । परीक्षा-सञ्चालनस्य कृते तु केन्द्रीयकार्यालयान्तर्गतः एकः परीक्षानियन्त्रणकार्यालयः स्वकीये भवने एव अस्ति, अस्य प्रमुखः परीक्षानियन्त्रकः भवति । अयं कार्यालयः कुलसचिवकार्यालयान्तर्गतः अस्ति

वसन्तपुरकार्यालये च, शिक्षाध्यक्षकार्यालयान्तर्गतमेकमनुसन्धानकेन्द्रमस्ति । अनुसन्धानकेन्द्रस्य प्रमुखः कार्यकारिनिर्देशकः भवति । विश्वविद्यालयान्तर्गतानि विभिन्नानि विद्यापीठानि सन्ति ।

वाल्मीकिविद्यापीठम् मध्यमाञ्चलान्तर्गते काष्ठमण्डपे वाल्मीकिविद्यापीठमस्ति । अस्मिन् विद्यापीठे उत्तरमध्यमा- आचार्यकक्षापर्यन्तं वेद-व्याकरण-साहित्य-धर्मशास्त्रादिसंस्कृतविषया-आङ्ग्लभाषा-नेपालीभाषा-राजनीतिशास्त्रप्रभृत्य आधुनिकविषयाः, योगप्राकृतिकचिकित्सा शिक्षाशास्त्रिविषयाश्च पाठ्यन्ते । इदं विद्यापीठं काष्ठमण्डपस्य प्रदर्शनक्षेत्रे अवस्थितमस्ति ।

पिण्डेश्वरविद्यापीठम् - पूर्वाञ्चलगतायां धरानगर्यां २००८ तमे वर्षे स्थापितं पिण्डेश्वरविद्यापीठमस्ति अस्मि विद्यापीठे व्याकरणविषये-साहित्यविषये च उत्तरमध्यमातः आचार्यकक्षापर्यन्तमध्ययनम् अध्यापनञ्च भवति. अस्य सञ्च स्वर्गीयस्य पं छविलालपोखरेलस्य महत् योगदानमस्ति । पूर्वाञ्चले एव सोलुखुम्बुजनपदे अपरं वि.पी. संस्कृतविद्यापीठम अत्र उत्तरमध्यमाकक्षापर्यन्तमेव पठन-पाठनयोः व्यवस्था वर्तते । महोत्तरीति जनपदे महर्षेः याज्ञवल्क्यस्य मठिकान्याम् - या ल ना.विद्यापीठम् वर्तते । धनुषाजनपदे च हजारीजनकविद्यापीठं विद्यते । अत्र मैथिलीभाषाया हिन्दी अपि अध्ययनम् अध्यापनं भवति । अतः पूर्वाञ्चले चत्वारि विद्यापीठानि नेपालसंस्कृतविश्वविद्यालयान्तर्गतानि

पश्चिमाञ्चले च विन्दुवासिनीविद्यापीठं पोखरायाम्, रुरुसंस्कृतविद्यापीठं गुल्मीमण्डले, हरिहरसंस्कृतविद्या अर्घाखाँचीजनपदे सन्ति । मध्यपश्चिमाञ्चले दाङ्जनपदे द्वे विद्यापीठे स्तः । तत्र एकम् - जनताविद्यापीठम् ग्रामे वर्तते जनताविद्यापीठे शास्त्रिकक्षापर्यन्तं शास्त्रीयविषयैः सह आयुर्वेदस्य, विज्ञानस्य, शिक्षाशास्त्रिविषयाणा अध्ययनम् अध्यापनं भवति । अपरं केन्द्रीयकार्यालयस्य समीपे एव विश्वविद्यालयविद्यापीठमस्ति

सुदूरपश्चिमाञ्चले महेन्द्रनगरे शारदाविद्यापीठं विद्यते । पूर्वोक्तैः एभिः विद्यापीठैः सह नेपालसंस्कृतविश्वविद्या संस्कृतशिक्षायां समर्पितोऽस्ति ।

४. प्रतिवेदनम्

क) प्रतिवेदनस्य परिचयः

बहुसंस्कृतसम्पन्नः बहुभाषाविलसितः च अस्माकं समाजः अनेकाभिः समस्याभिः ग्रस्तोऽस्ति अनेकाः विसङ्गतयः सन्ति अस्माजे यदाकदा काचन दुर्घटनाः अवाञ्छितक्रियाकलापाश्च जायन्ते अवस्थायां सत्यतथ्यान्वेषणं विधाय दुर्घटनायाः समस्यायाश्च कारणं ज्ञात्वा तस्य निराकरणाय विवरणात्मकस्य लेखस्य आवश्यकता भवति । तादृशः विवरणात्मकः समस्यानिराकरणोपाययुक्तः लेखः एव प्रतिवेदनम्

ख) प्रतिवेदनस्य परिभाषा

कस्यापि विषयस्य घटनायाः वा यथार्थं चित्रणं विधाय प्रतिवेदनलेखकैः प्रस्तुतं समस्यायाः समाधानोपायसहितं च विवरणं प्रतिवेदनमस्ति ।

ग) प्रतिवेदनस्य विषयाः

१. कापि समसामयिकी समस्या
२. कापि घटना दुर्घटना वा
३. कस्मिन्नपि स्थाने शैक्षिकसंस्थायाः स्थापना
४. विभिन्नयोजनानां कार्यान्वयनम्
५. कृषिप्रधानदेशे कृषकाणां समस्याः समाधानानि च ।

घ) प्रतिवेदनस्य स्वरूपम्

आदिभागे -	शीर्षकम्, परिचयः, पृष्ठभूमिः -	एकस्मिन्नेव अनुच्छेदे
मध्यभागे -	विवरणं तथ्यं तथ्यविश्लेषणम् -	२-३ अनुच्छेदेषु
अन्त्यभागे -	निष्कर्षः, समाधानोपायाश्च -	एकस्मिन्नेव अनुच्छेदे

- प्रतिवेदकस्य हस्ताक्षरणि

ङ) प्रतिवेदनलेखने निम्नाङ्कितविधयः अवलम्ब्यन्ते

१. निर्धारितविषयस्य घटनायाः वा साङ्गोपाङ्गम् अध्ययनम् ।
२. अध्ययने मुख्यांशानां (बिन्दूनाम्) सङ्कलनम् ।
३. सङ्कलितबिन्दूनां क्रमनिर्धारणम् ।
४ समाधानोपायानां चिन्तनम् ।
५. परिमार्जनं विधाय लेखनम् ।
६. शब्दसङ्ख्यायाः परिगणनं च ।

उपर्युक्तप्रक्रियामवलम्ब्य लिखितं प्रतिवेदनं सर्वाङ्गपूर्णं भवति । उदाहरणम् -

शीर्षकम् - यातायातशुल्कवृद्धौ छात्रान्दोलनम्

बिन्दुसङ्कलनम्

१. इन्धनस्य मूल्यवृद्धिः ।
२. त्रिपक्षीययातायात-शुल्क-निर्धारणम् ।
३. छात्राणां कृते ४५ प्रतिशतं शुल्कन्यूनीकरणम् ।
४. सहमतौ सत्यां व्यवसायिनां सहमतिपालने समस्याः, तासां समाधानोपायाश्च ।

क) प्रतिवेदनको परिचय

बहुसांस्कृतिक र बहुभाषिक हाम्रो समाज अनेक किसिमका समस्याबाट ग्रस्त छ । यहाँ नै अनेकौं विसङ्गतिहरू छन् । समाजमा कहिलेकाहीं केही दुर्घटना र अवाञ्छित क्रियाकलापहरू हुन्छन् । त्यस अवस्थामा सत्यतथ्यान्वेषण गरी दुर्घटना र समस्याका कारणहरू जानी त्यसको निराकरणका लागि विवरणात्मक लेखको आवश्यकता पर्छ । त्यस्ता समस्या निराकरणका उपायसहितका विवरणात्मक लेख नै प्रतिवेदन भनिन्छन् ।

ख) प्रतिवेदनको परिभाषा

कुनै पनि विषय अथवा घटनाका सन्दर्भमा यथार्थ चित्रण गरी समीक्षणात्मक समाधानका उपायसहित प्रतिवेदन लेखकहरूद्वारा प्रस्तुत विवरण नै प्रतिवेदन हो ।

ग) प्रतिवेदनका विषय

१. कुनै पनि समसामयिक समस्या
२. कुनै घटना वा दुर्घटना
३ कुनै पनि ठाउँमा शैक्षिक संस्थाको स्थापना
४. विभिन्न योजनाहरूको कार्यान्वयन
५ कृषिप्रधान देशमा कृषकहरूका समस्या र समाधान

घ) प्रतिवेदनको स्वरूप

पहिलो भागमा –	शीर्षक, परिचय, पृष्ठभूमि –	एक अनुच्छेदमा
मध्य भागमा –	वस्तुतथ्य विश्लेषण –	दुई तीन अनुच्छेदमा
अन्त्य भागमा –	निष्कर्ष, समाधानका उपायहरू –	एक अनुच्छेदमा

– प्रतिवेदकको हस्ताक्षर

ङ) प्रतिवेदनलेखनमा निम्नलिखित विधिहरू अवलम्बन गरिन्छ

१. निर्धारित विषय वा घटनाको साङ्गोपाङ्ग अध्ययन ।
२ अध्ययन गर्दा मुख्यांश सङ्कलन अथवा बुँदाटिपोट ।
३ सङ्कलित बुँदाहरूको क्रमनिर्धारण ।
४ समाधानका उपायहरूको चिन्तन ।
५. परिमार्जन र लेखन ।
६ शब्दसङ्ख्याको परिगणन ।

उपर्युक्त विधिअनुसार लेखिएको प्रतिवेदन सर्वाङ्ग पूर्ण बन्दछ । बुँदाहरूमा १., २. को क्रम अवलम्बन गरी लेखिएको प्रतिवेदन –

शीर्षकम् - सवारी भाडा वृद्धि र विद्यार्थी आन्दोलन

बिन्दुसङ्कलन

१. इन्धनको मूल्यवृद्धि
२. त्रिपक्षीय वार्ताद्वारा यातायातशुल्क निर्धारण ।
३. छात्रहरूका लागि ४५ प्रतिशत शुल्क छुट ।
४. सहमतिपछि व्यवसायीहरूको सहमतिपालनमा देखिएको समस्या र समस्याको समाधानका उपाय ।

उदाहरण -

यातायातशुल्कवृद्धौ छात्रान्दोलनम्

साम्प्रतम् अन्तराष्ट्रियस्तरे एव पेट्रोलियमपदार्थस्य मूल्यवृद्धिर्जाता । अस्माकं देशे यान्त्रिकस्य इन्धनस्य स्रोतः नास्ति सर्वकारः विदेशेभ्यः आदाय यान्त्रिकेन्धनस्य आपूर्तिं करोति । अतः वैदेशिकविनिमयव्यवस्थायाः सन्तुलनार्थं सर्वकारः मूल्यवृद्धये बाध्यो जातः । इन्धनस्य मूल्यवृद्धौ सत्यां यातायातव्यवसायिनः अपि स्वयमेव यातायातशुल्कवृद्धिमकुर्वन्। तादृशीं मूल्यवृद्धिम् अवलोक्य छात्राः आन्दोलने संलग्नाः । तां यातायातव्यवसायिभिः विहितां मूल्यवृद्धिम् अस्वाभाविकीं इति विचार्य पुनः सर्वकारेण सह व्यवसायिनः छात्राश्च वार्तामकुर्वन् । सहमतिः च जाता । वार्ताप्रसङ्गे छात्राणां कृते ४५ प्रतिशतं शुल्कन्यूनीकरणम् अपि त्रिपक्षीयसहमतौ सर्वैः स्वीकृतम् । पुनश्च छात्राः निर्धारितशुल्कन्यूनीकरणसौविध्यं याच्ञन्ति स्म परन्तु केचन व्यवसायिनः सहयोगं नैव अददन् । अस्मादेव कारणात् कदा पूर्वाञ्चले कदा पश्चिमाञ्चले कदा कस्मिन् जनपदे कदाचन इतरजनपदे यातायातावरोधः जातः । अवरोधसहनम् अस्माकं नियतिः एव जातम्

अनेन एव प्रकारेण अवरोधादिकरणे सर्वकारस्य राष्ट्रस्य च महती हानिर्भवति । अतः का अपि समस्याः व्यवसायिनां सन्तु, अथवा छात्राणां सन्तु, तासां समाधानार्थं सर्वकारस्य मध्यस्थतायां पुनः वार्तां विधाय गत्यवरोधः सर्वथा परिहर्तव्यः भवति । सर्वकारः तस्य विभिन्नाः निकायाश्च तत्र प्रयत्नरताः भवन्तु । येन नागरिकाणां अधिकाराः सुरक्षिताः भवन्तु इति।

प्रतिवेदकः

... .

५. टिप्पणीलेखनम्

क) टिप्पणीलेखनस्य परिचय:

केनापि विदुषा लिखितस्य पुस्तकस्य पुस्तिकाया: पत्रपत्रिकासु प्रकाशितानां च समसामयिकविषयाणाम् गुणदोषादिविवेचनाय लेखकेभ्य: पत्रकारेभ्य: उत्साहप्रदानाय, त्रुटिपरिवर्तनाय च टिप्पणीकारा: टिप्पणीं कुर्वन्ति। टिप्पण्या: माध्यमेन लेखकस्य लेखनिबन्धादीनां परिष्कार: जायन्ते । अत: साम्प्रतं टिप्पण्या: आवश्यकता अस्ति। इत्थमेव गुणदोषविवेचनपुरस्सरं विहितं स्वीयावधारणायुक्तं विवेचनमेव टिप्पणी उच्यते । टिप्पण्या: लेखनं टिप्पणीलेखनम् इति प्रसिद्धम् ।

ख) टिप्पण्या: परिभाषा

कस्यापि लिखितस्य अथवा अलिखितस्य विषयस्य तथ्यपरकं विश्लेषणं विधाय स्वकीयावधारणाञ्च समायुज्य लेखनमेव टिप्पणी इत्युच्यते ।

ग) टिप्पणीलेखनविधि:

१ निर्धारितविषयस्य तथ्यपरकं विचारसङ्कलनम् ।
२ सङ्कलितबिन्दूनाम् उपरि स्वकीयप्रतिक्रियाया: लेखनम् ।
३ आवश्यकबिन्दूनाम् आद्यन्तमध्यभागनिर्धारणम् ।
४ बिन्दूनां विश्लेषणं विधाय प्रारम्भिकलेखनम् ।
५. प्रारम्भिकलेखनस्य परिमार्जनम् ।
६. परिमार्जितस्य सरलभाषायां प्रभावोत्पादकशैल्यां पुनर्लेखनम् ।

एवं कृते सति कस्यापि विषयस्य प्रभावोत्पादिका टिप्पणी सुसम्पन्ना भवति ।

उदाहरणम्

वर्तमानसंस्कृतशिक्षा

आदौ बिन्दुसङ्कलनम्

१. संस्कृतशिक्षाया: आवश्यकता ।
२. छात्रसङ्ख्याया: न्यूनता ।
३. समसामयिकपाठ्यक्रमस्य अभाव: ।
४. प्राविधिकशिक्षाया: न्यूनता ।
५. छात्राणां निश्चितकार्यक्षेत्रस्य अभाव: ।

क) टिप्पणीलेखन-परिचय

कुनै पनि विद्वान्ले लेखेको पुस्तकपुस्तिका र पत्रपत्रिकामा प्रकाशित समसामयिक विषयमा गुण-दोषको विवेचनाका लागि लेखक र कार्यपत्र लेखकको उत्साह वृद्धिका लागि र त्रुटिपरिमार्जनका लागि टिप्पणीकारहरूले सम्बन्धित विषयमा टिप्पणी गर्दछन् । टिप्पणीद्वारा लेखकका लेख, रचना, निबन्ध आदिको परिष्कार हुन्छ । अत: आजभोलि टिप्पणीको विशेष महत्त्व छ। यस्तो गुण-दोषविवेचकपूर्वक आफ्ना धारणासहित प्रस्तुत गरिएको विवरण नै टिप्पणी हो । टिप्पणीको लेखनलाई नै टिप्पणीलेखन भनिन्छ ।

ख) टिप्पणीको परिभाषा

कुनै पनि लिखित अथवा अलिखित विषयको तथ्यपरक विश्लेषण गरी आफ्नो धारणासहित लेखिएको लेख नै टिप्पणी हो ।

ग) टिप्पणी लेखनका विधिहरू

१. निर्धारित विषयको आवश्यक बुँदाटिपोट
२. सङ्कलित बुँदाहरूमाथि आफ्नो प्रतिक्रियाको टिपोट ।
३. आवश्यक विधाहरूको स्थाननिर्धारण ।
४. बुँदाहरूको विश्लेषण गरी प्रारम्भिक लेखन
५ प्रारम्भिक लेखको परिमार्जन
६. परिमार्जनपछि सरल भाषामा प्रभावोत्पादक शैलीमा पुनर्लेखन ।

उपर्युक्त विधिको अवलम्बन गरी तयार गरिएको टिप्पणी प्रभावोत्पादक बन्दछ ।

जस्तै –

शीर्षक – **वर्तमान संस्कृत शिक्षा**

बुँदाटिपोट

१. संस्कृतशिक्षाको आवश्यकता ।
२. छात्रसङ्ख्याको कमी ।
३. समसामयिक पाठ्यक्रमको अभाव ।
४. प्राविधिकशिक्षाको कमी ।
५. छात्रहरूको निश्चित कार्यक्षेत्रको अभाव ।

वर्तमानसंस्कृतशिक्षा

अस्माकं देशः बहुसंस्कृतिसम्पन्नः, बहुभाषाविलसितः च अस्ति । पूर्वमेचौतः महाकालीपर्यन्तं अस्माकं देशे अनेकाः भाषाः सन्ति। अनेकसंस्कृतिसम्पन्नाः जनाः च विद्यन्ते । सर्वेषां नागरिकाणां मातृभाषा भिन्ना भिन्ना वर्तते । देशेषु सर्वजनसम्पर्कभाषास्वरूपा – एका राष्ट्रभाषा नेपाली अस्ति । राष्ट्रभाषा नेपाली–संस्कृतात् समुत्पन्ना विद्यते, न केवलं राष्ट्रभाषा एव अपितु अन्या अपि भाषा संस्कृतात् अनुप्राणिताः सन्ति । देशस्थाः समग्राश्च संस्कृतयः न्यूनाधिकरूपेण संस्कृतभाषया प्रभाविता सन्ति । अतः संस्कृतशिक्षायाः आवश्यकता विद्यते । संस्कृतात् एव अस्मदीयाः सर्वाः संस्कृतयः सर्वाः भाषाः च अनुप्राणिताः सन्ति । अस्माकं राष्ट्रभाषा नेपाली तु संस्कृतं विना जीवितुं नैव शक्नोति । संस्कृतशिक्षायाः आवश्यकता विचार्य सर्वकारेण संस्कृतविश्वविद्यालयः अपि स्थापितः वर्तते । परन्तु संस्कृतशिक्षां प्रति छात्राः आकृष्टाः न सन्ति । विश्वविद्यालये संस्कृतछात्राणां सङ्ख्या न्यूना अस्ति । यद्यपि तत्र बहूनि कारणानि सन्ति । तेषु कानिचिद् मुख्यानि निम्नाङ्कितानि सन्ति –

१. समसामयिकपाठ्यक्रमस्य अभावः

भट्टोजिदीक्षितस्य समयः खिष्टाब्दस्य सप्तदशशताब्द्याः अन्तिमकालः अस्ति । तदानींतन समयस्य प्रायः सर्वे अध्ययनाध्यापनविषयाः संस्कृतविश्वविद्यालये अद्यापि प्रयुज्यन्ते । समयसापेक्षविषयं विधिञ्च सर्वे छात्राः समाजश्च इच्छन्ति । परन्तु विश्वविद्यालयः पाठ्यक्रमपरिमार्जने लेखने अध्यावधि मन्थरगतिकः अस्ति । अतः विश्वविद्यालयः यथाशीघ्रं समयानुरूपस्य शिक्षणप्रशिक्षणविधेः स्थापने संलग्नः भवतु ।

२ **प्राविधिकशिक्षायाः न्यूनताः**

संस्कृतवाङ्मये अनेके प्राविधिकविषयाः सन्ति । यथा – आयुर्वेदः, ज्योतिषः, योगः, कर्मकाण्डम्, प्राकृतिकचिकित्सा, परन्तु अस्य विश्वविद्यालयस्य प्रशासकाः प्राविधिकविषयशिक्षणे मौनम् आकलयन्ति । ज्योतिषविषयस्य सम्यक् अध्ययनम् अत्र भवति । परन्तु अनेके छात्राः प्रविधिरहिताः सन्ति । प्रतिवर्षं भारतात् अनेके ज्योतिर्विदः अत्र आगत्य स्वजीविकां प्रतिष्ठापूरकं परिचालयन्ति । अस्मिन् विषये वयं संस्कृतज्ञाः मौनं धारयामः । आयुर्वेदचिकित्साशास्त्रस्य प्रमुखः विषयः अस्ति । अस्माकं देशे अनेकाः वनस्पतयः सन्ति तासां संरक्षणे वैदेशिकमुद्राणाम् अर्जने च संस्कृतसङ्घायः सुपुप्तः अस्ति । अनेनैव प्रकारेण अस्माकं विश्वविद्यालयः अनेकेषु कार्यक्रमेषु मन्थरगत्या प्रचलन् अस्ति । वस्तुतः पूर्णरूपेण प्राविधिकविषयपूर्णा अपि संस्कृतशिक्षा समयानुकूलं विकासं न भजते ।

६. बोधः

क) बोधस्य परिचयः

बोधनं बोधः इति व्युत्पत्तिलभ्यः अर्थः । कस्यापि विषयस्य सम्यग् ज्ञानमेव अस्ति परन्तु अत्र प्रयुक्तस्य बोधशब्दस्य अन्यः अपि अर्थः अस्ति । यथा – कस्यापि पठितांशस्य पठितांशस्य वा अनुच्छेदं गद्यं पद्यं वा सम्यक् अधीत्य समुचितोत्तरलेखनम् अपि बोधः उच्यते । वस्तुतः यथाशीघ्रं विषयवस्तुनः यथार्थज्ञानं विधाय उत्तरलेखनमेव बोधः अस्ति । बोधस्य माध्यमेन छात्राणां क्षमतायाः तेषां विषयप्रकाशनशक्तेश्च सकृदेव परीक्षणं भवति ।

ख) बोधस्य परिभाषा

कस्मिन्नपि अनुच्छेदे निबन्धे गद्यकाव्ये अथवा पद्यकाव्ये वर्णितान् विषयान् आधृत्य वर्णनानुरूपेण प्रश्नान् निर्माय तत्र प्रस्तुतानां बोधप्रदानां विषयाणाम् उत्तररूपेण परिज्ञानं बोधः उच्यते ।

ग) बोधस्य कृते आवश्यकानि तत्त्वानि

१. अर्थबोधविधेः उपयोगः ।
२. विहितानां प्रश्नानां तस्मिन्नेव गद्यांशे उत्तरान्वेषणम् ।
३. उत्तरात्मकेषु वाक्येषु रेखाङ्कनम्, रेखाङ्कितभागानां पुनः पुनः समीक्षणम् ।
४. उत्तरलेखनसमये अन्वयविधिं अनुसृत्य कर्तृपदस्य, कर्मपदस्य, क्रियापदस्य च समायोजनं विधाय सरलेनैव वाक्येन उत्तरस्य प्रारम्भिकलेखनम् ।
५. विषयस्य केन्द्रीयभावमाश्रित्य शीर्षकचयनम्, उत्तरलेखनञ्च विधेयम् ।

एवं कृते सति बोधस्योत्तरलेखने भवन्तः सफलाः भविष्यन्ति ।

क) बोधको परिचय

बुझाइ नै बोध हो । यो व्युत्पत्तिबाट प्राप्त अर्थले कुनै पनि विषयको राम्रो ज्ञान नै बोध हो । परन्तु यहाँ प्रयुक्त बोधशब्दको अर्थ योभन्दा अतिरिक्त पनि छ । जस्तै – यहाँ प्रयुक्त बोधशब्द कुनै पनि पठितांश अथवा अपठितांशको अनुच्छेद, गद्य, पद्यलाई राम्रो गरी पढेर समुचित उत्तर लेख्ने अर्थमा प्रयोग भएको छ । वास्तवमा यथाशीघ्र विषयवस्तुको ज्ञान गरेर त्यहाँ सोधिएका प्रश्नहरूको उत्तर लेख्नु नै बोध हो । यसबाट विद्यार्थीहरूको विषयबोध गर्ने क्षमता र बोधप्रकट गर्ने शक्तिको एकै पटक परीक्षण हुन्छ ।

ख) बोधको परिभाषा

कुनै पनि अनुच्छेद, निबन्ध, गद्यखण्ड अथवा पद्यखण्डमा वर्णित विषयहरूलाई आधार बनाएर वर्णनअनुसार प्रश्न रचना गरी त्यहाँ प्रस्तुत बोधप्रद विषयहरूको उत्तररूपमा परिज्ञान गर्नु नै बोध हो ।

ग) बोधका लागि आवश्यक कुराहरू

१. अर्थबोधविधिको उपयोग ।
२. सोधिएका प्रश्नहरूको त्यहीं गद्यांशमा अन्वेषण ।
३. उत्तरात्मक वाक्यहरूको रेखाङ्कन र समीक्षण ।
४. उत्तरलेखनना अन्वयविधिको अनुसरणसहित कर्ता, कर्म, क्रियाको मिलान गरी सरल वाक्यहरूमा उत्तर लेखन ।
५. केन्द्रीय भावको आधारमा शीर्षक चयन र उत्तरलेखन ।

उपर्युक्त विधिको अवलम्बन गरी बोधका उत्तर लेखन गर्दा तपाईंका उत्तरहरू सटीक हुन्छन् ।

प्रस्तुत संस्कृतको गद्यांशलाई राम्रोसँग पढी संस्कृतमा सोधिएका प्रश्नहरूको उत्तर संस्कृतमा नै लेख्नुहोस् ।

क) कृष्णागण्डक्याः तीरे एका सुरम्या पर्णकुटी आसीत् । तां पर्णकुटीम् उपविश्य कश्चन ब्रह्मचारी गङ्गायां स्नानादिकं विधाय प्रतिदिनं कस्यापि इष्टदेवस्य मन्त्रं जपति स्म । एकस्मिन् दिने मध्यदिवसे स्नानार्थं पर्णकुट्याः ब्रह्मचारी बहिः आगच्छत् । यदा स ब्रह्मचारी गण्डकीं प्रति चलन् आसीत् । तदैव व्याधेन आक्रान्तं श्वसन्तम् विद्धपादम् एकं मृगशावकम् अपश्यत् । कारुणिकः ब्रह्मचारी मृगशावकं कुट्याः अन्तरे नीत्वा कुटीसम्भवम् औषधम् व्रणे विलेप्य वस्त्रखण्डेन मृगशावकपादं वेष्टयित्वा तस्य कृते तृणादिकं संस्थाप्य स्नानमार्गे प्राचलत् । तदा एकस्य[1] व्याधस्य 'तिष्ठ मुने ! तिष्ठ मुने !' इति वाक्यं श्रुत्वा ब्रह्मचारी स्थितः आसीत् । 'किम् भवता मया विद्धः मृगशावकः दृष्टः ?' इति तेन पुनः कस्य अपि प्रश्नः श्रुतः । ब्रह्मचारी आत्मनि एव अविचारयत् यदि अहं मया दृष्टः इति कथयामि तर्हि अयं मृगशावकं नेष्यति, मारयिष्यति च प्रकारान्तरेण हननस्य पापभाक् अहमपि भविष्यामि इति विचार्य **'यद्भूतहितमत्यन्तमेतत् सत्यं मतं मम'** इति भगवतः वचनं स्मृत्वा कस्यापि जीवनसंरक्षणे यदि अहम् असत्यमपि वदामि, तर्हि तस्य जीवनसंरक्षणपुण्यात् असत्यवचनपापं न्यूनतरं भवेदिति विचार्य, ब्रह्मचारिणा उच्चैः स्वरेण प्रत्युत्तरम् प्रदत्तम् – मया मृगशावकः नैव दृष्टः, इति । साधवः असत्यं नैव वदन्तीति निश्चित्य व्याधः अन्यत्र प्रचलितः मृगशावकः च सुरक्षितः ।

प्रश्नाः

१. गण्डक्यास्तीरे पर्णकुट्यां कः निवसति स्म ?
२. मध्यदिने ब्रह्मचारी कुत्र गन्तुम् इच्छति स्म ?
३. स्नानार्थं गमनवेलायां ब्रह्मचारी किम् अपश्यत् ?
४. ब्रह्मचारी 'मुने तिष्ठ तिष्ठ' इति कस्य सम्बोधनवाक्यं श्रुतवान् ?
५. ब्रह्मचारी व्याधस्य प्रश्नस्य उत्तरप्रदानविषये मनसि किम् अविचारयत् ?
६. असत्यवचनस्य पापं कस्मात् कार्यात् न्यूनतरं भवितुं शक्नोति ?
७. ब्रह्मचारिणः स्वभावः कीदृशः आसीत् ?

ख) नृपस्य शुद्धोदनस्य, राज्ञ्याः मायावत्याः च पुत्रः अस्मदीये राष्ट्रे नेपाले समुत्पन्नः सिद्धार्थः जन्मन एव, एकान्तप्रियः अन्तर्मुखी च आसीत् । सिद्धार्थः मम राजकीयकार्येषु सहयोगी भवतु इति शुद्धोदनस्य इच्छा आसीत् । राजा शुद्धोदनः राजकीयं वैभवम्, नागरिकं सम्मानञ्च प्राप्य पुत्रस्य सिद्धार्थस्य मनसि संसारस्य भोगे आसक्तिः समुत्पन्ना भविष्यतीति निश्चित्य पुत्रं नगरं भ्रामयितुं मन्त्रिणं सारथिनञ्च आदिशति स्म ।

सारथिः राज्ञः आज्ञां शिरसि निधाय रथारूढं सिद्धार्थं गृहीत्वा नगरं भ्रामयितुं प्रासादात् बहिरगच्छत् ।

नागरिकैः राजकीयसम्मानेन सम्मानितः सन् सिद्धार्थः नगरपरिभ्रमणस्य प्रथमे दिवसे एव विपरीतदिशः आयान्तम् एकम् जराजीर्णं वृद्धम् अपश्यत् । सिद्धार्थः तं वृद्धं विलोक्य सारथिमपृच्छत् । सारथे ! अपि अस्माकं रमनीयं शरीरमपि कालान्तरे एतादृशमेव जराजीर्णं भविष्यति ? इति सिद्धार्थस्य प्रश्नं श्रुत्वा सारथिः उक्तवान् - आम् ! अस्माकं सर्वेषां शरीरं समये प्राप्ते जीर्णतां यास्यति इति । उत्तरं श्रुत्वैव खिन्नो भूत्वा सिद्धार्थः अकथयत्- सारथे ! शीघ्रं रथं राजप्रासादं प्रत्यावर्तय । सारथिश्च कुमारज्ञानुसारेण रथं प्रत्यावर्तयति स्म । पुनश्च अपरस्मिन् दिने नगरभ्रमणार्थं सारथिना सह सिद्धार्थः प्रचलितः । तदा दैवयोगात् राजकुमारः कमपि असाध्यरोगग्रस्तं रोगिणम् अपश्यत् । तं दृष्ट्वा सिद्धार्थः सारथिम् अपृच्छत् - सारथे ! अपि तव मम च इदं सुमनोहरं शरीरमपि रोगाक्रान्तं भविष्यति ? तस्य प्रश्नस्यापि पूर्ववत् उत्तरं ददानः - सारथिः - आम् इति कथयति स्म । पुनश्च सिद्धार्थः भ्रमणकार्यं विहाय प्रासादम् अगच्छत् ।

तृतीये पर्याये नगरपरिभ्रमणवेलायां कुमारः चतुर्भिः पुरुषैः स्मशानं प्रति नीयमानं मृतशरीरं पश्यति । तद् दृष्ट्वा सिद्धार्थः सारथिं पृच्छति - किमिदं सारथे ! सारथिः अकथयत् - इदं निष्प्राणं शरीरं शव इत्युच्यते । एतत् दाहार्थं स्मशानभूमिं नीयते जनैः । तत् श्रुत्वा सिद्धार्थः अकथयत् - अहो कष्टम् ! महत् अनर्थम् ! सर्वम् असत्यम्, यद् सत्यं जनाः मन्यन्ते तत् सर्वं क्षणभङ्गुरम् अस्ति इति । सारतः तु इदं जीवनं दुःखमयमेव । नेच्छामि राज्यम्, भोगम्, ऐश्वर्यञ्च। अहं शाश्वतीं शान्तिमेव कामये इति विचार्य सिद्धार्थः विषयविमुखः भूत्वा शाश्वतस्य सत्यस्य अन्वेषणे रतः अभवत् ।

प्रश्नाः

१. सिद्धार्थः कुत्र समुत्पन्नः ?
२. कौ आस्तां तस्य मातापितरौ ?
३. शुद्धोदनः सिद्धार्थं दृष्ट्वा मनसि किम् अचिन्तयत् ?
४. शुद्धोदनः सारथिं मन्त्रिणं किम् आदिष्टवान् ?
५. प्रथमनगरभ्रमणे सिद्धार्थः किम् अपश्यत् ?
६. द्वितीये नगरभ्रमणे रोगाक्रान्तं पुरुषं दृष्ट्वा सिद्धार्थः सारथिं किम् अपृच्छत् ?
७. तृतीये नगरभ्रमणे सिद्धार्थः चतुर्भिः पुरुषैः कुत्र नीयमानं किम् अपश्यत् ?

७. अभिव्यक्तिः

क) अभिव्यक्तेरर्थः

अभिप्रायस्य प्रकटनम् एव अभिव्यक्तिः । स्वयं सम्यक् अधीतस्य कस्य अपि विषयस्य छात्राणां श्रोतृणाञ्च बोधनार्थं सरलया मधुरया च भाषया कथनमेव अभिव्यक्तिरस्ति । अभिव्यक्तिः वस्तुतः एका कला अस्ति । अभिव्यक्तिकलायाः माध्यमेनैव नायकाः, उद्घोषकाः, शिक्षकाः, समाजसेवकाः च जनानाम् आकर्षणे सफलाः भवन्ति । यस्य पार्श्वे अभिव्यक्तिकला नास्ति, तस्य सुन्दरं विषयवस्तु अपि श्रोतृणां मनांसि नैवाकर्षति । साम्प्रतं

अभिव्यक्तिकलायाः प्रशिक्षणार्थं अनेके कार्यक्रमाः प्रशिक्षणानि च सञ्चालितानि सन्ति । आवश्यके सति –वयमपि लाभान्विताः भवामः । सञ्चारजगतः लाभान् वयं गृहे तिष्ठन्त एव टेलिभिजनम् आकाशवार्णीं श्रुत्वा अवलोक्य च ग्रहीतुं शक्नुमः। यथा – संवादशैल्यां प्रस्तुतायाः अभिव्यक्तिकलायाः ज्ञानं कृत्वा दिशानिर्देशसदृशान् कार्यक्रमान् अवलोक्य विषयज्ञानं ग्रहीतुं शक्नुमः । अभिव्यक्तिकलायुक्तस्य नायकस्य एव भाषणं सर्वेभ्यः रोचते । अतः स्वकीयाम् अभिव्यक्तिकलां सन्तुलिताम्, सारगर्भितां च विधाय समाजे स्वप्रतिबिम्बस्थापने अग्रेसरन्तु भवन्तः ।

ख) अभिव्यक्ते परिभाषाः

कस्यापि विषयस्य निर्दिष्टशीर्षकान्तर्गतविषयस्य च समीक्षणं विधाय स्वभावनानां विचाराणां प्रकाशनमेव अभिव्यक्तिः । इमामेव वयं 'अभिव्यक्तिकला' इति कथयामः ।

संस्कृतजिज्ञासवः छात्राः ! भ्रातरः ! भगिन्यः ! अभिव्यक्तेरध्ययनं छात्रेषु विशेषाध्ययनादेव सुसम्पन्नं भवति । अतः सङ्क्षेपेण अभिव्यक्तिप्रकाराः तेषां प्रशिक्षणमाध्यमाः च अत्र उल्लिखिता सन्ति ।

ग) अभिव्यक्ते प्रकाराः

१. संवादात्मिका अभिव्यक्तिः ।
२. वादविवादात्मिका अभिव्यक्तिः ।
३. मनोवादात्मिका अभिव्यक्तिः ।
४. वक्तृतात्मिका अभिव्यक्तिः ।

आगच्छन्तु, संवादात्मिकाया अभिव्यक्तेः कलायाः शिक्षणम् – वयं दिशानिर्देशसदृशान् कार्यक्रमान् विलोक्य ज्ञानं ग्रहीतुं शक्नुमः । तेनैव प्रकारेण वादविवादात्मिकायाः अभिव्यक्तेः कलायाः ज्ञानं सार्वजनिकश्रवणसदृशेभ्यः (सार्वजनिक सुनुवाई) कार्यक्रमेभ्यः ग्रहीतुं शक्नुमः । तथैव वक्तृतात्मिकायाः अभिव्यक्तेः कलायाः ज्ञानं प्रतियोगितायै आयोजितेभ्यः कार्यक्रमेभ्यः ग्रहीतुं शक्नुमः ।

क) अभिव्यक्ति

वचनद्वारा भावप्रकाशन नै अभिव्यक्ति हो । आफूले राम्रोसँग पढेको कुनै पनि विषयमा सरल र मीठो भाषामा छात्रछात्रा एवं श्रोताहरूको बोधको लागि भावप्रकाशन गर्नु नै अभिव्यक्ति हो । वास्तवमा अभिव्यक्ति एउटा कला हो । अभिव्यक्ति कलाका माध्यमद्वारा नै नेताहरू, उद्घोषकहरू, शिक्षकहरू, समाजसेवकहरू जनतालाई आकर्षण गर्न सफल हुन्छन् । जसको साथमा अभिव्यक्तिकला छैन त्यसको सुन्दर विषयवस्तुले पनि श्रोताहरूको मन आकर्षित गर्न सक्दैन । आजभोलि अभिव्यक्तिकलाको प्रशिक्षणका लागि अनेक कार्यक्रम र प्रशिक्षणहरू भइरहेका छन् । आवश्यक परेमा यिनीहरूबाट हामीहरूले पनि लाभ लिन सक्छौं । हामीहरू घरमा बसेर पनि टेलिभिजन र रेडियो आदि सुनेर सञ्चारजगत्बाट लाभ लिन सक्छौं । जस्तै – दिशानिर्देशजस्ता कार्यक्रम हेरेर हामीहरू संवादशैलीमा प्रस्तुत गरिने अभिव्यक्तिकलाबाट लाभान्वित हुन सक्छौं । अभिव्यक्तिकलामा दक्ष नेताहरूको भाषणलाई सबैले मन पराउँछन् । अतः आफ्नो अभिव्यक्तिकलालाई समयमा नै सन्तुलित र सारगर्भित बनाएर समाजमा आफ्नो प्रतिविम्ब स्थापन गर्ने तर्फ अगाडि बढ्नुहोस् ।

ख) अभिव्यक्तिको परिभाषा

कुनै पनि निर्धारित शीर्षकअन्तर्गत विषयको समीक्षा गरी आफ्ना भावना र विचारलाई प्रकाशन गर्नु नै अभिव्यक्ति हो । यसलाई अभिव्यक्तिकला पनि भनिन्छ ।

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! छात्रहरूमा अभिव्यक्तिको कला विशेष अध्ययनपछिमात्र आउने कुरा हो । अतः यहाँ सङ्क्षेपमा अभिव्यक्तिका प्रकार र तिनीहरूको प्रशिक्षणमाध्यमको मात्र उल्लेख गरिएको छ ।

ग) अभिव्यक्तिका प्रकारहरू

१. संवादात्मक अभिव्यक्ति।
२. वादविवादात्मक अभिव्यक्ति ।
३. मनोवादात्मक अभिव्यक्ति ।
४. वक्तृतात्मक अभिव्यक्ति ।

संवादात्मक अभिव्यक्तिकलाको ज्ञान दिशानिर्देशजस्ता कार्यक्रमहरूबाट, वादविवादात्मक अभिव्यक्तिकलाको ज्ञान – सार्वजनिक सुनुवाईजस्ता कार्यक्रमहरूबाट र वक्तृतात्मक कलाको ज्ञान प्रतियोगितात्मक वादविवादका लागि आयोजित कार्यक्रमहरूबाट लिन सकिन्छ । मनोवादात्मक अभिव्यक्तिको उदाहरण यहाँ प्रस्तुत गरिएको छ।

उदाहरणम् –

मनोवादात्मिकाभिव्यक्तिः

'मानवः सर्वोत्तमः प्राणी अस्ति' इति कथयन्ति । परन्तु मानवस्य वर्तमाने प्रचलितं गतिविधिम् अवलोक्य अहं तत्र सहमतः नास्मि । मानवेभ्यः पशवः अतीव उपरि सन्तीति कथयितुम् इच्छामि । यतो हि पशवः स्वोदरपूरणे एव सन्तुष्टाः भवन्ति । कश्चन, बलीवर्दः सस्यक्षेत्रं प्राप्य अपरस्य वर्षस्य कृते सस्यं नैव सञ्चिनोति । तेन सह अन्ये अपि पशवः तत्र गत्वा सस्यं खादितुं शक्नुवन्ति । स अन्यान् नैव निवारयति । परन्तु मानवस्तु स्वसन्ततये संरक्षणं करोति । सन्ततयः भवन्ति न वा इति अनिश्चिते सति अपि मानवः पुत्रस्य कृते, पौत्रस्य कृते, पपौत्रस्य कृते चिन्तनं विधाय समकालिकान् मानवान् तिरस्कृत्य भविष्यस्य कृते सञ्चयं करोति । यद्यपि सञ्चयं शोभनम् अस्ति, यदि वर्तमानसमये अन्येषां कृते आवश्यकता न स्यात् । वर्तमानसमये केचन अकालपीडिताः सन्ति, केचन भोजनं विनः कुपोषिताः सन्ति, एतस्याम् अवस्थायाम् अनिश्चिताभ्यः सन्ततिभ्यः धनधान्यादिसङ्कलनं मानवताविरुद्धं शास्त्रविरुद्धं च अस्ति । अतः मानवः अस्मिन् विषये पशुभ्यः न्यूनोऽस्ति ।

त्रिचालीसौं दिन
त्रयश्चत्वारिंशः दिवसः

शेषाय नमः

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! ४६ दिनको पाठयोजनासहित गुरुकृपाबाट तयार गरिएको यस पुस्तकले तपाईंहरूलाई संस्कृतवाङ्मयको अध्ययन गर्नका लागि आवश्यक प्रारम्भिक धेरै कुरा सिकाउन सफल भएको छ । प्रारम्भमा संस्कृत बोल्न, लेख्न, सम्भाषण गर्ने कलालाई परिमार्जित गर्न शब्दरूपायन र धातुरूपायनबाट सुरु गर्दै विभिन्न वाक्यरचना गर्ने कलामा तपाईंहरूलाई यस पुस्तकले दक्ष बनाएको छ । त्यसपछि लेखनकलासँग सम्बन्धित बुँदाटिपोट, अनुच्छेदलेखन, निबन्धादि लेखनमा तपाईंहरूलाई धेरै भए पनि बाटो देखाउन यो पुस्तक अगाडि आएको कुरा सत्य नै हो । यसै लेखनकलासँग सम्बन्धित श्लोकरचनासँग जोडिएको छन्दको विषयमा प्रारम्भिक जानकारी गरौं । छन्दअनुसार श्लोकरचना गर्ने विधिअनुसार शब्दसमायोजन गरी श्लोक बनाउने अभ्यास गर्दागर्दै तपाईंहरूमध्ये कोही अभ्यास, व्युत्पत्ति र प्रतिभाका माध्यमबाट महान् साहित्यकार एवं महाकवि बन्नुहोस्, म शुभकामना दिन चाहन्छु । आउनुहोस्, थोरै भए पनि श्लोकरचना गर्ने केही नियम पढौं ।

८. छन्दपरिचयः

गाउँघरमा पूजा-आजामा गाउने भजन, लोकगीत, लोकदोहोरी हुँदै वैदिकमन्त्रहरूसम्म छन्दको प्रभाव परेको छ। छन्दको क्षेत्र अत्यन्त विशाल छ । हिमचुलीको खोंचमा, पहाडका कन्दरामा जहाँसुकै गुनगुनाउने भाकामा छन्द हुन्छ। छन्दको जति सन्तुलन भयो त्यति त्यो गीत गाउन सजिलो हुन्छ । यो पुस्तक संस्कृतवाङ्मयमा सबैको सहज प्रवेशहेतु लेखिएको हो । तसर्थ संस्कृतवाङ्मयको महत्त्वपूर्ण विधा छन्दको थोरै भए पनि अध्ययन गरौं ।

भाषा हो सभ्यता हाम्रो सारा उदय उन्नति,
जीत वैभव भाषामै बाँच्तछन् पछि सभ्य यी ।। (सम. मुकुन्द.)

उपर्युक्त श्लोक र पंक्तिहरूलाई अनुष्टुप् छन्दका श्लोक भनिन्छ । अब आउनुहोस् विचार गरौं, यिनीहरूलाई किन अनुष्टुप् छन्दका श्लोक भनियो ? प्रत्येक श्लोकका चार खण्ड छन् । प्रत्येक खण्डमा आठ-आठ अक्षर छन् । ह्रस्व, दीर्घ अक्षर भन्ने कुरा बुझ्नुभएकै छ । जस्तै - अ, इ, उ, ऋ, ऌ ह्रस्व स्वर हुन् । यिनीसँग जोडिएका व्यञ्जन पनि ह्रस्व नै मानिन्छन् । आ, ई, ऊ, ॠ, ए, ऐ, ओ, औ दीर्घस्वर हुन् । यिनीसँग जोडिएका व्यञ्जन पनि दीर्घ मानिन्छन् । अनुस्वार लागेको अक्षर, विसर्गसहितको अक्षरलाई संयोगपूर्वको अक्षरलाई पनि दीर्घ भनिन्छ । जस्तै -

रामः - यहाँ 'म'लाई दीर्घ मानिन्छ । कृष्णम् - यहाँ 'कृ'लाई दीर्घ मानिन्छ किनभने ष र णको संयोगपूर्वको अक्षर हो । प्रत्येक पाठको अन्तिम अक्षरको विषयमा कुनै प्रतिबन्ध छैन । ह्रस्वलाई दीर्घ र दीर्घलाई ह्रस्व मात्र सकिन्छ ।

आउनुहोस्, आठ अक्षरले बनेको माथिको श्लोकको विवेचना गरौं -

अनुष्टुप् छन्द

श्लोके षष्ठं गुरु ज्ञेयं सर्वत्र लघु पञ्चमम् । द्विचतुष्पादयोर्ह्रस्वं सप्तमं दीर्घमन्ययोः ।

अनुष्टुप् छन्दका पद्यहरूमा प्रत्येक पाउमा आठ अक्षर हुन्छन् । प्रत्येक चरणको छैठौं अक्षर दीर्घ हुन्छ र पाँचौं